# अर्जुन चौपारी गाउँपालिका

## प्रथम पञ्चवर्षिय आवधिक योजना

## आर्थिक वर्ष २०७६/०७७- २०८१/०८२






**अध्यक्षको मन्तव्य**



नेपालको संबिधानले नेपाली जनताको आफ्नो विकास आफै गर्ने बर्षौंदेखिको आकाँक्षा पुरा गर्न सफल भएको छ। संघीय गणतन्त्रात्मक शासन प्रणालीको संस्थागत भई तीन तहको सरकारलाई राज्यशक्तिको प्रयोग गर्न पाउने स्पष्ट आधार सिर्जना भएको छ। संघीय शासन प्रणालीको कार्यान्वयन गर्न स्थानीय तहका कामकारबाहीलाई ब्वयस्थित गर्ने कार्यमा स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएपछि थप स्पष्टता आएको महशुस भएको छ। अर्जुनचौपारी गाउँपालिकाले आफ्नो क्षेत्रमा विकास निर्माणका कार्यहरूलाई ब्यवस्थित, पारदर्शी र सहभागितात्मक ढंगले विकास प्रयासलाई अंगाडि बढाउन प्रथम पञ्चबर्षीय योजना तयार गरेको छ। यो गाउँपालिका बर्षौंदेखि आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका दृष्टिले पछाडि नै रहेको छ। यस आबधिक योजनाले यस क्षेत्रको भुगोल र संभावनालाई बिश्लेषण र उपयोग गर्दै विकासका समृद्धिका किरणहरू छर्ने काममा सहयोगी हुनेछ भन्ने बिश्वास गरेकोछु। यो पञ्चबर्षीय योजना गाउँपालिका को बिद्यमान क्षमता, समस्या, चुनौती र अवसरहरूलाई ध्यान दिंदै तयार भएको छ। गाउँपालिकाको सर्बाङगीण विकास निर्माणमा यो योजानाले ब्यवस्थित खाकामा ढाली, प्राथमिकता सहितका आयोजनाहरू संचालन हुने र यआवधिक योजनाको कार्यान्वयनबाट ब्यवस्थित र योजनाबद्ध बिकासको शुरुवात भई पञ्च बर्षीय योजनाको अन्तमा अपेक्षित उपलब्धि हासिल गर्न सफल हुनेछौं भन्ने लागेको छ।

यस आवधिक योजनाको कार्यान्वयनबाट यस क्षेत्रका जनताको विकासका आकांक्षाहरू पुरा हुदै जानेछन्। यो योजनाको कार्यान्वयनबाट गाउँपालिकामा ब्यवस्थित र योजनाबद्ध बिकास प्रक्रियाको थालनी भई जनताले महसुस गर्न सक्नेगरी योजनागत शुसासन सहतिको दीगो बिकासको थालनी हुनेछ। गाउँपालिकाको विकास निर्माणको दिशामा कोशेढुंगा साबित हुने यस आबधिक योजनाको कार्यान्वयनको महान अभियानमा सबैबाट पुर्णरूपले सहयोग प्राप्त हुनेछ भन्ने बिश्वास लिएको छु।

अन्तमा यो योजना तयार गर्ने कार्यमा संलग्न हुने गाउँपालिकाका पदाधिकारीज्यू, कर्मचारी, प्रतक्ष्य परोक्ष योगदान गर्नुहुने सम्पुर्णलाई धन्यवाद सहित सफल कार्यान्वयनको शुभकाना ब्यक्त गर्दछु।

दीर्घ नारायण अर्याल
(अध्यक्ष)
अर्जुनचौपारी गाउँपालिका

## उपाध्यक्षको मन्तव्य



मुलुकमा तीन तहका सरकार स्थापना भई संघीयतामा कार्यान्वयन भइरहेको सन्दर्भमा विकास निर्माणका कार्यहरूलाई योजनावद्ध हिसाबले ठोस दिशा र गति प्रदान गर्ने जिम्मेबारी स्थानीय सरकारमा रहेको छ। स्थानीय स्तरको जनताको सक्रिय र अर्थपूर्ण सहभागितामा स्रोत साधनको पहिचान गर्ने, जनचाहना र आबश्यक्ता अनुसारका योजना छनोट गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा सुपरीवेक्षण गर्ने गरी विकास कार्यक्रम तथा आयोजनाहरूलाई प्रतिफलमुखी बनाउनु पर्ने आबश्यकता छ। ब्यबस्थित योजना पद्धतिको माध्यमबाट नै तोकिएको समयमा निर्दिष्ट लक्ष्य हासिल गर्न संभव हुन्छ भन्ने बिश्वासका साथ गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजना तयार गरिएको हो।

योजना तर्जुमाका सबै प्रक्रिया तथा कामहरू पुरा गरी यस गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजना तयार पार्ने काम सम्पन्न भएको। सरोकारवालाको सक्रिय सहभागिताले सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक लगायत विभिन्न पक्षहरूको विश्लेषण गरी कार्यनीति, रणनीति, प्राथमिकता , कार्यक्रमहरू निर्धारण गर्ने प्रयास गरिएको छ।

प्रस्तुत पञ्चबर्षीय योजना तयारगर्ने क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने, आ–आफ्ना धारण राख्ने, योजनाका प्राथमिकता तोक्ने तथा योजना तर्जुमा प्रकृयामा सहभागि हुनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, गाउँबासी, जानिफकार व्यक्तिहरू, सम्पूर्ण सरकारी कार्यालय तथा यससंग सम्बन्धित कर्मचारीहरू, विभिन्न संघसंस्थाहरू, गाउँका सम्पूर्ण विद्धत वर्गहरू र परामर्शदाता संस्थाका विज्ञ समूह प्रति गाउँपालिका कार्यालय हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु। साथै यो पञ्च बर्षीय योजना कार्यान्वयनको लागि सबैको सक्रिय सहभागिता र सहयोग प्राप्त हुनेछ भन्ने बिश्वास पनि ब्यक्त गर्न चाहन्छु।

चिन माया गुरुङ
(उपाध्यक्ष)
अर्जुनचौपारी गाउँपालिका

## दुई शब्द

विकास निर्माणका विभिन्न चरणमा स्थानिय स्तरको स्रोत साधनको संभाव्यता पहिचान गर्दै योजना छनौट गर्ने तर्जुमा गर्ने र त्यसलाई कार्यान्वयनमा जाने अनुगमन संरक्षण गर्ने सम्पुर्ण जिम्मेवारी स्थानिय स्वायत्त शासन व्यवस्था महाशाखाले स्थानिय  निकायलाई सुम्पेको छ । स्थानिय निकायलाई एकातिर स्वायत्त बनाउदै जिम्मेवारी समेत बनाएको जसले स्थानिय निकायले स्थानिय एकिकृत विकास कार्यमा लाग्नको लागि सहज वातावरण बनोस भन्ने मनशायले स्वायत्त शासन व्यवस्था महाशाखामा व्यवस्था भए अनुसार विभिन्न निति निर्देशिका कार्यविधि तयार पारी स्थानिय निकाय लाई सशक्त बनाउनमा सहयोग पुगेको छ । स्थानिय तह (गाउँ) का समग्र विषयको जानकारी लिन पाउनु हामी सबैको सुसुचीत हुने अधिकार पनि हो ।

यसलाई मध्यनजर गर्दै स्थानिय निकायको क्षेत्र भित्रका भौतिक सामाजिक आर्थिक सुशासन लगायतका सम्र्पुण पक्षका सुचनाहरु बाट सुसुचित गराउदैं आएको तथ्य हाम्रा सामु छ ।

यस अर्जुनचौपारी गाउँपालिकामा गाउँपालिकाले आगामी दिनमा अघि बढाउने अल्पकालिन, मध्यकालिन एंव दिर्घकालिन योजना तयार गरी योजना सहितको विकासको कार्यक्रम अघि बढाउन आवश्यक तथ्याङको जरुरी हुने गर्दछ यस अर्जुनचौपारी गाउँपालिकाले सामाजिक, आर्थिक, भौतिक लगायतका महत्वपुर्ण क्षेत्रको तथ्याङ व्यवस्थित रुपमा प्राप्त गर्न र गाउँपालिकाको आवधिक योजना तर्जुमा तयार गर्न अलाना इन्टरनेशनल सर्विसेस प्रा.लि. काठमाण्डौलाई परार्मश दाताका रुपमा नियुक्ती गरिएकोमा उत्त संस्थाले यस गाउँपालिकाको स्थानिय स्रोतसाधन, आर्थिक, भौतिक, सामाजिक प्राकृतिक स्रोत पर्यटन कृषि जस्ता महत्वपुर्ण पक्षहरुलाई विधमान अवस्थामा आगामी अद्देश्य तथा रणनिती सहितको आवधिक योजना तर्जुमा तयार गर्ने कार्य गरेको छ । परार्मश दाता संस्था ले यस गाउँपालिका भित्रको सामाजिक , आर्थिक, सास्कृतिक, धार्मीक भौगोलिक, बनावट कृर्षि उत्पादन पर्यटन पुर्वाधार विकास लगायतका महत्वपुर्ण विषयलाई समेटेर पञ्चवर्षिय आवधिक योजना तयार गरेको छ ।

आवधिक योजना तयार गर्ने क्रममा क्रुटी रहित बनाउने प्रयास गर्दा गर्दै यसमा धेरै क्रुटी भएका होलान कृपया सुझाव प्राप्त भए आगामी दिनमा मार्ग दर्शन हुने छनर । अन्त्यमा यो आवधिक योजना तयार गर्ने क्रममा सुचना तथा तथ्याङ धरातलिय यथार्थता भौगोलिक बनोट कृषिजन्य उत्पादन पर्यटकिय स्थान पुर्वाधार विकासको आजको अवस्था लगायतका विविध विषयमा सम्र्पुण जानकारी गराउनु हुने स्थानिय बासी जानिफकार सम्पुर्ण यस संग सम्बन्धित कार्यलय तथा कर्मचारीहरु भित्र विभिन्न संघसस्था विद्धत व्यक्तीत्व प्रति यस अर्जुनचौपारी गाउँपालिका हार्दिक आभार व्यक्त गर्दै धन्यवाद प्रकट गर्दछ ।

कमल प्रशाद गौतम
प्र.प्र.अ.
अर्जुन चौपारी गाउँपालिका स्याङजा

# पृष्ठभूमि

नेपालको शासन ब्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएसँगै राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीयतहबाट हुने प्रणाली स्थापित भएको छ। नेपालको संविधानमा तीनै तहका सरकारका अधिकार, दायित्व तथा जिम्मेबारीका बिषय बाँडफाँट गरिएका छन्। संघीयताको नवीन अभ्यासलाई संस्थागत गर्दै लैजान र विकासको परिकल्पनालाई यथार्थपरक बनाउन स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको बिषयमा स्रोतको संकलन, योजना निर्माण र कार्यान्वयनमा भबिश्यपरक दूरदृष्टि सहित अघि बढ्न अत्यन्त आवश्यक रहेको छ। यथार्थमा संघीय शासन ब्यवस्था जनताको सबैभन्दा नजिक रही शासनको अभ्यास गर्ने प्रणाली हो भने स्थानीय तह अर्थात गाउँपालिका यस्तो शासन प्रणालीलाई मूर्तरूप दिने सबै भन्दा नजिकको सरकार हुन्।

स्थानीय तहबीच भौगोलिक विविधता, प्राकृतिक स्रोतको संभावना, संस्थागत क्षमता, आर्थिक, सामाजिक अबस्थामा एकरूपता नहुन सक्छ। यी विविधता र भिन्नतालाई सम्बोधन गर्न स्थानीय तहको आफ्नो क्षेत्रको आर्थिक, सामाजिक, र पूर्वाधार बिकासका लागि योजना बनाई लागू गर्नु पर्ने जिम्मेबारी सुम्पिएको छ। सो जिम्मेबारी पूरा गर्न स्थानीय तहले आआफ्नो क्षेत्रको समष्टिगत बिकासका लागि आवश्यक आबधिक र रणनीतिक बिषय क्षेत्रका दीर्घकालीन, मध्यमकालीन र बार्षिक बिकास योजना बनाउनु पर्ने कानुनी प्राबधान समेत रहेको छ। बिकास योजना भनेको उपलब्ध स्रोत र साधनलाई परिचालनगरीनिश्चित योजना अबधि भित्र तोकिएका लक्ष्य हासिल गर्नेगरीतयार गरिएको दस्ताबेज हो अर्थात समग्र आर्थिक सामाजिक उद्देश्य पूरा गर्न निश्चित अबधि भित्र हासिल गर्न लिइने लक्ष्य, नीति, रणनिति तथा कार्यक्रम र त्यस्ता कार्यक्रलाई कार्यान्वयन गर्नका लागि चाहिने स्रोत साधनको व्यवस्था र सोबाट प्राप्त हुने नतिजा सहितको दस्ताबेज हो। समावेशी, सन्तुलित तथा दिगो सामाजिक, आर्थिक र भौतिक विकासगरीसामाजिक न्यायसहितको समृद्धि र सुख हासिल गर्न योजनाबद्ध विकास गर्नु आवश्यक हुन्छ। यसका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति, ब्यवहारिक कार्यनीति र नतिजामुखी कार्यक्रमसहितको योजना तर्जुमा र कार्यान्वयन आवश्यक पर्दछ। समग्रमा गाउँपालिकाको आबधिक योजना गाउँपालिकाको बिकासको मार्गचित्र हो। यसले आगामी पाँच वर्षको बिकासका प्राथमिकताको आँकलनगरीबजेटको समेत सुनिश्चितता गर्दछ। आबधिक योजनाले परिलक्ष्यित गरेको उद्देश्यको अधीनमा रही बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुनाले यसले योजनागत अनुशासनको संस्थागत बिकासमा मद्दत पुग्दछ जसले गर्दा बार्षिक योजना प्रकृया व्यवस्थित, पारदर्शी, कार्यान्वयनयोग्य र माग एबं आवश्यकतामा आधारित हुन जान्छ।

# विषय सूची

परिच्छेद1 ....... 1

परिचय ....... 1

१.१ भौगोलिक तथा राजनैतिक बनावट 1

१.२ ऐतिहासिक अवस्था 2

१.३ धार्मिक तथा ऐतिहासिक स्थलहरु 2

१.४ नदिनाला तथा खोलानाला 3

१.५ गाउँपालिकामा रहेको सम्भाव्यता, अवसर, चुनौती र समस्याहरु 3

१.६ गाउँपालिकाको गतिशीलता 4

१.७ जनसंख्याको विवरण 4

१.७.१ उमेरगत जनसंख्या विवरण 4

१.७.२ घरमुली अनुसार जनसंख्या विवरण 5

१.७.३ जातजाती अनुसार जनसंख्या विवरण 5

१.७.४ मातृभाषा अनुसार जनसंख्या विवरण 5

१.८ सामाजिक 5

१.८.१ स्वास्थ्य सेवा 5

१.८.२ शैक्षिक अवस्था 6

१.८.३ शैक्षिकस्तरको विवरण 6

१.९ पूर्वाधार विकास 6

१.९.१ सडक 7

१.९.२ पुलपुलेसा सम्बन्धी विवरण 8

१.९.३ आवास सम्बन्धी विवरण 9

१.९.४ फोहोरमैला व्यवस्थापन 10

१.९.५ खानेपानी स्रोतको विवरण 10

१.९.६ उर्जा प्रयोग 11

१.९.७ उर्जा प्रयोगको आधारमा परिवार संख्या 11

१.९.८ सिंचाईको अवस्था 12

१.१० आर्थिक विकास 12

१.१०.१ पेशा तथा रोजगारीको अवस्था 12

१.१०.२ बैदेशिक रोजगारी सम्बन्धी विवरण 13

१.१०.३ कृषि तथा उत्पादन अवस्था 13

१.१०.४ पशुपालन 14

१.१०.५ पंक्षी तथा अन्य सम्बन्धि विवरण 14

१.१०.६ जमिनको स्वामित्व सम्बन्धी विवरण 15

१.१०.७ आम्दानी तथा खर्चको अवस्था 15

१.१०.८ मासिक बचतको अवस्था 15

१.१०.९ बेरोजगारीको अवस्था 15

१.१०.१० खाद्यान्नको अवस्था सम्बन्धी विवरण 16

१.१०.११ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण 16

१.१०.१२ उद्योगको किसिम 18

१.१०.१३ बजार तथा व्यापारिक केन्द्र 18

१.११ प्रथम पञ्चवर्षीय योजना निर्माणका आधार 18

१.१२ प्रथम पञ्चवर्षीय योजनाका निर्देशक सिद्धान्त 19

१.१३ दिगो विकास लक्ष्यसँगको सम्बन्ध 20

१.१४ पन्ध्रौ योजनासँगको सम्बन्ध 21

१.१५ नेपालको दीर्घकालीन सोंच सँगको सम्बन्ध 21

१.१६ प्रदेश योजनासँगको सम्बन्ध 21

परिच्छेद2 ........................................ 23

समष्टिगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति ........................................ 23

२.१ पृष्ठभूमि 23

२.२ समस्या तथा चुनौती 23

२.३ अवसर 23

२.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति 24

२.५ परिमाणात्मक लक्ष्य 25

२.६ रणनीति र उपलब्धि 26

२.७ स्रोत विनियोजनको प्रक्षेपण 29

२.८ पञ्चबर्षीय योजनाको बिषयगत शीर्षक अनुसार प्रक्षेपित बजेट बिवरण 32

परिच्छेद ३ 33

अर्जुनचौपारी गाउँपालिकाको आर्थिक नीति 33

३ .१ सार्वजनिक वित्त 33

३.१.१ पृष्ठभूमि 33

३.१.२ समस्या तथा चुनौती 33

3.1.३ दिर्घकालिन सोंच लक्ष्य र उद्देश्य 34

३.१.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि 35

३.२ राजस्व परिचालन 37

३.२.१ पृष्ठभूमि 37

३.२.२ प्रमुख समस्या तथा चुनौती 38

३.२.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 38

३.२.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि 38

३.३ सार्वजनिक, निजी र सहकारी साझेदारी 40

३.३.१ पृष्ठभूमि 40

३.३.२ प्रमुख समस्या तथा चुनौती 41

३.३.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 42

३.३.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि 42

३.४ वैदेशिक लगानी 45

३.४.१ पृष्ठभूमि 45

३.४.२ प्रमुख समस्या तथा चुनौती 45

३.४.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 46

३.४.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि 46

३.५ बैदेशिक सहायता एवं सार्वजनिक ऋण 48

3.५.१ पृष्ठभूमि 48

३.५.२ प्रमुख समस्या तथा चुनौती 48

३.५.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 49

३.५.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि 49

परिच्छेद ४ .......... 52

आर्थिक क्षेत्र .......... 52

४.१ कृषि 52

४.१.१ पृष्ठभूमि 52

४.१.२ प्रमुख समस्या तथा चुनौती 57

४.१.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 57

४.१.४ रणनीति तथा कार्यनीति 58

४.१.५ प्रमुख कार्यक्रम 61

४.१.६ अपेक्षित उपलब्धि 62

४.२ पशुपंक्षी विकास 63

४.२.१ पृष्ठभूमि 63

४.२.२ प्रमुख समस्या तथा चुनौती 63

४.२.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 64

४.२.४ रणनीति तथा कार्यनीति 64

४.२.५ प्रमुख कार्यक्रम 65

४.२.६ अपेक्षित उपलब्धि 66

४.३ खाद्य सुरक्षा तथा पोषण 66

४.३.१ प्रमुख समस्या तथा चुनौती 66

४.३.२ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 66

४.३.३ रणनीति तथा कार्यनीति 67

४.३.४ प्रमुख कार्यक्रम 69

४.३.५ अपेक्षित उपलब्धि 69

४.४ सहकारी क्षेत्र 69

४.४.१ पृष्ठभूमि 69

४.४.२ प्रमुख समस्या तथा चुनौती 70

४.४.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 70

४.४.४ रणनीति तथा कार्यनीति 70

४.४.५ प्रमुख कार्यक्रम 72

४.४.५ अपेक्षित उपलब्धि 72

४.५ पर्यटन 73

४.५.१ पृष्ठभूमि 73

४.५.२ प्रमुख समस्या तथा चुनौती 74

४.५.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 74

४.५.४ रणनीति तथा कार्यनीति 75

४.५.५ प्रमुख कार्यक्रम 77

४.५.६ अपेक्षित उपलब्धि 77

४.६ उद्योग, वाणिज्य र आपूर्ति 77

४.६.१ पृष्ठभूमि 77
४.६.२ प्रमुख समस्या तथा चुनौती 78
४.६.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 78
४.६.४ रणनीति तथा कार्यनीति 79
४.६.५ प्रमुख कार्यक्रम 82
४.६.६ अपेक्षित उपलब्धि 82
४.६ वन तथा वनस्पति सम्पदा 82
४.६.१ पृष्ठभूमि 82
४.६.२ प्रमुख समस्या तथा चुनौती 82
४.६.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 83
४.६.४ रणनीति तथा कार्यनीति 83
४.६.५ प्रमुख कार्यक्रम 85
४.६.६ अपेक्षित उपलब्धि 86
४.७ खनिज सम्पदा 86
४.७.१ पृष्ठभूमि 86
४.७.२ प्रमुख समस्या तथा चुनौती 87
४.७.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 87
४.७.५ प्रमुख कार्यक्रम 88
४.७.४ रणनीति तथा कार्यनीति 88
४.८ भूमि व्यवस्था 88
४.८.१ पृष्ठभूमि 88
४.८.२ प्रमुख समस्या तथा चुनौती 89
४.८.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 89
४.८.४ रणनीति तथा कार्यनीति 89

४.८.५ प्रमुख कार्यक्रम 91

४.८.६ अपेक्षित उपलब्धि 91

परिच्छेद ५ ....92

सामाजिक विकास....92

५.१ शिक्षा 92

५.१.१ पृष्ठभूमि 92

५.१.२ प्रमुख समस्या तथा चुनौती 92

५.१.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 93

५.१.४ रणनीति तथा कार्यनीति 93

५.१.५ प्रमुख कार्यक्रम 98

५.१.६ अपेक्षित उपलब्धि 99

५.२ स्वास्थ्य 99

५.२.१ पृष्ठभूमि 99

५.२.२ प्रमुख समस्या तथा चुनौती 100

५.२.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 101

५.२.४ रणनीति तथा कार्यनीति 101

५.२.६ प्रमुख कार्यक्रम 104

५.२.५ अपेक्षित उपलब्धि 105

५.३ जनसंख्या तथा बसाइँसराई 105

५.३.१ पृष्ठभूमि 105

५.३.२ प्रमुख समस्या तथा चुनौती 105

५.३.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 106

५.३.४ रणनीति र कार्यनीति 106

५.३.५ प्रमुख कार्यक्रम 108

५.३.६ अपेक्षित उपलब्धि 108

५.४ युवा तथा खेलकुद 108

५.४.१ पृष्ठभूमि 108

५.४.२ प्रमुख समस्या तथा चुनौती 109

५.४.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 109

५.४.४ रणनीति र कार्यनीति 110

५.४.५ प्रमुख कार्यक्रम 112

५.४.६ अपेक्षित उपलब्धि 112

५.५ बालबालिका तथा किशोरकिशोरी 112

५.५.१ पृष्ठभूमि 112

५.५.२ प्रमुख समस्या तथा चुनौती 113

५.५.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 113

५.५.४ रणनीति र कार्यनीति 114

५.५.५ प्रमुख कार्यक्रम 115

५.५.६ अपेक्षित उपलब्धि 116

५.६ ज्येष्ठ नागरिक 116

५.६.१ पृष्ठभूमि 116

५.६.२ प्रमुख समस्या तथा चुनौती 116

५.६.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 117

५.५.४ रणनीति र कार्यनीति 117

५.६.५ प्रमुख कार्यक्रम 119

५.६.६ अपेक्षित उपलब्धि 119

५.७ अपाङ्गता भएका व्यक्ति 119

५.७.१ पृष्ठभूमि 119

५.७.२ प्रमुख समस्या तथा चुनौती 119

५.७.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 120

५.७.४ रणनीति र कार्यनीति 120

५.६.५ प्रमुख कार्यक्रम 122

५.६.६ अपेक्षित उपलब्धि 122

५.८ लैंगिक समानता तथा महिला सशक्तीकरण 123

५.८.१ पृष्ठभूमि 123

५.८.२ प्रमुख समस्या तथा चुनौती 123

५.८.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 124

५.८.४ रणनीति र कार्यनीति 124

प्रमुख कार्यक्रम 126

५.८.५ अपेक्षित उपलब्धि 127

५.९ सामाजिक सुरक्षा तथा संरक्षण 127

५.९.१ पृष्ठभूमि 127

५.९.२ प्रमुख समस्या तथा चुनौती 127

५.९.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 128

५.९.४ रणनीति र कार्यनीति 128

५.९.५ प्रमुख कार्यक्रम 129

५.९.६ अपेक्षित उपलब्धि 131

५.१० सामाजिक संघसंस्था 131

५.१०.१ पृष्ठभूमि 131

५.१०.२ प्रमुख समस्या तथा चुनौती 131

५.१०.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 132

५.१०.४ रणनीति र कार्यनीति 132

५.१०.५ प्रमुख कार्यक्रम 132

५.१०.६ अपेक्षित उपलब्धि 133

परिच्छेद ६ ........................................................................................................................ 134

भौतिक पूर्वाधार ........................................................................................................................ 134

६.१.१ पृष्ठभूमि 134

६.१.२ प्रमुख समस्या तथा चुनौती 134

६.१.३ अवसर 135

६.१.४ जोखिम पक्ष 135

६.१.५ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य 135

६.१.६ रणनीति तथा कार्यनीति 136

६.१.७ प्रमुख कार्यक्रम 136

६.१.८ अपेक्षित उपलब्धि 136

६.२ जलविद्युत तथा ऊर्जा 137

६.२.१ पृष्ठभूमि 137

६.२.२ समस्या तथा चुनौती 137

६.२.३ अवसर 137

६.२.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 138

६.२.५ रणनीति तथा कार्यनीति 138

६.२.६ प्रमुख कार्यक्रम 139

६.२.७ अपेक्षित उपलब्धि 139

६.३ नवीकरणीय ऊर्जा 140

६.३.१ पृष्ठभूमि 140

६.३.२ समस्या तथा चुनौती 140

६.३.३ अवसर 140

| | |
|---|---|
| ६.३.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति | 140 |
| ६.३.५ रणनीति तथा कार्यनीति | 141 |
| ६.३.६ प्रमुख कार्यक्रम | 142 |
| ६.३.७ अपेक्षित उपलब्धि | 143 |
| ६.४ सडक पूर्वाधार | 143 |
| ६.४.१ पृष्ठभूमि | 143 |
| ६.४.२ प्रमुख समस्या तथा चुनौती | 143 |
| ६.४.३ अवसर | 144 |
| ६.४.४ सोंच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति | 144 |
| ६.४.५ रणनीति तथा कार्यनीति | 144 |
| ६.४.६ प्रमुख कार्यक्रम | 147 |
| ६.४.७ अपेक्षित उपलब्धि | 148 |
| ६.५ सिंचाई | 148 |
| ६.५.१ पृष्ठभूमि | 148 |
| ६.५.२ प्रमुख समस्या तथा चुनौती | 148 |
| ६.५.३ अवसर | 149 |
| ६.५.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति | 149 |
| ६.५.५ रणनीति तथा कार्यनीति | 149 |
| ६.५.६ प्रमुख कार्यक्रम | 150 |
| ६.५.७ अपेक्षित उपलब्धि | 151 |
| ६.६ खानेपानी तथा सरसफाई | 152 |
| ६.६.१ पृष्ठभूमि | 152 |
| ६.६.२ प्रमुख समस्या तथा चुनौती | 152 |
| ६.६.३ अवसर | 153 |

| | |
|---|---|
| ६.६.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति | 153 |
| ६.६.५ रणनीति तथा कार्यनीति | 153 |
| ६.६.६ प्रमुख कार्यक्रम | 155 |
| ६.६.७ अपेक्षित उपलब्धि | 156 |
| ६.७ ग्रामीण तथा आर्थिक केन्द्र विकास र पूर्वाधार निर्माण | 156 |
| ६.७.१ पृष्ठभूमि | 156 |
| ६.७.२ प्रमुख समस्या तथा चुनौती | 157 |
| ६.७.३ अवसर | 157 |
| ६.७.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति | 157 |
| ६.७.५ रणनीति तथा कार्यनीति | 157 |
| ६.७.६ प्रमुख कार्यक्रम | 159 |
| ६.७.७ अपेक्षित उपलब्धि | 159 |
| ६.८ बस्ती विकास | 159 |
| ६.८.१ पृष्ठभूमि | 159 |
| ६.८.२ प्रमुख समस्या तथा चुनौती | 160 |
| ६.८.३ अवसर | 160 |
| ६.८.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति | 160 |
| ६.८.५ रणनीति तथा कार्यनीति | 161 |
| ६.८.६ प्रमुख कार्यक्रम | 162 |
| ६.८.७ अपेक्षित उपलब्धि | 162 |
| ६.९ भवन निर्माण | 163 |
| ६.९.१ पृष्ठभूमि | 163 |
| ६.९.२ प्रमुख समस्या तथा चुनौती | 163 |
| ६.९.३ अवसर | 163 |

६.९.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 164
६.९.५ रणनीति तथा कार्यनीति 164
६.९.६ प्रमुख कार्यक्रम 165
६.९.७ अपेक्षित उपलब्धि 165
६.१० यातायात व्यवस्थापन 166
६.१०.१ पृष्ठभूमि 166
६.१०.२ प्रमुख समस्या तथा चुनौती 166
६.१०.३ अवसर 166
६.१०.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 167
६.१०.५ रणनीति तथा कार्यनीति 167
६.१०.६ प्रमुख कार्यक्रम 167
६.१०.७ अपेक्षित उपलब्धि 168
६.११ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार 168
६.११.१ पृष्ठभूमि 168
६.११.२ प्रमुख समस्या तथा चुनौती 168
६.११.३ अवसर 169
६.११.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 169
६.११.५ रणनीति तथा कार्यनीति 169
६.११.६ प्रमुख कार्यक्रम 171
६.११.७ अपेक्षित उपलब्धि 171
परिच्छेद ७ ........ 172
सुशासन र लोकतन्त्र ........ 172
७.१ सुशासन र लोकतन्त्र 172
७.१.१ पृष्ठभूमि 172

७.१.२ प्रमुख समस्या तथा चुनौती 172

७.१.३ अवसर 172

७.१.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 173

७.१.५ रणनीति तथा कार्यनीति 173

७.१.६ प्रमुख कार्यक्रम 173

७.१.७ अपेक्षित उपलब्धि 174

७.२ न्याय प्रणाली 175

७.२.१ पृष्ठभूमि 175

७.२.२ प्रमुख समस्या तथा चुनौती 175

७.२.३ अवसर 175

७.२.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 175

७.२.५ रणनीति तथा कार्यनीति 176

७.२.६ प्रमुख कार्यक्रम 177

७.३ संघीय शासन प्रणालीको सुदृढीकरण 177

७.३.१ पृष्ठभूमि 177

७.३.२ प्रमुख समस्या तथा चुनौती 177

७.३.३ अवसर 178

७.३.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 178

७.३.५ रणनीति तथा कार्यनीति 178

७.३.६ प्रमुख कार्यक्रम 180

७.४ स्थानीय तहको सन्तुलित विकास 180

७.४.१ पृष्ठभूमि 180

७.४.२ प्रमुख समस्या तथा चुनौती 180

७.४.३ अवसर 180

७.४.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 181

७.४.५ रणनीति तथा कार्यनीति 181

७.४.६ प्रमुख कार्यक्रम 181

७.५ शासकीय सुधार 182

७.५.१ पृष्ठभूमि 182

७.५.२ प्रमुख समस्या तथा चुनौती 182

७.५.३ अवसर 182

७.५.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 183

७.५.५ रणनीति तथा कार्यनीति 183

७.५.६ प्रमुख कार्यक्रम 185

७.५.७ अपेक्षित उपलब्धि 185

७.६ प्रशासनिक सुशासन 185

७.६.१ पृष्ठभूमि 185

७.६.२ प्रमुख समस्या तथा चुनौती 185

७.६.३ अवसर 186

७.६.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 186

७.६.५ रणनीति तथा कार्यनीति 186

७.६.६ प्रमुख कार्यक्रमहरू 188

७.६.७ अपेक्षित उपलब्धि 188

७.७ भ्रष्टाचार नियन्त्रण 189

७.७.१ पृष्ठभूमि 189

७.७.२ प्रमुख समस्या तथा चुनौती 189

७.७.३ अवसर 189

७.७.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 190

७.७.५ रणनीति तथा कार्यनीति 190

७.७.६ प्रमुख कार्यक्रमहरू 192

७.७.७ अपेक्षित उपलब्धि 193

७.८ शान्ति सुव्यवस्था 193

७.८.१ पृष्ठभूमि 193

७.८.२ प्रमुख समस्या तथा चुनौती 193

७.८.३ अवसर 194

७.८.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 194

७.८.५ रणनीति 194

७.८.६ प्रमुख कार्यक्रमहरू 196

७.८.७ अपेक्षित उपलब्धि 196

७.९ वित्तीय सुशासन 196

७.९.१ पृष्ठभूमि 196

७.९.२ प्रमुख समस्या तथा चुनौती 197

७.९.३ अवसर 197

७.९.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 198

७.९.५ रणनीति तथा कार्यनीति 198

७.९.६ प्रमुख कार्यक्रमहरू 200

७.९.७ अपेक्षित उपलब्धि 200

७.१० मानव अधिकार 200

७.१०.१ पृष्ठभूमि 200

७.१०.२ प्रमुख समस्या तथा चुनौती 201

७.१०.३ अवसर 201

७.१०.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 201

७.१०.५ रणनीति 202

७.१०.६ कार्यनीति 203

७.१०.७ प्रमुख कार्यक्रमहरू 203

७.१०.८ अपेक्षित उपलब्धि 203

परिच्छेद ८ ........................................................................................................................ 204

अन्तर सम्बन्धित विषय ........................................................................................................ 204

८.१ योजना तर्जुमा तथा कार्यान्वयन 204

८.१.१ पृष्ठभूमि 204

८.१.२ प्रमुख समस्या तथा चुनौती 204

८.१.३ अवसर 204

८.१.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 205

८.१.५ रणनीति तथा कार्यनीति 205

८.१.६ प्रमुख कार्यक्रमहरू 207

८.१.८ अपेक्षित उपलब्धि 207

८.२ अनुगमन तथा मूल्याङ्कन 208

८.२.१ पृष्ठभूमि 208

८.२.२ प्रमुख समस्या तथा चुनौती 208

८.२.३ अवसर 208

८.२.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 209

८.२.५ रणनीति 209

८.२.६ प्रमुख कार्यक्रम 211

८.२.७ अपेक्षित उपलब्धि 211

८.३ तथ्याङ्क प्रणाली 211

८.३.१ पृष्ठभूमि 211

८.३.२ प्रमुख समस्या तथा चुनौती 212

८.३.३ अवसर 212

८.३.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 212

८.३.५ रणनीति तथा कार्यनीति 213

८.३.६ प्रमुख कार्यक्रमहरू 213

८.३.७ अपेक्षित उपलब्धि 214

८.४ अनुसन्धान तथा विकास 214

८.४.१ पृष्ठभूमि 214

८.४.२ प्रमुख समस्या तथा चुनौती 214

८.४.३ अवसर 215

८.४.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 215

८.४.५ रणनीति तथा कार्यनीति 216

८.४.६ प्रमुख कार्यक्रमहरू 217

८.४.७ अपेक्षित उपलव्धि 217

८.५ गरिवी निवारण 218

८.५.१ पृष्ठभूमि 218

८.५.२ प्रमुख समस्या तथा चुनौती 218

८.५.३ अवसर 219

८.५.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 219

८.५.५ रणनीति तथा कार्यनीति 219

८.५.६ प्रमुख कार्यक्रमहरू 221

८.५.७ अपेक्षित उपलब्धि 221

८.६ श्रम तथा रोजगारी 222

८.६.१ पृष्ठभूमि 222

८.६.२ प्रमुख समस्या तथा चुनौती 222

८.६.३ अवसर 222

८.६.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 223

८.६.५ रणनीति 223

८.६.६ प्रमुख कार्यक्रमहरू 225

८.६.७ अपेक्षित उपलब्धि 226

८.७ विपद् व्यवस्थापन 226

८.७.१ पृष्ठभूमि 226

८..७२ प्रमुख समस्या तथा चुनौती 226

८.७.३ अवसर 227

८.७.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 227

८.७.५ रणनीति तथा कार्यनीति 227

८.७.६ प्रमुख कार्यक्रमहरू 229

८.७.७ अपेक्षित उपलब्धि 229

८.८ वातावरण तथा जलवायु परिवर्तन 230

८.८.१ पृष्ठभूमि 230

८.८.२ प्रमुख समस्या तथा चुनौती 230

८.८.३ अवसर 230

८.८.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 231

८.८.५ रणनीति तथा कार्यनीति 231

८.८.६ प्रमुख कार्यक्रम 233

८.८.७ अपेक्षित उपलब्धि 234

८.९ मानव संशाधन विकास 234

८.९.१ पृष्ठभूमि 234

८.९.२ प्रमुख समस्या तथा चुनौती 235

८.९.३ अवसर 235

८.९.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 235

८.९.५ रणनीति तथा कार्यनीति 235

८.९.६ प्रमुख कार्यक्रम 237

८.९.७ अपेक्षित उपलब्धि 237

८.१० सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र एवं सामुदायिक क्षेत्रका बीचमा साझेदारी 238

८.१०.१ पृष्ठभूमि 238

८.१०.२ प्रमुख समस्या तथा चुनौती 238

८.१०.३ अवसर 239

८.१०.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति 239

८.१०.५ रणनीति तथा कार्यनीति 239

८.१०.६ प्रमुख कार्य 240

८.१०.७ अपेक्षित उपलब्धि 241

८.११ सामाजिक सांस्कृतिक विविधता 241

८.११.१ पृष्ठभूमि 241

८.११.२ प्रमुख समस्या तथा चुनौती 241

८.११.३ अवसर 242

८.११.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 242

८.११.५ रणनीति तथा कार्यनीति 242

८.११.६ प्रमुख कार्यक्रम 244

८.११.७ अपेक्षित उपलब्धि 244

८.१२ योजना तर्जुमा 244

८.१२.१ पृष्ठभूमि 244

८.१२.२ प्रमुख समस्या तथा चुनौती 245

८.१२.३ अवसर 245

८.१२.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति 245

८.१२.५ रणनीति तथा कार्यनीति 246

८.१२.६ प्रमुख कार्यक्रम 247

८.१२.७ अपेक्षित उपलब्धि 248

परिच्छेद ९ ......... 249

अनुगमन तथा मूल्याङ्कन ......... 249

९.१ पृष्ठभूमि 249

९.२ समस्या तथा चुनौती 249

९.३ अवसर 249

९.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 250

९.५ रणनीति तथा कार्यनीति 250

९.६ प्रमुख कार्यक्रम 252

९.७ अपेक्षित उपलब्धि 252

परिच्छेद १० ......... 253

तथ्याङ्क प्रणाली ......... 253

१०.१ पृष्ठभूमि 253

१०.२ प्रमुख समस्या तथा चुनौती 253

१०.३ अवसर 253

१०.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति 253

१०.५ प्रमुख कार्यक्रम 254

१०.६ अपेक्षित उपलब्धि 255

परिच्छेद ११ ......... 256

आयोजना बैंक........256

११.१ पृष्ठभूमि 256

११.२ प्रमुख समस्या तथा चुनौती 256

११.३ अवसर 256

११.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति 257

११.५ रणनीति तथा कार्यनीति 257

११.६ प्रमुख कार्य 258

११.७ अपेक्षित उपलब्धि 258

परिच्छेद १२ ........259

प्रथम योजनाको नतिजा खाका........259

१२.१ पृष्ठभूमि 259

१२.२ नतीजा खाकामा समावेश गरिएका विषय 259

१२.३ नतीजा खाकाको प्रयोग 260

तालिका नतीजा खाका........261

तालिकाहरूको सूची........262

निश्कर्ष........264

सङ्कल्पहरू........265

१. तालिका नं.१.१ साविक गा.वि.स. अनुसार भू—उपयोग सम्बन्धी विवरण ........ 1
२. तालिका नं. १.८.१ विद्यमान स्वास्थ्य सेवा सम्बन्धि विवरण ........ 6
३. तालिका नं. १.९.१ सडक सुविधा सम्बन्धी विवरण ........ 8
४. तालिका नं. १.९.२ पुलपुलेसा सम्बन्धि विवरण ........ 8
५. तालिका नं. १.९.३ घरको प्रकार तथा किसिम ........ 9
६. तालिका नं १.९.५ वडा अनुसार खानेपानी स्रोतको विवरण ........ 11
७. तालिका नं १.९.७ उर्जा प्रयोगको आधारमा परिवार संख्या ........ 12
८. तालिका नम्बर १.१०.१ पेशा तथा रोजगारीको अवस्था ........ 13
९. तालिका नं. १.१०.३ गाउँपालिकामा लगाइने प्रचलित बालीका उन्नत जातहरु ........ 14
१०. तालिका नं. १.१०.११ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण ........ 16
११. तालिका नम्बर २.५ परिमाणत्मक लक्ष्य ........ 25
१२. तालिका नम्बर २.६ रणनिति र उपलब्धि ........ 26
१३. तालिका नम्बर २.७ स्रोत विनियोजनको प्रक्षेपण ........ 29
१४. तालिका नम्बर २.८ पञ्चबर्षीय योजनाको बिषयगत शीर्षक अनुसार प्रक्षेपित बजेट बिवरण ........ 32
१५. तालिका नम्बर ३.१.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि ........ 35
१६. तालिका नम्बर ३.२.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि ........ 39
१७. तालिका नम्बर ३.३.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि ........ 42
१८. ३.४.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि ........ 46
१९. तालिका नम्बर ३.५.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि ........ 49

# परिच्छेद१
# परिचय

## १.१ भौगोलिक तथा राजनैतिक बनावट

अर्जुन चौपारी गाउँपालिका स्याङ्जा जिल्लाका ११ वटा स्थानीय तहहरु मध्येको एक गाउँपालिका हो। पहाडी भूभाग रहेको यस गाउँपालिका राज्य पुनसंरचना भए पश्चात साविकका अर्जुन चौपारी, रापाकोट, आरुचौर, सतौदरौ गा.वि.स .र साविककै पञ्चमुल गा.वि.स.का ३ र ७ नं .वडाहरु समायोजन गरी वि.स .२०७३ सालमा स्थापना भएको हो। यस गाउँपालिका लाई ६ वटा वडाहरुमा विभाजन गरिएको छ भने केन्द्रको रुपमा साविकको अर्जुन चौपारी गा.वि.स.लाई बनाइएको छ। यसको सिमानामा पूर्वमा पुतली बजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा आँधीखोला गाउँपालिका र दक्षिणमा भीरकोट नगरपालिका पर्दछन्। भौगोलिक अवस्थिति अनुसार यस गाउँपालिका ८३ डिग्री ४२ मिनेट ० सेकेण्ड देखि ८३ डिग्री ४८ मिनेट ०१ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ भने २८ डिग्री ४ मिनेट, ० सेकेण्ड देखि २८ डिग्री ८ मिनेट ० सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको छ। समून्द्र सतहबाट ८०० देखि २१५० मिटर सम्मको उचाईमा रहेको यो गाउँपालिकाको मौसम समशितोष्ण खालको पाइन्छ। यस गाउँपालिकाको कुल क्षेत्रफल ५७.२३ वर्ग कि.मी .रहेको छ भने जिल्ला सदरमुकाम स्याङ्जाबाट यो गाउँपालिका उत्तरपश्चिम तर्फ ९ कि.मी .को दूरीमा रहेको छ।

१. तालिका नं.१.१ साविक गा.वि.स. अनुसार भू—उपयोग सम्बन्धी विवरण

| सिं . नं. | साविकका गाविसको नाम | कृषिजन्य भुमि (हे.) | वनले ढाकेको (हे.) | बुट्यान घाँसे मैदान | अन्य) चट्टान, खोला, बगर, आदि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | दरौ | ५२० | १९० | ० | ०.५९ | ७१०.५९ |
| २ | पंचमुल | ९०९.४ | ५१७.२ | १६.४ | १२३ | १५६६ |
| ३ | आरुचौर | ७०८.४ | १७१.८ | १७३.८ | ५४ | ११०८ |
| ४ | रापाकोट | १२२६ | ३०५.७ | ५.५ | १०९ | १६४६.२ |
| ५ | अर्जुन चौपारी | ९४८ | ७५०.८ | ७६.७३ | ६१ | १८३६.५ |
| अर्जुनचौपारी इलाका वन कार्यालय अन्तर्गतको जम्मा | | ४३११.८ | १९३५.५ | २७२.४३ | ३४७.५९ | ६८६७.३ |

श्रोतः जिल्ला वन कार्यालय, स्याङ्जा २०७६

## १.२ ऐतिहासिक अवस्था

अर्जुन चौपारीको नामाकरण यसरी नै रह्यो भन्ने तथ्य आधार कतैबाट पनि किटानी साथ पाइदैन। स्थानीय जानकारहरुका अनुसार अर्जुन चौपारी आरनको चौतारी ठाँउले प्रख्यात रहेको र पछि यसको नाम विस्तारै अर्जुन चौपारी रहन गएको हो भन्ने भनाई रहेको छ। बितेका कैयौं वर्षमा भौतिक संरचनाको क्षेत्रमा अर्जुन चौपारी गाउँपालिकामा पनि परिवर्तन भएको छ। हेलु – अर्जुन चौपारी – पर्वत बाटोको निर्माणले अर्जुन चौपारी गाउँपालिकालाई आर्थिक परिवर्तनको दिशामा अग्रसर हुन सहयोग गर्नुको साथै जिल्ला सदरमूकाम लगायत अन्य क्षेत्रसंगको दूरी कम रहेको छ।

## १.३ धार्मिक तथा ऐतिहासिक स्थलहरु

अर्जुन चौपारी गाउँपालिका ऐतिहासिक तथा धार्मिक हिसाबले पनि त्यतिकै महत्वपुर्ण रहेको मानिन्छ। यस गाउँपालिकामा रहेका टांउको लेक,डहरे देउराली,थाप्ले पञ्चकन्या मन्दिर, लामडाँडा कालिका देवीको मन्दिर, रापाकोट कालिका मन्दिर, बराहा गुफा लगायतका ऐतिहासिक तथा धार्मिक ठाँउहरु रहेकाले यसको बारेमा अध्ययन अनुसन्धान गरी ग्रामीण पर्यटन प्रबद्र्धन गर्न सक्ने सम्भावना पनि त्यत्तिकै रुपमा सम्भावित रहेको छ र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आय आर्जन बढाउने अर्को यस गाउँपालिकाको संभावना र अवसर लुकेर रहेका छन्। गौडाको गुसेश्वर महादेव गुफा केरीचौरको पञ्चकन्या मन्दिर कालीमाटीको जलबाराह मन्दिर सिमलचौरको केटीचौर पर्यटकीय क्षेत्र लामडाँडाको कमलादेवी मन्दिर र कालिकादेवी तामुजुरोको सिद्धबाबा धाम र सिद्धशीला माझाचौताराको भगवती माई, लिडी र मजुवाका शिवालय मन्दिर एककानेको एकान्त शिवालय गुफा रापाकोटको कालिकामन्दिर खेवाङ्गको खेवाङ्ग कालिका मन्दिर लहरेको लहरे देउराली मन्दिर अर्जुनचौपारीको देवीथान घण्टेदेउरालीको घण्टेदेउराली तालपोखरीको तालपोखरी थाप्लेको थाप्ले पर्यटकीय क्षेत्र दरौंमा रहेको दशैं शिवालय मन्दिर भक्तिकोटको भूमिको थान कुचेवारीको रामसिता मन्दिर काउलेको काउलेदेवी मन्दिर रहेका छन्।

**धार्मिक तथा ऐतिहासिक स्थानः**

दोर गौडाको गुसेश्वर महादेव गुफा केरीचौरको पञ्चकन्या मन्दिर कालीमाटीको जलबाराह मन्दिर सिमलचौरको केटीचौर पर्यटकीय क्षेत्र लामडाँडाको कमलादेवी मन्दिर र कालिकादेवी तामुजुरोको सिद्धबाबा धाम र सिद्धशीला माझाचौताराको भगवती माई, लिडी र मजुवाका शिवालय मन्दिर एककानेको एकान्त शिवालय गुफा रापाकोटको कालिकामन्दिर खेवाङ्गको खेवाङ्ग कालिका मन्दिर लहरेको लहरे देउराली मन्दिर अर्जुनचौपारीको देवीथान घण्टेदेउरालीको घण्टेदेउराली तालपोखरीको तालपोखरी ,५५" अग्लो बुद्दको मूर्ति रहेको थाप्लेको थाप्ले पर्यटकीय क्षेत्र दरौंमा रहेको दशैं शिवालय मन्दिर भक्तिकोटको भूमिको थान कुचेवारीको रामसिता मन्दिर काउलेको काउलेदेवी मन्दिर रहेका छन्।

## १.४ नदिनाला तथा खोलानाला

यस गाउँपालिकामा मुख्य गरी दरौ खोला, केवरे खोला, हाँडीखोला, खाल्टेखोला, दिर्जे खोलाहरुको बहाव रहेको हुँदा यी खोलाहरुबाट गाउँपालिका बासीहरुलाई प्रभाव पर्ने गरेको देखिन्छ। अर्को तर्फ अर्जुन चौपारी गाउँपालिकामा बसोवास गर्ने अधिकांश मानिसहरुको मुख्य पेशा कृषि रहेको हुनाले यिनै खोलाहरुको पानीबाट सिंचांईको सुविधा पनि गर्ने गरिएको छ।

## १.५ गाउँपालिकामा रहेको सम्भाव्यता, अवसर, चुनौती र समस्याहरु

अर्जुन चौपारी गाउँपालिका स्याङ्जा जिल्लाको सदरमुकाम देखि लगभग १० कि.मी उत्तरमा रहेको र मिश्रित जातजातिहरुको बसोबास रहेको गाउँपालिका हो। यस गाउँपालिकाका मुख्य संभावना र अवसर भनेको कृषि उत्पादन) नगदे बाली (र ग्रामिण व्यापार नै हो। यस गाउँपालिकाका अधिकांश मानिसहरु कृषक भएको हुदां मौसमी र बेमौसमी तरकारी खेतीको प्रवल संभावना र अवसरहरु रहेको छ। हाल भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमूलक बनाउन सकेको खण्डमा यहाँको मानिसहरुको जीवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन। हाल बढ्दो विषादीयुक्त बजारको तरकारीले मानिसहरुको स्वास्थ्यमा प्रतिकुल असर पु–याईरहेको छ। यस गाउँपालिका लगायत वरिपरिका छिमेकी गाउँपालिका/नगरपालिकाहरुमा कृषकहरुको बाहुल्यता बढी भएकाले सरकारी स्तरबाट नै यस गाउँपालिकामा कृषि तथा पशु सेवाको स्थापना पनि १ दशक अघि नै भईसकेको छ। यसैगरी यस गाउँपालिका घरेलु तथा साना उद्योगहरुको प्रसस्त संभावना रहेको छ। स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सन्र्दभमा गुणस्तरयुक्त वस्तुहरुले यस ठाँउमा राम्रै स्थान पाउने गरेको देखिन्छ। यस गाउँपालिकामा रहेको अर्जुन चौपारी बजारमा किनमेल गर्न आउने हुनाले व्यापारको सम्भावना पनि उत्तिकै रहेको छ। त्यसैगरी यस गाउँपालिकामा उच्च स्तरको शिक्षाको अध्ययन हुने हुनाले निम्न आय स्तर हुने परिवारका बालबच्चाहरुका लागि यो गाउँपालिका गन्तव्य स्थल पनि हो। हेलु हुदैं अर्जुन चौपारी पर्वत सडक बाह्रै महिना गाडी चल्ने र यो बजार यस सडकको बीच तथा केन्द्रमा रहेकोले अन्य सेवा सुविधाहरुमा पनि वृद्धि हुन सक्ने देखिन्छ। यस गाउँपालिकामा वर्षमा बाह्रै महिना प्रत्येक दिन अर्जुन चौपारी – काठमाण्डौ, अर्जुन चौपारी – पोखरा, अर्जुन चौपारी – वुटवल –भैरहवा र अर्जुन चौपारी – पर्वतसम्म बसको सुविधा रहेको छ। साथै दर्जनौ साना सवारी साधनहरुले यस गाउँपालिका भित्रका ६ वटै वडाहरुमा दैनिक यातायातको सुविधा पुयाईरहेका छन्। यस गाउँपालिकामा सवारी साधनको चाप बढेको र अर्जुन चौपारी हुदैं हेलु सडकमा बाह्रै महिना गाडी चल्ने भएकाले यस गाउँपालिकामा वातावरणीय अनुकुलतालाई मध्य नजर राखी एउटा बसपार्कको निर्माण गर्नुपर्ने देखिन्छ। यसको अतिरिक्त अनियन्त्रित रुपमा भएका बाटो निर्माणले गर्दा यस गाउँपालिकामा प्राकृतिक प्रकोपको जोखिम पनि त्यतिकै टडकारो रुपमा रहेको छ भने गाउँपालिकाको मध्य भाग भएर दरौ खोला बग्ने हुँदा जमिनको कटान, बाढी र पहिरोको प्रकोप पनि बढी नै रहेको हुनाले यसको बारेमा बेलैमा सचेत र व्यवस्थित गर्नुपर्ने देखिन्छ।

## १.६ गाउँपालिकाको गतिशीलता

यस गाउँपालिकाको मानिसहरुको बाहिरको गतिशिलता विश्लेषण गर्दा शिक्षा, स्वास्थ्य/औषधोपचार, रोजगारी र व्यापारको शिलशिलामा आफ्नै गाउँपालिका भित्रैका ठाँउहरु देखि लिएर छिमेकी जिल्ला र समुन्द्रपार सम्म हुने गरेको देखिन्छ। पोखरा, बुटवल, भैरहवा, काठमाण्डौं आदि लगायत भारतका विभिन्न स्थानहरुमा यहाँका मानिसहरु रोजगार, व्यापार/व्यवसाय, शिक्षा, स्वास्थ्यसेवा र अन्य प्रयोजनका लागि जाने मुख्य स्थानहरु हुन्। ठुलो संख्यामा यहांका मानिसहरु रोजगारका लागि विशेष गरेर भारत र खाडी मुलुकहरु लगायत समुन्द्रपारीसम्म जाने गरेको देखिन्छ।

## १.७ जनसंख्याको विवरण

अर्जुन चौपारी गाउँपालिकाको कुल जनसंख्या २१,३७८ रहेको छ। यसमध्ये पुरुषको संख्या ११,०४५ (५१.६६ प्रतिशत) र महिलाको संख्या १०,३३३ (४८.३४ प्रतिशत) रहेको देखिन्छ। यस गाउँपालिकामा महिला भन्दा ७१२ जना पुरुषहरु बढी रहेका छन्। यसैगरी यस गाउँपालिकामा सबैभन्दा बढी जनसंख्या भएको वडा १ नं .हो, जसमा जम्मा ४,८७२ जना जनसंख्या रहेको पाइन्छ। यसैगरी सबैभन्दा कम जनसंख्या रहेको वडा भने वडा नं. ४ हो जहाँ २३४४ जना मात्र रहेका छन्। यस गाउँपालिकामा जम्मा घरधुरी ३,७७३ रहेका छन्। यसैगरी यहाँ साना तथा ठुला गरी २०० वटा बस्तीहरु रहेको सर्भेक्षणले देखाएको छ। बस्तीका आधारमा सबैभन्दा बढी बस्ती संख्या वडा नं .५ को आरुचौर क्षेत्रमा छ भने सबैभन्दा कम बस्ती संख्या वडा नं .३ मा रहेका छन्। यस गाउँपालिकाको विभिन्न वडामा रहेका बस्तीहरुको अवस्थालाई हेर्दा बढीमा ५२ देखि र कम्तिमा १७ वटा सम्म मुख्य बस्तीहरु रहेको देखिन्छ। यस गाउँपालिकाको जनसंख्याको संरचना वडा नं १ मा ४८७२ वडा नं २ मा २९८१ वडा नं ३ मा २६९० वडा नं ४ मा २३४४ वडा नं ५ मा ४६८८ वडा नं ६ मा ३८०३ गरी जम्मा २१,३७८ रहेको छ।

### १.७.१ उमेरगत जनसंख्या विवरण

उमेरगत जनसंख्याको विवरण तर्फ घरधुरी सर्वेक्षण २०७४ लाई आधार मानी हेर्दा सबैभन्दा बढी संख्या २० देखि २४ वर्षको उमेर समुहका मानिसहरु रहेका देखिन्छन्। यिनीहरुको संख्या गाउँपालिकाको कुल जनसंख्याको १०.५३ प्रतिशत रहेको छ। यसैगरी सबैभन्दा कम उमेर समुह ७५ वर्ष भन्दा माथिको उमेरका मानिसहरु जम्मा ४२७ छन्। यिनीहरुको संख्या जम्मा २.०२ प्रतिशत मात्र रहेको देखिन्छ ।

### १.७.२ घरमुली अनुसार जनसंख्या विवरण

घरमुलीको अवस्था हेर्दा यस गाउँपालिकामा जम्मा ३७७३ घरपरिवार मध्ये ३०६३ घरपरिवारमा पुरुष घरमुली र ७१० घरपरिवारमा मात्र महिला घरमुली रहेको देखिन्छ। समग्रमा हेर्दा पुरुषहरु घरमुलीका रुपमा सबै वडाहरुमा बढि रहेका देखिन्छन् भने महिलाहरुको अवस्था भने कम रहेको देखिन्छ। लिङ्गको आधारमा यस गाउँपालिकामा महिला घरमुली १९ प्रतिशत रहेका छन् भने पुरुष घरमुली ८१ प्रतिशत रहेका छन्। घरपरिवार संचालनमा अहिले पनि पुरुषहरुको बाहुल्यता रहेको छ जुन लैङ्गिक समावेशीकरणको अवधारणा अनुसार महिलाहरुको अवस्था अनुकुल देखिँदैन।

### १.७.३ जातजाती अनुसार जनसंख्या विवरण

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको जातिगत अनुसार यस गाउँपालिकामा जम्मा १२ जातजातिका मानिसहरु बसोबास गर्नें गरेका छन्। यहाँ बसोबास गर्ने प्रमुख जातिहरु, ब्राह्मण, क्षेत्री, गुरुङ्ग, दमाई, कामी, सार्की, मगर, मुस्लिम, नेवार लगायतका रहेका छन्। यिनीहरुमध्ये यस गाउँपालिकामा सबैभन्दा बढी मात्रामा ब्राह्मणहरुको ४०.०६ प्रतिशत रहेको छ। त्यसपछि अन्य जातीय समुदायमा क्रमश २८.०४ प्रतिशत क्षेत्री , बिश्वकमा ११.०२ प्रतिशत, गुरुङ्ग ८.७८ प्रतिशत, दमाई ५.७० प्रतिशत, सार्की ४.९५ प्रतिशत, मगर १.०४ प्रतिशत योगि तथा गिरि ०.०३ प्रतिशत, नेवार ०.२१ प्रतिशत, बादि ०.०५ प्रतिशत, मुस्लिम ०.१६ प्रतिशत, र अन्य ०.७५ प्रतिशत जातजाती रहेका छन्। यस गाउँपालिकामा सबै भन्दा बढी ब्राह्मणको बसोबास रहेको देखिन्छ ।

### १.७.४ मातृभाषा अनुसार जनसंख्या विवरण

मातृभाषाका आधारमा यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरुको मातृभाषा भनेको नेपाली भाषा नै रहेको छ। यस गाउँपालिकामा रहेका जम्मा घरपरिवार संख्या ३७७३ मध्ये ३६२८ परिवार अर्थात ९६.१५ प्रतिशत मानिसहरुको मातृभाषा नेपाली रहेको देखिन्छ। यस पछि गुरुङ भाषा बोल्ने मानिसहरुको संख्या १४५ अर्थात ३.८४ प्रतिशत दोश्रो स्थानमा रहेको देखिन्छ। त्यसैगरी मगर र मुस्लिम भाषा बोल्ने मानिसहरुको संख्या भने सबैभन्दा कम अर्थात ०.०१ प्रतिशत मात्र रहेको पाइन्छ।

## १.८ सामाजिक

### १.८.१ स्वास्थ्य सेवा

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य एउटा स्थानीय तह भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन्। यसैगरी यस अर्जुन चौपारी गाउँपालिकामा पनि २ वटा आर्युवेदिक औषधालय, ४ वटा स्वास्थ्य चौकी र १ वटा बर्थिङ्ग सेन्टर पहिले नै स्थापना भइसकेको अवस्था छ भने यसको साथै अर्जुन चौपारी गाउँपालिकावाट ७ कि.मि .

टाढा भीरकोट नगरपालिकाको हेलुमा समुदायको पहलमा एक अस्पतालको स्थापना भएको र सो अस्पतालबाट मध्यम खालका बिरामीहरुको उपचार हुने गरेको छ।

२. तालिका नं. १.८.१ विद्यमान स्वास्थ्य सेवा सम्बन्धि विवरण

| क्र.स | स्वास्थ्य सेवा | संख्या | रहेको स्थान |
|---|---|---|---|
| १ | आर्युर्वेदिक औषधालय | २ | अर्जुनचौपारी, आरुचौर |
| २ | स्वास्थ्य चौकी | ४ | अर्जुनचौपारी, आरुचौर, दरौ, रापाकोट |
| ३ | बर्थिङ्ग सेन्टर | २ | आरुचौर, |
| ४ | महिला स्वयम सेविका संख्या | ३८ | साविक गाविसका प्रत्येक वडामा १/१ जनाका दरले |

श्रोतः स्थलगत सर्वेक्षण २०७६

## १.८.२ शैक्षिक अवस्था

यस गाउँपालिकामा शैक्षिक सुविधाको अवस्थालाई हेर्दा जम्मा ३२ वटा विद्यालय रहेको देखिन्छ। जम्मा विद्यालय मध्ये यहां प्राथमिक विद्यालय २२ वटा, जसमा शिक्षकको दरबन्दी १२० निम्न माध्यामिक विद्यालय ३ वटा, जसमा शिक्षकको दरबन्दी २८ माध्यामिक विद्यालय ६ वटा जसमा शिक्षकको दरबन्दी २४ र ४ वटा उच्च माध्यमिक विद्यालय जसमा अनुदान कोटा १० रहेकोमा कुल शिक्षक दरबन्दी १८२ छ।

## १.८.३ शैक्षिकस्तरको विवरण

यस गाउँपालिका भित्र लिङ्ग तथा जनसंख्याको आधारमा साक्षरता सम्बन्धी विवरणलाई हेर्दा पुरुष ७८६ र महिलाको १३३२ गरी जम्मा जनसंख्या २११८ जना) १५.११ प्रतिशत (निरक्षर रहेका छन् भने २९५३ महिला र २९८९ पुरुष गरी जम्मा ५९४२ साक्षर रहेका छन्। त्यसैगरी मा.वि .स्तर सम्मको ७२६ महिला र ९२८ जना पुरुष गरी जम्मा १६५४ जनाले शिक्षा प्राप्त गरेका छन् भने यसैगरी स्नातक वा सो सरह पास गरेको संख्या ४९९ छ जसमा महिला १९८ र पुरुष ३०१ रहेको देखिन्छ भने स्नाकोत्तर वा सो सरह पास गरेको संख्या २५९ देखिन्छ। त्यसैगरी २ महिला तथा १९ पुरुषले पि एच डि गरेका छन्।

## १.९ पूर्वाधार विकास

पुर्वाधार विकासका लागि एक प्रमुख मेरुदण्ड हो। समग्र समाजको विकास गर्न पुर्वाधारको विकास हुनु जरुरी हुन्छ। हरेक समुदाय देखि लिएर वस्ती वस्तीको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक, यातायातको सबै भन्दा कम खर्चिलो माध्यम हो। उद्यमशिलता र विकासको लागि खास गरी यातायात सेवा, विद्युतीकरण, सञ्चार सुविधा, आवास सुविधा जस्ता आधारभुत भौतिक पुर्वाधार अपरीहार्य हुन्छन्।

तर यस्ता पूर्वाधारमा सरकारले यथोचित तरिकावाट कार्यान्वयन गर्न सकेको अबस्था भने छैन। वास्तवमा विकासको लागि पुर्वाधार अनिवार्य सर्त हो। समग्रमा अर्जुन चौपारी गाउँपालिकामा पक्की तथा कालोपत्रे सडक छैन तर सवै वडाहरुमा सडक पुगेको छ र ती सडकमा साना ठुला सवारीहरुले पनि मौसमी रुपमा सेवा पुयाईरहेका छन। त्यसै गरी अधिकांश घरहरुमा विद्युतीकरणको सेवा रहेको देखिन्छ भने संचारको रुपमा मोबाइलहरु अधिकतम रुपमा प्रयोग भएको देखिन्छ।

अर्जुन चौपारी गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने मानिसहरूले पुर्वाधार विकासका आधारमा के कस्तो प्रकारका सेवा सुविधा पाईरहेका छन् र त्यसको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा अध्ययन गर्नको लागि यसमा प्राप्त हुने न्यूनतम आधारहरू जस्तैः बसोबासको अवस्था, खानेपानी, सिंचाई, शौचालय, ढल निकास, सञ्चार, सडक तथा यातायात आदि क्षेत्रहरूलाई सहस्राब्दी विकास लक्ष्यले अंगिकार गरेको वातावरणीय दिगोपनलाई स्थानीयकरण गरी अध्ययन तथा विश्लेषण गरिएको छ।

### १.९.१ सडक

पुर्वाधारको हिसाबले यस गाउँपालिका भित्र लगभग ६० कि.मि .जति कच्ची वाटो रहेको छ भने पक्की तथा कालो पत्रे सडक कतै पनि रहेको छैन। हेलु – अर्जुन चौपारी सडकखण्ड ७ कि.मी., स्याङ्जा– अर्जुन चौपारी सडक खण्ड १० कि.मी .कच्ची अवस्थामा छ भने अर्जुन चौपारी वजार देखी सवै वार्डहरुमा कच्ची तथा धुले सडकको विस्तार भएको छ। ठुलो मोटरेवल पुलको रुपमा हाल चालु अवस्थामा हेलुको आधीखोलामा र अर्जुन चौपारी वजार क्षेत्रमा २ ठाँउमा रहेको छ जसको मुख्य उद्देश्य अर्जुन चौपारी वजार लगाएत यसका छिमेकी नगरपालिका/गाउँपालिका र छिमेकी जिल्ला पर्वत जिल्ला लाई यातायात सेवा प्रदान गर्नु हो। गाउँपालिका भित्र आन्तरिक सडक सुविधा भएतापनि सडकको स्तर कमसल भएको कारण बाह्रै महिना सुविधा उपलब्ध हुन सकेको छैन भने अनियन्त्रित सडक निर्माणले प्रकोपलाई बढवा पनि दिई रहेको छ। यसको साथसाथै हेलु – अर्जुन चौपारी सडक खण्ड यथासक्य छिटो स्तर सुधार तथा कालोपपत्रे गर्नु पर्ने देखिन्छ। अन्य पुलपुलेसाको अवस्थालाई हेर्दा यस गाउँपालिकामा मुख्य गरी दरौ खोला, केवरे खोला, हाँडीखोला, खाल्टेखोला, दिर्जे खोलाहरुको बहाव रहेको हुँदा यिनले प्रभाव पार्ने विभिन्न ५ स्थानहरुमा झोलुंगेपुलहरुको निर्माण भई सकेको र हाल एक/दुई स्थानमा वन्ने अवस्थामा रहेको हुँदा समग्र रुपमा यसको अवस्था पनि सन्तोषजनक नै रहेको देखिन्छ।

३. तालिका नं. १.९.१ सडक सुविधा सम्बन्धी विवरण

| सडकको प्रकार | जम्मा लम्बाई) कि.मी.मा( |
|---|---|
| मुल सडक | २( हेलु देखि आरुचौर तालपोखरी सम्म) |
| कच्ची तथा मौसमी सडक | ३६ |
| जम्मा | ६० |

स्रोतः योजना तथा प्राविधिक शाखा, अर्जुन चौपारी गाँउपालिका २०७६

## १.९.२ पुलपुलेसा सम्बन्धी विवरण

यातायातलाई सहज बनाउनका लागि पुलपुलेसाहरुको पनि ठुलो महत्व रहेको हुन्छ। ठुला तथा साना नदीहरु भएको स्थानहरुमा सहज रुपमा यातायात संचालन गर्न गराउनका लागि मोटरेवल पुलहरुको आवश्यकता पर्दछ भने ग्रामीण स्थानहरुमा झोलुङ्गे पुलहरुले यसको काम गरिरहेका हुन्छन। यस गाउँपालिका भित्र साना ठुला गरी विभिन्न प्रकारका पुलहरु रहेको देखिन्छ। यस गाउँपालिकामा सडक पुल, झोलुङ्गे पुल लगायत काठवाट बनेको कच्ची पुलहरु रहेका छन। तलको तालिकामा पुल, त्यस पुलवाट जोडिने वस्तीहरुको नामको बारेमा देखाइएको छ।

४. तालिका नं. १.९.२  पुलपुलेसा सम्बन्धि विवरण

| पुल/खोलाको नाम | दाँयाँ किनारा रहेको स्थान | बायाँ किनारा रहेको स्थान | निर्मित साल | सहयोगी निकाय |
|---|---|---|---|---|
| झोलुगें पुल | अ.चौ वडा नं १ | अ.चौ वडा नं १ | २०४८ | नेपाल सरकार |
| पक्की पुल | अ.चौ वडा नं १ | अ.चौ वडा नं १ | ०६२/०६३ | नेपाल सरकार |
| केवेरे तथा छहरे खोला | छहरे खोला | केवरे खोला | २०६८ | नेपाल सरकार |
| दरौ खोला | रिमालफेदी | अर्जुन चौपारी बजार | २०७२ | नेपाल सरकार |

स्रोतः अर्जुन चौपारी गाउँपालिका तथा स्थलगत सर्वेक्षण २०७६

### १.९.३ आवास सम्बन्धी विवरण

अर्जुन चौपारी गाउँपालिकामा भएका धेरैजसो घरहरु ढुंगा माटो र टिनको छाना/ढुंगाको छाना भएका छन्। यस गाउँपालिकामा रहेका ३७७३ घरपरिवारहरु मध्ये ३१२५) ८३.६२ प्रतिशत (परिवारहरु ढुंगा माटो र टिनको छाना/ढुंगाको छाना भएको घरमा बसोबास गर्दछन्। जम्मा घरपरिवार मध्ये १७९) ४.७९ प्रतिशत ( परिवार ईटा र ढलानको छाना भएको घरमा बसोबास गर्ने गर्दछन्। यस गाउँपालिका भित्र इटा र ढलानको छाना तथा ढलान फ्रेम स्ट्रक्चर भएका घरहरुको संख्या न्युन रहेको देखिन्छ। अर्जुन चौपारी गाउँपालिका भित्र रहेका घरहरुको प्रकारलाई तलको तालिकामा देखाईएको छ।

५. तालिका नं. १.९.३ घरको प्रकार तथा किसिम

| क्र.सं. | घरको प्रकार तथा किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कच्ची र झूप्रो | ४४ | १.१७७ |
| २. | ढुंगा माटो र खरको छाना | १६२ | ४.३३५ |
| ३. | ढुंगा माटो र टिनको छाना/ढुंगाको छाना | ३१६१ | ८३.६२ |
| ४. | प्लाष्टर गरिएको र टिनको छाना | १८५ | ४.९५ |
| ५. | इटा र ढलानको छाना | १७९ | ४.७९ |
| ६. | ढलान (फ्रेम स्ट्रक्चर) | २१ | ०.५६२ |
| ७. | अन्य | २१ | ०.५६२ |
| जम्मा | | ३७७३ | १०० |

श्रोतः घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिकामा देखाईए अनुसार अर्जुन चौपारी गाउँपालिकाका ८३.६२ प्रतिशत घरहरु ढुंगा माटो र टिनको छाना/ढुंगाको छाना भएका छन् भने जम्मा ४४ वटा घरहरु) १.१७७ प्रतिशत (कच्ची तथा झुप्रो रहेका छन् भने ढुंगा माटो र खरको छानाबाट निर्मित घरको संख्या १६२ वटा रहेका छन्। यस गाउँपालिका भरीमा पूरै पक्की घरहरुको संख्या २१ मात्र रहेको देखिन्छ।

## १.९.४ फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापनमा यस गाउँपालिकामा बस्ने मानिसहरुलाई अझै पनि फोहोरमैलालाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराको ज्ञानको कमी भएको देखिन्छ। जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकुल असर त पर्छ नै, यसको अलावा गाँउको सुन्दरतामा समेत कमी हुन आउछ। यसका लागि समय समयमा विभिन्न किसिमका कार्यक्रम संचालन गरेमा फोहोरमैला व्यवस्थापनमा विकास हुन गई गाउँपालिका सफा, स्वच्छ तथा हरियाली बनाउन सकिन्छ।

खानेपानी तथा सरसफाई सम्बन्धी सहभागीतामुलक योजना निर्माण गरी यस गाउँपालिकालाई खुलादिशा मुक्त गाउँपालिका घोषणा भएको भए तापनि यसको उचित सम्बोधन प्रभावकारी रुपमा हुन सकेको देखिदैन। यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश घरपरिवारले घरबाट निस्कने फोहोर निश्चत स्थानमा फाल्ने गरेको पाइन्छ। यसका अलावा केही घरपरिवारले खोला, कूलोमा फाल्ने गर्ने गरेको पाइएको छ भने केही घरपरिवारले घरबाट निस्कने फोहोरलाई कम्पोष्ट मल बनाउने गरेका छन्। फोहोर फाल्ने ठाँउको उचित व्यवस्थापन नहुँदा तथा यस सम्बन्धी चेतना कम हुदा फोहोरकै कारणबाट विभिन्न किसिमका रोग लाग्ने गरेको पाइन्छ। यसकारण यस गाउँपालिकामा बसोबास गर्ने घरपरिवारले आफ्नो घरबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु अनिवार्य जस्तै भएको छ।

खानेपानी तथा सरसफाई स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको विषय हो। स्वास्थ्य जीवन जिउनका लागि खानेपानी तथा सरसफाईको निकै महत्व रहेको हुन्छ र यस बारेमा सचेत पनि रहनु पर्दछ। खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ र यसको साथसाथै सरसफाईमा पनि त्यतिकै जानकारी राख्नु पर्दछ।

## १.९.५ खानेपानी स्रोतको विवरण

स्याङ्जा जिल्लाको अर्जुन चौपारी गाउँपालिकामा पानीको मुख्य श्रोत यसको पश्चिम उत्तरतिरबाट बग्ने खोलाहरुबाट पाइप लाइनद्धारा ल्याइएको श्रोत नै रहेको छ। स्वास्थ्य जीवन जिउनका लागि यी तत्वको निकै महत्व रहेको हुन्छ र यस बारेमा सचेत पनि रहनु पर्दछ। खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ। यस गाउँपालिकामा बस्ने अधिकांश बासिन्दाले व्यक्तिगत धाराको पानी प्रयोग गर्दछन् जसको संख्या १३०० रहेको छ भने सार्वजनिक धाराको पानी १९९३ घर परिवारले प्रयोग गर्ने गरेको पाइएको छ। यस गाउँपालिकामा एक घरपरिवारको पानीको श्रोत एकभन्दा बढी रहेको विश्लेषणले देखाएको छ। तसर्थ यस गाउँपालिकामा पानीको मुख्य श्रोत धारा रहेको छ। तलको तालिकामा पिउने पानीको श्रोत सम्बन्धी वर्तमान अवस्थालाई देखाइएको छ।

६. तालिका नं १.९.५ वडा अनुसार खानेपानी स्रोतको विवरण

| वडा नं | व्यक्तिगत धारा | सार्वजनिक धारा | सामुदायिक धारा | छिमेकिको धारा | कूवा, जरुवा र ईनार | नदी तथा खोला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६०४ | ३९५ | ६० | ३ | ३८ | ५ | ११०५ |
| २ | ११८ | ४७७ | ५ | ४ | २ | ० | ६०६ |
| ३ | १९५ | २३१ | ७ | ३ | १ | ० | ४३७ |
| ४ | २३५ | १४० | २९ | १८ | ४ | २ | ४२८ |
| ५ | ५९ | २२८ | ४४५ | १३ | ११२ | ३ | ८६० |
| ६ | ८९ | ५२२ | ६ | २ | ५२ | १ | ६७२ |
| जम्मा | १३०० | १९९३ | ५५२ | ४३ | २०९ | ११ | ४१०८ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७६

### १.९.६ उर्जा प्रयोग

गाउँपालिकाका मानिसहरुको जीवनस्तर मापन गर्ने एउटा माध्यम विद्युत सेवा पनि रहेको छ यस अर्जुन चौपारी गाउँपालिकामा सबै घरहरुमा विद्युत सेवा उपलब्ध भएको छ। यस गाउँपालिकाको विद्युत तथा इन्धनको श्रोतलाई तल व्याख्या गरिएको छ।

### १.९.७ उर्जा प्रयोगको आधारमा परिवार संख्या

विद्युत सुविधाको दृष्टिकोणबाट हेर्दा यस गाउँपालिका भित्र बसोबास गर्ने सतप्रतिशत घरपरिवारहरुमा बिजुली जडान भएको छ बैकल्पिक गाउँपालिकाका रुपमा प्रयोग गरिने उर्जाको स्रोत तालिका नम्बर १.९.७ मा प्रस्तुत गरिएको छ ।

७. तालिका नं १.९.७ उर्जा प्रयोगको आधारमा परिवार संख्या

| क्र.स | विवरण | परिवार संख्या |
| --- | --- | --- |
| १ | बिजुली | ३७७३ |
| २ | लालटिन | ० |
| ३ | टुकी | ० |
| ४ | मैनबत्ती | ० |
| ५ | गोबर ग्याँस | ० |
| | जम्मा | ३७७३ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७६

### १.९.८ सिंचाईको अवस्था

यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश परिवारहरुको मुख्य पेशा कृषि रहेको छ। यस गाउँपालिकाका प्राय सबै वडाहरुमा व्यवस्थित तथा आधुनिक सिंचाई पुर्वाधारको सुविधा रहेको देखिदैन र हालसम्म पनि यहाँ बसोबास गर्ने बासिन्दाहरुले परम्परागत रुपमा नै पुराना कुलकुलेसाहरुबाट सिंचाई गरेको देखिन्छ। हाल केहि वर्ष यता आधुनिक सिंचाई प्रणाली थोपा सिंचाई प्रणाली, प्लास्टीक पोखरी, व्यवस्थीत सिंचाई आयोजना तर्फ गाउँपालिका उन्मुख देखिए पनि त्यसको प्रभावकारीता फाईदा उपयोगको व्यवस्थाका बारेमा थप जानकारी संगै जनचेचना अभिबृदी गर्दै पुर्ण सिंचाईको व्यवस्थापन तर्फ उन्मुख हुन जरुरी छ । कृषि योग्य जमिन प्रशस्त भएको भएता पनि व्यवस्थित सिंचाईको अभावमा उत्पादनमा वृद्धि हुन सकेको छैन तसर्थ यस गाउँपालिकामा सिंचाईको सुविधाको टड्कारो आवश्यकता रहेको छ।

## १.१० आर्थिक विकास

### १.१०.१ पेशा तथा रोजगारीको अवस्था

आर्थिक विकास अहिलेको स्थानिय सरकारको प्रमुख उद्देश्यका रुपमा रहेको छ । रोजगाको अवस्था , उद्योगधन्दको पुण विकास तथा व्यवसायिक खेती प्रणालीको प्रवदन बाट आर्थिक विकास हुनसक्ने मानिन्छ । गाउँपालिकामा उद्योगधन्दाको अवस्था निकै कम मात्रामा रहेको छ। ठुला र रोजगारमुलक उद्योगधन्दाको अभाव रहेको यहां केवल केही वडामा कुटानी पिसानी सम्बन्धी मिलहरु रहेका छन्। यस गाउँपालिकामा मानिसहरुको पेशा तथा व्यवसायलाई तलको तालिकामा देखइएको छ ।

८. तालिका नम्बर १.१०.१ पेशा तथा रोजगारीको अवस्था

| क्र.स. | पेशा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | २०६१ | ४०३५ | ६०९६ | ३६.०३ |
| २ | व्यापार | ३४४ | ३३५ | ६७८ | ४.०१ |
| ३ | नोकरी | १६३३ | ४३० | २०६३ | १२.१९ |
| ४ | ज्यामी | १३७ | ५० | १८७ | १.११ |
| ५ | वैदेशिक रोजगारी | १८५० | १६८ | २०१८ | ११.९३ |
| ६ | पशुपालन | ५८ | ११५ | १७३ | १.०२ |
| ७ | विद्यार्थी | २७६६ | २३३९ | ५१०५ | ३०.१७ |
| ८ | मजदुर | ३६ | ७ | ४३ | ०.२५ |
| ९ | अन्य | २१० | ३४५ | ५५५ | ३.२८ |
| जम्मा | | ९०९५ | ७८२४ | १६९१९ | १००।०० |

श्रोतः घरधुरी सर्वेक्षण, २०७६

## १.१०.२ बैदेशिक रोजगारी सम्बन्धी विवरण

रोजगारीको अवस्थाले कुनै पनि स्थानको आर्थिक विकासमा महत्वपूर्ण सहयोग पु¥याउने गर्दछ। रोजगारीले मानिसहरुलाई सबल र सक्षम पनि बनाउने गर्दछ। रोजगारी पनि स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ। यिनीहरुमध्ये पनि बैदेशिक नोकरीले वैदेशिक मुद्रा आर्जनमा सहयोग पु¥याउने गर्दछ। गाउँपालिकाको वैदेशिक अवस्थालाई हेर्दा यस गाउँपालिकामा रहेका ३७७३ घरपरिवारमा बसोवास गर्ने ११०४५ पुरुष र १०३३३ महिला गरी जम्मा २१३७८ जनसंख्या मध्ये १८४ महिला तथा २४०३ पुरुष गरी जम्मा २५८७ जनसंख्या वैदेशिक रोजगारीको लागी बाहिर गएका छन्। यो तथ्यांकलाई बिश्लेषणात्मक अध्ययन तथा विश्लेषण गर्दा कुल जनसंख्याको १२.० प्रतिशत जनसंख्या विदेशिएको छ जसमा महिला जनसंख्याको १.७८ प्रतिशत तथा पुरुष जनसंख्याको २१.७५ प्रतिशत हुन आँउछ।

## १.१०.३ कृषि तथा उत्पादन अवस्था

अर्जुन चौपारी गाउँपालिका कृषि उत्पादकत्वका दृष्टिले राम्रै मानिन्छ किनकी यस गाउँपालिकामा प्रशस्त मात्रामा कृषि उत्पादन हुने जमिनहरु रहेका छन्। तर यस गाउँपालिकाको जमिनको वितरण तथा कृषि प्रणाली अवैज्ञानिक तथा परम्परागत भएकाले यस गाउँपालिकाका अत्यधिक कृषकहरुले न्युन मात्रामा मात्र उत्पादन गर्ने गर्दछन्। तर पनि यस गाउँपालिकामा विभिन्न प्रकारको अन्नबाली उत्पादन गर्ने गरिन्छ। यस गाउँपालिकामा लगाईने मुख्य बालीहरुमा धान, गँहु, मकै, तरकारी बाली, तेलहन, नगदे बाली पर्दछन्। यहाँ खाद्यान्न बाली अन्तगत धान, गँहु, कोदो तथा मकै जस्ता बालीहरु लगाउने गरिएको छ भने तोरी जस्ता तेलहन

बालीहरु पनि लगाएको देखिन्छ। यसैगरी तरकारी बाली अन्नतगत काउली, प्याज, आलु जस्ता खेतीहरु सिजन अनुसारको हुने हुँदा यसलाई पनि लगाएको देखिन्छ भने मास, मसुरो जस्ता दलहन बाली समेत लगाउने गरिएको छ। तलको तालिका अनुसार यस गाउँपालिका भित्र लगाइने मुख्य बालीलाई देखाईएको छ। विशेषगरी यस गाउँपालिकामा लगाइने प्रचलित बालीका उन्नत जातहरुको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

९. तालिका नं. १.१०.३ गाउँपालिकामा लगाइने प्रचलित बालीका उन्नत जातहरु

| क्र.सं. | वालीको नाम | प्रचलित जात |
|---|---|---|
| १ | धान | सुनौलो सुगन्धा, रामधान, मकवानपुर १, साबित्री, स्थानीय मन्सुली, राधा ७, राधा ११, राधा १२, बर्मेली, गोला, बातीसरा, खोले जर्नेली, पाखे जर्नेली, स्थानीय पहेंले, गोरखनाथ, लोकनाथ,खुमल, चैते २, चैते ४, हर्दिनाथ १ |
| २ | मकै | मनकाना १, मनकामना ३, खुमल पहेलो, रामपुर कम्पोजिट, अरुण १, अरुण २, हेटौडा कम्पोजिट, गणेस) हाइब्रीड (, गौरव, देउती, सितला, पोसिलो, मनकामना १, अरुण १,२ |
| ३ | गहुं | WK १२०४, गौतम, NL २९७,BL१०२२, BL१४७३, RR२१, सिद्धार्थ, अन्नपुर्ण आदि |

स्रोतः स्थलगत सर्वेक्षण २०७६

### १.१०.४ पशुपालन

खेतीका साथमा पशुपालनलाई पनि गाउँपालिकामा वसोवास गर्नेहरुले मुख्य सहायक पेशाका रुपमा लिने गरेको देखिन्छ। यस गाउँपालिकाको समग्र तथा वडा अनुसारको पशुपालनको तथ्याङ्कलाई हेर्दा मुख्य रुपमा यस गाउँपालिका भित्र विभिन्न किसिमका पशुहरु जस्तै गाई, गोरु, भैसी, राँगा, भेडा, वाख्रा, सुंगुर आदी पाल्ने गरेको पाईएको छ। तुलनात्मक रुपमा हेर्दा स्थानीय जातका भन्दा उन्नत जातका पशु पाल्नेको संख्या कम देखिन्छ।

### १.१०.५ पंक्षी तथा अन्य सम्बन्धि विवरण

यस गाउँपालिकामा पंक्षिको अवस्थालाई हेर्दा कुखुरा पाल्नेको संख्या वढी देखिन्छ। कुखुराको संख्यालाई हेर्ने हो भने ब्रोइलर जातका कुखुरा व्यवसायिक रुपमा पाल्ने गरेकोले यसको संख्या वढी देखिन्छ। यस्तै यस गाउँपालिका भित्र हाँस तथा अन्य जातका पंक्षी पाल्नेको संख्या ज्यादै न्यून रुपमा देखिन्छ।

### १.१०.६ जमिनको स्वामित्व सम्बन्धी विवरण

अर्जुन चौपारी गाउँपालिकामा जमिनमा स्वामित्व अथवा लालपुर्जा भएका परिवार संख्या ३५७५ र जमिन तथा घरको लालपुर्जा नहुने मानिसहरुको परिवार संख्या १९८ रहेको छ। जग्गा जमिन नहुने घरपरिवार संख्या सानो देखिए पनि स्थानीय तहको अधिकार क्षेत्र र उपलब्ध गराउन सकिने आधारभूत सेवा सुविधामा यसले गम्भीर पार्ने देखिन्छ।

### १.१०.७ आम्दानी तथा खर्चको अवस्था

प्राप्त विवरण अनुसार प्रत्येक वडाका मानिसहरुले १००० भन्दा कम मासिक आम्दानी गर्ने परिवार संख्या ३३५ रहेको देखिन्छ भने १००० देखि २००० सम्म कमाउने परिवार संख्या २५१ रहेको छ। यसैगरी यस गाउँपालिकामा औषत २५००० माथि मासिक आम्दानी हुने परिवार संख्या ११७९ रहेको अध्ययनले देखाएको छ। समग्रमा यस गाउँपालिकामा विभिन्न वडाहरुमा मासिक आम्दानी ५००० भन्दा कम र मासिक रुपमा जति आम्दानी हुन्छ उत्तिकै मात्रामा खर्च हुनुले उनीहरुको आर्थिक अवस्था पनि कमजोर रहेको देखिन्छ। यस गाउँपालिकाका २७६१ घर परिवारको मासिक आम्दानी ५००० भन्दा बढी रहेको देखिन्छ। भने यस गाउँपालिकाका १०१२ घर परिवारको मासिक आम्दानी ५००० भन्दा कम रहेको देखिन्छ।

### १.१०.८ मासिक बचतको अवस्था

अर्जुन चौपारी गाउँपालिकाका अधिकांश परिवारको बचतको अवस्था प्राय शुन्य नै रहेको छ। यस गाउँपालिकाका अधिकांश मानिसहरु बढी कृषि पेशामा आधारित भएको र कृषि उत्पादन पनि व्यवसायिक रुपमा नगरी सामान्य तरिकाले मात्र खेती गर्ने र अधिकांश घरपरिवार मध्यमवर्गको भएको हुँदा यस गाउँपालिकामा औषत मासिक पारिवारिक बचत न्युन रहेको देखिएको छ। जति आम्दानी हुन्छ त्यसैलाई परिवार पाल्नको लागि खर्च गर्ने भएको हुदां बचतको अवस्था शुन्य नै रहेको छ।

### १.१०.९ बेरोजगारीको अवस्था

यस गाउँपालिकामा कमाउन सक्ने सिपयुक्त ९८९ घरपरिवारका सदस्यहरु बेरोजगार बसेका छन् भने बाँकी २७४८ परिवारका मानिसहरु कुनै न कुनै कार्यमा संलग्न रहेको पाइन्छ। जहाँ ८८७ घरपरिवारका मानिसहरुले अवसर नपाएर बेरोजगारीको समस्या झेल्नु परेको बताएका छन् भने ६५ घरपरिवारका व्यक्तिहरु इच्छा नभएर बेरोजगार बसेका छन्। त्यसैगरी २७ घरपरिवारका सदस्यहरु अशक्त भएर बेरोजगार बसेका छन् भने १० जना शारीरिक रुपमा अपांग भएर बेरोजगार रहेका छन्।

### १.१०.१० खाद्यान्नको अवस्था सम्बन्धी विवरण

यस गाउँपालिकाका अत्याधिक मानिसहरुको मुख्य पेशा कृषि नै हो भन्ने कुरा प्रशङ्गवस माथि नै चर्चा गरिएको छ। कृषि पेशा भन्नाले जमिनमा खेतीपाती गर्ने वा पशुपालन व्यवसाय गर्ने कुनै एक वा दुवै क्षेत्रहरु पर्दछन्। देशको ८१ प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको अवस्थामा यस गाउँपालिकामा पनि अधिकांश मानिसहरु कृषि पेशामा संलग्न रहेको र कृषिमा नै निर्भर रहेको पाइएको छ। तापनि यस गाउँपालिकाका मानिसहरु खेतीपाती मौसमी खेतीपाती गर्ने हुँदा यहाँको उत्पादनले वर्षभरी खान धौधौ पर्ने सर्वेक्षणले देखाएको छ। खाद्यान्न उपलब्धताको स्थितिलाई हेर्दा यस गाउँपालिका भित्र बाह्रै महिना खान पुग्ने परिवारको संख्या अत्यन्तै न्यून रहेको छ। जम्मा परिवार संख्या मध्ये १५७१ घरपरिवारलाई ३ महिना भन्दा बढी खान नपुग्ने अवस्था देखियो,३ महिना देखि ६ महिना सम्म खान पुग्नेको घरपरिवार संख्या १२८३ महिना सम्म ९देखि ६ , खान पुग्नेको घरपरिवार संख्या ५२१ र ९ देखि १२ महिना सम्म खान पुग्नेको घरपरिवार संख्या ३१६ रहेको छ भने आफ्नो उत्पादन खान पुगेर बेच बिखन गर्ने घरपरिवार संख्या ४६ रहेको छ ।

### १.१०.११ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण

यस गाउँपालिका भित्र वसोवास गर्ने मानिसहरु विभिन्न किसिमका व्यवसायमा संलग्न रहेको पाइन्छ। संख्यात्मक रुपमा हेर्नेहो भने यहाँका वासिन्दाले किराना पसल, होटल व्यवसाय, कपडा पसल, खाजा घर चिया पसल आदी संचालन गर्नेको संख्या अत्याधिक रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या पनि रहेको छ। तलको तालिकामा यस गाउँपालिका भित्र रहेका व्यापार व्यवसाय सम्वन्धी विवरणलाई दिइएको छ।

१०. तालिका नं. १.१०.११ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण

| सि.नं. | व्यपार व्यवसाय सम्बन्धी विवरण | संख्या |
|---|---|---|
| १ | दुग्घ व्यवसायी | १२ |
| २ | टेलर्स | ३० |
| ३ | सुनचाँदी व्यवसायी | ४ |
| ४ | भाडा व्यवसायी | ६ |
| ५ | होटल व्यवसाय | १९ |
| ६ | फेन्सी व्यवसायी कस्मेटीक | २९ |
| ७ | क्लिनिक तथा औषधी व्यवसायी | ५ |
| ८ | तरकारी तथा फलफूल व्यवसायी | १४ |
| ९ | इलेक्ट्रोनिक व्यवसायी | ८ |

| सि.नं. | व्यपार व्यवसाय सम्बन्धी विवरण | संख्या |
|---|---|---|
| १० | माछामासु पसल, व्यवसायी | २१ |
| ११ | हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी | ६ |
| १२ | उद्योग | ५ |
| १३ | बंगुर पालन | ७ |
| १४ | बोडिंग स्कुल संचालन | ५ |
| १५ | ठेक्कापट्टा | ५ |
| १६ | जुत्ता पसल | ४ |
| १७ | फोटो स्टुडियो | १० |
| १८ | फर्निचर | ५ |
| १९ | किनारा पसल तथा व्यवसायी | १९७ |
| २० | सि.डि.पसल | १ |
| २१ | पुल हाउस | १ |
| २२ | राइस मिल | २१ |
| २३ | घडि रेडियो टि.भी मर्मत | ६ |
| २४ | पस्मिना पसल | १ |
| २५ | खाजाघर तथा चिया पसल | ५७ |
| २६ | ढुवानी सेवा | २२ |
| २७ | टयुसन सेन्टर | ६ |
| २८ | कार्पेट पसल | २ |
| २९ | सरसफाइ तथा फोहोर मैला संकलन | १२ |
| ३० | मदिरा व्यवसाय | ५ |
| ३१ | ग्यास डिलर | ३ |
| ३२ | नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र | १ |
| ३३ | कम्प्युटर टेनिंग सेन्टर साईवर व्यवसायी | १ |
| ३४ | पुस्तक व्यवसायी तथा फोटोकपी | ८ |
| ३५ | मनी टान्सफर | २ |
| ३६ | सहकारी | १६ |
| ३७ | बैक | २ |

| सि.नं. | व्यपार व्यवसाय सम्बन्धी विवरण | संख्या |
|---|---|---|
| ३८ | भेटनरी | ६ |
| ३९ | बाख्रापालन फर्म | १२ |
| जम्मा | | ५७१ |

स्रोतः अर्जुन चौपारी गाउँपालिका तथा स्थलगत सर्वेक्षण २०७६

### १.१०.१२ उद्योगको किसिम

अर्जुन चौपारी गाउँपालिका भित्र साना तथा घरेलूस्तरका केही उद्योगहरुसंचालनमा छन भने ठुला उद्योग धन्दा खुलिसकेको अवस्था छैन। साना तथा मझौला उद्योगहरुमा पनि प्रायः मिलहरु, फर्निचर उद्योग व्यापार व्यावसाय आदि रहेका छन। साना तथा मझौला उद्योगहरुवाट केहिले रोजगारी समेत पाएका छन भने अरु फरक खालका उद्योग खुल्नु पर्ने देखिन्छ। यस गाउँपालिका भित्र हालको अवस्थालाई हेर्ने हो भने ठूलो उद्योग स्थापना तथा संचालन भएको देखिदैन।

### १.१०.१३ बजार तथा व्यापारिक केन्द्र

बिशेष गरी स्थानीय बासिनदाहरुद्धारा नै उत्पादित बस्तुहरुको आयात तथा निर्यात गर्ने केन्द्रबिन्दुलाई स्थानीय ब्यापारीक केन्द्र भन्ने गरिन्छ। साथै दैनिक उपभोग्य बस्तुहरुको सशुल्क आदान प्रदान हुने केन्द्र ब्यापारिक केन्द्र हो। अर्जुन चौपारी गाउँपालिकामा आवश्यकता तथा स्रोत साधनको आधारमा बिभिन्न स्थानमा व्यापारिक बजार केन्द्रहरु रहेका छन। हाल गाउँपालिका भित्र रहेका बजारकेन्द्रको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ। कृषिजन्य , दैनिक उपभोग्य बस्तु, लत्ताकपडा,औषधि, स्टेशनरी आदिको खरिद तथा बिक्रीका लागि अर्जुनचौपारी बजार, मजुवा बजार, लामाडाँडाको भञ्ज्याङ्ग, खेवाङ्ग, रापाकोट, तालपोखरी, बयाले बजार, घण्टे बजार, घोप्टे ओडार, मुलाबारी, दरौडाँडा र बैराके रहेका छन्।

### १.११ प्रथम पञ्चवर्षीय योजना निर्माणका आधार

प्रथम पञ्चवर्षीय आधार पत्र तथा योजना तर्जुमा गर्दा मुख्यतः देहायका सात वटा नीति, कानुन र योजनालाई आधार लिइएको छः

(क) नेपालको संविधान) प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँट, अन्तरसम्बन्ध तथा अनुसूची ७ र ९ (मा रहेका कार्य जिम्मेवारी लगायतका विषय,

(ख) गण्डकी प्रदेशको प्रथम पञ्चबर्षीय योजनाको दस्ताबेज र स्थितिपत्र,

(ग) गण्डकी प्रदेशको आर्थिक वर्ष २०७६/७७ का नीति तथा कार्यक्रममा उल्लेख भएका विषय,

(घ) नेपाल सरकार र प्रदेश सरकारका घोषणा, नीति तथा कानुन,

(ङ) दिगो विकास लक्ष्य) २०७२–२०८७ (र नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता,

(च) अर्जुनचौपारी गाउँपालिकाका घोषणा, नीति तथा कानुन र गाउँसभाका निर्णय

(छ) निर्वाचनमा क्रममा राजनीतिक दलले गरेका घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धता।

## १.१२ प्रथम पञ्चवर्षीय योजनाका निर्देशक सिद्धान्त

अर्जुनचौपारी गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा देहायका मार्ग निर्देशक सिद्धान्त तय गरिएका छन्ः

१ . अर्जुनचौपारी गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा देहायका मार्ग निर्देशक सिद्धान्त तय गरिएका छन्ः

१ . नेपालको संविधानको भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भएकोले अर्जुनचौपारी गाउँपालिकाको आर्थिक विकासको नमूना) मोडल (पनि समाजवादउन्मुख अर्थतन्त्रको निर्माणमा योगदान गर्नु हुनेछ।

२ . उत्पादनमुखी, आत्मनिर्भरतर्फ उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ।

३ . नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१) घ) (१ (अनुसार तीन खम्बे अर्थनीति अनुशरणगरी)सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा ( गाउँपालिकाको आर्थिक क्रियाकलाप सुदृढ बनाइनेछ।

४ . संविधानको भाग ४ धारा ५१) घ) (२ (अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै गाउँपालिकाको समृद्धि हासिल गरिनेछ।

५ . संविधानको भाग ४ धारा ५१) घ) (३ (अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक विकासमा परिचालन गरिनेछ।

६ . नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका बीचको सहकार्यमा गाउँपालिकाका विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ।

८ . स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत्, सञ्चार र यातायात जस्ता सेवामा सबै व्यक्तिको सहज र सुरक्षित पहुँच पुर्‍याउन अन्तर सरकार र समुदायसँग सहकार्य गरिनेछ।

९ . आर्थिक–सामाजिक रुपले पछाडि परेका दलित, जनजाति, मधेसी, गरिब, एकल महिला, अपाङ्ग र पिछडा बर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुर्‍याउने कारक तत्व पत्ता लगाई सोको सम्बोधन गर्नेगरीकार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ।

१० . अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य) बिक्रम सम्बत् २०७३–२०८७ (प्राप्त गर्नेतर्फ नीति तथा कार्यक्रम लक्षित गरिनेछ।

११ . **"समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीबासी"** को गाउँपालिकाको सोंचलाई यथार्थमा बदल्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

## १.१३ दिगो विकास लक्ष्यसँगको सम्बन्ध

सन् २०१५ को सेप्टेम्बर महिनामा संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३०) बि.सं.२०७२ देखि २०८७ (सम्म विश्व रूपान्तरणको लागि महत्वाकांक्षी १७ वटा लक्ष्य) Goal(, १६९ वटा परिमाणात्मक लक्ष्य) Target (र २३४ वटा सूचक) Indicator (को घोषणा गऱ्यो। नेपाल दिगो विकास लक्ष्यलाई आत्मसात गर्ने एक अग्रणी राष्ट्र हो। नेपाल सरकारले सन् २०१५ को सुरुवातमै दिगो विकास लक्ष्यको प्रारम्भिक प्रतिवेदन बनाई संयुक्त राष्ट्र संघमा पेस गऱ्यो र "दिगो विकास लक्ष्य वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६–२०३०" नामक अर्को दस्तावेज तयार गरी चौधौं योजनादेखि क्रमशः दिगो विकास लक्ष्य कार्यान्वयन गर्दै आएको छ र १५औं योजनामा पनि यसलाई निरन्तरता दिइएको छ। नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि १६ वटा लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचक निर्धारण गरेको छ। दिगो विकासका लक्ष्यले सहस्राब्दी विकास लक्ष्यका उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका सूचकलाई पुरा गर्न खोजेका छन्। यिनले विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछाडि सँगसँगै अगाडि लैजाने प्रतिबद्धता जनाएका छन्। यी लक्ष्यले विश्वका सबै राष्ट्रमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकासगरीसबै स्वरुप र किसिमका गरिबीको अन्त्य गर्ने, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, भयमुक्त कार्यस्थल र वासस्थानको निर्माण गर्ने, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ति, सबै महिला तथा वालवालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हासिल गर्ने उद्देश्य राखेका छन्। दिगो विकास लक्ष्यका महान् उद्देश्य नेपाल सरकारको एकल पहलमा प्राप्त गर्न सम्भव हुँदैन। तसर्थ, स्थानीय सरकारले राष्ट्रिय लक्ष्य प्राप्त गर्न समपूरक र परिपूरकको भूमिका निर्वाह गर्नुपर्दछ। अर्जुनचौपारी गाउँपालिकाबाट आफ्नो यस प्रथम पञ्चवर्षीय योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई मध्यनजर गर्दै सामाजिक–आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गरिनेछ।

## १.१४ पन्ध्रौ योजनासँगको सम्बन्ध

पन्ध्रौं राष्ट्रिय योजनाका मुख्यतया तीनवटा उद्देश्यः १ (सर्बसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु, २ (गुणस्तरीय स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जबाफदेही सार्वजनिक सेवा कायमगरीसंघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु, र ३ (सामाजिक आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माणगरीदेशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने रहेका छन्। यी राष्ट्रिय उद्देश्यका लागि तयार गरिएका हुनाले अर्जुनचौपारी गाउँपालिकाको यस प्रथम पञ्चवर्षीय योजनाले उक्त उद्देश्य प्राप्त गर्न सघाउने र गाउँपालिकाका आवश्यकतालाई पनि सम्बोधन गर्दै समृद्धिको मार्ग तय गर्ने गरी आफ्ना दीर्घकालीन सोंच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएका छन्।

## १.१५ नेपालको दीर्घकालीन सोंच सँगको सम्बन्ध

नेपालको दीर्घकालीन सोंच विक्रम सम्बत् २१०० “समृद्ध नेपाल, सुखी नेपाली” रहेको छ। यो दीर्घकालीन सोंचमध्ये समृद्धिको लागि चार मुख्य सूचकः उच्च र समतामूलक राष्ट्रिय आय, मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आबद्धता, र उच्च उत्पादन र उत्पादकत्व विकास गरिएका छन्। त्यसै गरि, सुखी नेपालीको लागि छ वटा प्रमुख सूचकः परिष्कृत तथा मर्यादित जीवन; सुख, सभ्य र न्यायपूर्ण समाज; स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशासन; सबल लोकतन्त्र; राष्ट्रिय एकता र सम्मान चयन गरिएका छन्। यी राष्ट्रिय सूचक प्राप्तिलाई उच्च प्राथमिकता दिंदै गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका दीर्घकालीन सोंच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रम तयार गरिएको छ। यसर्थ, संघीय इकाई, निजी क्षेत्र, सहकारी क्षेत्र र समुदायसँग सहकार्य गर्दै यस योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाको **“समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीबासी”** को नारालाई यथार्थमा बदल्न सकिने विश्वास गरिएको छ।

## १.१६ प्रदेश योजनासँगको सम्बन्ध

गण्डकी प्रदेश सरकारको **"समृद्ध प्रदेश, सुखी नागरिक"** बनाउने संकल्प, उच्च उत्पादन मर्यादित जीवन समावेशी सभ्य न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश बनाउने लक्ष्य तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्दै समाजबादउन्मुख, आत्मनिर्भर अर्थव्यवस्था निर्माण गर्नु; पर्यटन ऊर्जा कृषि उद्योग पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक बृद्धि हासिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्नु; गुणस्तरीय शिक्षा स्वास्थ्य खानेपानी सरसफाई तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याई

सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु भन्ने निर्धारित उद्देश्यलाई पूरा गर्ने दिशामा गाउँपालिकाको आबधिक योजना मुखरित हुनेछ र प्रदेशसँगको समन्वय र सहकार्यलाई थप मजबुत बनाउँदै लगिनेछ।

# परिच्छेद २

# समष्टिगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति

## २.१ पृष्ठभूमि

संघीय शासन प्रणाली मजबुत सबल र परिपूरक हुनेगरीगाउँपालिकाको नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोंचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरिएको छ। स्थानीय साधन-स्रोत, आन्तरिक आम्दानी, नेपाल सरकार, प्रदेश सरकार र नेपाल सरकारको स्वीकृतिमा प्राप्त हुने बैदेशिक सहायता र ऋणको महत्तम उपयोगगरीआर्थिक, सामाजिक, भौतिक, प्रविधिगत, सांस्कृतिक एवं मानवीय संसाधन विकासको क्षेत्रमा समृद्धि हासिल गर्ने दिशामा आबधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य र रणनीति एवं कार्यनीति तय गरिएको छ।

## २.२ समस्या तथा चुनौती

संविधान तथा प्रचलित नेपाल कानुनले स्थानीय तहलाई प्रदान गरेको जिम्मेबारी अनुरूप जनताको आशा र अपेक्षामा गुणोत्तर बृद्धि भएको छ। गाउँपालिकाको आन्तरिक आम्दानी अत्यन्त न्यून रहेको छ। नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा नै गाउँपालिकाको खर्चको आवश्यकता र विकास निर्माणका कार्य निर्भर रहेको छ। बैदेशिक सहायता तथा आन्तरिक र बाह्य ऋण प्राप्तिको लागि गाउँपालिकाको कानुनी र संस्थागत क्षमता विकास भइसकेको छैन। त्यसैगरि, गाउँपालिकाले ठोस, गुणस्तरीय तथा नतिजामुखी योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा समेत कठिनाई रहेका छन्। न्यूनतम पूर्वाधारको अभाव हुनु, युवा जनशक्ति बैदेशिक रोजगारीमा जानु, तराईमधेस तथा सहरी क्षेत्रमा बसाइ सराइ तीव्र एवं निरन्तर हुँदै जानु, दक्ष र पर्याप्त जनशक्ति नहुनु, विश्वासिलो तथ्याङ्कको न्यूनता हुनु, नवीनतम् सूचना प्रबिधिको प्रयोगगरीसेवा प्रबाहलाई प्रभावकारी बनाउनु र स्थानीय सुशासन प्रत्याभूतगरीजनताको बिश्वास आर्जन गर्नुपर्ने विविध समस्या तथा चुनौती गाउँपालिका समक्ष रहेका छन्।

## २.३ अवसर

संविधान तथा कानुनले राज्यशक्तिको प्रयोग गर्न पाउनेगरीअधिकार तथा जिम्मेबारी प्राप्त हुनु, राजनीतिक स्थायित्व कायम हुनु, गाउँपालिकामा रहेका सबै राजनीतिक दल गाउँपालिकाको समृद्धिको लागि साझा धारणा सहित एकताबद्ध हुनु, संघ, प्रदेश र स्थानीय सरकारसँगको सम्बन्ध र सहकार्य बढ्दै जानु, विदेशवाट आउने विप्रेषणको मात्रा बढ्दै जानु, स्थानीय आवश्यकता सम्भावना माग र तथ्याङ्कमा आधारित नीति कानुन योजना बजेट कार्यक्रम तर्जुमा, प्राकृतिक सौन्दर्यता, जैविक विविधता, अनेकता बीच सामाजिक एकता, पर्यटकीय, धार्मिक,

सांस्कृतिक सम्पन्नता र पहिचान भएको गाउँपालिका हुनु, पर्यटन, कृषि पेशालाई प्रवर्द्धनगरीआर्थिक लाभ लिने सम्भावना रहनु आदि यस गाउँपालिकाका अवसर हुन्।

## २.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति

सोंच

**"समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीबासी"**

लक्ष्य

उच्च तथा दिगो आर्थिक बृद्धि, गुणस्तरीय जीवन, प्रतिस्पर्धी नागरिक, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाजयुक्त सक्षम गाउँपालिका।

**उद्देश्य**

१ . स्रोत साधनको महत्तम उपयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समुन्नत अर्थव्यवस्था निर्माण गर्नु।

२ . पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट समतामूलक, समृद्ध गाउँपालिका निर्माण गर्नु।

३ . गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा सबै नागरिकको पहुँच पुऱ्याई नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु।

## २.५ परिमाणात्मक लक्ष्य

११. तालिका नम्बर २.५ परिमाणत्मक लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | 20८०/८१ | 20८१/८२ |
|---|---|---|---|---|---|---|---|
| १. | आर्थिक बृद्धिदर | डलर | | | | | |
| २. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | प्रतिशत | | | | | |
| ३. | कृषि | प्रतिशत | | | | | |
| ४. | उद्योग | प्रतिशत | | | | | |
| ५. | सेवा | प्रतिशत | | | | | |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या )निरपेक्ष गरिबी( | प्रतिशत | | | | | |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | | | | | |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (palma ratio) | प्रतिशत | | | | | |
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक | प्रतिशत | | | | | |
| १०. | अपेक्षित आयु (जन्म हुँदाको वर्ष) | | | | | | |
| ११. | मातृ मृत्युदर (प्रतिलाख | लाखमा | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जीवित जन्ममा (संख्या | | | | | | | |
| १२. | ५ वर्ष मुनिका बाल मृत्युदर | हजारमा | | | | | | |
| १३. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | | | | | |
| १४. | श्रमशक्ति सहभागिता दर | प्रतिशतमा | | | | | | |
| १५. | बेरोजगारी दर | प्रतिशतमा | | | | | | |
| १६. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशतमा | | | | | | |

## २.६ रणनीति र उपलब्धि

१२. तालिका नम्बर २.६ रणनिति र उपलब्धि

| उद्देश्य | रणनीति | उपलब्धि |
|---|---|---|
| १ .स्रोत साधनको महत्तम उपयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समुन्नत अर्थव्यवस्था निर्माण गर्नु। | १.१ अन्तर सरकार, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा लगानी बढाई दिगो, फराकिलो र समतामूलक उच्च आर्थिक बृद्धि दर हासिल गर्ने, उत्पादन बढाई रोजगार सृजना गर्ने, सबै प्रकारका गरिबीको अन्त्य गर्ने।<br>१.२ सार्वजनिक–निजी साझेदारी सम्वन्धी स्थानीय नीति निर्माणगरीकार्यान्वयन गर्ने।<br>१.३ स्थानीय विकासमा निजी र सहकारी क्षेत्रको सहभागितालाई मूल प्रवाहीकरण गर्ने<br>१.४ पिछडिएका क्षेत्र, सामाजिक बहिस्करणमा पारिएका र आर्थिक रुपले सीमान्तकृत वर्गलाई गाउँपालिकाको विकास निर्माणमा सहभागी गराई सन्तुलित र समतामूलक आर्थिक बृद्धि गर्ने।<br>१.५ आन्तरिक आम्दानी बृद्धिका लागि राजस्व सुधार योजना बनाई लागू गर्ने। | १( उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थव्यवस्थाको जग निर्माण हुनेछ।<br>२ (स्थानीय उत्पादक र पर्यटन व्यवसायीबीच सघन सहकार्य भई नयाँ रोजगार सृजना, गरिबी निवारण र अर्थतन्त्रको विस्तार हुनेछ<br>३(गाउँपालिकाको राजस्व प्रणाली सुदृढ भएको हुनेछ। |

| | | |
|---|---|---|
| | १.६ अन्तर तहगत समन्वयलाई मजबुद बनाउदै बिकासात्मक सहकार्य र आन्तरिक ऋण र बैदेशिक सहायता परिचालनलाई प्रभावकारी बनाउने। | |
| २ .भौतिक पूर्वाधार, पर्यटन, कृषि, ऊर्जा, उद्योग, र मानव संशाधन विकासको माध्यमबाट समतामूलक, समृद्ध गाउँपालिका निर्माण गर्नु | २.१ भौतिक पूर्वाधार निर्माण विकाससँग सम्बन्धित आवश्यक स्थानीय नीति तथा कानुन तर्जुमा/परिमार्जन तथा कार्यान्वयन गर्ने।<br>२.२ स्थानीय स्तरमा रहेको आर्थिक, भौतिक तथा मानवीय स्रोत र साधनको पहिचान तथा व्यवस्थापन साथै पारदर्शी तथा न्यायोचित, मितब्ययी र दिगो विकासमा आधारित लगानीको सुनिश्चितता गर्ने।<br>२.३ पूर्वाधारको दीर्घकालीन गुरु योजना तयारी र निर्माण कार्यलाई सँगसँगै गर्नेगरीआवश्यक प्रकृया अगाडि बढाउने।<br>२.४ भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्थापन गर्ने तथा सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति गर्नु पर्ने अवस्था आएमा उचित र उपयुक्त मुआब्जाको निर्धारण गर्ने।<br>२.५ भूमिको वर्गीकरणका आधारमा भएको भू-उपयोगनीति बमोजिमको लगत कायम गर्ने तथा बर्गीकरणका आधारमा जग्गाको कित्ताकाट र भूमी लगत) नक्शा, स्रेस्ता (निर्माण र संरक्षण गर्ने<br>२.६ पर्यटन व्यवसाय र स्थानीय उत्पादक बीच सहकार्यको साथै पर्यटन व्यवसायीको क्षमता बृद्धि र पर्यटनपूर्वाधारको विकासगरीगुणस्तरीय पर्यटनको विकास गर्ने।<br>२.७ हालको निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकीकरण र व्यवसायीकरण, सिंचाइ सुबिधाको विस्तार, उच्च उत्पादन दिने उन्नत बिउ र प्राविधिक सहयोगको विस्तारगरीकृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।<br>२.८ सँगठित क्षेत्रमा साना, मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य नयाँ उद्योगको स्थापना र विस्तार गर्न निजी स्वदेशी तथा विदेशी | १ (भौतिक संरचनाको नवनिर्माण र पुराना संरचनाको मर्मत संभार निर्धारित समय र लागतमा सम्पन्न भई वस्तु तथा सेवाको उत्पादन र ढुवानी लागत घट्ने र आर्थिक क्षेत्रमा स्थानीय तहको प्रतिस्पर्धी क्षमता बृद्धि हुनेछ।<br>२ कृषि (क्षेत्रमा उन्नत बिउ बिजनको प्रयोग, यान्त्रिकीकरण, व्यवसायीकरण, जलवायु अनुकूलन कृषि प्रणालीको विकास, र अनुसन्धानगरीउच्च उत्पादन र उत्पादकत्व हांसिल हुनेछ।<br>३ (संगठित क्षेत्रमा मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य उद्योगको स्थापना र विस्तार भई आयात प्रतिस्थापन र प्रदेशको गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको अंश उल्लेख्य रुपमा बृद्धि हुनेछ।<br>४ (बजारमा उच्च माग भएका प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको विस्तार भई |

| | | |
|---|---|---|
| | लगानीकर्तालाई प्रोत्साहनगरीप्रदेशको औद्योगिकीकरण गर्ने।<br>२.९ विद्यालय र महाविद्यालयमा क्रमशः साधारण शिक्षाबाट प्राविधिक शिक्षातर्फ रुपान्तरण गर्न प्रोत्साहनगरीस्थानीय उत्पादनलाई चाहिने प्राविधिक मानव संसाधन गाउँपालिकाभित्रै उत्पादन गर्ने। | शिक्षा र बजार मागका बीचको सम्बन्ध विस्तार भएको हुने र शिक्षा क्षेत्रको सुधारले ग्रामीण क्षेत्रवाट गुणस्तरीय शिक्षाको खोजीमा शहरतर्फ हुने बसाईसराईमा कमी आएको हुनेछ। |
| ३ .गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा सबै नागरिकको पहुँच पुऱ्याई नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु। | ३.१ सामुदायिक तथा गैर सरकारी संघ संस्थासँगको सहकार्यमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका वालवालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने।<br>३.२ संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा स्थानीय तहमा बसोबास गरेका सबै नागरिकको समान पहुँच बृद्धि गर्ने।<br>३.३ स्थानीय शासन प्रणालीमा क्रमिक र समसामयिक सुधारगरीपारदर्शी, उत्तरदायी शासन प्रणालीको विकास गर्ने। | १ (सार्वजनिक संस्थाको व्यवस्थापन सुधारले एकल महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, वालवालिका आदिको सामाजिक सुरक्षा व्यवस्था मजबुत भएको हुनेछ।<br>२ (सूचना सञ्चार प्रणालीमा समसामयिक सुधारगरीटेलिफोन, इमेल, इन्टरनेट र विद्युतीय सूचनाको पहुँच सबै जनतामा पुगेको हुनेछ।<br>४ (गाउँपालिकाभित्र बसोबास गरेका नागरिकले सुशासनको अनुभूति गरेका हुनेछन्। |

## २.७ स्रोत विनियोजनको प्रक्षेपण

१३. तालिका नम्बर २.७ स्रोत विनियोजनको प्रक्षेपण

**अर्जुनचौपारी गाउँपालिकाको पाँच वर्षको आम्दानी प्रक्षेपण सम्बन्धी विवरण**

| संघीय सरकारतर्फ | आ२०७५.व. ७६/को यथार्थ आम्दानी रु हजारमा | २०७६७/७ | २०७७७८/ | २०७८७९/ | २०७९८/० | २०८०८/१ | २०८१८/२ |
|---|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ६४५०० | ७६४०० | ८४०४० | ९२४४४ | १०१६८८ | १११८५७ | १२३०४३ |
| सशर्त अनुदान | १२३२८९ | १२८१०० | १४०९१० | १५५००१ | १७०५०१ | १८७५५१ | २०६३०६ |
| विशेष अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| समपूरक अनुदान | १२०३१ | १३२३४ | १४५५८ | १६०१३ | १७६१५ | १९३७६ | २१३१४ |
| राजस्व बाँडफाँट | ४५४६३ | ५३८०० | ५९१८० | ६५०९८ | ७१६०७ | ७८७६८ | ८६६४५ |
| **जम्मा** | २४५२८३ | २७१५३४ | २९८६८८ | ३२८५५६ | ३६१४११ | ३९७५५२ | ४३७३०८ |

| **प्रदेश सरकार** | आ२०७५.व. को ७६/ यथार्थ आम्दानी रु हजारमा | २०७६७/७ | २०७७७८/ | २०७८७९/ | २०७९८/० | २०८०८/१ | २०८१८/२ |
|---|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | १११९५ | १२१२४ | १३३३६ | १४६७० | १६१३७ | १७७५१ | १९५२६ |
| विशेष अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| समपूरक अनुदान | ० | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राजस्व बाँडफाँट | ० | १९२४ | २११६ | २३२८ | २५६१ | २८१७ | ३०९९ |
| **जम्मा** | १११९५ | २४०४८ | २६४५२ | २९०९८ | ३२००८ | ३५२०९ | ३८७३० |

| **संघीय सरकार निकासातर्फ** | **आ२०७५.व. को ७६/ यथार्थ आम्दानी रु हजारमा** | **२०७६७/७** | **२०७७७८/** | **२०७८७९/** | **२०७९८/०** | **२०८०८/१** | **२०८१८/२** |
|---|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा भत्ता | ४०५७५ | ४४६३३ | ४९०९६ | ५४००५ | ५९४०६ | ६५३४६ | ४४६३३ |
| गरिबसँग विश्वेश्वर | ४२९ | ४७२ | ५१९ | ५७१ | ६२८ | ६९१ | ४७२ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ४००० | ४४०० | ४८४० | ५३२४ | ५८५६ | ६४४२ | ४४०० |
| गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम | १३९४ | १५३३ | १६८७ | १८५५ | २०४१ | २२४५ | १५३३ |
| झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | ३२३० | ३५५३ | ३९०८ | ४२९९ | ४७२९ | ५२०२ | ३५५३ |
| स्थानीय पूर्वाधार विकास साझेदारी | ४००० | ४४०० | ४८४० | ५३२४ | ५८५६ | ६४४२ | ४४०० |
| सडक वोर्ड, गण्डकी प्रदेश | १००० | ११०० | १२१० | १३३१ | १४६४ | १६११ | ११०० |
| पर्यटन वोर्ड | १००० | ११०० | १२१० | १३३१ | १४६४ | १६११ | ११०० |
| **जम्मा** | **५५६२८** | ६११९१ | ६७३१० | ७४०४१ | ८१४४५ | ८९५८९ | ६११९१ |

| **आन्तरिक कोषतर्फ** | **आ२०७५.व. को ७६/** | **२०७६७/७** | **२०७७७८/** | **२०७८७९/** | **२०७९८/०** | **२०८०८/१** | **२०८१८/२** |
|---|---|---|---|---|---|---|---|

| | **यथार्थ आम्दानी रु हजारमा** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | ० | २७६४० | ३०४०४ | ३३४४४ | ३६७८९ | ४०४६८ | ४४५१४ |
| आन्तरिक आयबाट | ३५३८ | ३८९२ | ४२८१ | ४७०९ | ५१८० | ५६९८ | ६२६८ |
| मर्मत सम्भार कोष | ० | ० | ० | ० | ० | ० | ० |
| विपत व्यवस्थापन कोष | ० | ० | ० | ० | ० | ० | ० |
| स्थानीय घुम्ती कोष | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | ३५३८ | ३१५३२ | ३४६८५ | ३८१५३ | ४१९६९ | ४६१६६ | ५०७८२ |

| **विवरण** | **आर२०७५.व. को ७६/ यथार्थ आम्दानी रु हजारमा** | २०७६७/७ | २०७७७८/ | २०७८७९/ | २०७९८/० | २०८०८/१ | २०८१८/२ |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार वित्तीय हस्तान्तरण | २४५२८३ | २७१५३४ | २९८६८८ | ३२८५५६ | ३६१४११ | ३९७५५२ | ४३७३०८ |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | ११११९५ | २४०४८ | २६४५२ | २९०९८ | ३२००८ | ३५२०९ | ३८७३० |
| संघीय अन्य कार्यक्रम | **५५६२८** | ६११९१ | ६७३१० | ७४०४१ | ८१४४५ | ८९५८९ | ६११९१ |
| आन्तरिक राजस्व | ३५३८ | ३१५३२ | ३४६८५ | ३८१५३ | ४१९६९ | ४६१६६ | ५०७८२ |
| **कुल जम्मा** | ३१५६४४ | ३८८३०५ | ४२७१३५ | ४६९८४८ | ५१६८३३ | ५६८५१६ | ५८८०११ |

## २.८ पञ्चबर्षीय योजनाको बिषयगत शीर्षक अनुसार प्रक्षेपित बजेट बिवरण

१४. तालिका नम्बर २.८ पञ्चबर्षीय योजनाको बिषयगत शीर्षक अनुसार प्रक्षेपित बजेट बिवरण

| आर्थिक वर्ष | बिषयगत शीर्षक अनुसार प्रक्षेपित बजेट (रू. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक | सामाजिक | पूर्वाधार | वातावरण | संस्थागत | जम्मा |
| २०७७/७८ | ८५४२७ | ८५४२७ | १७०८५४ | ४२७१४ | ४२७१४ | ४२७१३५ |
| २०७८/७९ | ९३९७० | ९३९७० | १८७९३९ | ४६९८५ | ४६९८५ | ४६९८४८ |
| २०७९/८० | १०३३६७ | १०३३६७ | २०६७३३ | ५१६८३ | ५१६८३ | ५१६८३३ |
| २०८०/८१ | ११३७०३ | ११३७०३ | २२७४०६ | ५६८५२ | ५६८५२ | ५६८५१६ |
| २०८१/८२ | ११७६०२ | ११७६०२ | २३५२०४ | ५८८०१ | ५८८०१ | ५८८०११ |
| जम्मा | ५१४०६९ | ५१४०६९ | १०२८१३७ | २५७०३४ | २५७०३४ | २५७०३४३ |
| प्रतिशत | २० | २० | ४० | १० | १० | १०० |

# परिच्छेद ३

# अर्जुनचौपारी गाउँपालिकाको आर्थिक नीति

## ३ .१ सार्वजनिक वित्त

### ३.१.१ पृष्ठभूमि

सार्वजनिक प्रशासन सञ्चालन, सेवा प्रवाह र विकास निर्माणका लागि सार्वजनिक वित्तको परिचालन गर्नुपर्ने हुन्छ। यसरी वित्तको परिचालन गर्दा संविधान तथा प्रचलित कानुनले निर्दिष्ट गरेको अधिकारक्षेत्र एवं परिधिभित्र रहेर नागरिकको तिर्न सक्ने क्षमता र प्रशासनिक कुशलताका आधारमा गरिनु पर्दछ। नेपालको सं
विधानले गाउँपालिकालाई आर्थिक अधिकार क्षेत्रभित्रका तोकिएका क्षेत्रमा कर तथा शुल्क लगाई आन्तरिक स्रोत परिचालन गर्ने, नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट,बित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, बिशेष अनुदान, तथा सशर्त अनुदान प्राप्त गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ। स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशको सीमा भित्र रही गाउँ सभाबाट स्वीकृत हुने गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयको बृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। एकल प्रशासनको माध्यमबाट प्रदेश र स्थानीय तहको दोहोरो अधिकार क्षेत्रभित्रका कर तथा गैरकर गाउँपालपालिकाले राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ। गाउँपालिकालाई नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानगरीचार प्रकारका अनुदान प्राप्त हुने गरेको छ। गाउँपालिका गठन भए पश्चात् विकास अवधारणा अनुरूपका प्राथमिक काम सुरुवात भएका छन्। प्रारम्भिक अवस्थादेखि गाउँसभाबाट निर्णय गरी गाउँपालिकाको अधिकार क्षेत्रभित्रका करका क्षेत्रलाई व्यवस्थित गरी स्रोतको संकलन तथा सन्तुलित र उत्पादनशील क्षेत्रमा विनियोजनका माध्यमबाट बजेट र योजनालाई जोड्ने प्रयास गरिएको छ।

### ३.१.२ समस्या तथा चुनौती

संविधान र कानुन प्रदत्त अधिकार प्रयोगको लागि स्रोतको व्यवस्थापन गर्ने संस्थागत क्षमता र प्रशासनिक कुशलतामा रहेको अपर्याप्तताका कारण गाउँपालिकाले जनताको बढ्दो आकांक्षा, माग र चाहनालाई यथेष्टरूपमा सम्बोधन गर्न सकिरहेको छैन। संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान नै गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम निर्माणका मुख्य स्रोतकारूपमा रहेका छन्। ग्रामीण क्षेत्र भएकोले आर्थिक केन्द्र व्यवसाय रोजगारी पेशामा संलग्न जनशक्ति न्यून भएकोले जनताको आम्दानीको अवस्था कमजोर रहेको छ। यसले गर्दा करको भार थप्ने भन्दा पनि करको दायरा बिस्तारगरीकर प्रणालीलाई व्यवस्थित गर्नुपर्ने समस्या तथा चुनौती गाउँपालिका समक्ष

रहेको छ। त्यसैगरि, वित्तीय सुशासन एवं उत्तरदायित्व र आर्थिक अनुशासन कायमगरीसेवा प्रबाह र विकास निर्माणको कामलाई प्रभाबकारी र गुणात्मक बनाउने दिशामा गाउँपालिकाले भूमिका निर्बाह गर्नु पर्ने देखिन्छ।

**अवसर**

संविधानतः स्थानीय तहलाई सरकारको रुपमा मान्यता प्रदान गरी स्रोत परिचालनको अधिकार प्राप्त हुनु, गाउँपालिका स्थापनापश्चात् सफलतापूर्वक गाउँ सभा सम्पन्नगरीबजेट तथा कार्यक्रम कार्यान्वयन हुनु, संघीय इकाईका बीचमा विकास निर्माण, लगानी अभिवृद्धि, सुशासन प्रवर्द्धनमा प्रतिस्पर्धात्मक वातावरण रहनु, योजना छनौट, बजेट विनियोजन क्षमतामा सुधार हुँदै जानु, गाउँपालिकाले आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्न स्थानीय तहसँग समन्वयकारी भूमिका विस्तार गर्दै जानु यस क्षेत्रका अवसर हुन्। साथै, संघीय तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण हुनु, स्थानीय तहको आफ्नै प्रतिवद्ध निजामती कर्मचारी हुनु, उत्पादनशील रोजगारी सिर्जना गर्न सक्ने अधिकतम प्रतिफल प्राप्त गर्न सकिने आयोजना भएमा नेपाल सरकारसँग प्रस्तावगरीऋण प्राप्त गर्न सकिने महत्त्वपूर्ण अवसर रहेको छ।

## ३.१.३ दिर्घकालिन सोंच लक्ष्य र उद्देश्य

**सोंच**

सबल, र समृद्ध अर्थव्यवस्था सहितको गाउँपालिका।

**लक्ष्य**

स्थानीय स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण बिनियोजन र उपयोगबाट दिगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने।

**उद्देश्य**

१ .सम्भावित स्रोतको उचित परिचालन गर्दै सार्वजिनक वित्त गाउँपालिकको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु।

२ .गाउँपालिकाको अर्थतन्त्रमा सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तारबाट उत्पादनशील रोजगारी सृजना र उत्पादकत्व वृद्धि गर्नु।

३ .सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु।

## ३ १.४.उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

१५. तालिका नम्बर ३.१.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

| उद्देश्य | रणनीति/कार्यनीति | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १ .सम्भावित स्रोतको उचित परिचालन गर्दै सार्वजिनक वित्त गाउँपालिकको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु। | १.१ सार्वजनिक खर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने। १.२ प्रदेशसँग समन्वय तथा सहकार्य गर्दै राजस्व परिचालन गर्ने। १.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशको सीमा भित्र रही उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयको बृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिने। १.४ राजस्वको दायरामा समेटिन नसकेका गाउँपालिकाको अधिकार क्षेत्रभित्रका कर तथा गैरकर राजस्व परिचालनमा जोड दिने। | १.१.१ सार्वजनिक खरिद कानुनको परिपालनामा जोड दिइनेछ र बजेट प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन विकासमा जोड दिइनेछ। १.२.१ प्रभावकारी राजस्व परिचालनका लागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।राजस्व परिचालनलाई सूचना र प्रविधिमा आधारित बनाइनेछ। १.३.१ आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ। १.४.१ गाउँपालिकाको राजस्व सुधार योजना तयारगरीलागू गरिनेछ। | पञ्चबर्षीय योजनाको अन्तमा गाउँपालिकाको स्रोत साधनको विनियोजन र राजस्व परिचालन क्षमता सुदृढ भएको हुने, उपलब्ध सीमित स्रोत र साधनको लगानी उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनेछ। |
| २ .गाउँपालिकाको अर्थतन्त्रमा सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तारबाट उत्पादनशील रोजगारी सृजना र | २.१ सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तार, रोजगारीका अवसरको सृजना, उत्पादन र उत्पादकत्वमा वृद्धि एवम् पूँजी निर्माण हुनेगरीस्रोतको महत्तम परिचालन गर्ने। | २.१.१ कृषि तथा गैर कृषि क्षेत्र र पर्यटनमा रोजगार मूलक उद्योग स्थापनामा जोड दिइनेछ २.१.२ बैदेशिक रोजगारीबाट प्राप्त सीप र लगानीलाई स्थानीय स्रोत र | गाउँपालिकाको अर्थ व्यवस्था सुदृढ सबल र रोजगारमूलक भएको हुनेछ। |

| | | | |
|---|---|---|---|
| उत्पादकत्व वृद्धि गर्नु। | | साधन परिचालन हुने उद्योगको स्थापना र विस्तारमा जोड दिइनेछ | |
| ३ .सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु | ३.१ पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने। | ३.१.१ सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइने छ।<br>३.१.२ आर्थिक र सामाजिक रुपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम मार्फत् संरक्षण गरिनेछ। | समानता र सामाजिक न्याय समावेशितामा आधारित आर्थिक बृद्धि र विकास भएको हुनेछ। |

| **सार्वजनिक वित्त** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | उत्पादकत्वमा वृद्धि एवम् पूँजी निर्माण हुनेगरीस्रोतको महत्तम परिचालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | उपलब्ध स्रोतको सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रभावकारी राजस्व परिचालनका लागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बैदेशिक रोजगारीबाट प्राप्त सीप र लगानीलाई स्थानीय स्रोत र साधन परिचालन हुने उद्योगको स्थापना र विस्तारमा जोड | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | आर्थिक र सामाजिक रुपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिने | संख्या | | - | २ | २ | २ | २ | ८ |

## ३.२ राजस्व परिचालन

### ३.२.१ पृष्ठभूमि

संविधानको अनुसूची ८ ले स्थानीय तहले सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सबारी साधन कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, बिज्ञापन कर, ब्यबसाय कर, भूमिकर, दण्ड जरिबाना, मनोरञ्जन कर र मालपोत संकलन जस्ता कर तथा गैर कर उठाउन पाउने प्रत्याभूत गरेको छ। संविधानले घरजग्गा लगायतका रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, विज्ञापन कर र मनोरञ्जन कर परिचालनको अधिकार प्रदेश सरकार र स्थानीय तहको दोहोरो अधिकार क्षेत्रमा राखेको छ। दोहोरो अधिकार क्षेत्रमा रहेका कर तथा गैरकर राजस्वमध्ये मनोरञ्जन कर, बिज्ञापन कर, दहत्तर बहत्तर शुल्क अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम एकल कर प्रशासनको रूपमा स्थानीय तहले र सबारी साधन कर प्रदेश सरकारले संकलनगरीबाँडफाँट गर्ने ब्यवस्था गरिएको छ। संविधान र कानुनतः प्राप्त अधिकार र जिम्मेबारी अनुरूप कर तथा गैरकरका आधार साँघुरो रहेको, कर परिचालनमा जनताको चेतनास्तर, जीवन शैली, जनशक्ति र प्रणाली उपयुक्त र प्रभावकारी हुन सकेको छैन। कर प्रणाली प्रभावकारी बनाउन राजस्व सुधार योजना तयारगरीराजस्व संकलन र परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ।

## ३.२.२ प्रमुख समस्या तथा चुनौती

अर्जुनचौपारी गाउँपालिकामा आर्थिक केन्द्र न्यून रहेका, व्यवसाय रोजगारी उद्यमशीलताका अवसर अपर्याप्त रहेको हुँदा व्यवसाय कर र घर बहाल कर बापत प्राप्त हुने राजस्वको मात्रा न्यून हुनु, सम्पत्ति करको लागि जग्गा मूल्याङ्कनको आधार कमजोर हुनु, नागिरकको आय र जीवनस्तर कमजोर हुनु, कर तिर्नु पर्छ भन्ने आम भावनाको विकास भइनसक्नु, कर प्रशासन सञ्चालन गर्ने दक्ष जनशक्ति र प्रबिधिको अभाव हुनु, हाम्रो विकासका लागि हामी आफै योगदान पुऱ्याउनुपर्छ भन्ने भावना जागृत गराउन नसकिनु जस्ता समस्या प्रमुख समस्याकारूपमा रहेका छन्।

कर तथा गैर करको आधार र दायरा विस्तार गर्नु, राजस्वको प्रभावकारी परिचालन कर संकलन प्रणालीलाई विद्युतीय माध्यमको प्रयोगगरीअभिलेख प्रणाली र कर संकलन प्रकृयालाई व्यवस्थित गर्नु, कर तिर्नुपर्ने सबै नागरिकलाई करको दायरामा ल्याउनु, सरकारको लगानी राजस्व परिचालन हुने क्षेत्रमा प्राथमिकीकरण गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्।

**अवसर**

संविधानले कर तथा गैरकरका अधिकार क्षेत्र निर्धारण गर्नु, गाउँपालिकामा जनशक्ति आपूर्ति सहज हुँदै जानु, करदाता शिक्षा कार्यक्रमको माध्यमबाट करदातामा कर प्रतिको धारणा स्पष्ट हुँदै जानु र गाउँपालिकाले कर प्रशासन सुधारलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम तर्जुमा गर्नु, करदातामैत्री प्रशासनको अवधारणालाई प्राथमिकता दिनु, आर्थिक केन्द्रको विस्तार हुँदै जानु, सरकारको लगानी राजस्व प्राप्ति हुने क्षेत्रतर्फ केन्द्रित गरिनु आदि अवसरकोरूपमा रहेका छन्।

## ३.२.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

आन्तरिक आम्दानीको बृद्धि, गाउँपालिकाको समृद्धि।

**लक्ष्य**

आन्तरिक स्रोतबाट प्रशासनिक र विकास कार्यक्रम समेत सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्ने।

**उद्देश्य**

१ . संवैधानिक अधिकार बमोजिम कर तथा गैरकरको आधार तथा दायरा फराकिलो बनाउनु।

२. राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी, लागतप्रभावी र प्रबिधिमैत्री बनाउनु।

## ३.२.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

१६. तालिका नम्बर ३.२.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

| उद्देश्य | रणनीति/कार्यनीति | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १ .संवैधानिक अधिकार बमोजिम कर तथा गैरकरको आधार तथा दायरा फराकिलो बनाउनु। | १.१ सरकारी तथा सामुदायिक संस्थासँग समन्वय गरी कर दाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>१.२ कर प्रणालीलाई दिगो र प्रभावकारी बनाउन राजस्व सभाब्यता अध्ययनगरीराजस्व सुधार योजना बनाउने। | १.१.१ स्थानीय क्लब समुदायसँग सम्झौतागरीकरदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>१.१.२ उच्च शिक्षा हासिल गरी गाउँपालिकामा बेरोजगार रहेका युवा जनशक्तिलाई परिचालन गर्ने।<br>१.२.१समय, जिम्मेबारी सहितको कार्ययोजना निर्माण गर्ने।<br>१.२.२ कार्ययोजना बमोजिमको कार्यप्रकृया अघि बढाउन आवश्यक पर्ने वजेटको सुनिश्चितता गर्ने | पञ्चबर्षीय योजनाको अन्तमा गाउँपालिकाको कर प्रशासन तथा राजस्व परिचालन क्षमता सुदृढ भएको हुनेछ। |
| २.राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी, लागतप्रभावी र प्रबिधिमैत्री बनाउने। | २.१ राजस्व परिचालन सूचना प्रविधिमा आधारित र जनशक्ति विकासमा जोड दिने। | २.२.१ सबै करदाताको अभिलेख कम्प्यूटराइज्ड गर्ने।<br>२.२.२ गाउँपालिका र वडा कार्यालयको कर प्रणालीलाई सफ्टबेयरमा आबद्ध गर्ने।<br>२.२.३ सूचना प्रबिधिमा आधारित जनशक्तिको आपूर्ति र विकास गर्ने। | राजस्व परिचालन प्रविधिमैत्री सरल, पारदर्शी, दक्षतापूर्ण एवं प्रभावकारीरुपमा परिचालन भएको हुने। |

| राजस्व परिचालन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | सरकारी तथा सामुदायिक संस्थासँग समन्वयगरीकर दाता शिक्षा कार्यक्रम सञ्चालन | संख्या | | ८ | ८ | ८ | - | - | २४ |
| २ | कर प्रणालीलाई दिगो र प्रभावकारी बनाउन राजस्व सभाब्यता अध्ययनगरीराजस्व सुधार योजना बनाउने | संख्या | | १ | - | - | - | - | १ |
| ३ | सबै करदाताको अभिलेख कम्प्यूटराइज्ड | संख्या | | २ | २ | २ | १ | १ | ८ |

## ३.३ सार्वजनिक, निजी र सहकारी साझेदारी

### ३.३.१ पृष्ठभूमि

बिगतका दिनमा विकास सम्पूर्ण साँचो एकलरुपमा सरकारमा मात्र निहित रहेको थियो। विकास प्रशासन र सार्वजनिक प्रशासनमा देखिएका नवीन अवधारणाले विकासका मूलभूत मान्यतामा परिवर्तन आई विकास साझेदारकोरूपमा निजी क्षेत्र, गैरसरकारी संस्था र सहकारी संस्था स्थापित हुन थालेका छन्। संयुक्त राष्ट्र संघको सहस्राब्दी विकास लक्ष्य र यसपछि हाल कार्यान्वयनमा रहेको दिगो विकासका लक्ष्यमा पनि विकासका साझेदार वा पात्र सरकार मात्र नभएर धेरै पक्ष जिम्मेवार र संलग्न हुने उल्लेख गरिएको छ। यसै आधारमा नेपालको संविधानमा पनि तीन खम्बे सरकार निजी क्षेत्र र सहकारी क्षेत्रको सहभागितामा देशको समृद्धि हासिल गरिने परिकल्पना गरिएको छ। अझ संघीय शासन प्रणालीमा आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार बिकासको सन्दर्भमा साझेदारी हुने कार्यको व्यापकता र सघनता अति आवश्यक नै रहेको छ। गाउँपालिकाको

समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ। सार्वजनिक क्षेत्रले निर्माण गरेका नीति नियमको परिधिभित्र रही निजी क्षेत्रले उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, उत्पादन कार्यमा स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ। त्यस्तै, सहकारी क्षेत्रले आफ्ना सदस्यलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी स्थानीयस्तरमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ। गाउँपालिकाको विकासमा यी तीन महत्वपूर्ण पक्ष एकताबद्ध हुँदै सहकार्य, समन्वय र सहलगानी गर्दै आर्थिक विकास र समृद्धि हासिल गर्नुपर्ने देखिन्छ। समुदाय र सामाजिक संघ संस्थाको संलग्नताबाट सामाजिक सचेतनाका कार्य सञ्चालन गर्दा अझ बढी मितव्ययी सहभागितामूलक विश्वासयोग्य र प्रभाकारी हुन जाने देखिन्छ।

## ३ २.३.प्रमुख समस्या तथा चुनौती

सार्वजनिक क्षेत्रको नीतिगत स्थिरता र संघीय इकाईका बीचमा तादात्म्यताको न्यूनताले निजी क्षेत्रलाई आकर्षित गर्नु, निजी क्षेत्रबाट लगानी गर्न सक्ने आयोजनाको पहिचान हुन नसक्नु, निजी क्षेत्रले लगानीगरीलाभ लिन सक्ने आर्थिक वातावरण बनाउनु, निजी क्षेत्र सेवामूलक भन्दा व्यवसायमुखी एवं नाफामुखी क्रियाकलापमा चासो र संलग्नता रहनु, सहकारी क्षेत्रको लगानी उत्पादनमूलक एवं रोजगारमूलक क्षेत्रमा विस्तार गर्नु, नागरिकमा उपभोगमुखी संस्कारका कारण वचत गर्ने र लगानी गर्ने बानीको विकास गर्नु आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीकोरूपमा रहेका छन्।

**अवसर**

गाउँपालिकाले लगानीमैत्री नीति तथा कार्यक्रम ल्याई निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादनमूलक र सेवा क्षेत्रमा लगानी गर्न खुल्ला आह्वान गर्नु, युवा पुस्तामा उद्यमशीलताप्रति सकारात्मक धारणाको विकास हुँदै जानु, गाउँपालिका केन्द्रसम्म आर्थिक केन्द्रको विकास र विस्तार हुँदै जानु, निजी क्षेत्रले नाफामूलक मात्र नभइ विस्तारै संस्थागत सामाजिक उत्तरदायित्व वहनलाई समेत् अवलम्बन गर्ने संस्कारको शुरुवात हुनु, , उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहिने ऊर्जाको उपलब्धता बढ्दै जानु, लगानीका लागि न्यूनतमरुपमा आवश्यक हुने भौतिक पूर्वाधारका क्षेत्रमा प्रदेश सरकारको प्रतिवद्धता लगानी विस्तार हुँदै जानु, विदेशमा सीप सिकेर फर्केको जनशक्तिको उपलब्धता बढ्नु, शान्ति सुरक्षा, स्थानीय नागरिक विकास र वातावरणका बीचमा सकारात्मक धारणा बनाउनु जस्ता क्षेत्रमा सुधार हुँदै जानु यस क्षेत्रका अवसर हुन्।

## ३३.३. दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

गाउँपालिकाको वहुआयामिक विकासमा सार्वजनिक, निजी र सहकारी साझेदारी कार्यक्रम।

**लक्ष्य**

निजी तथा सहकारी क्षेत्रलाई आकर्षण तथा विश्वास जगाई गाउँपालिकाको विकासमा योगदान गर्ने।

**उद्देश्य**

१ . लगानीमैत्री वातावरण सिर्जनागरीनिजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आकर्षित गर्नु।

२ . सहकारी क्षेत्रलाई प्रवर्द्धन र विकास गर्दै बचतमा बृद्धिगरीउत्पादनमूलक क्षेत्रमा ऋण परिचालन गर्नु।

## ३.३.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

१७. तालिका नम्बर ३.३.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

| उद्देश्य | रणनीति/कार्यनीति | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १ .सम्भावित स्रोतको उचित परिचालन गर्दै सार्वजिनक वित्त गाउँपालिकको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु। | १.१ सार्वजनिक खर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने।<br>१.२ प्रदेशसँग समन्वय तथा सहकार्य गर्दै राजस्व परिचालन गर्ने।<br>१.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशको सीमा | १.१.१ सार्वजनिक खरिद कानुनको परिपालनामा जोड दिइनेछ र बजेट प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन विकासमा जोड दिइनेछ।<br>१.२.१ प्रभावकारी राजस्व परिचालनका लागि प्रदेश सरकारसँग समन्वय र | पञ्चबर्षीय योजनाको अन्तमा गाउँपालिकाको स्रोत साधनको विनियोजन र राजस्व परिचालन क्षमता सुदृढ भएको हुने, उपलब्ध सीमित |

| | | | |
|---|---|---|---|
| | भित्र रही उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयको बृद्धि तथा पुंजीगत कार्यको लागि आन्तरिक ऋण लिने।<br>१.४ राजस्वको दायरामा समेटिन नसकेका गाउँपालिकाको अधिकार क्षेत्रभित्रका कर तथा गैरकर राजस्व परिचालनमा जोड दिने। | सहकार्य गरिनेछ। राजस्व परिचालनलाई सूचना र प्रविधिमा आधारित बनाइनेछ।<br>१.३.१ आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ।<br>१.४.१ गाउँपालिकाको राजस्व सुधार योजना तयारगरीलागू गरिनेछ। | स्रोत र साधनको लगानी उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनेछ। |
| २ .गाउँपालिकाको अर्थतन्त्रमा सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तारबाट उत्पादनशील रोजगारी सृजना र उत्पादकत्व वृद्धि गर्नु। | २.१ सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तार, रोजगारीका अवसरको सृजना, उत्पादन र उत्पादकत्वमा वृद्धि एवम् पूँजी निर्माण हुनेगरीस्रोतको महत्तम परिचालन गर्ने। | २.१.१ कृषि तथा गैर कृषि क्षेत्र र पर्यटनमा रोजगार मूलक उद्योग स्थापनामा जोड दिइनेछ<br>२.१.२ बैदेशिक रोजगारीबाट प्राप्त सीप र लगानीलाई स्थानीय स्रोत र साधन परिचालन हुने उद्योगको स्थापना र विस्तारमा जोड दिइनेछ | गाउँपालिकाको अर्थ व्यवस्था सुदृढ सबल र रोजगारमूलक भएको हुनेछ। |
| ३ .सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु | ३.१ पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने। | ३.१.१ सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइने छ।<br>३.१.२ आर्थिक र सामाजिक रुपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम मार्फत् संरक्षण गरिनेछ। | समानता र सामाजिक न्याय समावेशितामा आधारित आर्थिक बृद्धि र विकास भएको हुनेछ। |

**सार्वजनिक वित्त**

| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | उत्पादकत्वमा वृद्धि एवम् पूँजी निर्माण हुनेगरीस्रोतको महत्तम परिचालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | उपलब्ध स्रोतको सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | प्रभावकारी राजस्व परिचालनका लागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बैदेशिक रोजगारीबाट प्राप्त सीप र लगानीलाई स्थानीय स्रोत र साधन परिचालन हुने उद्योगको स्थापना र विस्तारमा जोड | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | आर्थिक र सामाजिक रुपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिने | संख्या | | - | २ | २ | २ | २ | ८ |

## ३.४ वैदेशिक लगानी

### ३.४.१ पृष्ठभूमि

अर्जुनचौपारी गाउँपालिकामा कृषि तथा पर्यटन सेवा, स्वास्थ्य क्षेत्र र प्रविधिको क्षेत्रमा बैदेशिक लगानी आकर्षण गर्न सकिने सम्भावना रहेको छ। लगानीको लागि आवश्यक पर्ने नीति तथा वातावरण आफैले वा संघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा तयार गर्न गाउँपालिकाले अझ धेरै तयारी गर्नु पर्ने आवश्यकता रहेको छ। गाउँपालिकाको समग्र आर्थिक सामाजिक विकास र रूपान्तरणको लागि बैदेशिक लगानी अपरिहार्य रहेको छ। यसका लागि गाउँपालिकाले अनुसन्धान विकास तथा अन्तर सरकार कार्यक्रमलाई विशेष ध्यान पुऱ्याउनु पनि उत्तिकै जरूरी रहेको छ।

### ३.४.२ प्रमुख समस्या तथा चुनौती

वैदेशिक लगानीका लागि संघीय सरकारका निकायबाट मात्र स्वीकृति पाउने कानुनी प्रवन्ध रहनु, वैदेशिक लगानी आकर्षित गर्ने कार्यान्वयनयोग्य परियोजनाको तयार भई नसक्नु, वैदेशिक लगानीकर्तालाई आवश्यक पर्ने जग्गा,जनशक्ति र कच्चा पदार्थ प्रचुरता नहुनु, औद्योगिक उत्पादनको गार्हस्थ माग कमजोर रहनु, दक्ष जनशक्ति शहरकेन्द्रित रहनु, लगानी फिर्ताका लागि कानुनी एवं प्रशासनिक सहजता नहुनु, नाफा आर्जनका लागि बजारको सिमितता रहनु, लगानीको लागि आवश्यक पर्ने नीति बनी नसक्नु, संयुक्त लगानीका लागि नेपाली लगानीकर्ता पुँजीगत र व्यवस्थापकीय क्षमता कमजोर रहनु आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन्।

**अवसर**

राजनीतिक स्थायित्वले नीतिगत स्थिरता रहनु, सूचना प्रविधिको बढ्दो विस्तारले ग्रामीण क्षेत्रमा सहजता हुनु, व्यवसाय लागत घट्नु, नागरिकको जीवनस्तरमा क्रमशः सुधार हुँदै जानु, आन्तरिक आम्दानी र विप्रेषणले गर्दा नागरिकको क्रयशक्ति बढ्न गई स्थानीयस्तरमा उत्पादित वस्तुको मागमा क्रमशः बृद्धि हुनु, शिक्षा, स्वास्थ्य सेवाप्रति नागरिक जागरुक हुँदै जानु, पर्यटन ब्यवसायले उपभोग्य वस्तुको मागमा उल्लेखनीय मात्रामा बृद्धि हुनु, गाउँपालिकाभित्रका गैर आवासीय नेपाली लगानी गर्न तयार हुनु,उद्योग वाणिज्य क्षेत्र विदेशी लगानीकर्तासँग संयुक्त लगानीका लागि तत्पर हुनु बैदेशिक लगानीका सम्भावना र अवसर हुन्।

### ३.४.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

वैदेशिक लगानी परिचालन, गाउँपालिकाको अभियान।

**लक्ष्य**

वैदेशिक लगानीलाई आकर्षण र परिचालन गर्दै गाउँपालिकाको आर्थिक सामाजिक विकास गर्ने।

**उद्देश्य**

१ .वैदेशिक लगानीलाई आकर्षित तथा उत्प्रेरित गर्ने वातावरणको निर्माण गर्नु।

२ .वैदेशिक लगानीलाई पुँजी निर्माण, प्रविधि विकास र उत्पादनशील क्षेत्रमा उपयोग गर्ने।

### ३.४.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

१८. ३.४.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

| उद्देश्य | रणनीति/कार्यनीति | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १ .वैदेशिक लगानीलाई आकर्षित तथा उत्प्रेरित गर्ने वातावरणको निर्माण गर्नु। | १.१ वैदेशिक लगानीमैत्री नीति तथा कानुन निर्माण गरिनेछ। | १.१.१ लगानीमैत्री कानुनी, संस्थागत र प्रकृयागत सुधार गरिनेछ।<br>१.१.२ संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा लगानीकर्तालाई उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्प्रेरित औद्योगिक पूर्वाधार निर्माण तथा अन्य कर लगायतका छुट सुबिधा उपलब्ध गराउन संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्ने। | पञ्चबर्षीय योजनाको अन्तमा बैदेशिक नीति तथा कानुन तर्जुमा भई गाउँपालिकाको विकासमा बैदेशिक लगानी प्रबाह हुने वातावरण सिर्जना भएको हुनेछ। |

| | | | |
|---|---|---|---|
| २ .वैदेशिक लगानीलाई पुँजी निर्माण, प्रविधि विकास र उत्पादनशील क्षेत्रमा उपयोग गर्ने। | २.१ संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा लगानीकर्तालाई उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने। | २.१.१ संभाब्यता अध्ययनगरीआयोजना बैंक तयार गरिनेछ।<br>२.१.२ वैदेशिक लगानीको उपयोग पर्यटन, ऊर्जा, उद्योग र भौतिक पूर्वाधारको क्षेत्रमा गरिनेछ। | वैदेशिक लगानीका क्षेत्र स्पष्ट गर्दै आर्थिक बृद्धि र रोजगारी सिर्जना हुने उत्पादनशील एवं ठूलो लगानी आवश्यक पर्ने क्षेत्रमा लगानी केन्द्रित भएको हुनेछ। |

**वैदेशिक लगानी**

| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | वैदेशिक लगानीमैत्री नीति तथा कानुन निर्माण | संख्या | | २ | - | - | - | - | २ |
| २ | संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा लगानी कर्तालाई उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने। | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | संभाब्यता अध्ययनगरीआयोजना बैंक तयारी | संख्या | | - | १ | - | - | - | १ |

## ३.५ बैदेशिक सहायता एवं सार्वजनिक ऋण

### ३.५.१ पृष्ठभूमि

गाउँपालिकाको सामाजिक तथा भौतिक पूर्वाधारमा लगानी विस्तारका लागि सार्वजनिक खर्चको आवश्यकता बढ्दै गएको छ। आन्तरिक राजस्वग नेपाल सरकार तथा प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट खर्चमा नपुग हुने स्रोतका लागि आन्तरिक ऋण परिचालन गर्न सकिने अवस्था रहेको छ। यसरी ऋणको प्रस्ताव गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको सीमाभित्र रहेर मात्र आन्तरिक ऋण लिन सक्ने र नेपाल सरकारको स्वीकृतिमा बैदेशिक सहायता परिचालन गर्न पाउने व्यवस्था रहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिफारिशको सीमा भित्र रही उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयको बृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिने लिने दिशामा अगाडि बढ्न आवश्यक देखिएको छ।

### ३.५.२ प्रमुख समस्या तथा चुनौती

गाउँपालिकामा बैदेशिक सहायता तथा सार्वजनिक ऋणको परिचालन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारको सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी कानुनमा आधारित हुनु, आन्तरिक ऋण परिचालनलाई निश्चित क्षेत्रमा लगानी गर्नेगरीमापदण्ड नहुनु, संस्थागत संयन्त्रको खाका निर्माण भई नसक्नु, नेपाल सरकारको स्वीकृति र अन्य प्रक्रिया पूरा गरी बैदेशिक सहायता प्राप्त गर्ने र आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको स्रोतको अनुपातमा सार्वजनिक ऋण परिचालनको सीमा भएकोले ऋण परिचालनको आधार साँघुरो हुनु यस क्षेत्रभित्र रहेका समस्या तथा चुनौती हुन्। त्यसैगरी, ऋण प्राप्ति पछि ऋणको उचित उपयोग समयमै आयोजनाबाट प्रतिफल प्राप्त हुन सक्ने सुनिश्चितता साँवा तथा व्याज फिर्ताका लागि स्रोतको उपलब्धता ऋण प्राप्तिका निम्ति वित्तीय उपकरण परिचालनको विश्वासनीयता जस्ता विषय यस क्षेत्रका थप समस्या तथा चुनौतीका रुपमा विद्यमान रहेका छन्।

अवसर

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहले ऋण लिन सक्ने व्यवस्था एवं घाटा बजेट प्रस्तुत गर्नसक्ने सुविधा हुनु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले ऋण परिचालनको सीमा निर्धारण गरिदिनु, नेपाल सरकारको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण परिचालनमा सहजीकरण गर्नु, बैदेशिक सहायताको लागि दातृ संस्था आकर्षित हुनु, नीतगत तथा प्रशासनिक स्थायित्व र सुदृढीकरण हुँदै जानु यस क्षेत्रका अवसर रहेका छन्।

### ३.५.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

सामाजिक र मानव पुँजी अभिबृद्धिमा सार्वजनिक ऋण तथा बैदेशिक सहायताको परिचालन।

लक्ष्य

बैदेशिक सहायता तथा सार्वजनिक ऋणको प्रभावकारी परिचालन मार्फत पूर्वाधार विकास तथा उत्पादनमूलक क्षेत्रको योगदान बढाउने।

उद्देश्य

१ . बैदेशिक सहायता तथा सार्वजनिक ऋणको प्रभावकारी परिचालनगरीपुँजी निर्माणमा अभिवृद्धि तथा उत्पादनशील रोजगारीका अवसरको सिर्जना गर्नु।

२ . बैदेशिक सहायता तथा सार्वजनिक ऋणलाई प्राथमिकताप्राप्त र उत्पादनशील क्षेत्रमा परिचालनगरीआर्थिक वृद्धिमा योगदान पुऱ्याउनु।

### ३.५.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

१९ . तालिका नम्बर ३.५.४ उद्देश्य, रणनीति/कार्यनिति, कार्यक्रम र उपलब्धि

| उद्देश्य | रणनीति/कार्यनीति | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १ .बैदेशिक सहायता तथा सार्वजनिक ऋणको प्रभावकारी परिचालनगरीपुँजी निर्माणमा अभिवृद्धि तथा उत्पादनशील रोजगारीका अवसरको सिर्जना गर्नु। | १.१ बैदेशिक सहायता तथा सार्वजनिक ऋणको परिचालन तथा व्यवस्थापन सम्बन्धी नीति, कानुन र संस्थागत संरचना तयार पार्ने।<br>१.२ रोजगारी र आय आर्जनका अवसरमा वृद्धि हुनेगरीबैदेशिक सहायता तथा सार्वजनिक ऋणको परिचालन गर्ने। | १.१.१ बैदेशिक सहायता तथा सार्वजनिक ऋण परिचालनको लागि संस्थागत संरचना र कानुनको निर्माण गरिनेछ।<br>१.२.१ रोजगारी र आय आर्जनका अवसर वृद्धि हुने गरि | पञ्चबर्षीय योजनाको अन्त्यसम्ममा संघीय इकाईका बीचमा कानुनी, संस्थागत, प्रविधिगत आधार तयार भई बैदेशिक सहायता तथा सार्वजनिक ऋणको प्रभावकारी परिचालनको |

| | | | |
|---|---|---|---|
| | | बैदेशिक सहायता तथा सार्वजनिक ऋणको परिचालन गरिनेछ। | वातावरण सिर्जना भएको हुनेछ। |
| २ .बैदेशिक सहायता तथा सार्वजनिक ऋणलाई प्राथमिकताप्राप्त र उत्पादनशील क्षेत्रमा परिचालनगरीआर्थिक वृद्धिमा योगदान पुऱ्याउनु। | २.१ गाउँपालिकाको प्राथमिकतामा परेका क्षेत्रमा बैदेशिक सहायता तथा सार्बजनिक ऋणलाई परिचालन गर्ने<br><br>२.२ .बैदेशिक सहायता तथा सार्वजनिक ऋणलाई प्रभावकारी परिचालनगर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने। | २.१.१ बैदेशिक सहायता तथा सार्वजनिक ऋणलाई उच्च प्रतिफलका पूर्वाधार र उत्पादनका क्षेत्रमा परिचालन गरिनेछ।<br>२.२.१ नेपाल सरकारसँग समन्वय गर्दै बैदेशिक सहायता तथा ऋण परिचालनका विभिन्न उपकरण प्रयोगगरीआन्तरिक ऋण परिचालन गरिनेछ। | वैदेशिक सहायता तथा आन्तरिक ऋणको संघीय तथा प्रदेश कानुन अनुकूल एवं प्राथमिकीकरणका क्षेत्रमा लगानी गर्दै आर्थिक बृद्धि, रोजगारीका अवसर सिर्जनाका माध्यमबाट विकासको सन्तुलन कायम भएको हुनेछ। |

| **सार्वजनिक ऋण** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नीति र कानुनको निमाण | संख्या | | १ | - | - | - | - | १ |
| २ | संस्थागत सरचनाको व्यवस्था | संख्या | | - | १ | - | - | - | १ |
| ३ | रोजगारी र आय आर्जनका अवसर वृद्धि हुनेगरीसार्वजनिक ऋणको परिचालन भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | 5 |
| ४ | सार्वजनिक ऋण लाभ लागत विश्लेषण गरिएका आयोजनाहरूमा लगानी भए नभएको अनुगमन मूल्याङ्कन | संख्या | | १ | १ | १ | १ | १ | 5 |
| ५ | सार्वजनिक ऋण लगानी गर्न उपयुक्त हुने गौरवका आयोजनाको पहिचान | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ६ | गौरवका आयोजनाहरूमा सार्वजनिक ऋणको लगानी | प्रतिशत | | २० | २० | २० | २० | २० | २० |

# परिच्छेद ४
# आर्थिक क्षेत्र

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

कृत्रिम तरीकाले बालिजन्य र पशुजन्य उत्पादन गर्नु भनेको कृषि हो । यो खेत वा बारीमा अन्न रोपी त्यसलाई गोलमेल गरेर अन्न उब्जाउने काम हो । पशुपालन, बाली उत्पादन, मत्स्यपालन, र अन्य जिव—जन्तुको खेती वा पालन यस अन्तगत पर्दछन ।

कुल ग्राहस्थ उत्पादनमा ३५ प्रतिशत योगदान भएको कृषि क्षेत्रलाई ENGINE OF GROWTH पनि भनिन्छ । कृषि उत्पादन बढ्दा आर्थिक बृद्धी पनि बढ्ने गर्दछ र कृषि उत्पादन घट्दा समग्र देशको आर्थिक बृद्धी घट्ने गर्दछ । अर्जुनचौपारी गाउँपालिकामा पनि परम्परमगत कृषि उत्पादन भन्दा आधुनिक कृषि प्रविधि उन्नत जातको बिउ वा कृषि पेशा संग सम्बन्धित विषय संग आम गाउँपालिका बासीलाई सु—सुचित गर्दै लैजानु पर्ने देखिन्छ । कृषि क्षेत्रको आधुनिकरण सरकारको निति तथा कार्यक्रम, पार्टीका घोषण पत्र र नेताका भाषणमा सिमित रहेको छ । विगतका तथ्याङ्कलाई हेर्ने हो भने यस अर्जुनचौपारी गाउँपालिकामा भउको सहरी बसाईसराई र युवा प्रदेशिने कार्य ले गर्दा कृषि क्षेत्र ओरालो लाग्दै गईरहेको छ । कृषि पेशामा लाग्ने कृषको रुचि देखिदैन, बरु यो बाध्यात्मक पेशा जस्तो बनेको छ । जमिनमा स्वामित्व हुनेहरु खेती गरेर लगानी नउठ्ने देखेर खेती गर्न छाडेका छन् भने जमिन नहुनेहरु अरुको जमिनमा खेती उत्पादन गरी उत्पादनमा दुई तिहाई जग्गा धनीलाई बुझाउन बाध्य छन् ।

कृषि औजारको नाममा कृषकसँग हलो, कोदालो र हँसियाछ । वर्षमा १० दिन जोत्न ३६५ दिन गोरु पाल्नु पर्ने बाध्यता छ । सिँचाई छैन, लगानी गर्न पैसा छैन, उन्नत विउ छैन, मल छैन, प्रविधि सिकाउने प्राविधिक छैन, बेच्ने बजार छैन, तर किन्ने बजार छ । कृषि कार्यलयमा अत्यन्त सिमित किसानको मात्र पहँुच छ । बाख्रा पाल्यो बर्षमा १० किलो हुदैन, भैसी पाल्यो दिनमा तिन माना दुध दिदैन । कृषिको अहिलेको यो अबस्थाबाट अर्जुनचौपारी गाउँपालिकालाई आत्मनिर्भताको बाटो तय गराउनु छ ।

अर्जुनचौपारी गाँउपालिका एउटा यस्तो गाँउपालिका हो जँहा कृषि जन्य उत्पादन र त्यसमा आधारीत साना तथा मझौला कृषि जन्य उद्योगको लागि थुपै सम्भावना का ढोका खुल्ला छन यस गाउँपालिकाको अ अर्जुनचौपारी, रापाकोट , दरौ, भेडाबारी ,आरुचौर , मसेरा, खोलाखर्क, चिसापानी, ठुलो स्वारा, थाउलुङ, भालुखर्क ,सिर्खु, भालुखोला, जुगेपानी, निउरीखोला,केउसरा,सिरिङडाडा, आग्रीखर्क, जलजले, मझुवा, खत्रीखोला, तल्लो छहरे, हुब्दीखोला, केइरी,कृषिजन्य उत्पादन का लागि राम्रो हावापानी भएका ठाँउहरु पहिचान पछी त्यसको व्यवस्थापन गर्नु अति आवश्यक हुन जान्छ पहिचान गरेका स्थान मध्य वाट सबै मा एकै पटक पकेट

क्षेत्र धोषणागरी व्यवस्थापन गर्ने अप्ठ्योरो, भयो । भने निश्चित स्थान छुट्टयायर पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा जानु पर्ने हुन्छ

यसरी उल्लेख गरीयका स्थानहरुमा सामान्य रुपमा निजी प्रयासवाट दुग्ध  उत्पादन तरकारी उत्पादन फलफुल उत्पादन व्यवसायिक रुपमा गाई फर्म, कुखुरा फर्म वंगुर फर्म मौरी पालन कफि खेति, चिया खेती सुन्तलाको विस्तारै विकास भैरहेको देख्न सकिन्छ यति हुंदा हुदै पनी यस गाउँपालिकाको मुख्य अन्न वालीमा धान,मकै, कोदो मुख्य अन्न वाली हुन । स्थानिय रुपमा उत्पादन हुने कृषिजन्य उत्पादन लाई परम्परागत  कृषि 'उत्पादन प्रविधि भन्दा आधुनिक कृषि , पेशा वा व्यवसाय संग संम्बन्धीत सबै पक्षका वारेमा जनचेतना अभीवृदी, गर्दे आधुनिक कृषि प्रणालीमा जान  सकिने अवस्था को सृजना गर्नु नै आजको आवश्यक्ता  हो । यसो गर्न सकियो भने अर्जुनचौपारी गाउँपालिका कृषि जन्य उत्पादन  र कृषि जन्य उपभोगका रुपमा आफुलाई देश कै नमुना कृषि जन्य उत्पादन  र कृषि जन्य उधोग का रुपमा आफुलाई अग्रस्थानमा उभ्याउने कुरामा भने संका छैन । आवश्यक्ता जनचेतना अभीवृदी को सहि व्यवस्थापन,उत्पादीत कृर्षि जन्य उत्पादन को भन्डार र बजार व्यवस्थापन को हो ।

नेपालको समग्र कृषि प्रणालीलाई हेर्दा अधिकतम किसानले निर्वाहमुखी कृषिको अभ्यास गरेको देखिन्छ। यो गाउँपालिका पनि अन्य स्थान भन्दा विशिष्टरुपमा कृषिमा केन्द्रित हुन सकेको छैन। विगत वर्षमा कृषिको विकास र आधुनिकीकरणका नाममा ठूलो लगानी गरिएको भए तापनि यसबाट प्रशंसायोग्य उपलब्धि हासिल हुन सकिरहेको छैन। आधुनिक कृषि प्रणालीको ज्ञान, दक्ष जनशक्ति, स्रोत तथा साधनको अभावले गर्दा यस गाउँपालिकाको कृषि उत्पादनमा उल्लेख्य रूपमा प्रगति भएको देखिँदैन। गाउँपालिकामा आर्थिक रुपले सकृय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित छन्। कुल खेतीयोग्य जमिनको केही प्रतिशत जमिन बाँझो छ भने खेती गरिएको जमिनको पनि केही भागमा मात्र सिंचाईको सुविधा पुगेको छ। मूलतः कृषि प्रणाली निर्वाहमुखी हुने र यसमा संलग्न श्रमिकको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ र खाद्यान्नको उत्पादकत्व पनि न्यून रहेको छ। कृषिको आधुनिकीकरण, यन्त्रिकीकरण, व्यवसायीकरण तथा औद्योगिकीकरणगरीखाद्य सुरक्षित गाउँपालिका बनाउन पर्ने आवश्यकता रहेको छ। कृषि पेशाप्रति सम्मान भावना जागृत गराउने, सिँचाई, बीमा, ऋण, बजारको समुचित व्यवस्थामा विशेष ध्यान पुर्‍याउनुपर्ने देखिन्छ।

## क) कृषि सहकारी अवधारणा

हाल संघिय संरचनामा अनुसार हाम्रो देशमा तिन तहमा सात सय एकसठी वटा स्थानिय सरकार बनेका छन् सबै तहका सरकार आ—आफ्नै क्षेत्रको विकास चाहन्छन् । यसमा कसैको पनि दुई मत छैन तर आजको आवश्यक्ता वा छलफलको विषय विकास र समृद्धिको हो र कसरी गर्न सकिन्छ भन्ने विषय जरुरी छ । विकास पुर्वाधारको निमार्ण हुनु मात्र होई जस्तै सडक,विघुत संञ्चार ,विद्यालय,अस्पताल आदि बन्नुलाई जनताको वोलीमा भने विकास भनिन्छ । तर वास्तवमा विकास भनेको आम नागरिकको जिवन यापन गर्ने तरीकामा आफ्नो सहजता परिवर्तन र सन्तुष्टि हो । यो निरन्तर चलिरहने प्रक्रिया हो यसको उच्चतम विन्दु यही हो भन्ने अवस्था अहिले सम्म पनि परिभाषित छैन मानविय आवश्यक्ताको सबै भन्दा धेरै सम्बोधन गरीएको भनिएका देशहरु स्विडेन ,नर्वे ,फिनल्यान्ड जस्ता देशहरुमा पनि विकासको अन्त्य मानिएको छैन भने प्रविधीमा शक्तिशाली राष्ट्रकोणले निकै पछि परेको यर्थातता हाम्रो समु छ । विकासको पुर्वाधार हरु समेत तयार छैनन भने हाम्रो भएको मात्र तयार छैनन् । भने हाम्रो देशमा पनि विकासका पुर्वाधारहरु समेत तयार छैनन भने हाम्रो समाज विकास को दृष्टिकोणले निकै पछि परेको यथार्थता हाम्रो सामु छ । विकासका पुर्वाधार निमार्ण गरी मानव जिवनको पहिलो आवश्यक्ता लाई सम्बोधन गर्न सकिन्छ साथ साथै पुर्वाधारको विकास संगै समाजमा रहेका आम नागरिक जोड्ने र क्रियाशिल बनाउन सके मात्रै विकास, का पूवाधारको उपयोग गरेर जिवन यापन लाई सहज बनाउन सकिन्छ । आम नागरिक को विकास, पहुँचमा वृद्धि नभए सम्म साँचो अर्थमा विकास भएको मात्र किन्न हामीले आम नागरीकको विकास पहुँच सामाजिक न्याय क्षमता अभिवृद्धिको विकास पंहुच क्षमता अभिवृद्धिको प्रश्न आउछ । जस्तो अवस्थामा सहकारी अग्र पङतिमा दखिन्छ यो वास्तविकता हो । आज विश्वका धेरै जसो देशमा आम नागरीकलाई विकासको मुलधारमा ल्याउने काम सहकारीले गर्ने गरेको तथ्य हाम्रो सामु छ । सहकारी व्यवसायिक संगठन हो फेरी पनि यसले नाफाका लागि मात्रै व्यवसाय गर्दैन सहकारीले सामाजिक आवश्यक्ता सांस्कृतिक मुल्य र मान्यताको जर्गेन गर्ने काम समेत गर्छ ।आफ्ना लागि आफैले तर एक्लै होईन समुहमा मिलेर काम गर्नु पर्छ भन्ने मान्यतालाई अगाडी सार्दछ । सरहकारी धनको प्रयोेग सदस्यको आवश्यकताका लागि गरिन्छ र समाजको आवश्यक्ता का लागि गरिन्छ र समाजको आवश्यकताका लागि गरिन्छ ।त्यसैले यस अर्जुनचौपारी गाँउपालिकामा वसोवास गर्ने कृषि पेशा व्यवसाय वा अन्य व्यवसाय गर्ने आम मानिसको जिवनस्तर उठाउनुका साथै गाँउपालिकाको आन्तरिक आय स्रोत समेत वृद्धि गर्ने उदेश्यले कृषि सहकारीको अवधारणा प्रस्तुत गरीएको हो । साथै किसानका आधारभुत आवश्यक्ता पुरा गर्न समेत कृषि सहकारीको महत्वपुर्ण भुमिका रहन्छ । त्यसको काम कर्तब्य र अधिकार क्षेत्रका वारेमा यहाँ चर्चा गर्नु पर्दैन किन भने यो स्वयंम गाँउपालिकाको स्वामित्वमा संचालनमा आउने भएकोले यसको कार्य क्षेत्र, कर्तब्य र अधिकार स्वयंम गाउँपालिका भित्र रहेका आम किसानको जो व्यवसायिक रुपमा कुखुरा पालन,बाख्रापालन ,गाई भैसी पालन व्यवसाय संचालन गर्न चाहन्छन् उनीहरुका लागि आवश्यक आधारभुत आवश्यक पुर्ती गर्न निश्चीत व्याज दरमा ऋण उपलब्ध गराउनु नै हुने छ त्यस्तै जो किसान व्यवसायका रुपमा

तरकारी खेती वा अन्य खेतीवाली गर्न चाहन्छन उनीहरुका लागि पनि पुर्ण रुपमा सहयोगी संस्थाको भुमिका रहने छ । यसरी लगानी पश्चात उत्पादित कृषिजन्य सामाग्री स्वयंम कृषि सहकारीले नै खरीद गरी व्यवस्थापन, भण्डारण र विक्री वितरण गर्ने व्यवस्था मिलाउन सकिन्छ किसानले उत्पादन गरेको कृषि जन्य सामाग्री विक्री वितरण वाट हुन आउने रकम किसानको न्युनतम आवश्यता पुरा गर्न निश्चित रकम किसान लाई नै उपलब्ध गराउने र बाँकी रकम वाट किसानले लिएको ऋण क्रमश चुक्त गर्दै जाने व्यवस्था समेत मिलाउन सकिने हुनाले यो अहिले अत्यान्तै उपयोगी बन्दै आएको छ । विकसीत मुलुकमा समेत यसको प्रभावकारी भुमिका देखिन्छ । हाम्रो देशमा समेत केही नगरपालिका र गाँउपालिकाले यो अवधारणलाई सक्रियता पुर्वक लागु गरेका छन् । कृषि सहकारी अवधारणको एउटा रुप मात्र हो कृषि सहकारी संस्थाको अवधारण मा सामुहिक खेति वा एकल खेति व्यवसायिक फर्म संचालनका लागि आवश्यक आर्थीक श्रोत कृषि सहकारी ले उपलब्ध गराउदछ भने यसका साथै वाली लगाउने तरीका माटो परिक्षण वालीमा लाग्न सकने रोग त्यस को निराकरण कसरी गर्न सकीन्छ भण्डारण कसरी गर्ने भन्ने जस्ता महत्वपुर्ण विषय मा सामुहिक सहभागिता मुलुक तालिम तथा अन्य जानकारी प्रदान गर्दै आयको छ सामुहीक व्यवसायिक खेती तथा कृषि जन्य उत्पादन का लागि सामुहिक प्रणालीमा जानुनै आजको आवश्यक्ता हो । यसलाई मलजल गर्ने काम कृषि सहकारी संस्था को अवधारणमा जान सके सजिलै गर्नु सकिन्छ । जसले गर्दा एकातिर किसानको जिवनस्तर स्वतः माथि उठ्छ भने अर्को बजार नपाउने चिन्ता वाट समेत किसान मुक्त हुने हुनाले किसान कृषिजन्य व्यवसायिक ढुक्कका साथ काम गर्ने समेत वातावरण तयार हुनगई गाउँपालिकाको आन्तरिक आय स्रोत समेत स्वतः वृद्धि हुने छ ।

## ख) पकेट क्षेत्र

अर्जुनचौपारी गाउँपालिका कृषि उत्पादन र कृर्षिजन्य साना तथा मझौला उद्योग का लागि अत्यन्तै उपयोगी माटो पानि भएको गाँउपालिकाका रुपमा आफु चिनाउन सफल भए पनि त्यसलाई व्यवस्थीत गरी एउटा कृर्षि जन्य उद्योगको संचालनमा भने पछि परेको यर्थातता हाम्रा सामु छ । त्यसका लागि गाउँपालिकाले कृषि गुरुयोजना तयार गरी कार्यान्य गर्न सके त्यसवाट आम अर्जुनचौपारी वासी मात्र होईन छिमेकी गाउँपालिका नगरपालिका वाट समेत अर्जुनचौपारी गाउँपालिका मा कृषि जन्य उत्पादन र उधोग मा लगानी बड्ने कुरा मा शंका छैन ।

अर्जुनचौपारी गाउँपालिका को विभिन्न स्थान जस्तै दरौ, भेडाबारी, मुसुरेबारी,निबुवाबोट , खोलाखर्क, चिसापानी, अर्जुचौपारी,खेवाङ, सिर्खु, किटनी,किउरे, गैडाखर्क, सिरिङडाडा ,आग्रीखर्क,लामडाडा, सिद्धधाम, जस्ता स्थान आलु, सुन्तला, दुग्ध उत्पादन, तरकारी उत्पादन , टमाटर को राम्रो संभावना रहेको ठांउका रुपमा हेरीन्छ अर्जुनचौपारी गाउँपालिका को लगभग वन क्षेत्र अन्य सबै क्षेत्र मा कुनै न कुनै उत्पादनको सम्भावना रहेको छ । यसका साथै अदुवा,लिचि,अलाईची उत्पादन का लागि समेत राम्रो हावापानी रहेको देखीन्छ । यस्तो अवस्थामा अर्जुनचौपारी गाउँपालिका ले समग्र कृषि गुरुयोजना तर्जुमा गरी उपयुक्त स्थान (जुन पहिचान गरीएका

क्षेत्र हुन ) लाई क्रमश पकेट क्षेत्र घोषणा गरी त्यसलाई कार्यान्वयन गर्न पर्ने आजको आवश्यक्ता छ । जसले गर्दा एकातिर अर्जुनचौपारी गाउँपालिका मा कृषि लगानी भित्रिने छ भने अर्को तिर स्वत रोजगार स्वरोगार सृजना हुन गै जनशक्ती पलायन हुन वाट समेत रोक्न सकिन्छ । भने गाउँपालिका को आय मा समेत स्वत वृदी हुन गै अन्य पुर्वाधार निर्माण र विमासका लागी महत्वपुर्ण योगदान पु¥याउने छ ।

### ग) व्यवसायिक कृषकका लागि भाडामा जमिनमा अनुदानको व्यवस्था

जग्गा भाडामा लिएर खेती वा अन्य कृषिजन्य व्यवसाय गर्न चाहने आम किसानका लागि आवश्यक जग्गा भाडामा लिँदा गाँउपालिकाले त्यस्ता किसान वा कृषि जन्य व्यवसाय गर्न चाहने फर्महरुलाई जग्गा भाडामा लिँदा जग्गा भाडामा अनुदान दिने व्यवस्था गर्न सकिन्छ अहिलेको अवस्थामा यो अवधारणलाई केही नगरपालिका र गाँउपालिकाले यस्ता किसान तथा व्यवसाय सञ्चालन गर्न चाहनेका लागि फर्म संचालन गर्न जग्गा भाडामा लिँदा ५० प्रतिशत देखी ६० प्रतिशत सम्म अनुदान दिने  व्यवस्था मिलाएका छन् यो व्यवस्थालाई यस गाँउपालिकाले समेत कार्यविधि बनाएर सञ्चालन गर्न सके स्थानिय रुपमा स्वरोजगार तथा रोजगारका अवसर सिर्जना हुनुका साथै आम किसानहरुको जिवन स्तर माथि उठाउन यस अवधारणले महत्वपुर्ण भुमिका खेल्न सक्छ । जसवाट स्थानिय किसान वा अन्य कृषिजन्य व्यवसाय सञ्चालन गर्न चाहनेका लागि एकातिर अनुदानका कारण जग्गा भाडामा लिन सहज भई किसान त्यस्ता कृषि पेशा  व्यवसाय तर्फ आर्कषित हुन जानेछ । भने अर्को तर्फ यस किसिमको व्यवस्थाले टुक्रा टुक्रा वा खण्डीकरण भएको जग्गा लाई चक्ला बन्दीको अवधारणामा समेत सहयोग पुग्न जानेछ । यसवाट गाँउपालिकाको आन्तरीक आयस्रोत वृद्धि भई  स्थानिय नागरीकको आकंक्षा र आवश्यक्ता अनुसार अन्य विकासका पुर्वाधार निमार्ण गर्दै अघाडी बढ्न सहज हुने छ । तसर्थ यस गाँउपालिकाले यस्तो अनुदानको व्यवस्थालाई कार्यन्वयन गर्न पहल गर्नृ जरुरी छ ।

## ४.१.२ प्रमुख समस्या तथा चुनौती

बैदेशिक रोजगारीप्रति युवाको लहर बढ्नु, सहर तथा मधेश तराईतर्फको बसाइसराई, सिंचाइको अभाव आदि कारणले जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। कृषि पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, कृषि बीमा व्यवस्थालाई विविधीकरण र प्रभावकारी बनाउनु, भौगोलिक विविधता अनुकूलनको कृषि प्रणाली विकास नहुनु, कृषिमा निजी क्षेत्रको लगानी कम हुनु, कृषि उत्पादनको मूल्यको बढी हिस्सा बिचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, सरकारी क्षेत्रबाट वितरण हुने अनुदान तथा प्रविधि हस्तान्तरण वास्तविक किसानले प्राप्त गर्न नसक्नु, प्रविधि विकास तथा यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु आदि कृषि क्षेत्रमा देखिएका समस्या तथा चुनौती हुन। यसैगरी कृषि पेशालाई नाफामूलक र मर्यादित बनाउनु, जलवायु अनुकूलन बनाउनु, तीनै तहका सरकारबाट कृषिमा गरिएको लगानीलाई एकद्वार प्रणालीबाट कार्यान्वयनमा लैजानु, माटो हावापानी अनुसारको कृषिको पकेट क्षेत्र निर्धारण गर्नु यस क्षेत्रका अन्य समस्या तथा चुनौती रहेका छन्।

**अवसर**

कृषि क्षेत्रलाई आर्थिक विकासको मेरुदण्डको रूपमा विकास गरी गाउँपालिकाको समृद्धिमा योगदान पुऱ्याउनको लागि नीति तथा कार्यक्रममा प्राथमिकता दिनु; तीनै तहका सरकारले कृषकलाई अनुदान, प्रविधि तथा प्रोत्साहनका कार्यक्रम उपलब्ध गराउनु, विशेष सीप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित विदेशबाट फर्किएका युवा कृषि क्षेत्रमा आकर्षित भई ब्यवसायिकरूपमा कृषि पेशा अँगाल्दै जानु, ग्रामीण क्षेत्रसम्म यातायात तथा सिंचाई सुविधा बढ्दै जानु; पछिल्ला वर्षमा कृषि ऋण, कृषि बीमा र नयाँ प्रविधिको उपयोग बढ्दै जानु; सूचना तथा प्रविधिको उपयोग बढ्दै जाँदा उत्पादन र बजारीकरणमा सहज हुँदै जानु, कृषिलाई पर्यटन र साना तथा मझौला उद्योगको परिपूरकको रुपमा विस्तार गर्नु यस क्षेत्रका अवसर हुन्।

## ४.१.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

व्यवसायिक कृषि प्रणाली, कृषिमा आत्मनिर्भर गाउँपालिका।

**लक्ष्य**

नवीन प्रबिधिको उपयोग मार्फत कृषि क्षेत्रमा व्यवसायीकरण गर्दै कृषिजन्य उत्पादनको परनिर्भरताको अन्त्य गर्ने

**उद्देश्य**

१. कृषिमा यान्त्रीकरण र नवीन प्रबिधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व बढाउनु।

२ . कृषि पेशा सम्मानित, आकर्षक, प्रतिस्पर्धी बनाउन प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु।

३ . विदेशबाट फर्किएका युवाको अनुभव, सीप, ज्ञान, पूँजी र प्रविधिको उपयोग गर्नु।

४ . कृषिलाई पर्यटन तथा उद्योगसँग जोड्दै आयमा बृद्धि तथा रोजगारीका अवसर विस्तार गर्नु।

## ४.१.४ रणनीति तथा कार्यनीति

४.१.४.१ सम्भावित क्षेत्रको पहिचानगरीनगदे तथा तरकारी वालीको पकेट क्षेत्रको घोषणा गर्ने।एक वडा एक नमूना कृषि कार्यक्रम कार्यक्रम नीति अवलम्बन गर्ने।

४.१.४.२ भौगोलिक विविधता, कृषकको लगानी गर्ने क्षमता, उत्पादन हुनसक्ने मात्रा, त्यस्तो प्रविधिको निरन्तरता हुने सम्भावना, त्यस्तो प्रविधि अपनाउनका लागि आवश्यक पर्ने ज्ञान, सीप, र तत्परतालाई बिचारगरीकृषिमा आधुनिक प्रविधिको प्रयोग गर्ने।

४.१.४.३ किसानको उत्पादकत्व बढाउन अन्य उपायको खोजीगरीकीटनाशक औषधिको प्रयोगलाई क्रमशः घटाउने र सबै कृषि उत्पादनमा जैबिक )अर्गानिक (मल र विषादीमा आधारित कृषि प्रणाली अबलम्वन गर्ने।

४.१.४.४ अध्ययन र अनुसन्धानबाट प्रमाणित र उत्कृष्ट उन्नत जातको विऊ विजनको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।

४.१.४.५ बजारीकरणका लागि यातायात, हाटबजार, उत्पादन संकलन केन्द्र, सहकारी क्षेत्रको बिकास बिस्तार गर्ने।

४.१.४.६ कृषकको पहिचान तथा बर्गीकरणगरीअभिलेख व्यवस्थापन गर्ने, कृषि भूमिको चक्लाबन्दीगरीव्यावसायिक खेती गर्नेलाई सुविधा दिने नीतिगत व्यवस्था मिलाउने।

४.१.४.७ बीउविजन लगायतका गुणस्तरीय उत्पादन सामग्री र कृषियन्त्र, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गर्ने।

४.१.४.८ व्यवसायिक कृषि उत्पादनमा युवा कृषकको योगदानलाई अभिबृद्धि गर्न र युवालाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

४.१.४.९ कृषक, पर्यटन व्यवसायी, सहकारी / निजी क्षेत्रसँगको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गर्ने।

४.१.४.१० कृषि सहकारी संस्थाले बचत रकम कृषि उत्पादनमा लगानी गर्नु पर्ने ,कृषि उद्यम एवं व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याज दरको ऋण उपलब्ध गराउने नीतिगत गर्ने।

४.१.४.११ कृषि क्षेत्रको प्रबर्द्धन र विकासका लागि बैदेशिक लगानी आकर्षित गर्ने।

४.१.४.१२ कृषि र प्रविधि तथा कृषि र जीवन कार्यक्रमलाई विशिष्टीकरण गर्ने।

४.१.४.१३ कृषिको उत्थानका लागि प्राविधिक शिक्षालय र व्यवहारिक शिक्षाको प्रबन्ध मिलाउने।

| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | कृषियोग्य भूमि चक्लावन्दी नीति तर्जुमा | | | १ | - | - | - | - | १ |
| २. | भूमिहिनलाई बाँझो जग्गा लिजमा उत्पादन गर्न दिने तथा व्यवसायिक करार खेती सञ्चालन | वडा | | १ | १ | १ | १ | १ | ५ |
| ३. | कृषक वर्गिकरण र परिचयपत्र वितरण | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | नमूना फार्म (Model Farm) को निर्माण | वडा | | १ | २ | २ | २ | १ | ८ |
| ५. | पकेट स्थापनामा सहयोग कार्यक्रम ( कफी, सुन्तला...) | वडा | | १ | २ | २ | १ | २ | ८ |
| ६. | आलु खेति प्रवर्द्धन मिसन कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | कोल्ड रुम Cold Room तथा कोल्ड स्टोर स्थापना | वडा | | २ | २ | १ | १ | २ | ८ |
| ८. | कृषि तथा पशु भेटेरिनेरि शिक्षालयको स्थापना | संख्या | | - | - | १ | - | - | 1 |
| ९. | किसानसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १०. | बाँदर वस्थापनका लागि उपयुक्त कायक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११. | सिँचाई सुविधाको लागि पूर्वाधारमा पहुँच वृद्धिका लागि समन्वय | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२. | उच्च उत्पादन दिने विउ उत्पादन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३. | प्रयोगशाला सेवा सञ्चालन | संख्या | | - | 1 | - | - | - | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४. | विषादी, मल र विउविजनको गुणस्तर नियमन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १५. | कृषि उपज बजार तथा एक संकलन केन्द्र स्थापना | संख्या | | - | १ | - | १ | - | २ |
| १६. | उन्नत प्रविधि अवलोकन भ्रमण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १७. | सुलभ व्याजदर ऋण प्रवाह | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १८. | कृषि सहकारीले आफ्नो कर्जा लगानी ७०% कृषि क्षेत्रमा गरे नगरेको अनुगमन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १९. | कृषि यन्त्र वितरण | संख्या | | 10 | 15 | 15 | 15 | 20 | 75 |
| २०. | कृषि विमा प्रवर्द्धन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २१. | कषि उपजको प्रशोधन कार्य एवं उद्योग संख्या स्थापनालाई प्रोत्साहन अनुदान | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| २२. | कृषक र व्यवसायीविच करार सम्झौता गर्ने | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |
| २३. | उत्कृष्ट कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रोत्साहन अनुदान, पुरस्कार तथा सम्मान गर्ने | संख्या | | 6 | 6 | 6 | 6 | 6 | 30 |
| २४. | जलवायु अनुकुलन कृषि प्रविधिको अध्ययन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २५. | कृषि उपज बजार अनुगमन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २६. | तरकारी बालीमा विषादीको अवशेष तथा जोखिम विश्लेषण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २७. | वातावरणमैत्री कृषि वाली र प्रविधिको सम्भाव्यता अध्ययन | संख्या | | 1 | २ | २ | 2 | 1 | ८ |
| २८. | घरघरमा गुणस्तरीय प्रागांरिक मल उत्पादन र प्रयोग गर्न सहयोग एवं सचेतनामूलक कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २९. | कृषि तथा पशुपंक्षीपालनका उप-उत्पादनबाट प्राङ्गारिक मल उत्पादन उद्योग स्थापनामा सहयोग | संख्या | | - | 1 | - | - | - | १ |
| ३०. | कार्यक्रम अनुगमन तथा मूल्यांकन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ४.१.५ प्रमुख कार्यक्रम

१. अर्जुनचौपारी, रापाकोट, दरौं, भेडाबारी, आरुचौर,मसरा, जस्ता खाद्यान्न उत्पादन केन्द्रसँगै अर्जुनचौपारी सुन्तला उत्पादन केन्द्र जस्तै हाल संचालनमा रहेका मौसमी तरकारी उत्पादन क्षेत्र, दुग्ध उत्पादन, बाख्रा पालन, कुखुरा पालन, बंगुर पालन, साना केन्द्रलाई विस्तार गर्ने ।

२. हाल अर्जुनचौपारीमा उत्पादन भईरहेको बीज बृद्धिलाई थप प्रभावकारी बनाउदै स्थानीय उत्पादन मा स्थानीय विउ प्रयोग गर्ने व्यवस्था गर्ने ।

३. स्थानीयरुपमा माछा पालन व्यवसाय संचालन गर्ने अर्जुनचौपारीमा अन्य स्थानको पहिचान गरी माछा पालन व्यसायको रुपमा विकास गर्ने ।

४. हाल उत्पादन भैरहेका तरकारी कृषि जन्य उत्पादन दुग्ध लगायत को बजार सहजीकरण गर्दै गाउँपालिका स्तरीय हाट बजारको व्यवस्था गर्ने ।

५. कृषकले उत्पादन गरेको कृषिजन्य उत्पादन संकलन तथा बिक्री केन्द्रको स्थापना गर्ने ।

६. किसानले उत्पादन गरेको कृषिजन्य उत्पादनको मूल्य निर्धारण गरी स्थानीय सहकारी मार्फत बिक्री ब्यवस्था मिलाउने ।

७. किसानको वर्गीकरण गरी आवश्यक सहयोग गराउने ।

८. स्थानीय दुग्ध संकलन केन्द्र स्थापनासंगै संरक्षित भण्डारणका लागि चिस्यान केन्द्र निर्माण गर्ने ।

९. स्थानीय उत्पादनको सहज बजार पहुँचका साथै भण्डार र वितरणको व्यवस्थापन गर्ने ।

१०. सामुदायिक कृषि प्रणालीको विकास गर्ने।

११. स्थानीय उत्पादनको सहज बजार पहुच का साथै भण्डार र वितरणको व्यवस्थापन गर्ने ।

१२. काउलो, अम्रिसो, सुन्तला, टिमुर जस्ता उत्पादन हुने क्षेत्रको पहिचान र विकास गर्ने ।

१३. उत्पादित कृषि जन्य उत्पादन र खाद्य उत्पादनको संकलन केन्द्र चिसोपानी केन्द्र स्थापना ।

१४. किसानको वर्गीकरण गरी वास्तविक किसानलाई प्रोत्साहन पुरस्कृत गर्दै कृषि पेशा व्यवसायलाई मर्यादित बनाउन ठोस योजना तर्जुमा गर्ने ।

१५. हाल संचालन मा रहेका पशुफर्म उत्पादित दुध जन्य पर्दाथको व्यवस्थापन र विस्तार गर्ने ।

१६. देखिने रोग र त्यसको नियाकरण गर्ने दक्ष कृषि प्राविधिक र पशुचिकित्सक को व्यवस्था गर्ने ।

१७. कृषिजन्य उत्पादन तथा पशुपर्छी विमाको व्यवस्था गर्ने ।

१८. किसानको वर्गीकरण गर्ने उनीहरुलाई आधुनिक कृषि प्रणाली, कृषि औजारको प्रयोग जस्ता सीपमुलक व्यवसायिक तालिमको व्यवस्था गर्ने ।

१९. कृषि उत्पादनको लागि यातायातको व्यवस्था गर्ने कृषि सडक निर्माण गर्ने ।

२०. समय समयमा खाद्य उत्पादान वाली वा निराकरणका लागि दक्ष कृषि प्राविधिक र पशु चिकित्सकको व्यवस्था गर्ने

२१. कृषि पेशा व्यवसायलाइ थप मर्यादित वनाउदै आमनागरीक लाई कृषिपेशामा आउन प्रेरित गर्ने

२२. उत्पादित कृषि जन्य उत्पादनलाई बजार सहजिकरण का लागि ६ वटै वडामा संकलन केन्द्र स्थापना गर्ने अर्जुनचौपारी, रापाकोट, दरौं, आरुचौर,लाई सुन्तला तथा कफी उत्पादनका रुपमा विकास गर्ने।

२३. अर्जुनचौपारी, खेवाङ, सिर्खु, किटनी, किउरे, सिरिङडाडा, लामडाडा जस्ता स्थानमा चक्लाबन्दी गर्ने।

२४. सार्वजनिक, निजी, सहकारीको साझेदारीमा अर्जुनचौपारी , रापाकोट स्थानमा कृषिमा आधारित कृषिजन्य उद्योग स्थापना गर्ने।

२५. सार्वजनिक, निजी, सहकारीको साझेदारीमा अर्जुनचौपारी , रापाकोट स्थानमा कृषिमा आधारित कृषिजन्य उद्योग स्थापना गर्ने।

२६. नमूनाको रुपमा अर्जुनचौपारीमा ६ वटा संख्यामा जैविक विषादी केन्द्र स्थापना गर्ने।

२७. गौशाला स्थापना

२८. छाला प्रशोधन केन्द्र

२९. समग्र अर्जुनचौपारी गाउँपवालिकाको कृषि गुरुयोजाना तर्जुमा गरी कार्यन्वनमा जाने

### ४.१.६ अपेक्षित उपलब्धि

पञ्चबर्षीय योजनाको अन्तमा कृषि सम्बन्धी आवश्यक नीति तथा कानुन बनेको हुने, भूमिको चक्लाबन्दी गर्ने निर्देशिका र कार्यविधि तयार भई कार्यान्वयनमा ल्याइएको हुने, खाद्यान्न उत्पादकत्व हालको भन्दा दोब्बर भएको हुने, कृषिमा आधारित प्रशोधनजन्य उद्योग खुलेका हुने, कृषि बजार र संकलन केन्द्रको निर्माण भएको हुने, कृषिलाई पर्यटनसँग जोड्न कृषि क्षेत्र र पर्यटन व्यवसायी सम्झौतागरीखेती भएको हुने, आयात प्रतिस्थापन गर्नमा उल्लेखनीय सहयोग पुगेको हुने, र गाउँपालिका कृषि उत्पादनमा आत्मनिर्भर भएको हुनेछ।

## ४.२ पशुपंक्षी विकास

### ४.२.१ पृष्ठभूमि

पशुपंक्षीपालन व्यवसाय पनि परम्परागत र जीवन निर्वाहमुखी नै रहेको छ। यसको व्यवसायिकता र विविधीकरण नभएकोले गाउँपालिकाको विकासमा कुल गार्हस्थ उत्पादनमा योगदान अत्यन्त न्यून रहेको छ। देखिन्छ। उपभोग संस्कृतिमा देखिएका परिवर्तन, सामाजिक साँस्कृतिक प्रचलनमा देखिएका परिवर्तन, सार्वजनिक र निजी क्षेत्रका बीचमा साझेदारी कार्यक्रम नहुनु जस्ता कारणले पशुपंक्षी व्यवसाय विकास तथा विस्तार हुन नसकेको देखिन्छ।

दुग्ध तथा मासुको आन्तरिक मागको आपूर्ति गर्दै पशुपंक्षीजन्य उपजको निर्यात गर्ने तर्फ गाउँपालिकाले आफ्ना कार्यक्रमलाई मुखरित गर्न आवश्यक रहेको छ। कृषि र पशुपंक्षी पालनको अन्तरसम्बन्ध स्थापित गर्दै यस क्षेत्रको विकासमा जोड दिदै आर्थिक सामाजिक क्षेत्रमा यसको योगदान फराकिलो पार्नु आवश्यक रहेको छ।

### ४.२.२ प्रमुख समस्या तथा चुनौती

पशुपंक्षी पालनको लागि आवश्यक पर्ने जग्गा जमीन, पानी, घाँस उत्पादनको अभाव हुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलिया हावी हुनु, , बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकको पहुँच नपुग्नु, पशुपालन पेशालाई सम्मानित पेशा र लगानी मैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नभई विदेश पलायन हुनु, पशुपंन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, वितरण, बजारीकरणका लागि सरल र सहज प्रविधिको उपलब्धत नहुनु लगायत यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती रहेका छन्।

**अवसर**

पशुपंक्षी पालनको क्षेत्रलाई आर्थिक मेरुदण्डको रूपमा विकासगरीनागरिकको आर्थिक तथा सामाजिक समृद्धिमा योगदान पुऱ्याउनको लागि नीति तथा कार्यक्रममा प्राथमिकता दिनु, विदेशबाट फर्किएका युवाको सीप, ज्ञान, अनुभव, पूँजी र उन्नत प्रविधिसहित पशुपंक्षी पालनको क्षेत्रमा आकर्षित भई व्यवसायिकरूपमा पशुपंक्षी पालनको पेशा अँगाल्दै जानु, ग्रामीण क्षेत्रसम्म यातायात तथा सिंचाई सुविधा बढ्दै जानु, पछिल्ला वर्षमा पशुपंक्षी पालनको ऋण, कृषि बीमा र नयाँ प्रविधिको उपयोग बढ्दै जानु आदि यस क्षेत्रका अवसर हुन्। यसैगरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पशुपंछी व्यवसायलाई प्रोत्साहन गर्नु, पशुपंछीजन्य उत्पादनको उपयोग संस्कृतिमा बृद्धि हुँदै जानु थप अवसर रहेका छन्।

### ४.२.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

रैथाने तथा उन्नत पशुपंक्षी र पशुपंन्छीजन्य वस्तुको उत्पादनबाट आत्मनिर्भर गाउँपालिका।

**लक्ष्य**

स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी जन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षणमा सहयोग गर्ने।

**उद्देश्य**

१ . गाउँपालिकालाई पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु।

२ . पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।

३ . पशुपंक्षीलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु।

४. पशुपंछीजन्य उत्पादन बढाउन रैथाने जात र उन्नत जातबाट नयाँ जातको विकास गर्नु।

### ४.२.४ रणनीति तथा कार्यनीति

४.२.४.१ पशुपंक्षी विकास र प्रवर्द्धन सम्बन्धी गाउँपालिकाको नीति तथा कानुन बनाई कार्यान्वयन गरिनेछ।

४.२.४.२ अध्ययन र अनुसन्धानबाट प्रमाणित र उत्कृष्ट ठहरिएका उन्नत जातको नश्लको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व बृद्धि जोड दिइनेछ।

४.२.४.३ प्रत्येक वडामा घाँसेवाली स्रोत केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ।

४.२.४.४ पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, र पशुपंक्षी स्वास्थ्य सेवा प्रदान गरिनेछ।

४.२.४.५ निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ।

४.२.४.६ व्यवसायिक कृषि उत्पादनमा युवा कृषकको योगदानलाई अभिबृद्धि गर्न र युवालाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ। सहुलियतपूर्ण ऋण तथा ब्याजमा अनुदान जस्ता सेवा प्रदानगरीब्यवसायिकतातर्फ उन्मुख हुन प्रोत्साहन गरिनेछ।

४.२.४.७ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ।

४.२.४.८ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रको विकासको लागि उन्नत वैदेशिक प्रविधि तथा प्रत्यक्ष वैदेशिक लगानी भित्राउने आवश्यक नीति अपनाईनेछ।

| पशुपंक्षी विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | दीर्घकालीन पशुपंक्षी नीति तर्जुमा गर्ने | संख्या | | २ | - | - | - | - | २ |
| २ | सबै वडामा १/१ वटा घाँसेवाली केन्द्र स्थापना गर्ने | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| ३ | सबै वडा केन्द्रमा JT/JTA को प्रबन्ध गर्ने | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| ४ | विद्यालयमा कृषि तथा पशुपंक्षी प्राविधिक शिक्षा सञ्चालन गर्ने | संख्या | | - | - | १ | - | - | १ |
| ५ | पशुदाना कारखाना स्थापना | संख्या | | - | - | १ | - | - | १ |
| ६ | सहुलियतपूर्ण ऋण तथा ब्याजमा अनुदान | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.२.५ प्रमुख कार्यक्रम

१. दीर्घकालीन पशुपंक्षी नीति तर्जुमा गर्ने।

२. सबै वडामा १/१ वटा घाँसेवाली केन्द्र स्थापना गर्ने।

३. सबै वडा केन्द्रमा JT/JTA को प्रबन्ध गर्ने।

४. गाउँपालिकाको २ विद्यालयमा कृषि तथा पशुपंक्षी प्राविधिक शिक्षा सञ्चालन गर्ने।

५. गाउँपालिकाको अर्जुनचौपारीमा एउटा पशुदाना उद्योग स्थापना गर्ने।

### ४.२.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा पशुपालन सम्बन्धी आवश्यक नीति तथा कानुन बनेको हुने, पशुपंक्षीपालनको क्षेत्रमा व्यवसायिकता प्रबर्द्धन भई आयात प्रतिस्थापन गर्नमा उल्लेखनीय योगदान पुगेको हुनेछ। अन्तर सरकार तथा निजी क्षेत्रका साझेदारी प्रवर्द्धन भएको हुने, प्राविधिक शिक्षालयबाट दक्ष र व्यवहारिक जनशक्ति उत्पादन भएको हुने, कुल गार्हस्थ उत्पादनमा योगदानमा बढोत्तरी भएको हुनेछ।

## ४.३ खाद्य सुरक्षा तथा पोषण

गाउँपालिकाभित्रका अधिकांश घर परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान पुग्दैन। उत्पादनशील जमीनको कमी, सिंचाइको अभाव, गरिबी, भौगोलिक विकटता, जग्गा बाँझो राख्ने प्रबृत्ति, बैदेशिक रोजगारी तथा बसाइसराइ आदि कारणले माग अनुसारको खाद्यान्न उत्पादन हुन सक्दैन। परम्परागत किसिमको उत्पादन प्रणाली र मौसमी निर्भरता पनि खाद्यान्न उत्पादनका बाधक पक्ष हुन। दलित तथा न्यून आय भएका गरिव परिवारको अबस्था अझ दयनीय छ।। न्यून पोषण यस गाउँपालिकाको एक प्रमुख समस्याको रुपमा रहेको छ। पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपन तथा ख्याउटेपन रहेको छ भने महिलामा रक्तअल्पता छ गाउँपालिकाले यो अवस्थालाई लक्षित गरी खाद्य सुरक्षा र पोषणको अबस्थालाई सम्बोधन गर्न नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ४.३.१ प्रमुख समस्या तथा चुनौती

गरिवी हुनु, खाद्यान्न उत्पादनको लागि पर्याप्त जग्गा नहुनु, उत्पादित वस्तु पर्यटन क्षेत्र र पशुपंक्षीको दानामा प्रयोग हुँदा जनतालाई खाद्य पदार्थको न्यून उपलब्धता हुनु, कृषि भूमिको अन्य प्रयोजनमा प्रयोग हुनु, कृषिक्षेत्रबाट जनसंख्या पलायन हुँदै जानु, भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको पनि अन्य क्षेत्रमा प्रयोग हुँदा वालवालिका, महिला र ज्येष्ठ नागरिकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु आदि यस क्षेत्रका समस्या हुन्।

**अवसर**

नेपालको संविधानले खाद्य सम्बन्धी हक स्थापित गर्नु, गाउँपालिकाले कृषि विकास तथा पशुपंक्षीपालनको कार्यक्रमलाई प्राथमिकतामा राखु, बिप्रेषण मार्फत प्राप्त आम्दानी उपभोगमा खर्च भई पोषणको अबस्थामा सुधार हुँदै जानु, पोषणको अबस्था सुधारको लागि जनचेतनामूलक कार्यक्रम अगाडि बढाइनु आदि यस क्षेत्रका महत्वपूर्ण अवसर हुन्।

### ४.३.२ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

पोषणको अबस्था सुधार, खाद्य सुरक्षाको सुनिश्चितता।

**लक्ष्य**

गाउँपालिकाको लागि आवश्यक खाद्यान्न उपलव्ध गराउने र पोषणको अवस्थामा सुधार गर्ने।

**उद्देश्य**

१. खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहको पहिचानगरीपोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु।

२ . कृषि तथा पशुजन्य उत्पादनमा बृद्धिगरीखाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु।

३ . खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्वतयारीगरीसंकटको बेला खाद्यमा गरिब तथा सीमान्तकृत् समुदायको नियमित पहुँच पुऱ्याउनु।

### ४.३.३ रणनीति तथा कार्यनीति

४.३.३.१ खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने।

४.३.३.२ खाद्य तथा पोषण असुरक्षित समुहको पहिचानगरीजनचेतना अभिबृद्धि गर्ने।

४.३.३.३ पोषणयुक्त स्थानीय बाली वस्तुको संरक्षण, उत्पादनलाई पोषणसँग जोडिनेछ र खाने बानी परिर्वतन गर्न सचेतना बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४.३.३.४ खाद्य असुरक्षित क्षेत्रमा सम्भाव्यताका आधारमा स्थानीयस्तरमा उत्पादन हुन सक्ने उच्च मूल्यका कृषि उपज तथा पशुजन्य उत्पादन गर्ने कार्यक्रम सञ्चालनगरीआयस्तर बढाउन प्राथमिकता दिइनेछ।

४.३.३.५ संघ र प्रदेशबीचको समन्वयमा संरचना निर्माणगरीसंकटजन्य अवस्थाको लागि आवश्यकता अनुसार खाद्यान्न भण्डारणको ब्यवस्था गरिनेछ।

| खाद्य तथा पोषण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | पोषण तथा खाद्य सुरक्षा सम्बन्धी नीति तथा कानुन निर्माण | संख्या | | २ | - | - | - | - | २ |
| २. | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३. | पोषण तथा खाद्य सुरक्षाका लागि वार्षिक योजना निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ४. | स्थानीय तहमा खाद्य सुरक्षा समिति गठन | संख्या | | १ | - | - | - | - | १ |
| ५. | पोषणयुक्त स्थानीय (रैथाने) बाली बस्तुहरूको संरक्षण तथा उत्पादन प्रबर्धन र उपभोगमा प्रोत्साहन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | खाद्यान्नको सन्तुलित उपभोग गर्ने बानीको विकास गर्न जनचेतनाका कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | खाद्य असुरक्षित क्षेत्रमा घरधुरीहरूको आय तथा उत्पादकत्व बृद्धिका लागि उत्प्रेरक तालिम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८. | खाद्य असुरक्षित क्षेत्रका लक्षित परिवारलाइ पोषण वगैचा सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग तथा तालिम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९. | विपद्को समयमा आवश्यक खाद्यान्नको व्यवस्थापन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | कृषि तथा पशुपंक्षी क्षेत्रमा आकस्मिक सेवाटेवा कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | २ | २ | २ | ८ |

### ४.३.४ प्रमुख कार्यक्रम

१. खाद्य असुरक्षित तथा कुपोषितको तथ्याङ्क संकलन गर्ने।

२. जुनेलो, फापर र कोदोको उपभोग प्रवृतिमा सुधार ल्याउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

३. तरकारी, अण्डा र मासुको सन्तुलित उपभोग सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

४. विद्यालय जाने बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्ने।

### ४.३.५ अपेक्षित उपलब्धि

योजनाको अन्तमा खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा तथा पोषण सम्बन्धी जनचेतना थप अभिबृद्धि भएको हुने, खाद्य असुरक्षित तथा कुपोषितको तथ्याङ्क संकलन भएको हुने, खाद्यान्नको उचित उपभोग गर्ने बानीको विकास भएको हुने, चरम खाद्य असुरक्षित घरधुरीको संख्या न्यून भएको हुने, पुड्कोपन तथा ख्याउटेपन भएका कुपोषित बालबालिकाको संख्यामा उल्लेख्य मात्रामा कमी आएको हुने, तरकारी, अण्डा र मासुको सन्तुलित उपभोग प्रवृत्तिमा सुधार भएको हुनेछ।

## ४.४ सहकारी क्षेत्र

### ४.४.१ पृष्ठभूमि

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान क्रमशः वृद्धि हुँदै गएको छ यस क्षेत्रले विभिन्न तहका जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेको छ। यसैगरि अप्रत्यक्ष रूपमा विभिन्न पेसा, उद्योग, व्यापार, सेवा व्यवसायमार्फत लाखौं व्यक्तिले रोजगारी प्राप्त गरेका छन्। विशेषगरि सामाजिक र सांस्कृतिक क्षेत्रमा जनचेतना अभिवृद्धि गर्नमा सहकारीको योगदान अतुलनीय छ। देशको राजनीतिक परिवर्तनसँगै विभिन्न चरणमा विकास हुँदै आएको हाम्रो सहकारी आन्दोलन सामाजिक आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका पूरा गर्ने हैसियतमा स्थापित भएको छ। सहकारीलाई निजी क्षेत्र र सरकारी क्षेत्र सरहको तीनखम्बे नीतीको रुपमा अख्तियार गर्न थालिएको छ। यस गाउँपालिकामा उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय र सेवाको क्षेत्रमागरीकरिब १६ संख्याको हाराहारीमा सहकारी संघ संस्था सञ्चालनमा रहेका छन्। सहकारी कानुन, सहकारीको सिद्धान्त, मूल्य मान्यताको भावना अनुरुप यस क्षेत्रमा छरिएर रहेको श्रम,

सीप, पूँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालनगरीगरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहकारीताको विकास र प्रबर्द्धन आवश्यक रहेको छ।

### ४.४.२ प्रमुख समस्या तथा चुनौती

यस गाउँपालिकामा स्थापना भएका सहकारी संघसंस्थाको संकलित बचतको अबस्था कमजोर रहनु, ऋण परिचालन उद्योग, व्यवसाय र उत्पादनमूलक क्षेत्रमा भन्दा पनि उपभोगको क्षेत्रमा बढी हुनु, सहकारी सम्बन्धी ज्ञानको कमीले सुशासनको अवस्था सन्तोषजनक नहुनु, सहकारीको नियमन, विकास र साझेदारीमा गाउँपालिकाको संस्थागत क्षमता कमजोर हुनु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन्।

**अवसर**

गाउँपालिकाले सहकारी क्षेत्रको विकासलाई प्राथमिकतामा राख्नु, , सहकारी क्षेत्रसँग रहेको बचतलाई कृषि, पशुपंक्षीपालन, लघु तथा घरेलु उद्योगमा परिचालन गर्न सकिने सम्भावना रहनु, सहकारीमा आबद्ध हुने र सहकारी गाउँमै एउटा अभियानकोरूपमा अगाडि बढ्नु, सहकारी सम्बन्धी शैक्षिक जागरण तथा सोंचमा सकारात्मक परिवर्तन देखिनु यस क्षेत्रको अवसरकोरूपमा लिन सकिन्छ।

### ४.४.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

सहकारीताको विकासगरीआयआर्जनका अवसरमा बृद्धि गर्ने।

**लक्ष्य**

स्थानीय, श्रम, सीप, पूँजी र प्रविधिको अधिकतम परिचालनगरीउत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।

**उद्देश्य**

१ . सहकारी क्षेत्रको नियमनलाई प्रभावकारी बनाउनु।

२ . सहकारीसँग साझेदारीगरीउत्पादनको क्षेत्रमा लगानी गर्नु।

३ . सहकारीलाई गाउँपालिकाको आर्थिक समृद्धिको आधारकोरूपमा विकास गर्दै लैजानु।

### ४.४.४ रणनीति तथा कार्यनीति

४.४.४.१ आवश्यक नीतिगत एवं कानुनी, संस्थागत संरचनाको स्थापना गर्ने।

४.४.४.२ सहकारी सम्बन्धी गाउँपालिकाको नीति, कानुन तथा मापदण्ड तर्जुमा गर्ने।

४.४.४.३ सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्यगरीस्थानीय श्रम, सीप,पूँजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीको क्षेत्र पहिचान गर्ने।

४.४.४.४ एक सहकारी एक उत्पादनको नीतिलाई कार्यान्वयन गर्ने।

४.४.४.५ सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग गर्ने।

४.४.४.६ युवा, महिला, गरिब, सीमान्तकृत व्यक्ति वा समुदायको जीवन स्तरमा सुधार ल्याउन सहकारीको उपयोग गर्ने।

| सहकारी क्षेत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| सहकारी सम्बन्धी नीति एवं कानुन निर्माण | संख्या | | २ | - | - | - | - | २ |
| सहकारी तथा गरिबी निवारण सम्बन्धीत सूचना प्रणाली (COPOMIS) सञ्चालन बारे तालिम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| सहकारीहरूको एकीकरण | संख्या | | २ | २ | २ | २ | २ | १० |
| सहकारी सचेतना, पूर्व सहकारी शिक्षा, सशक्तीकरण, दिगो जीविकोपार्जन, संस्था गठन, सञ्चालन, विकास सम्बन्धी सहकारी शिक्षा र तालिम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| सहकारी संघ संस्था सम्बन्धित तथ्याङ्क संकलन, तथा व्यवस्थापन, निष्कृय सहकारी संघ संस्था पहिचान तथा खारेजी | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| सहकारीलाई प्रोत्साहन गर्न मेला, महोत्सव कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारीलाई तालिम, | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रविधि, पूर्वाधार तथा वित्तीय अनुदान प्रदान | | | | | | | | |
| उत्पादनमूलक क्षेत्रमा धेरै लगानी गर्ने सहकारी संस्थालाई पुरष्कृत गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| एक सहकारी एक उत्पादनको लागि आवश्यक प्याकेज सहयोग, संकलन, प्रशोधन, बजार व्यवस्थापनका क्षेत्रहरूको अध्ययन, अनुसन्धान | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| सहकारीमा आवद्धता तथा सहकारी दर्ता | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| माग र आवश्यकताका आधारमा सहयोग (सीपमूलक तालिम, सहुलियत ऋण, वस्तुगत सहयोग, बिउ पुँजी, प्राविधिक सहयोग र सहभागितामा आधारित पुँजीगत अनुदान आदि) उपलब्ध गराउने | संख्या | | १ | १ | २ | २ | २ | ८ |

### ४.४.५ प्रमुख कार्यक्रम

१. सहकारी सम्बन्धी नीति तथा कानुन समयानुकुल तर्जुमा तथा परिमार्जन गर्ने।
२. कृषि तथा वनजन्य क्षेत्रमा आधारित ५ संख्यामा सहकारी स्थापना गर्ने।
३. २५ संख्यामा वचत तथा ऋण सहकारी स्थापना गर्ने।
४. सहकारी मार्फत १२५ प्रत्यक्ष रोजगारी सृजना गर्ने।

### ४.४.५ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा सहकारी सम्बन्धी गाउँपालिकाको नीति, कानुन, योजना, कार्यक्रम एवं संस्थागत संरचना तयार भएको हुने, सहकारी क्षेत्रको स्वनियमन एवं सुशासन कायम भएको हुने र गाउँपालिकाको अर्थतन्त्रमा यस क्षेत्रको योगदान अभिबृद्धि भएको हुनेछ।

## ४.५ पर्यटन

### ४.५.१ पृष्ठभूमि

स्थानीय स्रोतको प्रभाबकारी परिचालन र प्रबर्द्धन मार्फत आर्थिक गतिबिधि बिस्तारको लागि पर्यटन क्षेत्र महत्वपूर्ण आधारकोरूपमा विकास हुँदै गइरहेको छ। यसर्थ अर्जुनचौपारी गाउँपालिकाले पनि पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको छ। यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले पर्यटनमा महत्वपूर्ण योगदान दिएका छन्। यहाँ रहेका पर्यटकीय गन्तव्यको विकासगरीपर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धिगरीगरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ। पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मानेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापनमार्फत् अर्थतन्त्रको आधारशीला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेकोछ।

**क) होमस्टे**

देशकै पर्यटकीय रुपमा चिनिने गण्डीको प्रदेशको राजधानी पोखरा संगै सिमाना जोडिएको स्याङजा जिल्लामा अबस्थित यस अर्जुचौपारी गाउँपालिका संगै एसियाकै पहिलो हामस्टे का रुपमा स्थापित गरि आफुलाई परिमाजित, परिस्कृत गदै आफुलाइ नमुना होमस्टेका रुपमा चिनाउन सफल दरौ सिरुबारी अहिले भौगोलिक रुपमा दुईवडा स्थानिय सरकारको मातहत रहेपनि यसको एकिकृत पर्यटन विकासका लागि दुबै स्थानिय सरकार का बिचको संमन्वय छलफल बाट एकिकृत पर्यटकिय विकास आयोजना को तर्जुमा गरी अगाडि बढन् सके यसका साथसाथै अर्जुन चौपारी गाउँपालिकामा रहेका लामडाडा, तामुलेक, डहरे देउराली,बयाले, घण्टे,भल्काबाङ्ग, दरौ, थाप्ले, शिद्धबाबा, जस्ता धार्मिक, सास्कृतिक तथा एतिहासिक महत्व बोकेका स्थानहरुको विकास संगै प्रचार प्रसार गर्न सके आन्तरीक तथा बाह्य पर्यटक हरुको राम्रो गन्तव्यका रुपमा विकास हुने थुप्रै संभावना थियो त्यो भने हुन नसेकेको यर्थाथ हाम्रा सामु छ ।

फेरी पनि यी महत्वपुर्ण स्थान (क्षेत्र) हरुको पुर्वाधार निमार्ण संरक्षण ,सम्बदन गर्दै जुन किसिम को विकास का योजना अर्जुचौपारी गाँउपालिकाले अघी सारेको छ त्यसले आशा गर्न सकिने वातावराण भने बन्दै गएको छ । निकट भवीस्यमा गाउँपालिका ले समग्र यस्ता धार्मिक सास्कृतिक पुरातात्वीक महत्व बोकेको स्थान (क्षेत्र) हरुलाई समेटेर (पर्यटन गुरुयोजना) निमार्ण त्यसलाई कार्यान्वयनमा लैजान सके देशकै पर्यटकिय नगरी गण्डकी प्रदेशको राजधनी पोखरा आउने पर्यटक आन्तरीक धार्मिक तथा बाह्य पर्यटकका लागि एउटा केन्द विन्दु का रुपमा विकास गर्न सकिन्छ यसका लागि तत्कालीन र दीर्धकालीन योजना बनाई जान सकिन्छ ।

अर्जुनचौपारी मा प्रवेश गर्ने आन्तरिक तथा व्राह्य पर्यटक का लागि बसोवास वासको व्यवस्था गर्न तत्काल ठुला होटल संचालन मा ल्याउन नसके पनि होमस्टे संचालन गर्न सकिने थुप्रै आधार हरु देखीन्छन ।

पर्यटक विकासको पुर्वाधार निमार्ण गरी विकास गर्न सके पोखरा पाल्पा,बुटवल जस्ता ठुला शहर हरुवाट समेत विदा मनाउन वा घुम्न थुप्रै पर्यटक अर्जुनचौपारी आउने कुरा मा शंका छैन ।
त्यसैले तत्काल का लागि, लामडाडा, दरौ ,तामुलेक, आरुचौर जस्ता स्थान मौलीक कला र सस्कृति ले भरीपुर्ण छ । ती स्थानहरुमा होमस्टे संचालन गर्न सकिन्छ ।
होमस्टे संचालनको पहिल्लो शर्त भनेकै मौलीक कला संस्कृति हो त्यस पछि स्थानिय उत्पादन र त्यसवाट बनाईएको खाध्य सामाग्री हुन यसका लागि तत्काल लै होमस्टे संचालन गर्न सकिने स्थानको पहिचान गरी ति स्थानहरु मा होमस्टे संचालन गर्न सके त्यसले एकातिर हाम्रो मौलिक कला संस्कृतिको संम्बद्र्धन विकासमा महत्व पुर्ण भुमिका खेल्न सक्छ भने अर्के तिर स्थानिय उत्पादन मा बृद्धी हुन गइ गाउँपालिकाको आन्तररिक आय रोजगार स्वरोजगार श्रीजना हुन गई अर्जुनचौपारी गाउँपालिका आत्मनिर्भर बन्न टेवा पुग्ने छ । त्यसका लागि तत्काल नै होमस्टे संचालन गर्न सकिने स्थानको पहिचान गरी ति स्थानहरुमा हामस्टे संचालन गर्न आवश्यक छ ।

### ४.५.२ प्रमुख समस्या तथा चुनौती

स्थानीय उत्पादनसँग पर्यटन व्यवसायको अपेक्षित सहकार्य नहुनु, पर्यटकलाई गाउँपालिकामै राख्न मिल्ने होटेल तथा होमस्टे नहुनु, पर्यटन सेवा गुणस्तरीय नहुनु, पर्यटकीय गन्तव्यस्थल तथा सम्पदाको संरक्षण, सुरक्षा तथा पूर्वाधार अभाव हुनु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन।

**अवसर**

धार्मिक महत्व बोकेका जलेश्वर तथा भैरबस्थान मन्दिर, भौगोलिक सुन्दरता र मौसमी अनुकूलता, विविध जातीय समिश्रण र मौलिक पहिचान, कृषि तथा जडिबुटी ब्यवसाय प्रबर्द्धन संघीय सरकार तथा प्रदेश सरकारबाट पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिनु र गाउँपालिकाको यस क्षेत्रलाई प्रबर्द्धन गर्ने प्रतिबद्धता पर्यटन क्षेत्रलाई विकास र विस्तार गर्ने महत्वपूर्ण अवसर हुन।

### ४.५.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

गाउँपालिकाको समृद्धिमा पर्यटन क्षेत्रको योगदान।

**लक्ष्य**

पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गर्ने।

**उद्देश्य**

१ . स्थानीय उत्पादन र पर्यटन क्षेत्र बीच सहसम्वन्ध स्थापित गर्नु।
२ . पर्यटन पूर्वाधार र अन्य विकासको अन्तरसम्वन्ध विकास गर्नु।
३ . पर्यटनमार्फत् आय र रोजगारीमा वृद्धि गर्नु।
४. थप पर्यटकीय गन्तब्यको पहिचान तथा विस्तार गर्ने।

## ४.५.४ रणनीति तथा कार्यनीति

४.५.४.१ पर्यटन क्षेत्रको विकास विस्तार र प्रवर्द्धनका लागि आवश्यक पर्ने नीति तथा कानुन निर्माण गरिनेछ।

४.५.४.२ निजी, सहकारी र गैर आवासीय नेपाली लगानीकर्तालाई लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ

४.५.४.३ स्थानीय उत्पादन पर्यटनसँग आबद्ध गर्ने अभियान सञ्चालन गरिनेछ।

४.५.४.४ पर्यटन गन्तव्यको व्यापक प्रचार प्रसारगरीआन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

४.५.४.५ निजी, अन्तर्राष्ट्रिय क्षेत्र तथा गैर आवासीय नेपालीलाई गाउँपालिकाको पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनमा आबद्ध हुन उत्प्रेरित गरिनेछ।

४.५.४.६ गाउँपालिकामा रहेका रणनीतिक महत्वका पर्यटकीय क्षेत्रको विकास र सौन्दर्यकरण गरिनेछ।

४.५.४.७ होमस्टे तथा स्तरीय होटेलको स्थापनागरीआन्तरिक तथा बाह्य पर्यटकको बसाई लम्ब्याउने अभियान सञ्चालन गरिनेछ।

| पर्यटन विकास | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | "पर्यटन व्यवसायमा स्थानीय उत्पादन प्रवर्द्धन नीति" निर्माण | संख्या | | १ | - | - | - | - | १ |
| २. | पर्यटन गुरुयोजना निर्माण | संख्या | | १ | - | - | - | - | १ |
| ३. | वित्तीय संस्थासँग सहकार्यगरीपर्यटन व्यावसायीका लागि ऋणको ब्याजमा अनुदान उपलब्ध गराउने | संख्या | | २ | २ | २ | २ | २ | १० |
| ४. | पर्यटकीय गन्तब्यहरूमा थप पर्यटक आकर्षण गर्न निजी क्षेत्रको सहकार्य र साझेदारीमा आवश्यक पर्यटन पूर्वाधार विकास गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५. | पदमार्ग स्तरउन्नति, विकास, निर्माण र व्यवस्थापन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | पर्यटन सूचना केन्द्रहरू राख्न उपयुक्त ठाउँहरू पहिचान र स्थापना | संख्या | | १ | - | - | - | - | १ |
| ७. | पर्यटक तथ्याङ्क संकलन र व्यवस्थापन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८. | दिगो पर्यटन विकासको लागि पर्यटकीय वस्तु, उपज तथा गन्तव्यहरूको उपयोग र संरक्षण गर्न "पर्यटक आचारसंहिता" निर्माण | संख्या | | १ | - | - | - | - | १ |
| ९. | पर्यटकीय स्थलहरूमा नो प्लास्टिक अभियान | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १०. | सम्भावित कोशेली बस्तुहरूको पहिचानगरीनिजी क्षेत्रलाई उत्पादन गर्न प्रोत्साहन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ११. | "पर्यटक कोशेली घर" स्थापना र सञ्चालन | संख्या | | - | १ | - | - | - | १ |
| १२. | होमस्टे सञ्चालनमा सहयोग | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १३. | स्थानीय कृषक र निकासीकर्ता बीच खरिद सम्झौता | संख्या | | १ | १ | १ | १ | १ | ५ |

### ४.५.५ प्रमुख कार्यक्रम

१. पर्यटन सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्ने।

२. डहरे, वयाले, थाप्ले, जलवराह, एकानउ गुफा, गुप्तेश्वर, तामुलेख, रापाकोट लगातका स्थानमा पर्यटकीय क्षेत्रको विकास र सौन्दर्यकरण गर्ने।

३. लामडाँडामा होमस्टेको क्षमता वृद्धि गर्ने।

४. दरौं , आरूचौर लामडाडा २५ संख्यामा पाहुना राख्न सक्ने क्षमताको होमस्टे स्थापना गर्ने।

५. अर्जुनचौपारी, दरौं, घण्टे, आरूचौर र लामडाडामा आवासीय स्तरका होटेलको स्थापना गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने।

६. डहरे, वयाले,थाप्ले,जलवराह,एकानन्द गुफा,गुप्तेश्वर,तामुलेख,रापाकोट,कालिका पञ्चकुमारी जस्ता स्थानहरुको संरक्षण संम्बद्धन र प्रशार प्रचार गर्ने

७. जलबराह,गुप्तेश्वर,मन्दिर,कालिका मन्दिर,एकानन्द गुफा,डहरे देउरालीको स्तरोन्नती गरी पर्यटकहरुको आगमनको विकास गर्ने

८. पञ्चकन्या मन्दिर,एकानन्द गुफा,टामुको लेखमा भ्यु टावरको स्थापना गर्ने

९. लामडाँडा सामुदायिक हामस्टेको प्रचार प्रसार गरी आन्तरीक तथा बाह्य पर्यटकहरुको आगमनको विकास गर्ने

१०. वडा नं. ६ को थाप्लेको लेकमा स्तरोननती साथै खानेपानी व्यवस्था गर्ने

११. तामुलेकमा भ्युटावर निर्माण गर्ने ।

### ४.५.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा पर्यटन सम्बन्धी नीति तथा कानुन निर्माण भएको हुने, पर्यटकीय संभावना बोकेका क्षेत्रको विकास र विस्तार भएको हुने, स्थानीय उत्पादन र पर्यटनबीच अन्तरसम्बन्ध स्थापित हुने, ३ होमस्टे तथा स्तरीय होटल सञ्चालन भएका हुनेछन्।

## ४.६ उद्योग, वाणिज्य र आपूर्ति

### ४.६.१ पृष्ठभूमि

पहाडी ग्रामीण भौगोलिक अबस्थितिका कारण ठूला उद्योग स्थापना गर्न कठिन भए पनि स्थानीय श्रम, सीप, स्रोत र साधनको उपयोगगरीघरेलु तथा साना उद्योग स्थापना गर्न सकिने प्रशस्त संभावना रहेका छन्। गाउँपालिकाले निजी, सहकारी तथा सार्बजनिक क्षेत्रमार्फत एकल तथा साझेदारी लगानी मार्फत स्थानीय स्रोत साधनको उपयोगगरीअघि बढ्ने नीति अख्तियार गरेको छ। वाणिज्य क्षेत्रको विकास र विस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्दत गर्दछ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत्

आयात प्रतिस्थापन एवम् तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ। उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु गाउँपालिका लगायत सबै तहका सरकारको महत्वपूर्ण जिम्मेवारी हो। गाउँपालिकाले यी विविध क्षेत्रलाई सम्वोधन गर्नेगरीउपयुक्त नीति र कार्यक्रमका साथ अगाडि बढ्नु पर्ने आवश्यकता देखिन्छ।

## ४.६.२ प्रमुख समस्या तथा चुनौती

पहाडी ग्रामीण भौगोलिक अबस्थिति, यातायात लगायत अन्य पूर्वाधारको अभाव, जनसंख्याको कमी, पर्याप्त बजारको संभावना नहुनु, व्यवसायिक शिक्षा तथा अवधारणामा जोड नदिइनु, उपभोगमुखी संस्कृतिको प्रभाव बढ्नु, उद्यमशीलताको अभाव हुनु, गाउँपालिकामा बाणिज्य तथा आपूर्ति र उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन सम्बन्धी नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था नहुनु, आदि यस क्षेत्रका समस्या तथा चुनौती रहेका छन्।

**अवसर**

गैरआवासीय नेपालीलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, ऊर्जाको उपलब्धता बढ्नु, भूमण्डलीकरणसँगै, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, स्थानीय तह सक्रिय हुने हुँदा वजार व्यवस्थापनमा अनुगमन तथा मूल्यांकनको प्रभावकारिता बढ्नु, व्यापारी तथा उपभोक्तामा सचेतना बढ्नु संघीय तथा प्रदेश सरकारले एक स्थानीय तह एक उद्योगग्रामको नीति अँगिकार गर्नु, शान्ति सुरक्षामा सुधार हुनु, व्यवसाय लागत घट्नु अवसरको रूपमा लिन सकिन्छ।

## ४.६.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

उद्योग तथा बाणिज्य क्षेत्रको विकास मार्फत सदृढ अर्थतन्त्र निर्माण र सहज आपूर्ति व्यवस्थापन।

**लक्ष्य**

उद्योग तथा बाणिज्य क्षेत्रको विकास र विस्तारगरीआय तथा रोजगारी वृद्धि गर्ने र आपूर्तिलाई सहज वनाउने

**उद्देश्य**

१ . उद्योगको स्थापना र उत्पादन वृद्धिगरीकुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।

२ . उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धिगरीरोजगारीका अवसर सृजना गर्नु।

३ . स्थानीय स्रोत साधनको महत्तम उपयोगगरीआन्तरिक उत्पादन वृद्धि गर्नु।

४ . स्थानीय कच्चा पदार्थ, स्रोत,साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकासगरीव्यापार प्रवर्द्धन गर्नु।

५ . गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु।

## ४.६.४ रणनीति तथा कार्यनीति

४.६.४.१ स्थानीय स्रोत एवम् सीपको उपयोगगरीलघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गरिनेछ।

४.६.४.२ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई गाउँपालिका अन्तर्गतका सबै वडा समेतको सहभागितामा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

४.६.४.२ लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायसँग समन्वयगरीक्षमता विकास गर्दै गरिनेछ।

४.६.४.३ उद्योगग्राम स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

४.६.४.४ एक वडा एक औद्येगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

४.६.४.६ उत्पादित वस्तुको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ।

४.६.४.७ उद्योगग्राममा स्थापना हुने उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ।

४.६.४.८ वैदेशिक पूँजी तथा प्रविधिलाई आकर्षित गर्न कानुनी व्यवस्था गरिनेछ।

४.६.४.९ औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

४.६.४.१० लगानीकर्तालाई उद्योग दर्तादेखि वहिर्गमन सम्मका सेवा सहज उपलब्ध गराइनेछ।

४.६.४.११ वस्तुको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

४.६.४.१२ साना, घरेलु तथा मझौला उद्योगलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग वमोजिमका वस्तु तथा सेवाको उत्पादन र विकास गरिनेछ।

४.६.४.१३ स्वास्थ्य आपुर्ती प्रणालीका लागि आवश्यक ऐन, नियम, मार्गदर्शनको तर्जुमा, पूर्वाधार र संस्थागत संरचनाको व्यवस्था गरिनेछ।

४.६.४.१४ उत्पादन, आयात निर्यात र बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली विकसित गरिनेछ।

४.६.४.१५ उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरक र थोक विक्रेताले बिक्री गर्ने बस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ।

४.६.४.१६ उपभोक्ता सचेतना तथा उपभोक्ता अदालत सम्बन्धी व्यवस्था गरिनेछ।

४.६.४.१७ उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

४.६.४.१८ आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुऱ्याइनेछ।

| उद्योग क्षेत्र | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
| १. | उद्योग, वाणिज्य तथा आपुर्ती प्रवर्द्धन सम्बन्धी नीति तथा कानुन निर्माण | संख्या | | २ | - | - | - | - | २ |
| २. | लघु, घरेल, साना तथा मझौला उद्योग सशक्तीकरण कार्यक्रम (प्रविधि खोज, तालिम, हस्तान्तरण र अनुदान प्रोत्साहन( | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | लघु उद्यमीहरूको क्षमता र दक्षता अभिवृद्धि कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५. | औद्योगिक ग्रामको स्थापना | संख्या | | १ | - | - | - | - | १ |
| ६. | औद्योगिक विकासका लागि निजी क्षेत्रसंग सम्बाद र सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ७. | जडिबुटी संकलन र प्रशोधन केन्द्र स्थापना | संख्या | | - | - | १ | - | - | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रलाई सहयोग | संख्या | | - | - | १ | - | - | १ |
| ९. | वन पैदावरमा आधारित उद्योग स्थापनामा प्रोत्साहन सहयोग | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १०. | व्यवसायीहरूलाई व्यापार व्यवसाय क्षमता तथा दक्षता अभिवृद्धि तालिम | संख्या | | - | १ | - | - | १ | २ |
| ११. | सार्वजनिक कार्यालयहरूमा स्थानीय स्तरमा उत्पादित समान प्रयोग गर्ने नीति निर्माण | संख्या | | - | १ | - | - | - | १ |
| १२. | परम्परागत सीप व्यावसायिकरणका लागि अनुदान सहयोग कार्यक्रम | संख्या | | - | १ | - | - | - | १ |
| १३. | महिला तथा सीमान्तकृत वर्गहरूबाट सञ्चालित उद्योगहरूलाई निर्यात व्यापारमा आबद्ध गर्न शसक्तिकरण अभियान सञ्चालन | संख्या | | १ | १ | १ | १ | | ४ |
| १४. | बजार अनुगमन संयन्त्र निर्माण र नियमित अनुगमन र नियमन | संख्या | | १ | - | - | - | - | १ |
| १५. | अनिवार्य रुपमा मूल्य सुची राख्ने प्रणाली विकास र कार्यान्वयन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६. | बिक्री गर्ने वस्तुको संचय र भण्डारण अवस्थाको विवरण राख्ने प्रणाली विकास | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७. | उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन उपभोक्ता हकहित प्रबर्धनको लागि तालिम तथा प्रशिक्षण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८. | निकासीजन्य वस्तुहरूको पहिचान र उत्पादन वृद्धि गर्न प्रोत्साहन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.६.५ प्रमुख कार्यक्रम

१. सहँले र पुलको मुख बीचको जग्गामा उद्योगग्राम स्थापना र सञ्चालन गर्ने।

२. १५ वटा साना र ७ मझौला स्तरका उद्योग स्थापना गर्ने।

३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने।

४. औद्योगिक सूचना केन्द्र स्थापना गर्ने।

५. उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

६. आपूर्ति व्यवस्थापन र बजार अनुगमनलाई नियमित गर्ने।

७. व्यापार,/बजार सूचना/ निगरानी केन्द्र स्थापना गर्ने।

### ४.६.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा लगानीकर्तालाई उद्योग दर्तादिखि वहिर्गमन सम्मका सेवा सहज भएको, वस्तुको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य भएको, औद्योगिक सूचना केन्द्र स्थापना भएको, उत्पादन आयात निर्यात र बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली विकसित भएको, उपभोक्ता सचेतना तथा उपभोक्ता हकहित प्रवर्द्धन भएको हुनेछ।

## ४.६ वन तथा वनस्पति सम्पदा

### ४.६.१ पृष्ठभूमि

वन क्षेत्र व्यवस्थापनको अधिकार संविधानतः संघीय सरकार तथा प्रदेश सरकारमा रहेको छ। तथापि, स्थानीय तहसँगको समन्वयमा वन, जलाधार तथा जैविक विविधता संरक्षणबाट स्थानीय तहको सम्मृद्धिमा टेवा पुऱ्याउन यस क्षेत्रका समस्याको सम्बोधन गर्नेगरीउपयुक्त नीति, ऐन, नियम र सांगठनिक संरचना अपरिहार्य हुन्छ। वन र स्थानीय जनताको दैनिक जीवनको आवश्यकता प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले गाउँपालिकाले ब्यवस्थापन र उपयोगमा बिशेष भूमिका निर्बाह गर्नुपर्ने हुन्छ। साथै, संघीय तथा प्रदेश कानुनको अधीनमा रही वैज्ञानिक वन व्यवस्थापनसहितको योजना र तदनुरुपका बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

### ४.६.२ प्रमुख समस्या तथा चुनौती

संविधानको अधिकार सूची बमोजिम तीन तहकै सरकारकाबीचमा बन व्यवस्थापनका कार्यक्रममा समन्वय स्थापित गर्नु, वन तथा वातारणको संरक्षण गर्दै जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु, गाउँपालिकामा वनसँग सम्बन्धित जनशक्तिको अभाव हुनु आदि समस्या तथा चुनौती हुन्।

**अवसर**

सामुदायिक तथा साझेदारी वनबाट प्राप्त आयको कम्तिमा पचास प्रतिशत रकम वन व्यवस्थापन र बाँकी पचास प्रतिशत रकम स्थानीय तहसँगको समन्वयमा आयआर्जन तथा गरिबी न्यूनीकरणका कार्यक्रममा खर्च गर्नुपर्ने संघीय कानुनी ब्यवस्था हुनु आदिलाई अवसरकोरूपमा लिइएको छ।

### ४.६.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

वन जङ्गल र जैविक विविधताले धनी गाउँपालिका।

**लक्ष्य**

वन जङ्गल र जैविक विविधताको संरक्षण मार्फत वातावरण संरक्षणमा योगदान पु¥याउने र आय आर्जन बढाउने।

**उद्देश्य**

१. उपभोक्ता समूहको व्यवस्थापन मार्फत सामुदायिक, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गर्नु।

२ . जैविक विविधताको संरक्षण र वातावरण संरक्षण गर्नु।

### ४.६.४ रणनीति तथा कार्यनीति

४.६.४.१ संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वयगरीवन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्धारण साथै योजना, कार्यान्वयन र नियमन गर्ने।

४.६.४.२ सामुदायिक, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गर्ने।

४.६.४.३ वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने।

४.६.४.४ आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन गर्ने

४.६.४.५ नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने

४.६.४.६ निजी तथा व्यवसायिक वनको प्रवर्द्धन र नियमन गर्ने।

४.६.४.७ सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने।

४.६.४.८ जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी उत्पादन, प्रशोधन, र बजार व्यवस्थापन गर्ने।

४.६.४.९ वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन गर्ने।

४.६.४.१० नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने।

४.६.४.११ वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन गर्ने।

४.६.४.१२ वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन गर्ने।

४.६.४.१३ स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन गर्ने।

४.६.४.१५ स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन गर्ने।

४.६.४.१६ वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान गर्ने।

४.६.४.१७ रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन साथै मिचाहा प्रजातिको नियन्त्रण गर्ने।

४.६.४.१८ जैविक विविधताको अभिलेख राख्ने।

४.६.४.१९ सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम सञ्चालन गर्ने।

| वन, भू-संरक्षण र जैविक विविधता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| १. | सामुदायिक वन गठनमा सहजीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २. | सामुदायिक वन कार्ययोजना कार्यान्वयनमा सहजीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | गरिवी न्यूनिकरणका लागि व्यवसायिक कवुलियती वन कार्यक्रम | संख्या | | १ | १ | १ | - | १ | ४ |
| ४. | साझेदारी वन व्यवस्थापन कार्य योजना कार्यान्वयनमा सहजीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५. | राष्ट्रिय वन व्यवस्थापन कार्यक्रममा सहजीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कार्यक्रम | संख्या | | १ | - | १ | - | १ | ३ |
| ७. | वन्यजन्तु संरक्षण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८. | वन संरक्षण क्षेत्र व्यवस्थापन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९. | वन अतिक्रमण नियन्त्रण कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १०. | वृक्षारोपण र संरक्षण | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| ११. | विरुवा उत्पादन र वितरण | संख्या | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| १२. | जडिबुटी नर्सरी स्थापना र सञ्चालन | संख्या | | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५००० |
| १३. | जडिबुटी ब्यबसायीहरूको संजालिकरण | संख्या | | १ | - | - | - | - | १ |
| १४. | सम्बेदनशील जलाधार क्षेत्रहरूको संरक्षण | संख्या | | १ | ३ | १ | ३ | १ | ९ |
| १५. | किसानसँग भू-संरक्षण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| १६. | जलबायु परिवर्तन अनुकुलन योजना तयारी र कार्यान्वयन | संख्या | | १ | - | - | - | - | १ |
| १७. | जलबायु परिवर्तन अनुकुलन सम्बन्धी तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ |

### ४.६.५ प्रमुख कार्यक्रम

१. वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन।

२. आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन।

३. सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन।

४. सामुदायिक, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन।

५. वन उपभोक्ता समूहको व्यवस्थापन।

### ४.६.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वयगरीवन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्माण तथा परिष्कृत भएको, सबै प्रकारका वनको प्रभावकारी व्यवस्थापन भई वन जङ्गल र जैविक विविधताको संरक्षण भएको र बन क्षेत्रको आम्दानी मार्फत गाउँपालिकाका जनताको आय आर्जनमा अभिबृद्धि भएको हुनेछ।

## ४.७ खनिज सम्पदा

### ४.७.१ पृष्ठभूमि

यस गाउँपालिकामा खनिज उद्योगको अन्वेषण र उत्खनन लगायतका अनेक सम्भावना रहेका छन्। भौगर्भिक विविधताका कारण विभिन्न खानी तथा खनिज उद्योगको प्रचुर सम्भावना रहेता पनि सघन रुपमा उत्खनन र सदुपयोग हुन सकेको छैन। यसका लागि पहिचान भइसकेका खनिजको थप अध्ययन र उत्खनन गरी खनिजमा आधारित उत्पादनमूलक तथा निर्माण उद्योग सञ्चालन र सम्भावित अन्य खानी तथा खनिजको अन्वेषण गरी आवश्यक व्यवस्थापन गर्न आवश्यक छ। संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा अन्वेषण र उत्खनन गरी खनिजजन्य वस्तु निर्यात समेत् गर्न सकिने, गाउँपालिका भित्र नयाँ रोजगारी सृजना हुने देखिन्छ।

खानी तथा खनिज उद्योगका बारेमा भएका अध्ययन, अनुसन्धान हुन नहुनु, गाउँपालिकामा नीति, कानुन, योजना तथा संस्थागत संरचना नहुनु, अन्वेषण तथा उत्खननका लागि आवश्यक विशेषज्ञ, ज्ञान, सीप, उपकरणको अपर्याप्तता रहनु, अन्वेषण कार्य महँगो हुँदा बजेटको अपर्याप्तता हुनु आदि यस क्षेत्रमा देखिएका समस्या तथा चुनौती हुन्।

**अवसर**

आफ्नै क्षेत्रभित्र खानी तथा खनिजको स्रोतको उपलब्धता हुनु, सबै तहका सरकारका बीचमा अनुसन्धान उत्खनन र प्रशोधनका लागि साझेदारी सहकार्यको वातावरण सिर्जना हुनु, यसप्रति निजी क्षेत्र सक्षम तथा आकर्षित हुँदै जानु, प्रवधिको एवं दक्ष जनशक्तिको विकास हुँदै जानु, सरकारका बीचमा स्रोतको दिगो उपयोगमा समन्वय विस्तार हुँदै जानु यस क्षेत्रका अवसरकारूपमा रहेका छन्।

## ४.७.२ प्रमुख समस्या तथा चुनौती

**सोंच**

खानी तथा खनिज उद्योगको अन्वेषण, उत्खनन, महत्तम उपयोग र निर्यात।

**लक्ष्य**

खानी तथा खनिज उद्योगको अन्वेषण, उत्खनन र विकासद्वारा गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने।

**उद्देश्य**

१ . संघीय सरकार तथा प्रदेश सरकारको समन्वयमा खानी तथा खनिज उद्योगको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु।

२ . खनिजको उत्पादन वृद्धिगरीगाउँपालिकाको विकासमा खनिज क्षेत्रको योगदान बढाउनु।

## ४.७.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

४.७.४.१ संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियमको तर्जुमागरीकार्यान्वयन गरिनेछ।

४.७.४.२ गाउँपालिकाभित्र अन्वेषण सर्वेक्षणको प्रक्रियामा रहेका खानी तथा खनिजको अन्वेषण प्रक्रियालाई तीव्रता दिईनेछ।

४.७.४.३ निजी क्षेत्रसँगको सहकार्य समेतमा गाउँपालिकाभित्र सम्भावित खनिजको अन्वेषण सर्वेक्षण र उत्खनन गरिनेछ।

४.७.४.४ खनिज उत्पादनको मात्रा र गुणस्तर हेरी खनिजसँग सम्बन्धित उत्पादन तथा निर्माण उद्योगको स्थापना, विकास र विस्तारमा सहजीकरण तथा प्रवर्द्धन गरिनेछ।

४.७.४.५ ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजको उत्खननलाई नियमित, व्यवस्थित र वातावरणमैत्री बनाइनेछ।

### ४.७.५ प्रमुख कार्यक्रम

१. आवश्यक नीति, ऐन, नियमको तर्जुमा गरी कार्यान्वयन गरिने।

२. निजी क्षेत्रसँगको सहकार्य समेतमा गाउँपालिकाभित्र सम्भावित खनिजको अन्वेषण, सर्वेक्षण र उत्खनन गर्ने।

३. खानीको सम्भावना रहेका वडा नं. १ स्थित कालि माटीको कोईला, अलैचीबारी कोइला खानी, तामुलेक तामा खानी, गाडखर्क तामाखानी , गाडखानीको तामा, वडा नं. ६ मा मार्वल आकारको ढुङ्गा, वडा नं. ६ कै धुलेमा चुन ढुङ्गा लगायतको उत्खनन गर्ने.

४. ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजको उत्खननलाई नियमित, ब्यवस्थित र वातावरणमैत्री बनाईने।

### ४.७.४ रणनीति तथा कार्यनीति

पञ्चवर्षीय योजनाको अन्तमा संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारी सहलगानी तथा समन्वयमा खनिज अन्वेषण र उत्खननका लागि स्थानीय नीति, कानुन, मापदण्ड निर्धारण भएको, खनिजको उत्पादन वृद्धिगरीगाउँपालिकाको विकासमा खनिज क्षेत्रको योगदान बढेको, खानीक्षेत्रको आम्दानी मार्फत गाउँपालिकाका जनताको आय आर्जनमा अभिबृद्धि भएको हुनेछ।

## ४.८ भूमि व्यवस्था

### ४.८.१ पृष्ठभूमि

संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक र भूमिहीन हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत् उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवं भूउपयोग योजना तयारगरीकृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ। जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, भूमिहीन र सुकुम्बासीको पहिचानगरीबसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागिका भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आधुनिक प्रविधिको प्रयोग मार्फत् नापनक्सामा शुद्धता कायम गर्ने तथा गाउँपालिकाको भूसूचना प्रणाली स्थापना तथा विकास गर्दै जग्गा प्रशासन सम्बद्ध निकायको संस्थागत क्षमता अभिबृद्धिगरीसेवा प्रवाहलाई सरल सहज र व्यवस्थित तुल्याउनका लागि आवश्यक नीति, कानुन, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालन आवश्यक देखिन्छ।

### ४.८.२ प्रमुख समस्या तथा चुनौती

भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृति बढ्दै जानुले कृषि उत्पादकत्वमा ह्रास आउनु, भूमिको उपयोग र क्षमता अनुसारको भूउपयोग सूचना प्रणालीको विकास हुन नसक्नु, सरकारी र सार्वजनिक जग्गामा अतिक्रमण गर्ने प्रवृत्ति बढ्नु तथा भूमि प्रशासन सम्बद्ध निकायबाट प्रदान हुने सेवा सरल र सहज रुपमा उपलब्ध हुन नसक्नु आदि यस क्षेत्रका विद्यमान समस्या तथा चुनौती हुन्।

**अवसर**

कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउनु तर्फ सम्बद्ध तीनै तहका सरकार र सरोकारवालको चासो तथा जागरुकता बढ्नु, जग्गाको चक्लाबन्दी प्रति कृषकको आकर्षण बृद्धि हुँदै जानु, सुकुम्बासी समस्या समाधान एवं अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउनु वहस पैरवी हुनु, संघीय सरकारले दिर्घकालीन भूउपयोग नीति कार्यान्वयनमा ल्याउनु आदि यस क्षेत्रका अवसरकोरूपमा लिन सकिन्छ।

### ४.८.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

भूमिको वैज्ञानिक व्यवस्थापनगरीसामाजिक न्यायमा आधारित भू स्वामित्व-स्थापना गराउने।

**लक्ष्य**

भूमि र भूउपयोग प्रणालीलाई दीर्घकालीन हित अनुरूप समृद्धिको संवाहकको रूपमा विकास गर्ने।

**उद्देश्य**

१ .वैज्ञानिक भू–उपयोग प्रणाली लागूगरीभूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सृजना गर्नु।

२ .विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु।

३ .भूमि व्यवस्थापन सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु।

### ४.८.४ रणनीति तथा कार्यनीति

४.८.४.१ भू–उपयोग सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण गरिनेछ।

४.८.४.२ भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी नीति र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

४.८.४.३ सरकारी जग्गा प्रयोग सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ।

४.८.४.४ गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना,कार्यान्वयन र नियमन गरिनेछ।

४.८.४.५ गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न संघ तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ। (गुठी प्रदेश सरकारको अधिकार)

४.८.४.६ बस्ती विकासलाई व्यवस्थित गरिनेछ।

४.८.४.७ जग्गाको खण्डीकरण र बाँझो राख्ने प्रवृतिलाई नियन्त्रण गर्न भूमि बैंक स्थापना तथा जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ।

| भूमि व्यवस्थापन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | भू-उपयोग, भूमि व्यवस्थापन तथा जग्गा प्याकेज विकास सम्वन्धी निति तथा कानुन निर्माण | संख्या | | १ | २ | - | - | - | ३ |
| | भूमिहिन तथा सुकुम्वासीहरूको अभिलेख राख्ने | संख्या | | १ | - | - | - | - | १ |
| | सुरक्षित वसोबास तथा जग्गा एकिकरण निति | संख्या | | १ | - | - | - | १ | १ |
| | Land Pooling चक्लाबन्दी प्रवर्द्धन | संख्या | | १ | २ | २ | २ | १ | ८ |
| | बेमौषमी खेती कार्यक्रम | संख्या | | १ | २ | २ | २ | १ | ८ |
| | भू सुचना प्रणाली विकास तथा मालपोत अभिलेख सुदृढीकरण | संख्या | | - | १ | - | - | - | १ |
| | लिखत तथा श्रेष्ताको संरक्षणमा डिजिटल प्रविधिको प्रयोग | संख्या | | - | - | १ | - | - | १ |

### ४.८.५ प्रमुख कार्यक्रम

१. भू–उपयोग सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण
२. जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन
३. बस्ती विकास कार्यक्रम
४. गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन

### ४.८.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा भू–उपयोग नीति तथा ऐन तर्जुमा भई कार्यान्वयन अगाडि बढेको, भूमि व्यवस्थापनका आवश्यक संस्थागत संरचना निर्माण भएको, चक्लाबन्दीगरीखेती गरिएको जग्गाको क्षेत्रफल बृद्धि भएको, उपयोगको आधारमा भूमिको वर्गीकरण भएको, भूउपयोग तथा भूउपयोग क्षमता सम्बन्धी नक्सा र तथ्याङ्क आधार तयार भएको हुनेछ।

# परिच्छेद ५
# सामाजिक विकास

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

सामाजिक आर्थिक रूपान्तरणको महत्वपूर्ण एवं प्राथमिक माध्यम शिक्षा हो। शिक्षालाई संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ भने माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी एकल अधिकार सूचीको रूपमा स्थानीय तहलाई सुम्पेको छ। शिक्षा एउटा आधारभूत अवयव भएकाले यस क्षेत्रको सञ्चालन र विकासका लागि दीर्घकालीन नीति, योजना र कार्यक्रमको तर्जुमा पहिलो शर्त हो। स्थानीय सरकारको संवैधानिक तथा जनताको मौलिक हककोरूपमा रहेको आधारभूत आवश्यकताको दायित्व पूरा गर्नका निमित्त शिक्षा सम्बन्धी उपयुक्त नीति, योजना तथा कार्यक्रम हुनु आवश्यक छ।

### ५.१.२ प्रमुख समस्या तथा चुनौती

माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी रहेको भए तापनि शिक्षक भर्ना तथा सरुवा बढुवा आदिमा अझै नीतिगत तथा कानुनी अल्झन कायमै रहनु, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा अपेक्षित सुधार हुन नसक्नु सामुदायिक विद्यालयमा पर्याप्त जनशक्ति, उपयुक्त भौतिक पूर्वाधारलगायत आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन गर्न नसक्नु, माध्यमिक तह र उच्च शिक्षामा निर्धारित उमेर समूहका नागरिकको भर्ना तथा अध्ययन निरन्तरताको अवस्था कमजोर रहनु, फरक परिस्थिति तथा विभिन्न आवश्यकता भएका औपचारिक शिक्षा प्रणालीभित्र समेटिन नसक्नु, स्वआर्जित ज्ञान र सीपको मान्यता र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्न नसक्नु, प्रविधिको प्रयोग, उत्पादनमूलक जनशक्तिको विकास अपेक्षित रुपमा बृद्धि गर्ननसक्नु, र शैक्षिक क्षेत्रको लागि आवश्यक पर्ने बजेट तथा कार्यक्रम नेपाल सरकारको सशर्त अनुदानमा भर पर्नुपर्ने अबस्था हुनु आदि यस क्षेत्रमा देखिएका समस्या तथा चुनौती हुन्।

**अवसर**

माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा हुनु, संविधानमा मौलिक हकको रूपमा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिबार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक उल्लेख हुनु, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह सबैले शिक्षालाई पहिलो प्रथमिकतामा राखी नीति, योजना तथा कार्यक्रम बनाउनु, नेपाल सरकारबाट शिक्षा क्षेत्रका लागि सशर्त अनुदानकोरूपमा बजेट तथा कार्यक्रम प्राप्त हुनु, शैक्षिक क्षेत्र उन्नयनको लागि बैदेशिक सहायतामा परियोजना सचालन हुनु आदि यस क्षेत्रका अवसरकोरूपमा लिन सकिन्छ।

### ५.१.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच र गुणस्तर सुधार।

**लक्ष्य**

आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच र गुणस्तर सुधार गर्दै दक्ष जनशक्ति उत्पादनको आधार तयार गर्ने।

**उद्देश्य**

१ . शिक्षण संस्थाको भौतिक पूर्वाधार र नवीन प्रबिधिमार्फत आधुनिकीकरण गर्नु।

२ . साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु।

३ . प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु।

### ५.१.४ रणनीति तथा कार्यनीति

५.१.४.१ शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीतिगत परिवर्तन गर्न पहल गरिनेछ।

५.१.४.२ शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि गरिनेछ।

५.१.४.३ नमूना बालविकास केन्द्र स्थापना गरिनेछ।

५.१.४.४ दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रका विद्यालयलाई नमूना आवासीय तथा गाउँपालिकाका अन्य क्षेत्रका छनौट भएका विद्यालयलाई नमूना विद्यालयका रुपमा रुपान्तरण गरिनेछ। राष्ट्रिय शैक्षिक नीति तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरिनेछ।

५.१.४.५ गाउँ शिक्षा समितको गठन र परिचालन गरिनेछ।

५.१.४.६ सवै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन तथा परिचालन गरिनेछ।

५.१.४.७ बालमैत्री विद्यालयकालागि भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर सुधारसम्त्रन्धी न्यूनतम सूचकको निर्धारण गरिनेछ।

५.१.४.८ गाउँ शिक्षा कार्यालय तथा स्रोत केन्द्र समेतको भवन निर्माण गरिनेछ।

५.१.४.९ सवै बालविकास केन्द्र, विद्यालय, उच्च शिक्षालायमा बालमैत्री सूचकका आधारमा सुविधायुक्त न्यूनतम भौतिक पूर्वाधार) भवन, कार्यालय तथा कक्षा कोठा, फर्निचर तथा डेष्क बेञ्च, छात्र र छात्राकालागि अलग अलग सौचालय) छात्राकालागि आवश्यक सामाग्रि सहितको चेन्जिङ कक्ष

समेत (खानेपानी, खेलमैदान, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्यूटर सहितका शैक्षिक उपकरण, बगैंचा लगायतको (निर्माण व्यवस्थापन गर्ने गराइनेछ।

५.१.४.१० सामाजिक नक्साङ्कनका आधारमा विद्यालय उमेरका तर विद्यालय जाने अवसर बाट बञ्चित रहेका बालबालिकाको अवस्था विवरण सहितको तथ्यांक संकलन गरिनेछ।

५.१.४.११ लक्षित वर्गका बालबालिकाको विद्यालयमा पहुंच बृद्धिका लागि अभिभावक शिक्षा तथा पिछडिएका गरिव टोलबस्तीमा विद्यालय भर्नाका लागि जनचेतनामुलक घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.४.१२ गाउँपालिकाका सवै विद्यालयमा पूर्व प्राथमिक शिक्षा कार्यक्रम तथा गाउँपालिका क्षेत्रका गरिव, सुकुम्बासी वस्तिमा आवश्यकता बमोजिम प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।

५.१.४.१३ गाउँपालिका सवै सामुदायिक तथा सस्थागत विद्यालयले बालमैत्री वातावरणमा आफ्ना शैक्षिक कार्यक्रम ब्यवस्थितगरीसञ्चालन गर्ने गराउने साथै झोला रहित शिक्षण कार्यक्रम सञ्चालनकालागि आवश्यक पूर्वाधार तयार गरिनेछ।

५.१.४.१४ अनौपचारिक शिक्षा तथा बालशिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.४.१५ अति गरिव तथा बिपन्न बर्गका बालबालिकालाई शैक्षिक सामग्री र छात्रबृतिको व्यवस्थापन गरिनेछ।

५.१.४.१६ सडक बालबालिकाकालागि खाना, नाना र बास सहितको शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.४.१७ गाउँपालिका सवै वडामा साक्षरता अभियान सञ्चालन गरिनेछ।

५.१.४.१८ बालमैत्री विद्यालयका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार सहितका स्रोत र साधन तयार गरेका निजीस्तरमा सञ्चालित तथा सञ्चालन हुने प्रस्तावित विद्यालयलाई मात्र स्तरोन्नती, सञ्चालन सिफारिस तथा स्वीकृति दिइनेछ।

५.१.४.१९ विद्यार्थी संख्या र विषयका आधारमा सवै सामुदायीक विद्यालयमा शिक्षक दरवन्दी मिलान गर्ने माध्यमिक विद्यालयमा कम्प्यूटर शिक्षालाई अनिवार्य गरिनेछ।

५.१.४.२० गाउँपालिकामा १ वटा कृषि विज्ञान समेतको प्राविधिक क्याम्पसको स्थापना र सञ्चालन गर्ने साथै सम्भाब्य माध्यमिक तहमा कृषि विज्ञान तथा प्राविधिक विषयको पठन पाठनको ब्यवस्था मिलाइनेछ।

५.१.४.२१ विद्यालय शैक्षिक गुणस्तर सुधार अभियान अन्तरगत सामुदायिक तथा संस्थागत विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.४.२२ सवै विद्यालयमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

५.१.४.२३ कक्षा ५ भन्दा माथिको अध्ययन अध्यापन हुने विद्यालयमा बाल क्लब गठन, परिचालन र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.४.२४ सवै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन गर्ने गराउने

५.१.४.२५ प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने अति गरिब तथा बिपन्न, पिछडा वर्ग, दलित, जानजाती तथा आदिवासी समुदायका बालबालिकालाई ज्ञान ज्योती छात्रवृतिको व्यवस्था गर्ने।

५.१.४.२६ सिकाई उपलब्धी र उत्तीर्ण संख्याको आधारमा १ विद्यालय १ शिक्षकका दरले उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने प्रत्येक वर्ष १/१ वटा सामुदायीक विद्यालयमा नमूना विद्यालय विकास कार्यक्रम सञ्चालन गर्ने।

५.१.४.२७ सवै वडामा स्मार्ट बोर्ड निर्माण) फ्रि वाई फाई जोन निर्माण(

५.१.४.२८ विद्यालय समायोजन कार्यक्रम सञ्चालन गर्ने।

५.१.४.२९ प्रत्येक विद्यालयमा उजुरी तथा सुझाव पेटिकाको ब्यवस्था गर्ने।

५.१.४.३० विद्यालायलाई शान्तिक्षेत्र घोषणागरीकार्यान्वयनमा ल्याउने।

५.१.४.३१ नियमित अनुगमनका लागि सरोकारवाला सहभागि रहेको अनुगमन सम्यन्त्र निर्माण गर्ने।

५.१.४.३२ सवै विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभवक तथा सहयोगी र साझेदार संस्थाको समेत आचार संहिता निर्माणगरीकार्यान्वनयमा ल्याउने आर्थिक पारदर्शिता र गुणस्तर सुधारका लागि प्रत्येक विद्यालयले सार्वजनिक सुनुवाईलाई कार्यान्वनयमा ल्याउने।

५.१.४.३सिर्जनशील 3, व्यवहारिक र प्रयोगात्मक शिक्षा प्रणालीमा लगानी विस्तार गर्ने।

| शिक्षा क्षेत्र | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | शिक्षामा सबैको पहुँचका लागि स्थानीय नीति तथा कानुन निर्माण र कार्यान्वयन गर्ने | संख्या | | 3 | -- | - | - | - | 3 |
| २. | वडा कार्यालयहरुको समन्वयमा विद्यार्थी भर्ना र टिकाउका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३. | शिक्षकहरुको क्षमता विकासगरीशैक्षिक गुणस्तर अभिवृद्धि गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | विषयगत शिक्षक समूह गठनगरीपरिचालन गर्ने | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| ५. | शिक्षक व्यवस्थापनमा सहजीकरण | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम वितरण | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| ७. | विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम सञ्चालन एवं विद्यालयको पुनर्सवलीकरण गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८. | बालविकास केन्द्रका सहजकर्ताको क्षमता विकास | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| ९. | बालविकास केन्द्र सुदृढीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १०. | बालविकास केन्द्रमा दिवा खाजा व्यवस्थापन | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | न्यून विद्यार्थी संख्या भएका विद्यालयको एकिकरण समायोजन गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| १२. | नमूना आवासीय विद्यालय विकास, सञ्चालन र व्यवस्थापन गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| १३. | आवासीय विद्यार्थीका लागि आवासीय सुविधा वितरण गर्ने | संख्या | | - | - | 1 | 1 | 1 | 3 |
| १४. | कक्षा ११मा विज्ञान विषय १२- गि विद्यालयलाई सञ्चालनका ला संस्थागत क्षमता विकास र प्रोत्साहन गर्ने | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| १५. | कक्षा ११मा विज्ञान विषय १२- सञ्चालनका गरेका विद्यालयको विज्ञान प्रयोगशाला सुदृढीकरण गर्ने | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| १६. | कक्षा ११मा विज्ञान विषय १२- अध्ययन गर्ने विद्यार्थीका लागि वृत्ती वितरणछात्र | संख्या | | 6 | 6 | 6 | 6 | 6 | 30 |
| १७. | माध्यमिक विद्यालयका लागि ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, ऊर्जा उद्योग र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित पाठ्यक्रम विकास | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| १८. | सिकाइ उपलब्धि अध्ययन र विश्लेषण गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १९. | शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड तयारी | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २०. | विद्यालयमा भएका असल अभ्यास र अनुभवको आदान प्रदान गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २१. | विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास एवं विद्यार्थी प्रतिभा प्रोत्साहन कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२. | फरक क्षमता (अपाङ्गता) भएका बालवालिकाका लागि स्थानीय तह स्तरीय आवासिय विद्यालय स्थापना र सञ्चालन गर्ने | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| २३. | विद्यालयमा बालमैत्री पूर्वाधार विकास गर्ने | संख्या | | 1 | 1 | 1 | 2 | 1 | 6 |
| २४. | विद्यालय शिक्षण संस्थामा मेधावी विद्यार्थी परिचालनका लागि कानुनी आधार तयार गर्ने | संख्या | | - | 1 | - | - | - | 1 |
| २५. | साक्षरता र निरन्तर शिक्षाको कार्यविधि तयारगरीकार्यक्रम सञ्चालन गर्ने | संख्या | | - | 1 | - | - | - | 1 |

### ५.१.५ प्रमुख कार्यक्रम

१. शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीतिगत परिवर्तन
२. आवश्यकता अनुसार विद्यालय समायोजन कार्यक्रम
३. अनुगमन सम्यन्त्र निर्माण
४. विद्यालायलाई शान्तिक्षेत्र घोषणा
५. दक्ष जनशक्तिको व्यवस्थापन
६. सवै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन
७. गाउँपालिका सवै वडामा साक्षरता अभियान सञ्चालन
८. अनौपचारिक शिक्षा तथा बालशिक्षा कार्यक्रम सञ्चालन
९. सवै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन तथा परिचालन
१०. ३ विद्यालयलाई माध्मिक देखि प्राविधिक विद्यालयकोरुपमा विकास गर्ने।
११. विषयत शिक्षक को व्यवस्थापन गर्ने
१२. विद्यालयमा खेलमैदान स्वस्च्छ खानेपानी पुस्तकालय शौचालय व्यवस्थापन गर्ने
१३. छात्रावृती कोष स्थापना गरी विद्यार्थीहरुलाई पढाईमा प्ररित गर्ने
१४. शिक्षकहरुलाई शिक्षणमा बफदार बनाउन प्रत्यक विद्यालयमा अनुगमन समिती गठन गर्ने
१५. जनप्रतिनिधी घरघर पुगी शिक्षामा प्रोत्साहन गर्ने

१६. गा.पा.मा १ वटा क्याम्पसको व्यवस्था गर्ने

१७. प्राविधिक शिक्षाको संचालन गर्ने

१८. १२ कक्षा सम्म निःशुल्क अंग्रजी र प्रविधियुक्त शिक्षा प्रदान गर्न गाउँपालिका अन्तरगत रहेका विद्यालयहरुलाई प्रविधिमैत्री र शिक्षकहरुलाई प्रविधियुक्त सबल र सक्षम बनाउँदै गुणस्तरीय शिक्षा उपलब्ध गराइनेछ ।

१९. हाल सञ्चालनमा रहेको पञ्चकन्या बहुमुखी क्याम्पसमा स्नातकोत्रसम्मको पढाई हुने व्यवस्था गरिनेछ ।

२०. प्रत्येक वडामा कम्तीमा २ वटा माध्यमिक विद्यालय र गाउँपालिका २ वटा प्राविधिक कलेज स्थापना गरी सञ्चालन गरीनेछ ।

२१. आ.ई.टी.बाट शिक्षाको संकलन गर्ने

### ५.१.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरि वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्माण तथा परिष्कृत भएको, सबै प्रकारका वनको प्रभावकारी व्यवस्थापन भई वन जङ्गल र जैविक विविधताको संरक्षण भएको र बन क्षेत्रको आम्दानी मार्फत गाउँपालिकाका जनताको आय आर्जनमा अभिबृद्धि भएको हुनेछ।

## ५.२ स्वास्थ्य

### ५.२.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाका प्रत्येक वडा केन्द्रमा विस्तार तथा स्तरोन्नोति गरी लोक कल्याणकारी राज्यको मूलभूत मान्यतालाई ब्यवहारमा उतार्नु गाउँपालिकाको कर्त्तब्य र जम्मेबारी हो। गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सक र आधुनिक भौतिक पूर्वाधारको ब्यवस्था गरी स्वास्थ्य सेवालाई प्रभाबकारी वनाउन आमूल परिवर्तनको खाँचो रहेको छ। गाउँपालिकाभित्र खोप सेवा, सरकारद्धारा निःशुल्क उपलब्ध गराइने औषधिको ब्यवस्था, पोषणको अबस्थामा सुधार, गर्भवती सुत्केरी महिलाको स्वास्थ्य सुरक्षा, किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना आदि सम्बन्धमा व्यवहारिक नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै स्वस्थ नागरिक

र स्वच्छ समाज निर्माणमा उल्लेख्य योगदान पुग्नजाने देखिन्छ। यसबाट राष्ट्रिय तथा दिगो विकासले लिएका लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण परिपूरकको कार्य जिम्मेवारी पूरा हुन जानेछ।

### ५.२.२ प्रमुख समस्या तथा चुनौती

सबै नागरिकले अपेक्षा गरेअनुरुपको स्वास्थ्य सेवाको सहज पहुँचमा कमी रहनु, स्वास्थ्य जनशक्ति उत्पादन र उपयोगबीच सामन्जस्यता हुन नसक्नु, स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको कमी हुनु, सर्ने तथा नसर्ने रोग, कुपोषण, दूर्घटना तथा विपदजन्य स्वास्थ्य समस्या विद्यमान रहनु, स्वास्थ्य सेवामा निजी क्षेत्रको व्यवस्थापन तथा नियमन यथोचित हुन नसक्नु संघीयताको मर्म र भावना अनुरुप सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध गराउनु,जस्ता समस्या तथा चुनौती रहेका छन्।

**अवसर**

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनको निर्माण हुनु, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै जानु, दक्ष स्वास्थ्यकर्मी एवं स्वास्थ्यसंस्थाको उपलब्धतामा वृद्धि हुनु, स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाको जनसंख्या तथा स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वनयन हुनु, आदि यस क्षेत्रमा रहेका अवसर हुन्।

## ५.२.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

आधारभूत तथा स्वास्थ्य सेवामा सबैको पहुँच र गुणस्तरमा सुधार।

**लक्ष्य**

दक्ष जनशक्ति, आवश्यक उपकरण र पूर्वाधार बिकास मार्फत आधारभूत तथा स्वास्थ्य सेवामा सबैको पहुँच र स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्ने।

**उद्देश्य**

१ . निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु।

२ . आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।

३ . स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु।

## ५.२.४ रणनीति तथा कार्यनीति

५.२.४.१ आधुनिक विधि र निश्चित मापदण्ड विकासगरीस्वास्थ्य संस्थाको संख्या, प्रकार, स्थान तथा आवश्यक स्वास्थ्य जनशक्तिको निर्धारण गर्न गुरुयोजना तयारगरीलागू गरिनेछ र क्रमशः समयसापेक्ष रूपमा पेशागत जनशक्तिको व्यवस्था तथा क्षमता अभिवृद्धि गरिनेछ।

५.२.४.१ एक चिकित्सक र स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्थाको अवधारणालाई लागू गर्न तथा सेवाको पहुँच विस्तार गर्नका लागि सरकारी अस्पतालमा अतिरिक्त सुविधासहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गरिनेछ।

५.२.४.१ नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीका साथै औषधि तथा औषधिजन्य सामग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गरिनेछ।

५.२.४.१ स्वास्थ्य व्यवस्थापन समितिको गठन गरिनेछ

५.२.४.१ आभारभूत स्वास्थ्य सम्बन्धी तथ्याङ्क अध्यावधिक गरिनेछ

५.२.४.१ अस्पताल तथा स्वास्थ्य केन्द्रको निर्माणका लागि आर्थिक स्रोतको व्यवस्था गरिनेछ।

५.२.४.१ अस्पताल तथा स्वास्थ्य केन्द्र निर्माणका लागि जग्गाको व्यवस्थापन साथै सुविधा सम्पन्न अस्पताल र स्वास्थ्य केन्द्रको निर्माण गरिनेछ।

५.२.४.१ आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई सञ्चालन गरिनेछ।

५.२.४.१ सवै स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको शिप र दक्षता बृद्धिका लागि नियमित तथा प्रशिक्षणको ब्यवस्था मिलाउने

५.२.४.१ स्वास्थ्य हेल्प डेक्सको ब्यवस्था गर्ने कुष्ठरोग तथा सरुवा रोग लगायत स्वास्थ्यसँग सम्बन्धित सवै विषय र क्षेत्रका बारेमा सञ्चार स्रोत, एसएमएस लगायतका सम्भाब्य सवै खाले प्रविधिको प्रयोग गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

५.२.४.१ विभिन्न किसिमका खोप, भिटामिन पोलियो थोपा, अल्वेण्डाजोल वितरण जस्ता अभियानगत कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

५.२.४.१ लागूपदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

५.२.४.१ स्वास्थ्य विमालाई अनिवार्य गरिनेछ।

५.२.४.१ स्वास्थ्य केन्द्र मार्फत गर्भवती जाँच सेवालाई प्रभावकारी बनाउने

५.२.४.१ कुपोषित बालबालिका तथा गर्भवती र सुत्केरी महिलाका लागि पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम साथै आइरन चक्की तथा क्यालसियम चक्की वितरण कार्यक्रम सञ्चालन गरिनेछ

५.२.४.१ सीमान्तकृत परिवारका गर्भवती महिलालाई सरसफाईको लागि निःशुल्क सावुन, सेम्पु तथा तेल वितरण गरिनेछ

५.२.४.१ एम्बुलेन्स सेवालाई प्रभावकारी, सर्वसुलभ र सहुलियत पूर्ण बनाउने।

५.२.४.१ विभिन्न स्वास्थ्य संस्थाको सम्लग्नता र सहयोगमा प्रत्येक ३/३ महिनामा बिपन्न वर्ग, पिछडिएका तथा गरिब समुदाय बसोवास गरेका क्षेत्रलाई लक्षितगरीनिःशुल्क स्वास्थ्य परीक्षण, औषधि तथा सर्जिकल उपकरण उपलब्ध गराउने।

५.२.४.१ समग्र स्वास्थ्य उपचार साथै महिला तथा बालबालिकाका लागि अनिवार्य खोप, सुत्केरी गराउने तथा महिला तथा बाल पोषण, स्वास्थ्य सरसफाई, प्रजनन् स्वास्थ्य, एच् आई भी एड्स नियन्त्रण, परिवार नियोजन, महामारी, क्षयरोग औषधि सहितको घुम्ति स्वास्थ्य सिविर सञ्चालन गरिनेछ

५.२.४.१ गाउँघर क्लीनिक सञ्चालन गर्ने साथै नवजात शिशुको नियमित तौल लिने ब्यवस्था मिलाउने

५.२.४.१ सरसफाईको लागि सीमान्तकृत परिवारमा जन्मेका बालबालिकाका लागि निशुल्क सावुन, सेम्पु तथा तेल वितरण गर्ने

५.२.४.१ शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गरिनेछ।

५.२.४.१ व्यवस्थित परिवार प्रोत्साहन पुरस्कार वितरण गर्ने।

स्वास्थ्य

| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | स्वास्थ्य सम्बन्धी नीति तथा कानुन तर्जुमा र कार्यान्वयन | संख्या | | २ | - | - | - | - | ५ |
| २. | स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ३. | स्वास्थ्य जनशक्तिको व्यवस्थापन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | स्थानीय तह स्वास्थ्य प्रोफाइल तयारी र प्रकाशन | संख्या | | १ | - | - | - | - | १ |
| ५. | एक वडा एक स्वास्थ्य संस्थाको निर्माण र सञ्चालन | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| ६. | स्वास्थ्य संस्थामा नागरिकको पहुँच अभिवृद्धि गर्न सचेतना कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७. | औषधि वितरण र भण्डारण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८. | आयुर्वेद स्वास्थ्य संस्थाको स्तरोन्नति गर्ने | संख्या | | १ | - | - | - | - | १ |
| ९. | आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको विकास | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १०. | आयुर्वेद स्वास्थ्य केन्द्रमा शारीरिक शिक्षाका लागि योग तथा व्यायाम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११. | स्वास्थ्य विमा कार्यक्रमको विस्तार | संख्या | | ३००० | ४००० | ५००० | ३००० | ३००० | १८००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | एकीकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | |
| १३. | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| १४. | विपद् तथा महामारीको तत्काल सम्बोधनका लागि स्वास्थ्यकर्मी सहितको टोली परिचालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५. | एम्बुलेन्स सेवाको एकीकृत विकासगरीतालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| १६. | गर्भवती महिला प्रतिक्षा गृह सञ्चालन | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| १७. | सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ५.२.६ प्रमुख कार्यक्रम

१. गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गरिनेछ

२. अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी व्यवस्थापन गर्ने

३. १ शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन

४. गाउँघर क्लीनिक सञ्चालन

५. कुपोषित बालबालिका तथा गर्भवती र सुत्केरी महिलाका लागि पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम

६. स्वास्थ्य विमा कार्यक्रम

७. कम्तीमा ३ वटा एम्बुलेन्स सेवा सञ्चालन

८. आभारभूत स्वास्थ्य सम्बन्धी तथ्याङ्क सङ्कलन

९. स्वास्थ्य केन्द्रको संरचनागत तथा संस्थागत सुदृढीकरण

१०. गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्सको व्यवस्था बर्थीङ सेन्टरको व्यवस्था गर्ने

११. जेष्ठ नागरीकको स्वास्थ्यमा ख्याल गर्दै घुम्ती शिविरको संचालन गर्ने

१२. सम्पुर्ण नागरीकलाई स्वास्थ्यको विषयमा हरेक वर्ष सचेतना कार्यक्रम संचालन गर्ने

१३. स्वय सेविकालाई प्रोत्साहन भत्ताको व्यवस्था

### ५.२.५ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा सुविधा सम्पन्न १ अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र र औषधालयको स्थापना र विकास भई सम्पूर्ण गर्भवती महिला, नवजात शिशु लगायत सवै जनताले सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवाको उपभोगको अवसर पाएका, स्थ्यकर्मी नियमित उपचार सेवामा सहभागी भएको, .......गाउँघर क्लिनिक सञ्चालन भएको, एम्बुलेन्स सेवा नियमित सञ्चालन भएको हुनेछ।

## ५.३ जनसंख्या तथा बसाइँसराई

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधान र कार्य विस्तृतीकरणले जनसंख्या योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको एवम् व्यक्तिगत घटना) जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद, बसाईसराई सम्बन्धित तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा लिएको छ। जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो। सबै नागरिकको गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्न जनसंख्या सम्बन्धी दीर्घकालीन योजना) २०६७–२०८७ (राष्ट्रिय जनसंख्या नीति २०७१, बमोजिम गाउँपालिकाले उपयुक्त नीति, योजना तथा कार्यक्रम तयारगरीअगाडि बढ्नुपर्ने देखिन्छ।

### ५.३.२ प्रमुख समस्या तथा चुनौती

१६ वर्ष देखि ५० वर्ष उमेर समूहका अधिकांश युवा जनशक्ति बैदेशिक रोजगारी तथा अध्ययन लगायत अन्य कामको सिलसिलामा बिदेशमा रहनु, पेशा ब्यवसाय रोजगारी तथा अन्य अवसरको खोजी जस्ता कारणले तराई मधेश तथा सहरी क्षेत्रमा बसाईसराईको प्रकृया तीब्र हुनु, ज्येष्ठ नागरिकको जनसंख्या बढ्दो क्रममा हुनु तथा गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसोबास र सामाजिक कुरीतिले जनसंख्या र विकासका बीच असन्तुलन हुनु, विदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्ने ब्यवस्था मिलाउनु, उच्चदरमा बढ्दो ज्येष्ठ नागरिक जनसंख्याको व्यवस्थापन गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधा

सहितको एकीकृत बस्तीको विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकास मार्फत् आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नु जस्ता यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन्।

**अवसर**

कुल जनसंख्यामा १५ देखि ५९ वर्ष उमेरका जनसंख्याको प्रतिशत उच्च रही जनसांख्यिक लाभको उच्चतम उपयोगगरीदेशको आर्थिक र सामाजिक विकासमा योगदान पुऱ्याउन सकिने अवस्था रहनु, स्थानीय सरकारकारूपमा स्थापित गाउँपालिकाले जनसंख्या व्यवस्थापनलाई प्राथमिकतामा राख्नु आदि यस क्षेत्रको अवसरकोरूपमा लिन सकिन्छ।

### ५.३.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा सहितको जनसंख्या व्यवस्थापन।

**लक्ष्य**

गाउँपालिकाभित्रै आवश्यक अवसर सिर्जनागरीजनसंख्या प्रभावकारी व्यवस्थापन गर्ने।

**उद्देश्य**

१ . सबै नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा उपलब्ध गराई गुणस्तरीय जीवन यापनको अवसर सिर्जना गर्नु।

२ . गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध जनसंख्याको महत्तम उपयोग गर्नु।

### ५.३.४ रणनीति र कार्यनीति

५.३.४.१ जनशक्ति विकासका लागि बिस्तृत कार्य योजना बनाई लागू गरिनेछ।

५.३.४.२ स्वास्थ्य, विकास कार्यक्रम र जनसंख्याबीच सामञ्जस्यता कायम गर्दै जनसंख्या व्यवस्थापनलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ।

५.३.४.३ जनसंख्या सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, जनसंख्या व्यवस्थापन सम्बन्धी नीति बनाउने।

५.३.४.४ सबै विकास नीति तथा कार्यक्रममा जनसंख्यालाई एकीकृत गर्ने।

५.३.४.५ विदेशवाट प्राप्त विप्रेषण र सीपलाई उत्पादन क्षेत्रमा लगाउने।

५.३.४.६ वडा केन्द्र क्रमशः प्रशासनिक एवम् आर्थिक केन्द्रको रुपमा विकास गर्ने।

५.३.४.७ परिवार नियोजनका साधनको प्रयोग बढाई जनसंख्या बृद्धिलाई प्रतिस्थापन दरमा ब्यवस्थित गर्ने।

५.३.४.८ श्रम बजारमा आउने आर्थिक रुपले सक्रिय जनसंख्यालाई व्यवसायिक तालिम संञ्चालन गर्ने।

५.३.४.९ व्यक्तिगत घटनाको दर्ता प्रभावकारी बनाउने।

| जनसंख्या तथा बसाइसराई | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | जनशक्ति विकास योजना निर्माण र कार्यान्वयन | संख्या | | १ | - | - | - | - | १ |
| २. | विकास आयोजनामा जनसंख्या व्यवस्थापनलाई एकीकृत गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | जनसंख्या तथा दिगो विकासका कार्यक्रममा लक्षित वर्गको सहभागिता परिवार व्यवस्थापन कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ४. | गाउँपालिकाको नीति निर्माणमा ज्येष्ठ नागरिकको अनुभवको उपयोग गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५. | जेष्ठ नागरिकका लागि सामाजिक संरक्षण कार्यक्रम सुदृढीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | गाउँपालिकाका सवै भौतिक संरचना अपाङ्ग मैत्री बनाउने | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| ७. | जनसंख्या व्यवस्थापनका लागि सरोकारवालाहरू संग साझेदारी र सहकार्य | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | ग्रामीण क्षेत्रबाट हुने बसाइसराईलाई व्यवथित गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९. | व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई व्यवस्थित गर्ने | संख्या | | ४ | ४ | - | - | - | ८ |

### ५.३.५ प्रमुख कार्यक्रम

१. जनशक्ति विकासका लागि बिस्तृत कार्य योजना
२. जनसंख्या सम्बन्धी अध्ययन अनुसन्धान
३. विप्रेषण र सीपलाई उत्पादन क्षेत्रमा उपयोग
४. ब्यवसायिक तालिम सञ्चालन
५. ब्यक्तिगत घटनाको दर्ता व्यवस्थित वनाउने कार्यक्रम

### ५.३.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा सबै नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा उपलब्ध गराई गुणस्तरीय जीवन यापनको अवसर सिर्जना भएको हुने, गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध जनसंख्याको महत्तम उपयोग गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध जनसंख्याको महत्तम उपयोग भएको हुनेछ।

## ५.४ युवा तथा खेलकुद

### ५.४.१ पृष्ठभूमि

परिबर्तन र विकासको संवाहक युवा जनशक्ति हो। राष्ट्रिय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयारगरीयुवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ। उत्पादन र उत्पादकत्व बढाउने पूँजीको रूपमा रहेका युवाको विदेश पलायन रोक्दै गाउँपालिकाको विकासको हरेक क्षेत्रमा युवाको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवालाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाबाट गाउँपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ।

### ५.४.२ प्रमुख समस्या तथा चुनौती

शिक्षा तथा रोजगारीका नाममा युवा शक्ति विदेश पलायन हुनु, युवाका लागि उद्यमशीलता र रोजगारीका अवसर पर्याप्त नहुनु, युवा लक्षित विकासका लागि ठोस नीति, योजना र कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारी प्रदान गर्नु, युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई बेरोजगारी न्यून गर्नु,युवालाई कुलत तथा दुर्व्यसनीबाट जोगाई सामाजिक आर्थिक क्षेत्रमा युवाको सहभागिता वृद्धि गर्नु आदि युवा विकासका क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौती हुन्।

**अवसर**

गाउँपालिकाको विकासमा योगदान गर्न सक्ने प्रशस्त युवा शक्ति र श्रम गाउँपालिकामा उपलब्ध हुनु, विदेशिने युवाबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्नु, बैदेशिक रोजगारीबाट फर्केका युवा स्वदेशमै ब्यसायिक खेती तथा उद्यममा परिचालित हुनु, युवालाई राष्ट्र निर्माणमा लगाउन, स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका तीनै तहका सरकारबाट युवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकता दिइनु आदिलाई अवसरका रूपमा लिन सकिन्छ।

### ५.४.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

युवाशक्तिको परिचालन मार्फत गाउँपालिकको विकास।

**लक्ष्य**

गाउँपालिकाभित्रै आवश्यक अवसर सिर्जना गरी युवाशक्ति प्रभावकारी व्यवस्थापन गर्ने।

**उद्देश्य**

१ . सबै युवालाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउनु।

२.  गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध युवाशक्तिको महत्व उपयोग गर्नु।

३ . खेलकुद पूर्वाधारको विकास तथा खेलको माध्यमबाट युवाप्रतिभाको उपयोग र विकास गर्ने।

### ५.४.४ रणनीति र कार्यनीति

५.४.४.१ युवालाई राष्ट्र र प्रदेशको विकास एवम् समृद्धिप्रति जिम्मेवार, कर्तव्यबोध र नैतिकवान् बनाउन युवा नीति नियम बनाई कार्यान्वयन गरिनेछ।

५.४.४.२ बेरोजगार युवाको तथ्याङ्क संकलन गर्ने

५.४.४.३ सीपमूलक, व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि प्राविधिक शिक्षालय स्थापना एवं शैक्षिक कार्यक्रम सञ्चालन गर्ने

५.४.४.४ व्यापार व्यवसाय सञ्चालन व्यवस्थापनका लागि इच्छुक युवाले सर्वसुलभ रुपमा न्यूनतम ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने व्यवस्थाका लागि बैंक तथा वित्तीय संस्थासँग साझेदारी गर्ने

५.४.४.५ गाउँपालिका भित्रै अवसरको सिर्जना गरी बैदेशिक रोजगारीमा जान चाहने युवालाई निरुत्साहित गर्ने साथै कारणबस बैदेशिक रोजगारीमा जान चाहने लागि सीप विकास सुरक्षित बैदेशिक रोजगारी तालिम सञ्चालन गर्ने।

५.४.४.६ युवा स्वयंसेवक, स्वरोजगार र उद्यम सञ्चालन गर्न सहुलियत कर्जाको उपलब्धता।

५.४.४.७ युवा नेतृत्व विकास र अध्ययन अनुसन्धानमा सहभागिता।

५.४.४.८ युवामा सकारात्मक सोंच विकासको अभियान सञ्चालन

५.४.४.९ युवामा व्याप्त लागूपदार्थ दुर्व्यसनी रोक्न सचेतना तथा उद्धार कार्यक्रम सञ्चालन गर्ने

५.४.४.१ आर्थिक विकास कार्यक्रमसँग आवद्धगरी वर्तमान निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै आधुनिक एवं व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने तथा युवायुवती बाट प्रवर्द्धित उद्योग, व्यापार तथा व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि विशेष बजार सञ्जालको व्यवस्थापन गर्ने

५.४.४.११ ब्यवसायिक शिक्षामा आधारित सामुदायिक युवा पुस्तकालय तथा युवा सूचना केन्द्र स्थापनागरीसञ्चालन गर्ने

५.४.४.१२ युवा व्यायमशाला स्थापना, खेलकुद मैदान निर्माण र खेलकुद प्रतियोगिता सञ्चालन गर्ने।

५.४.४.१३ खेलकुदविकास कार्यक्रमसँग आवद्धगरीखेलकुद तथा अतिरिक्त कृयाकलाप कार्यक्रम सञ्चालन गर्ने।

५.४.४.१४ युवा प्रतिभा पुरस्कारको स्थापनागरीआर्थिक विकास र समृद्धि निर्माण साथै खेलकुद विकास र विस्तारमा संलग्न तथा सहयोग पुऱ्याउने युवा युवतीलाई अर्जुनचौपारी प्रतिभा पुरस्कारबाट सम्मानित गर्ने।

| युवा तथा खेलकुद | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | गाउँपालिकामा युवा नीति तथा मापदण्ड निर्माण | संख्या | | १ | - | - | - | - | १ |
| २. | युवा स्वयंसेवक परिचालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | गाउँपालिकाको योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा युवालाई सहभागी गराउने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | युवा लक्षित प्राविधिक तथा व्यवसायिक तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५. | युवालाई सहुलियत दरमा कर्जा प्रवाह गर्ने कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | उत्पादनमूलक उद्यमका लागि अनुदान परम्परागत पेशाको व्यवसायीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७. | विविध क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाको पहिचानगरीप्रोत्साहन र पुरस्कार प्रदान गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ८. | आचरण र सदाचारबारे युवालाई प्रशिक्षण | संख्या | | १ | - | १ | - | १ | ३ |
| ९. | खेल मैदान तथा रंगशाला निर्माण | संख्या | | - | १ | | | | १ |
| १०. | खेलकुद प्रतियोगिता आयोजना गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ११. | गाउँपालिकाको गौरव राख्न सफल स्थानीय खेलाडीलाई सम्मान गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | युवा क्लबहरूलाई खेलकुद सामग्री प्रोत्साहन | संख्या | | ८ | ८ | ८ | | | २४ |
| १३. | विद्यालयहरूमा खेल पूर्वाधार स्तरोन्नति | संख्या | | ५ | ३ | ३ | ३ | ३ | १७ |

### ५.४.५ प्रमुख कार्यक्रम

१. युवा सम्बन्धी नीति तथा कानुनको तर्जुमा तथा पुरष्कृत गर्ने

२. युवा स्वयंसेवक, स्वरोजगार र उद्यम सञ्चालन

३. सीपमुलक, व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि प्राविधिक शिक्षालय स्थापना

४. युवा व्यायामशाला स्थापना, खेलकुद मैदान निर्माण

५. खेलकुद प्रतियोगिता सञ्चालन

६. अर्जुनचौपारी युवा प्रतिभा प्रतिभा पुरस्कारको स्थापना

७. युवा उद्यमीलाई उद्यमशील सहुलियतपूर्ण कर्जा एवं व्याजमा अनुदान

### ५.४.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा सबै युवालाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी सीपमूलक तालिम प्रदान भएको हुने, वित्तीय स्रोतमा युवाको पहुँच वृद्धि भएको हुने, युवामा नेतृत्व विकास भई अर्थपूर्ण सहभागिता भएको हुने, रोजगार र स्वरोजगार व्यवसायमा युवाको सहभागिता वृद्धि भई युवाको विदेश पलायनमा कमी आएको हुने, सिर्जनशील एवं उद्यमशील कार्यमा युवा सहभागिता विस्तार भएको हुने, खेलकुद पूर्वाधारको निर्माण भई खेलकुद क्षेत्रको प्रबर्द्धन भएको हुनेछ।

## ५.५ बालबालिका तथा किशोरकिशोरी

### ५.५.१ पृष्ठभूमि

बालबालिका तथा किशोर किशोरीको शिक्षा स्वास्थ्यमा पहुँच बढाउँदै उनीहरु बिरूद्ध हुने सबै प्रकारका हिंसा तथा बिभेदको अन्त्य गरीबाल अधिकारको रक्षा गर्नु गाउँपालिकाको महत्वपूर्ण जिम्मेवारी हो। नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। अत: गाउँपालिका संविधान र कानुन प्रदत्त जिम्मेबारी तथा सामाजिक दायित्व बहन गर्न बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँचयोग्य वातावरण तथा

किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने विषयको उपयुक्त नीति, योजना तथा कार्यक्रम निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

### ५.५.२ प्रमुख समस्या तथा चुनौती

बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पर्याप्त पहुँच नहुनु, बालमैत्री वातावरणको कमी हुनु, कानुनी नियन्त्रणका वावजुद बालश्रम शोषणको अवस्था विद्यमान रहनु, असहाय, अनाथ, सडक तथा श्रमिक बालबालिकाको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु, बालबिवाह, हिंसा, शोषण, यौनदुर्व्यवहार, बलात्कार, हत्या, लिंग पहिचानगरीभ्रुणहत्या, बालन्याय प्रणालीको प्रभावकारिता नहुनु आदि यस क्षेत्रका मुख्य समस्या तथा चुनौती हुन्।

**अवसर**

संविधानमा वालवालिकाको हकलाई मौलिक हक प्रत्याभूति गरिनु, गाउँपालिकाले बालबालिकाका सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्न विभिन्न नीति तथा कार्यक्रमको तर्जुमा गर्नु, तीनै तहका सरकारले बालबालिकाका सम्बन्धमा नीति, कानुन, संस्थागत संयन्त्र, योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राख्नु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विषय समावेश गरिनु, तीनै तहका सरकारले बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु, वाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बाल अदालत, वालमैत्री स्थानीय शासनको अवधारणा, बाल क्लव गठन, किशोरकिशोरीलाई सम्बोधनगरीकार्ययोजना तर्जुमा हुनु यस क्षेत्रका अवसर हुन्।

### ५.५.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

बालबालिका तथा किशोरकिशोरी मैत्री गाउँपालिका।

**लक्ष्य**

बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गर्ने।

**उद्देश्य**

बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु।

## ५.५.४ रणनीति र कार्यनीति

५.५.४.१ बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय, बालविवाह, बालश्रम, वालवालिका विरुद्धको हिंसा, लागू औषध, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानुनी ओसारपसार लगायत वालवालिका सम्बन्धी कानुनी प्रावधानका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५.५.४.२ हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ।

५.५.४.३ गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना निर्धारणगरीबाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागितासँग सम्बन्धित सवै कार्यक्रम समय तालिकाका आधारमा सञ्चालन व्यवस्थापन गर्ने।

५.५.४.४ बालविवाह र बालअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन।

५.५.४.५ सडक तथा वेवारिसे वालवालिकाको उद्धार तथा संरक्षण।

५.५.४.६ बालअधिकार समितिको संस्थागत तथा क्षमता विकास।

५.५.४.७ बालक्लव गठन तथा सञ्चालन

५.५.४.८ किशोरकिशोरीका लागि जीवनोपयोगी सीप विकास तालिम।

५.५.४.९ अभिभावक सचेतना कार्यक्रम सञ्चालन।

५.५.४.१० बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम।

५.५.४.११ बाल कोष स्थापना तथा सञ्चालन।

५.५.४.१२ मनोविमर्श सेवा, स्थानीय तहमा बालउद्यान, बालपुस्तकालय, बालसहभागितासँग सम्बन्धित बाल क्लव तथा बालसंजालको स्थापना र संस्थागत सुदृढीकरण।

| बालबालिका तथा किशोरकिशोरी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बालबालिका तथा किशोरी सम्बन्धी नीति तथा कानुन तर्जुमा | संख्या | | १ | - | - | - | - | १ |
| २. | बहुक्षेत्रीय पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ३. | किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ४. | पूर्ण खोप सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ५. | बालविवाह तथा किशोर किशोरी सचेतना कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ६. | जोखिममा परेका बालबालिकाको लागि पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन | संख्या | | - | - | १ | - | - | १ |
| ७. | यौन तथा प्रजनन अधिकार,वालविवाह सम्बन्धी सचेतना कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ८. | बाल क्लब तथा सञ्जाल गठन एवं परिचालन | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ९. | एक वडा एक वाल उद्यान निर्माण | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| १०. | बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११. | सार्वजनिकस्थल र विद्यालयमा बालमैत्री भौतिक संरचना निर्माण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२. | बालअधिकार समिति गठन र परिचालन | संख्या | | १ | - | - | - | - | १ |

### ५.५.५ प्रमुख कार्यक्रम

१. सचेतनामूलक कार्यक्रम सञ्चालन

२. उद्धार तथा संरक्षण र पुनर्स्थापनाका लागि विशेष व्यवस्था

३. बाल क्लव गठन तथा सञ्चालन

४. बाल कोष स्थापना तथा सञ्चालन

५. अभिभावक सचेतना कार्यक्रम

६. बालमैत्री स्थानीय शासन प्रबर्द्धन

### ५.५.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य भएको हुने बालमैत्री शासनको अभ्यास भएको....., बालबालिका उद्यान सञ्चालन भएका......, .....सूचना केन्द्र स्थापना भएका, बालबालिका तथा किशोरकिशोरी मैत्री गाउँपालिका भएको हुनेछ।

## ५.६ ज्येष्ठ नागरिक

### ५.६.१ पृष्ठभूमि

जेष्ठ नागरिकको उचित सम्मान र संरक्षण गरी आत्मसम्मानमा अभिबृद्धि गर्नु र सम्मानजनक जीवनयापनको अवसर प्रदान गर्नु गाउँपालिकाको कर्त्तब्य तथा दायित्व हो। संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्थागरीराज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ। जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्ने वातावरण बनाउने, जेष्ठ नागरिक मिलन केन्द्र, कानुनी सहायता केन्द्र, स्वास्थ्य उपचार केन्द्र व्यवस्थापन र सञ्चालन गर्ने सार्बजनिक सेवामा सहुलियत, औषधोपचार, सामाजिक सुरक्षा भत्ता लगायतका विविध बिषयमा गाउँपालिकाले उपयुक्त नीति, योजना तथा कार्यक्रम निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

### ५.६.२ प्रमुख समस्या तथा चुनौती

ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, उनीहरूको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न नसक्नु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, परिवारको बाबुआमाप्रति पूरा गर्नु पर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, अनुकूलन प्रकृतिका भौतिक पूर्वाधार र सामाजिक संरक्षणका कार्यक्रम सञ्चालन नहुनु, संयुक्त परिवारको परम्परागत संस्कारमा विचलन आउनु आदि यस क्षेत्रमा रहेका समस्या तथा चुनौती हुन्।

**अवसर**

ज्येष्ठ नागरिकको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सृजना हुँदै जानु, तीनै तहका सरकारको नीति, कानुन तथा योजनामा ज्येष्ठ

नागरिकका सवाललाई सम्वोधन गरिनु, सामाजिक विकास संघ र संस्था परिचालित हुनु, सबै तहका सरकारले सामाजिक संरक्षणका कार्यक्रम सालबसालीरुपमा कार्यान्वयन गर्नु, सूचना प्रविधिको विकासले जीवनयापनमा सरलता ल्याउनु आदि यस क्षेत्रका अवसर रहेका छन्।

## ५.६.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

ज्येष्ठ नागरिकको उचित सम्मान र संरक्षण।

**लक्ष्य**

ज्येष्ठ नागरिकको जीवन सम्मानित, र सुरिक्षत बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई संस्कार र समाज रुपान्तरणमा उपयोग गर्ने।

**उद्देश्य**

१. ज्येष्ठ नागरिकको उचित सम्मान र संरक्षण गर्नु।
२. उनीहरुको ज्ञान, सीप र अनुभवलाई विकासको लागि उपयोग गर्नु।
३. परम्परागत संस्कार संस्कृतिका सबल पक्षलाई पुनर्जीवित तुल्याउनु।

## ५.५.४ रणनीति र कार्यनीति

५.५.४.१ जेष्ठ नागरिक सामाजिक सुरक्षासँग सम्बन्धित नीति तथा कानुन तर्जुमा र परिमार्जन गर्ने

५.५.४.२ जेष्ठ नागरिक, एकल महिला तथा अनाथ र असहाय बालबालिका एकीकृत ग्राम निर्माण व्यवस्थापन तथा मिलन केन्द्रका लागि आवश्यक जग्गा जमिन तथा स्थानको ब्यवस्था गर्ने

५.५.४.३ आर्थिक स्रोतको व्यवस्थापन गर्ने

५.५.४.४ प्रत्येक वडामा कम्तिमा १/१ वटा एकीकृत सेवा सुविधा) दिवा सेवा, स्वास्थ्य सेवा, कानुनी सेवा लगायतका सेवा सुविधा (सहितको जेष्ठ नागरिक मिलन केन्द्र तथा चौतारीको स्थापना र सञ्चालन गर्ने

५.५.४.५ असहाय जेष्ठ नागरिक, बालबालिका र एकल महिलाका एक्लोपनाको अन्त्यका लागि पारिवारिक वातावरण र सेवा सुविधा सहितको एकीकृत ग्राम तथा आवास गृह निर्माण तथा सञ्चालन व्यवस्थापन गर्ने

५.५.४.६ जेष्ठ नागरिक स्वास्थ्य उपचार कोषको स्थापना गरी असहाय जेष्ठ नागरिकका लागि स्वास्थ्य उपचार तथा गरिव तथा विपन्न बर्गका जेष्ठ नागरिक लागि निःशुल्क औषधिको ब्यवस्था मिलाउने।

आफ्नो ज्ञान, शिप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुर्‍याएको योगदानका आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन व्यवस्थापन गर्ने

५.५.४.७ सामाजिक सुरक्षा भत्ता एवं परिचय पत्र वितरणलाई सहज र सर्वसुलभ बनाउने

५.५.४.८ जेष्ठ नागरिकको लागि स्वास्थ्य अभ्यास) योग अभ्यास (केन्द्र स्थापना र सञ्चालन गर्ने

५.५.४.९ जेष्ठ नागरिकलाई धार्मिकस्थल, पर्यटकीय स्थाल लगायतका स्थानमा भ्रमणको व्यवस्था मिलाउने

५.५.४.१० सार्वजनिकयातायातका साधनमा जेष्ठ नागरिकलागि निःशुल्क आवत जावतको व्यवस्था मिलाउने

५.५.४.११ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ।

५.५.४.१२ आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको थप प्रवर्द्धन गरिनेछ।

५.५.४.१ 3सामाजिक सुरक्षा भत्ता लगायतका सुविधा बैंकिङ्ग प्रणालीमार्फत उपलब्ध गराउने।

| ज्येष्ठ नागरिक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | ज्येष्ठ नागरिक सम्बन्धी नीति तथा कानुन र तर्जुमा एवं कार्यान्वयन | संख्या | | २ | - | - | - | - | २ |
| २. | ज्येष्ठ नागरिकका सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | ज्येष्ठ नागरिकप्रति परिवार, समाज र राज्यको दायित्व सम्बन्धमा सचेतनामूलक कार्यक्रम | | | | | | | | |
| ४. | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन | संख्या | | - | - | १ | - | - | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम | संख्या | | - | १ | - | - | - | १ |
| ६. | ज्येष्ठ नागरिक आश्रमको सुदृढीकरण | संख्या | | - | १ | - | - | - | १ |
| ७. | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |

### ५.६.५ प्रमुख कार्यक्रम

१. ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण
२. जेष्ठ नागरिक मिलन केन्द्र तथा चौतारीको स्थापना र सञ्चालन
३. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण
४. २ स्वास्थ्य अभ्यास (योग अभ्यास) केन्द्र स्थापना र सञ्चालन गर्ने
५. विपन्न तथा असहाय र लक्षित समूहका लागि १ जीवनआश्रमको व्यवस्था गर्ने।

### ५.६.६ अपेक्षित उपलब्धि

पाका नागरिकलाई सम्मान र गौरवान्वित हुनेगरीनीति कानुनको तर्जुमा एवं परिमार्जन भएको, ......जीवनआश्रमको सञ्चालन गरिएको,...... स्वास्थ्य अभ्यास) योग अभ्यास (केन्द्र स्थापना र सञ्चालन गरिएको, ज्येष्ठ नागरिकको जीवन सम्मानित र सुरिक्षत बनाई उनीको ज्ञान, सीप र अनुभव असल सामाजिक सांस्कृतिक परम्पराको पुनर्जीवन्त भएको हुनेछ।

## ५.७ अपाङ्गता भएका व्यक्ति

### ५.७.१ पृष्ठभूमि

संविधान तथा कानुनले अपाङ्गता भएका व्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहितको सम्मानजनक जीवनयापनको अधिकारलाई स्थापित गरेको छ। अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, उचित सम्मान र उपयुक्त अवसर प्रदानगरीअपाङ्गता भएका व्यक्तिको अधिकारलाई संरक्षण गर्न गाउँपालिकाले ठोस नीति, योजना तथा कार्यक्रम तयारगरीअगाडि बढ्न आवश्यक रहेको छ।

### ५.७.२ प्रमुख समस्या तथा चुनौती

अपाङ्गतामैत्री शिक्षा र शैक्षिक पूर्वाधार अभावमा अपाङ्गता भएका वालवालिका विद्यालयको पहुँचबाट बाहिरिनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी उपलब्ध गराउन नसक्नु, सामाजिक सहभागिता र आय आर्जनका

अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, भौतिक संरचना अपाङ्गमैत्री नहुनु, सूचना तथा सञ्चार प्रविधि अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती रहेका छन्।

**अवसर**

नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिको हकको प्रत्याभूति गरिनु; राष्ट्रिय तथा स्थानीय परिवेशमा अपाङ्गता भएका व्यक्तिप्रतिको धारणामा परिवर्तन आउनु; उनीहरुको आत्मसम्मान, रोजगारी, आवतजावत, शैक्षिक अवसरमा सहज हुनेगरीनीति कानुनको तर्जुमा र पालनाको प्रवृत्तिमा बढोत्तरी हुनु; सूचना प्रविधिको विकासले दैनिक जीवनयापनमा सहजीकरण गर्नु; सडक, भवन जस्ता भौतिक पूर्वाधार निर्माणमा अपाङ्गतामैत्री बनाउने नीतिगत तथा प्रचलन बढ्नु; राजनीतिक, प्रशासनिक, सामाजिक क्षेत्रमा यस्ता वर्गका लागि विशेष संरक्षण र सहभागिताको सुनिश्चितता गरिनु महत्त्वपूर्ण अवसरकारूपमा रहेका छन्।

### ५.७.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

अपाङ्गता भएका व्यक्तिको राजनैतिक, आर्थिक, सामाजिक अधिकार सहितको मर्यादित जीवन।

**लक्ष्य**

अपाङ्गता भएका व्यक्तिको सबै अवसरमा पहुँच स्थापितगरीमर्यादित जीवन जीउने वातावरण सिर्जना गर्ने।

**उद्देश्य**

अपाङ्गता भएका व्यक्तिको राजनैतिक, आर्थिक, सामाजिक अधिकार मार्फत अवसरमा पहुँच स्थापित गरी मर्यादित जीवन जीउने वातावरण सिर्जना गर्नु।

### ५.७.४ रणनीति र कार्यनीति

५.७.४.१ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माणगरीप्रभावकारी कार्यान्वयन गर्ने।

५.७.४.२ गाउँपालिकाभित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको अभिलेख व्यवस्थापन गर्दै क्षमता पहिचान गर्ने।

५.७.४.३ अपाङ्गको अधिकार र क्षमता उपयोगका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

५.७.४.४ अपाङ्गताको पहिचानगरीसहायक तथा सहयोगी सामग्री वितरण गर्ने

५.७.४.५ सीप विकास केन्द्रको स्थापना र सञ्चालन गर्ने

५.७.४.६ अपाङ्गबाट प्रवर्द्धित तथा सञ्चालित साथै अपाङ्गले मात्र रोजगारी प्राप्त गर्नेगरीएक नमूना उद्योग वा व्यापार वा व्यवसाय सञ्चालन व्यवस्थापनमा गाउँपालिकाले सहयोग र साझेदारी गर्ने

५.७.४.७ अपाङ्गताको प्रकारका आधारमा परिचय पत्र वितरण गर्ने

५.७.४.८ पूर्ण अपाङ्ग भई क्षमताको प्रयोग गर्न नसक्ने भएका व्यक्तिका लागि पोषण सहयोग कार्यक्रम सञ्चालन गर्ने साथै स्वास्थ्य उपचारको ब्यवस्था मिलाउने

५.७.४.९ अपाङ्गता सचेतनाका लागि सन्देशमूलक सामग्रीको उत्पादन।

५.७.४.१० आपत्कालीन अपाङ्गता कोषको स्थापना र सञ्चालन।

५.७.४.११ संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्दै अपाङ्गता सम्बन्धी संघ संस्थाको नियमन।

५.७.४.१२ अनुगमन तथा मूल्याङ्कन, अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको क्षमता बृद्धि।

५.७.४.१३ पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन।

| अपाङ्गता भएका व्यक्ति | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिको लागि सहायता कक्ष )Help Desk) स्थापना तथा सञ्चालन | संख्या | | ८ | - | - | - | - | ८ |
| २. | अपाङ्गतामैत्री शिक्षण सिकाई प्रवर्द्धन कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ४. | अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण सम्बन्धी नीति तथा कानुन निर्माण | संख्या | | २ | - | - | - | - | २ |
| ५. | अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन सचेतना कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ६. | अपाङ्गता भएका व्यक्तिलाई सरकारी तथा निजी क्षेत्रमा रोजगारीको पहुँच पुर्याउन क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ७. | अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री वितरण | संख्या | | ८ | - | - | - | - | ८ |
| ८. | अपाङ्गता भएका व्यक्तिका लागि सशक्तीकरण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ९. | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिका परिवारका लागि जीविकोपार्जन सहयोग | संख्या | | १ | १ | १ | १ | १ | ५ |

### ५.६.५ प्रमुख कार्यक्रम

१. आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन
२. सीप विकास केन्द्रको स्थापना र सञ्चालन
३. पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन
४. परिचय पत्र वितरण

### ५.६.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा अपाङ्गता भएका व्यक्तिको राजनैतिक, आर्थिक, सामाजिक अधिकारलाई सुनिश्चित एवं सुरक्षित बनाउन संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा आवश्यक नीति कानुनको तर्जुमा भएको; सीप विकास तथा पुनर्स्थापना केन्द्रको स्थापना भएको; यसप्रकारका व्यक्तिको क्षमता, सीप, योग्यता, फरकपनाको अभिलेखाङ्कन भएको; सार्वजनिक पूर्वाधार निर्माण अपाङ्गतामैत्री भएको; सामाजिक, आर्थिक, सांस्कृतिक अवसरमा पहुँच स्थापितगरीमर्यादित जीवन जीउने वातावरण सिर्जना भएको हुनेछ।

## ५.८ लैंगिक समानता तथा महिला सशक्तीकरण

### ५.८.१ पृष्ठभूमि

लिंगको आधारमा हुने सबै प्रकारका बिभेदलाई अन्त्य गरी गाउँपालिकाको नीति निर्माण तथा हरेक क्रियाकलापमा सहभागी हुन पाउने अवसरको सिर्जना गरी लैंगिक समानता तथा महिला सशक्तीकरण गर्नु पर्ने दायित्व तथा जिम्मेबारी गाउँपालिका समक्ष रहेको छ। संविधान तथा कानुनले लैङ्गिक विभेदको अन्त्य गरी महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेका छन्। राष्ट्रिय, प्रादेशिक तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको विषय समावेश भएको छ। महिलाको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाउने उपयुक्त अवसरको सिर्जनागरीसामाजिक समानता कायम गर्न ठोस नीति, योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेकोछ।

### ५.८.२ प्रमुख समस्या तथा चुनौती

पुरूष प्रधान रहेको नेपाली समाजमा महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, लैङ्गिक, सोंच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालिकामाथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, प्रदेश र स्थानीय तहबीच लैङ्गिक समानता सम्बन्धी नीति, योजना तथा कार्यक्रममा सामञ्जस्यता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कार महिलामैत्री नहुनु, , राजनैतिक दलमा समेत महिलाको समान हैसियत कायम नहुनु, सम्पतिमाथि महिलाको पहुँच स्थापित गर्नु, महिला अधिकारका क्षेत्रमा वनेका कानुनको प्रभावकारी कार्यान्वयन गर्नु यस क्षेत्रका समस्या तथा चुनौती हुन्।

**अवसर**

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, लैङ्गिकमैत्री संविधान तथा देशमा लैङ्गिकमैत्री नीति तथा कानुन निर्माण हुनु, राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, राष्ट्रिय महिला आयोगको संवैधानिक अधिकार सहित क्षेत्राधिकार वृद्धि हुनु, केन्द्रमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत हुनु, सामाजिक संघ संस्था क्रियाशील रहनु आदि यस क्षेत्रका अवसर हुन्।

## ५.८.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

लैङ्गिक समानता र महिला सशक्तीकरणमा अग्रणी गाउँपालिका।

**लक्ष्य**

लैङ्गिक बिभेदको अन्त गर्ने।

**उद्देश्य**

१ . गाउँपालिकाको नीति निर्माण तथा विकास प्रकृयामा महिलाको नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा पहुँच सुनिश्चित गर्नु।

२ . महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्यगरीसमतामूलक समाज निर्माण गर्ने।

## ५.८.४ रणनीति र कार्यनीति

५.८.४.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति तर्जुमागरीकार्यान्वयन गरिनेछ।

५.८.४.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सरल, सहज, प्रभावकारी र पहूँच योग्य बनाइनेछ।

५.८.४.३ लैङ्गिक हिंसा मुक्त क्षेत्र घोषणा गर्न योजना तथा कार्यक्रम निर्माणगरीलैगिंक उत्तरदायी बजेटको ब्यवस्था गरिनेछ।

५.८.४.४ हिंसा पीडित तथा प्रभावित महिलाको राहत तथा उद्धारको पुर्नस्थापना केन्द्र सञ्चालन गरिनेछ।

५.८.४.५ उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

५.८.४.६ महिला सहकारी संस्थालाई महिलाका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सृजना गरिनेछ।

५.८.४.७ सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

| लैङ्गिक समानता र महिला सशक्तीकरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | |

| | | | २०७३/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | लैंगिक समानता प्रवर्द्धनात्मक नीति तथा कानुन तर्जुमा | संख्या | | २ | - | - | - | - | २ |
| २. | लैंगिक समानताका लागि पुरुष सहभागिता प्रवर्द्धन कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ३. | महिला, अपाङ्गता तथा अन्य अल्पसंख्यकका लागि प्रतिस्पर्धात्मक परीक्षा तयारी कक्षा सञ्चालन | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| ४. | लैंगिक तथा यौनिक अल्पसंख्यकप्रतिको विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५. | लैंगिक हिंसा पीडितको लागि कानुनी उपचारको व्यवस्था गर्न | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | लैंगिक उत्तरदायी शासन कायम गर्न प्रवर्द्धनात्मक कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७. | लैंगिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयनमा सामाजिक कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८. | एकल, पिछडिएका तथा विपन्न महिला संरक्षण तथा सशक्तीकरण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ९. | महिला विकास कार्यक्रमद्वारा प्रवर्दन महिला संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | महिलाले गर्ने घरायसी कामको समय र श्रमको वचत गर्ने प्रविधिको प्रयोगमा प्रोत्साहन कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ११. | सुरक्षित मातृत्व र प्रजन्न अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| १२. | महिलाहरूको लागि सीप तथा व्यवसायिकता विकास तालिम एवम् महिला उद्यमीको लागि सहुलियत ऋण प्रदान गर्ने | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| १३. | लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकको निर्माण तथा प्रभावकारी अनुगमन मूल्यांकन र नियम गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## प्रमुख कार्यक्रम

१. लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति तर्जुमागरीकार्यान्वयन

२. लैगिंक उत्तरदायी बजेटको व्यवस्था

३. राहत तथा उद्धारको पुर्नस्थापना केन्द्र सञ्चालन

४. महिला सहकारी संस्थाको सुदृढीकरण

५. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम

### ५.८.५ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा गाउँपालिकाको राजनैतिक, आर्थिक, सामाजिक जस्ता क्षेत्रको नीति निर्माण तथा विकास प्रकृयामा महिलाको नेतृत्वदायी भूमिका विकास भई स्रोत, साधन, अवसर तथा लाभमा पहुँच स्थापित भएको; लैङ्गिक हिंसा मुक्त क्षेत्र घोषणा गर्न योजना तथा कार्यक्रम निर्माणगरीलैगिंक उत्तरदायी बजेटको व्यवस्था भएको; सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यकाभान्वित भएका जनसंख्या ला..... कार्यक्रमबाट ....... हुनेछन्।

## ५.९ सामाजिक सुरक्षा तथा संरक्षण

### ५.९.१ पृष्ठभूमि

संविधानले नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई सुनिश्चित गरेको छ। नेपाल सरकारले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षितगरीस्वास्थ्य उपचार सेवा, स्वास्थ्य बीमा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ। गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै यसका अतिरिक्त सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ वनाउन आवश्यक देखिन्छ।

### ५.९.२ प्रमुख समस्या तथा चुनौती

गाउँपालिकामा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधनको अपर्याप्त हुनु, सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी व्यवस्थापन नहुँदा संघ, प्रदेशसँगको समन्वय प्रभावकारी नहुनु, गाउँपालिकामा सम्बन्धित नीति तथा कानुनी पूर्वाधारको अपर्याप्त हुनु, सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत् तथ्याङ्कको व्यवस्थापन गर्नु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन्।

**अवसर**

नेपालको संविधानले सामाजिक सुरक्षा तथा संरक्षणको विषयलाई मौलिक हककोरूपमा व्यवस्था गर्नु, सामाजिक सुरक्षा तथा संरक्षणको विषय तिनै तहका सरकार साझा अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू हुनु, सामाजिक सुरक्षा कोष ऐनको स्थापना गरिनु, निजी क्षेत्र संस्थागत सामाजिक उत्तरदायित्वप्रति गम्भिर रहनु, एकीकृत सूचना प्रणालीलाई लागू गरिनु जस्ता यस क्षेत्रका अवसर हुन्।

## ५.९.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

सम्मानजनक जीवनयापनका लागि सामाजिक सुरक्षा प्रणाली।

**लक्ष्य**

सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमलाई प्रभावकारी वनाउनु।

**उद्देश्य**

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा लक्षित वर्गका नागरिकको पहुँच सुनिश्चितगरीसम्मानजनक जीवनयापनका अवसर प्रदान गर्नु।

## ५.९.४ रणनीति र कार्यनीति

५.९.४.१ संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्यगरीज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका ब्यक्ति, लोपोन्मुख समुदायका नागरिक, दलित बालबालिका लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।

५.९.४.२ लक्षित बर्गको सूचना तथा तथ्यांक अद्यावधिकगरीविकास कार्यक्रम तथा आयोजनामा लक्षित वर्गका सामाजिक सुरक्षा सवाललाई मूलप्रवाहीकरण गरिनेछ।

५.९.४.३ हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५.९.४.४ समाजमा परम्परागत संस्कृतिकारुपमा जरा गाडेर बसेका सामाजिक कुरीति तथा विकृति निमिट्यान्न पार्ने र मर्यादित जीवनबारे शैक्षिक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

| सामाजिक सुरक्षा र संरक्षण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा कार्यक्रममा सहजीकरण जेष्ठ नागरिक), एकल महिला, अपांगता, लोपोन्मुख, दलित आदि ( | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| २. | सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| ३. | सामाजिक सुरक्षा तथा लक्षित वर्गको पहिचान र एकीकृत सूचना प्रवाह | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानुन र मापदण्ड निर्माण तथा नियमन | संख्या | | २ | - | - | - | - | २ |
| ५. | नेपाल सरकारको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि गर्न सहयोग गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | सामाजिक सुरक्षा कार्यक्रममा बहुनिकायगत समन्वय | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७. | परम्परागत सामाजिक कुरीति विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | संख्या | | २ | २ | २ | १ | १ | ८ |
| ८. | मयादित सामाजिक जीवनका लागि विद्यालयमा आधारित कार्यक्रम सञ्चालन गर्ने | संख्या | | २ | २ | २ | १ | १ | ८ |

### ५.९.५ प्रमुख कार्यक्रम

१. सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन

२. प्रत्यक वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन

३. सामाजिक संरक्षण गर्नुपर्ने जनसंख्याको वडा अनुसार र प्रकृति अनुसारको लगत संकलन तथा अध्यावधिक

४. सामाजिक संरक्षणमा आवद्ध जनसंख्याको विद्युतीय प्रणालीमा राखी नीति योजना र बजेट तर्जुमा गर्दा तथ्याङ्कको उपयोग

५. १० वर्ष पछि अर्जुचौपारी गाउँपालिकामा महिला र पुरुषमा समान्ता ल्याउने

६. आर्थिकमा आत्मनिर्भर बनाउन महिलाहरुलाई सिपमुलक तालिमको व्यवस्था गर्ने

७. महिलाहरुलाई राजनैतिक कार्यक्रममा सहभागी गराउने

८. संविधानमा उल्लेख भए अनुसार लैङिक विभेदको अन्त्य गर्ने

९. सामाजिक सुरक्षा भत्ता (वृद्ध, विधवा, अपाङग) लाई रु ५०००÷– पु—याई घरघरमा प्रदान गरिनेछ ।

१०. सम्पुर्ण घर परिवारको बैङकमा निःशुल्क खाता खोली आधुनिक बैङकिङ प्रणलिमार्फत अभिलेखीकरण गरिनेछ ।

११. यस अर्जुनचौपारी गाउँपालिकाअन्तगत वैदेशिक रोजगारीमा रहेका व्यक्ती दुर्घटना वा भवितव्यमा परेमा उसको परिवारको लागि अर्जुनचौपारी वैदेशिक रोजगार राहतकोष स्थापना र परिचालन गरी राहत उपलब्ध गराइनेछ ।

१२. यस गाउँपालिकामा रहेका क्लव सरकारी समुह सबैलाई व्यवस्थित प्रभावकारी र जनउत्तरदायी बनाई संस्थागत विकासको पहल गरी आवश्यक सहयोग प्रदान गरिनेछ ।

१३. बालबालिकाहरुलाई लक्षित गरी विद्यालयमा योग तथा नैतिक शिक्षाका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. दलित बस्ती भएका स्थानहरुमा जनप्रतिनिधिलाई बारम्बार उपस्थित गराई उनिहरुको जिवनस्तर उकास्न विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्नका लागि प्रोत्साहन गर्ने कार्यक्रम अगाडी बनाईनेछ ।

१५. विद्यालयमा शिक्षक कर्मचारीको पद रिक्त रहेमा योग्यता पुगेका दलितहरुलाई पहिलो प्राथमिकता दिई त्यहाको शैक्षिक स्तर सुधार्न ठोस कदम चालिनेछ ।

### ५.९.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा लक्षित वर्गका नागरिकको पहुँच सुनिश्चित भएको; सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएको; वडातहमा जनचेतनामूलक कार्यक्रम सञ्चालन ...... गरी समाजमा रहेका कुरीति र विकृतिको परम्परामा आमूल सुधार हुन गई सम्मानजनक जीवनयापनका अवसर स्थापित भएको हुनेछ।

## ५.१० सामाजिक संघसंस्था

### ५.१०.१ पृष्ठभूमि

सामाजिक संघ संस्था गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका सहयोगी तथा साझेदारकोरूपमा सहकार्य गर्दै आइरहेका छन्। सामाजिक संघ संस्थालाई एउटै छातामुनि समेटी विकास प्रयासमा लगाउने वातावरण निर्माण गर्नु र उनीहरुबाट प्रवाह हुने स्रोतको उपयोगलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी पारदर्शी बनाई प्रभावकारी सेवा र जनताको जीवनस्तरमा सुधार गर्ने गराउनेतर्फ जोड दिनु आवश्यक छ। गाउँपालिकाको नीति तथा योजनामा सामाजिक संघ संस्थाको कार्यक्रममा दोहोरोपना आउन नदिन सामाजिक संघसंस्थासँग नीति योजना र कार्यक्रममा समन्वय सहकार्य तथा साझेदारीमा विश्वासको वातावरण अझ फरकिलो बनाउनुपर्ने आवश्यकता रहेको छ।

### ५.१०.२ प्रमुख समस्या तथा चुनौती

गाउँपालिका र सामाजिक संघ संस्थाबीचको सहकार्यका क्षेत्रलाई पारदर्शी र प्रभावकारी बनाउन नसक्नु, सामाजिक संघ संस्थाको कार्यक्रममा दोहोरोपना हुनु, परियोजनाको प्रभावकारी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन नहुनु, एकीकृत सूचना तथा तथ्याङ्क प्रणाली नहुनु, सामाजिक संघसंस्थामा आन्तरिक सुशासनको कमी हुनु, सामाजिक संघसंस्थामार्फत् वैदेशिक सहायता परिचालन भैरहेको भए तापनि लगानी अनुसार अपेक्षित प्रतिफल हासिल हुन नसक्नु, यस क्षेत्रका समस्या तथा चुनौती हुन्।

**अवसर**

संविधान तथा कानुनले सामाजिक संघसंस्थालाई विकास साझेदारकोरूपमा अधिकार प्रदान गर्नु, आर्थिक सामाजिक विकासको क्षेत्रमा सामाजिक संघसंस्था खुल्ने क्रम बढ्नु र गाउँपालिकामा समेत कार्य गर्न आकर्षित

हुनु, सार्वजनिक नीति कानुनमा सामाजिक संघसंस्थामार्फत सेवा तथा कार्य सञ्चालन गर्न सकिने गरिने प्रबन्ध मिलाइनु यस क्षेत्रका अवसर हुन्।

### ५.१०.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

गाउँपालिकाको आर्थिक सामाजिक विकासमा सामाजिक संघसंस्था।

**लक्ष्य**

सामाजिक संघ संस्थालाई विकास साझेदारको परिचालनगरीसामाजिक तथा आर्थिक विकास गर्ने।

**उद्देश्य**

गाउँपालिकाको प्राथमिकताको आर्थिक सामाजिक क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु।

### ५.१०.४ रणनीति र कार्यनीति

५.१०.४.१ सामाजिक संघसंस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा गरिनेछ।

५.१०.४.२ सामाजिक संघसंस्थाले सञ्चालन गर्ने वजेट तथा कार्यक्रमलाई गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समाबेशगरीसञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ।

५.१०.४.३ सामाजिक संघसंस्थाबाट गाउँपालिकामा सञ्चालन गरिने कार्यक्रमको आचारसंहिता तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

५.१०.४.४ सामाजिक संघसंस्थाबाट सञ्चालित हुने कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा जनसहभागिता सुनिश्चित गरिनेछ।

५.१०.४.५ सामाजिक संघसंस्थाका कार्यक्रमलाई पारदर्शी बनाउने र सञ्चालित कार्यक्रमलाई उपलब्धिमूलक बनाउने प्रयास गरिनेछ।

५.१०.४ सामाजिक 6.संघसंस्थालाई मर्यादित, अनुशासित र सुशासनयुक्त बनाउन अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ।

### ५.१०.५ प्रमुख कार्यक्रम

१. आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा

२. सामाजिक संघसंस्थाबाट सञ्चालित हुने कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा जनसहभागिता सुनिश्चितता

३. गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समाबेशगरीसञ्चालन गर्ने

४. सामाजिक संघसंस्थाको तथ्याङ्क क्रियाकलाप प्रतिवेदनलाई निश्चित मापदण्डमा आधारित बनाउने

### ५.१०.६ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा सामाजिक संघसंस्था परिचालन, व्यवस्थापन र नियमन प्रणाली सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गरिएको हुने; गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा सामाजिक संघसंस्थामार्फत परिचालित हुने बजेट समावेश भएको हुने; निश्चित मापदण्डमा आधारित रही संघसंस्था दर्ता नवीकरण कार्यक्रम सञ्चालन प्रतिवेदनबाट आर्थिक अनुशासनमा सुधार भएको हुने; गाउँपालिकाको प्राथमिकताको आर्थिक सामाजिक क्षेत्रमा सामाजिक संघसंस्थाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।

# परिच्छेद ६
# भौतिक पूर्वाधार

## ६.१.१ पृष्ठभूमि

भौतिक पूर्वाधार आर्थिक, सामाजिक र प्राविधिक विकासको निर्माण आधारस्तम्भ हो। स्थानीय आवश्यकता, माग र सम्भावनामा आधारित भौतिक संरचना निर्माण गर्नु बढी दिगो तथा नागरिकमैत्री विकासको अवधारणा हो।स्थानीय तहको विकास निर्माण खाका र कार्यान्वयनमा राष्ट्रिय र प्रदेशको प्राथमिकता र दिशा निर्देशलाई मार्ग निर्देशक सिद्धान्तकोरूपमा अवलम्बन गरिनु पर्दछ। आन्तरिक स्रोतको दिगो उपयोग हुने, रोजगारीका अवसर सिर्जना हुने, गरिबी निवारणमा सहयोग पुग्ने जस्ता क्षेत्रलाई प्राथमिकतामा राखिनु पर्दछ। कृषि उद्यमशीलता विकासलाई ध्यान दिँदै कृषि पूर्वाधार निर्माण गरिनु पर्दछ। सूचना प्रविधिको सञ्जाल भरपर्दो, किफायती, विश्वसनीय, सुरक्षित बनाउँदै नागरिकलाई यसको उपयोग तथा प्रतिफल प्राप्तिमा सहयोग हुने गरी विकास र विस्तार गरिनु पर्दछ। विद्युतीकरणलाई भरपर्दो र सस्तो सुलभ बनाइनु पर्दछ। यसले गर्दा गार्हस्थ तथा औद्योगिकीकरणमा महत्त्वपूर्ण योगदान पुग्न जान्छ। आर्थिक केन्द्रलाई मध्यनजर राख्दै शहरीकरण, दिगो, वातावरणमैत्री, रेसिलेन्ट प्रकृतिको बनाउनु पर्दछ। शहर तथा गाउँका बीचमा उत्पादन र वितरण तथा पर्यटनको विकासमा अन्तर सम्बन्ध स्थपित हुने गरी सडक, रोपवे, जीप, फ्लायर जस्ता पूर्वाधार निर्माणमा तत्परता हुनु पर्दछ। पर्यापर्यटनवरणलाई टेवा पुग्ने आर्थिक समृद्धिमा योगदान पुग्ने गरी अनुकूल प्रकृतिका पूर्वाधार निर्माणमा लगानी केन्द्रित गरिनु पर्दछ। वैदेशिक रोजगारीको माध्यमबाट युवा जनशक्तिले आर्जन गरेको सीप, अनुभव, व्यवस्थापकीय कौशल, दक्षता, पुँजी, प्रविधिको उपयोगमा लाभ हुने गरी कृषि, सिँचाइ, पशुपालन, साना उद्योग, सूचना प्रविधि, उद्योगका लागि आवश्यक पर्ने विद्युत, पानी, सडक, सञ्चार, प्रविधिको विकास तथा स्तरोन्नतिमा लगानीलाई व्यवस्थित गरिनुपर्दछ।

## ६.१.२ प्रमुख समस्या तथा चुनौती

भौतिक पूर्वाधारका लागि क्षेत्रगत प्राथमिकता नतोकिनु, जथाभावी सडक विस्तार गरिनु, वातावरणीय प्रभावलाई बेवास्ता गरिनु, आर्थिक तथा सामाजिक विकाससँग पूर्वाधार निर्माणलाई तादात्म्यता नराखिनु, स्थानीय नागरिकको माग आवश्यकता भन्दा सीमित स्वार्थ समूह प्रेरित पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनु, आवश्यकता अनुरूपको पुँजीको उपलब्धता नहुनु, दक्ष तथा अनुभवी जनशक्तिको न्यूनता हुनु, अन्तरनिकाय एवं अन्तर सरकार समन्वय कमजोर रहनु, निजी क्षेत्र पुँजी प्रविधि व्यवस्थापन उपकरणमा समयसापेक्ष सक्षम नहुनु, नागरिक समाजको निगरानी कमजोर देखिनु, मूलभूत समस्या तथा चुनौती देखिएका छन्। विशेष गरी स्थानीय आवश्यकता र क्षमताको आँकलन र विश्लेषण नगरी अन्य स्थानीय तह वा क्षेत्रको विकास मोडलको नक्कलमा बढ्ता जोड दिइनुले पनि संघीयताले अपेक्षा गरेको विकासको विशिष्टीकरणमा तालमेल नदेखिई समस्या तथा चुनौती बढिरहेका छन्।

### ६.१.३ अवसर

स्थानीय नागरिकले प्राप्त गरेको अहिलेको सबैभन्दा ठूलो अवसर संघीय शासन प्रणाली हो। संघीय शासन प्रणालीका कारण स्थानीय नागरिकले आफ्नो सरकार निर्माण, स्थानीय स्रोत तथा साधनको दिगो परिचालनमा प्रत्यक्ष सहभागी हुन पाउने अवसर प्राप्त गरेका छन्। आफ्ना आयोजना छनौटमा सहभागिता तथा प्राथमिकता निर्धारणमा योगदान गर्न सकेका छन्। पूर्वाधार निर्माणमा अनुगमन तथा खबरदारी गरी समयमै गुणस्तरीय पूर्वाधार निर्माणमा सहयोग गरिरहेका छन्। भौतिक पूर्वाधार निर्माणमा रोजगारीका अवसर प्राप्त गर्ने लाभको उपयोग गर्ने कार्यान्वयनमा प्रत्यक्ष सहभागी हुन सक्ने अवसर प्राप्त गरेका छन्। सूचना तथा आमसञ्चारको व्यापकताले खोजमूलक पत्रकारिता तथा विश्वव्यापी सूचनाको पहुँच हुनाले विकासमा छनौटमा अवसर उपलब्ध हुन गएका छन्।

### ६.१.४ जोखिम पक्ष

आवश्यक पुँजी तथा प्रविधिको न्यूनता र व्यवस्थापकीय असक्षमताका कारण पूर्वाधार निर्माण कार्य बीचमा अलपत्र छोडिने र गुणस्तरहीन पूर्वाधार निर्माण हुने जोखिम बढ्ने सम्भावना रहेको छ। यसैगरी पूर्वाधार निर्माण सन्तुलित एवं मागका आधारमा नबनी शक्ति र प्रभावका आधारमा असन्तुलित तथा अव्यवस्थित हुने खतरा बढ्न सक्ने देखिन्छ। भौतिक पूर्वाधारको लगानी विस्तार र व्यापक हुँदै गाउँबस्तीसम्म पुग्दा पूर्वाधार उत्पादनसँग नजोडिदा बसाईँसराईको तीव्रताले गाउँबस्ती रित्तिने खतरा समेत प्रबल रहेको छ। संघीय तथा प्रदेश कानुन र मापदण्ड सबै क्षेत्रमा समानरुपमा कार्यान्वयन गर्नुपर्दा स्थानीय तहले आफ्नो आवश्कता र परिस्थिति अनुकूल पूर्वाधार विकासमा फरक किसिमले अभ्यास गर्न पाउने छुट नपाउने शासकीय संरचना विद्यमान रहेको छ ।

### ६.१.५ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोंच**

पूर्वाधारमा लगानी समृद्धिको बिहानी

**लक्ष्य**

आर्थिक सामाजिक प्रविधिको समुन्नतिका लागि सन्तुलित समन्यायिक समयबद्ध तथा विवेकपूर्ण लगानी

**उद्देश्य**

१. आर्थिक बृद्धि तथा विकास हासिल गर्नु,
२. रोजगारीका अवसरको विस्तार तथा दिगो बनाउनु,

३. उद्यमशीलतको विकास तथा विस्तार गर्नु,
४. सामाजिक सूचकमा स्वस्थरूपमा सुधार गर्नु ।

### ६.१.६ रणनीति तथा कार्यनीति

१. पूर्वाधार निर्माण र विकासमा स्थानीय स्रोतको परिचालमा प्राथमिकता दिने,
२. प्रतिस्पर्धात्मक बजार तथा वातावरणलाई प्राथमिकता तथा प्रवर्द्धन गर्ने,
३. दिगो समन्यायिक सन्तुलित पूर्वाधारमा लगानीलाई व्यवस्थित तुल्याउने,
४. स्वस्थ नागरिक बनाउन असल शिक्षामा लगानी बढाउने ।

### ६.१.७ प्रमुख कार्यक्रम

१. विकास निर्माण तथा आर्थिक सामाजिक समृद्धिको इञ्जिनका रूपमा रहेको सडक पूर्वाधार निर्माण,
२. ग्राभेल सडकको स्तरोन्नति गरी पक्की सडकमा रूपान्तरण,
३. कच्ची तथा धुले एवं हिउँदयाममा सञ्चालन हुने सडकलाई स्तरोन्नति गर्दै ग्राभेल सडक बनाई वर्षैभरी सञ्चालन,
४. सार्वजनिक सेवा प्रवाहका लागि एकीकृत सार्वजनिक प्रशासन इकाई भवन निर्माण,
५. वडा केन्द्रमा वडा कार्यालय लगायतका सार्वजनिक सेवा प्रवाह गर्न एकीकृत प्रशासनिक परिसर निर्माण,
६. आधारभूत खानेपानी सेवाको उपलब्धता,
७. विद्युतीकरण नपुगेका स्थानमा बैकल्पिक ऊर्जाको व्यवस्था,
८. विद्युतीकरण पुऱ्याउन सकिने स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य तथा साझेदारीमा विद्युतीकरण,
९. कृषियोग्य भूमिमा सिँचाई सुविधा,
१०. सूचना तथा प्रविधिको भरपर्दो सुविधा विस्तार एवं सुदृढीकरण,
११. व्यवस्थित र सुरक्षित शहरी तथा ग्रामीण पूर्वाधार विकास

### ६.१.८ अपेक्षित उपलब्धि

आर्थिक विकासका लागि कृषि बजार केन्द्र व्यवस्थित भएको, सामाजिक विकासका लागि शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईका भौतिक पूर्वाधार निर्माण भएको र सांस्कृतिक विकासका लागि कलाकेन्द्र प्रतिष्ठान स्थापना भएको हुनेछ। सडक पूर्वाधार विद्युतीकरण, बैकल्पिक ऊर्जा, दिगो सुरक्षित व्यवस्थित शहरीकरणको विकास भएको हुनेछ। पक्की सडक ... किलोमिटर ग्राभेल सडक.... किलोमिटर र कच्ची धुले सडक ..... किलोमिटर निर्माण भएको हुनेछ। गाउँपालिका केन्द्रमा सार्वजनिक सेवा प्रवाहका लागि एकीकृत प्रशासनिक

प्लाजा भवन निर्माण सम्पन्न भएको हुनेछ।  ...आधारभूत सार्वजनिक विद्यालय भवन निर्माण तथा मर्मत सम्भार सम्पन्ने हुनेछन्। आधारभूत खानेपानीतर्फ..... धारा ..... वस्ती.... गाउँमा जडान भएका हुनेछन्।

## ६.२ जलविद्युत तथा ऊर्जा

### ६.२.१ पृष्ठभूमि

वातावरणीय स्वच्छताको लागि हरित ऊर्जा महत्त्वपूर्ण पूर्वाधारको रूपमा रहेको छ। आर्थिक तथा सामाजिक विकासका लागि ऊर्जाको भरपर्दो तथा आवश्यकता अनुसारको उपलब्धता हुनु पर्दछ। ऊर्जाको पर्याप्त उपलब्धताबाट मात्र औद्योगिकीकरण र व्यवसायीकरणमा सहजता सृजना हुन जान्छ। महिलाको जीवनस्तरमा सुधार, बालबालिकाको पठनपाठनमा सुधार एवं स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको प्रत्याभूति स्थापित गर्न पनि ऊर्जाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। जलविद्युतको उत्पादन प्रसारण तथा खपतको कार्यले स्थानीय रोजगारी सिर्जना, बचत, लगानी रन उद्यमशीलता प्रवर्द्धनमा योगदान पुर्‍याउँछ।

### ६.२.२ समस्या तथा चुनौती

झोलामा खोला राख्ने प्रवृत्ति, जलविद्युत आयोजना निर्माणमा लाग्ने लामो समयका कारण हुने अतिरिक्त लगानी, श्रम लागत, स्थानीय जनताबाट आयोजना कार्यान्वयनमा हुने अवरोध, आयोजनाका लागि आवश्यक पर्ने बजेटको अपर्याप्तता, व्यवस्थापन, प्रविधि, उपकरण, दक्ष जनशक्तिको न्यूनता, आपूर्ति अनुसारको बजारको खोजी नगरिनु, बैदेशिक लगानी आकर्षित नहुनु, विप्रेषण आय यसमा लगानी लागि उत्प्रेरित नहुनु, ऊर्जाको वहुआयामिक उपयोगका लागि सबै तहका सरकारको तयारी नहुनु जस्ता यावत समस्या तथा चुनौती विद्यमान रहेका छन्।

### ६.२.३ अवसर

प्रचुरमात्रामा रहेको जलस्रोत निरन्तर खेर गइरहेको छ। साना साना खोलानालादेखि विशाल विशाल खोलानाला रहेका छन्। महाभारत पर्वतदेखि हिमालय पर्वत तथा तिब्बतबाट समेत बगेर आउने ठूलाठूला हिमनदी छन्। वर्षायाममा धेरै परिमाण तथा हिउँदयाममा सानो परिमाणमा विद्युत उत्पादन गर्न सकिन्छ। यसैगरी, भूगोलको विविधताले गर्दा वर्षातको पानी संकलन गरेर इन्द्र सरोवर जस्तै गरी विद्युत उत्पादन गर्न सकिने अवसर पनि उत्तिकै उपलब्ध रहेको छ। संघीय सरकार तथा प्रदेश सरकारको प्राथमिकता जलस्रोत उपयोग रहेको हुँदा स्थानीय तहका लागि साझेदारी एवं सहलगानीका लागि थप अवसर रहेको छ ।

### ६.२.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

पूर्ण विद्युतीकरण, उन्नयनशीलताका लागि औद्योगिकीकरण र यान्त्रीकरण

**लक्ष्य**

जलस्रोतको वहुआयामिक उपयोग गर्दै अधिकतम ऊर्जा उत्पादन तथा उपयोग गर्ने

**उद्देश्य**

१. हरित ऊर्जाको उत्पादन तथा उपयोग बढाउनु,
२. उत्पादित विद्युतीय ऊर्जाको वहुआयामिक उपयोग गर्नु,
३. विद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु।

### ६.२.५ रणनीति तथा कार्यनीति

१. ३ मेगावाट सम्मका जलविद्युत कम्पनीलाई लाइसेन्स जारी गर्ने,
२. जलविद्युत कम्पनीलाई लाइसेन्स जारी गर्न आवश्यक सिफारिश तथा सहजीकरण गर्ने,
३. सार्वजनिक निजी साझेदारी लगानीको वातावरण बनाउने,
४. प्रसारण लाइनलाई दिगो बनाउने,
५. विद्युतको आपूर्तिको सिजन अनुसार मूल्य निर्धारण गर्ने ।

| विद्युत | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | विद्युत नपुगेका बस्तीमा वितरणका लागि विद्युत प्राधिकरणसँग सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | निजी क्षेत्रसँगको सहकार्यमा लघु जलविद्युत आयोजनामा निर्माण र लगानी | संख्या | | _ | _ | १ | १ | _ | २ |
| ३. | पुराना काठेपोल प्रतिस्थापन कार्य | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | ट्रान्सफर्मर जडान तथा स्तरोन्नति | | | | | | | | |
| ५. | विद्यत चुहावट नियन्त्रणमा सहयोग | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ६.२.६ प्रमुख कार्यक्रम

१. विद्युतीकरण .....वर्षका लागि विद्युत प्राधिकरण ............शाखासँग ....समझदारी गर्ने ।

२. .....किलोवाट लघु जलविद्युत उत्पादन गर्न स्वीकृति दिने ।

३. ....बस्ती .....वडामा विद्युतीकरण गर्ने

४. .....घरधुरी लाभान्वित हुने गरी रू. ...... अनुदान उपलब्ध गराउने ।

५. हाल प्रशारणमा रहेको २ फेज प्रशारण लाईन लाई स्तरोन्नतिगरी ३ फेज प्रशारण लाईनमा विस्तार गर्ने

६. काठ रहित विजुली पोलको व्यवस्था गर्ने

७. संघीय सरकार तथा प्रदेश सरकारसँग सबै घरधुरीमा विद्युतीकरण गर्न साझेदारी, सहकार्य र सहलगानी गर्ने।

### ६.२.७ अपेक्षित उपलब्धि

१. .... प्रतिशत घरधुरी जलविद्युतबाट लाभान्वित भएका ......घरधुरी बैकल्पिक ऊर्जाबाट लाभान्वित भएका ...... हुनेछन्।

२. विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत विस्तारका लागि ...वर्षको समझपत्रमा हस्ताक्षर भएको हुनेछ।

३. संघीय सरकार तथा प्रदेश सरकारले विद्युतीकरण कार्यक्रममा प्राथमिकता दिएको हुँदा सहलगानी तथा साझेदारी कार्य भएको हुनेछ।

## ६.३ नवीकरणीय ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जलविद्युत ऊर्जा उपलब्ध नभएका र यस्तो सुविधा पुऱ्याउन अधिक लागत पर्ने स्थानमा बैकल्पिक ऊर्जाको उत्पादन तथा वितरण बढी प्रभावकारी हुन्छ। बैकल्पिक ऊर्जाकारूपमा वायु ऊर्जा, सौर्य ऊर्जा, फोहर व्यवस्थापनबाट निस्कने ऊर्जा रहेका छन्। जनघनत्व कम रहेको र थोरै ऊर्जा आवश्यक हुने पातलो तथा छरिएर रहेको बस्तीमा अन्य ऊर्जाको सुविधा उपलब्ध गराउन भन्दा लागत, समय, स्रोत, साधन, जनशक्ति प्रविधि, पुँजी लगानीका हिसाबले अन्य ऊर्जाको तुलनामा बैकल्पिक ऊर्जा बढी भरपर्दो, लागत प्रभावी, सस्तो र दिगो हुने देखिएको छ।

### ६.३.२ समस्या तथा चुनौती

नवीकरणीय ऊर्जा उत्पादनका लागि आवश्यक पर्ने पुँजी, प्रविधि र जनशक्तिको समस्या तथा चुनौती रहेको छ। उपभोक्ता समेतको सहभागिता सहलगानीका क्षेत्रमा साझेदारी गरी उत्पादित ऊर्जालाई वितरण तथा दिगोरूपमा उपयोग एवं व्यवस्थापन गर्ने र उद्यमशीलता तथा रोजगारीका अवसर बढाउन कृषि तथा पशुपालनका लागि सहुलियत दरमा ऊर्जा उपलब्ध गराउने जस्ता समस्या तथा चुनौती व्याप्त रहेका छन्।

### ६.३.३ अवसर

सानो लगानी र पुँजीबाट उत्पादन गरी वितरण तथा उपभोगमा सरलता हुनु, स्थानीय स्रोतको उपलब्धता र मागका आधारमा ऊर्जा उत्पादन गर्न सकिनु, वातावरण संरक्षणका लागि जनस्तरमा चेतना विस्तार हुँदै जानु, गैरसरकारी क्षेत्रले यस क्षेत्रमा लगानीका लागि उत्प्रेरित रहनु, संघीय सरकारको वित्तीय तथा मौद्रिक नीतिमार्फत यसलाई प्रवर्द्धन तथा सहुलियत दिने नीति लिइनु, उपभोक्ता र स्थानीय तहको साझेदारीमा विकास तथा विस्तार गर्ने प्रचलन र अग्रसरता बढ्नु  यस क्षेत्रका लागि महत्त्वपूर्ण अवसर रहेका छन्।

### ६.३.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

नवीकरण ऊर्जाको विस्तारबाट स्थानीय तह पूर्णरूपमा उज्यालो

**लक्ष्य**

जलविद्युत ऊर्जालाई परिपूरक योगदान पुर्याउने

**उद्देश्य**

१. फोहर व्यवस्थापन तथा ऊर्जा उत्पादनलाई एकीकृत कार्यक्रमकारूपमा विकास गर्नु,

२. बैकल्पिक ऊर्जालाई महत्त्वपूर्ण ऊर्जाको आधारका रूपमा विकास गर्नु,

३. रोजगारीका अवसरका साथै ऊर्जाको वहुआयामिक उपयोगतर्फ केन्द्रित गर्नु ।

## ६.३.५ रणनीति तथा कार्यनीति

१. बस्तीबाट उत्सर्जन हुने फोहरलाई ऊर्जामा परिणत गर्न संघ तथा प्रदेश सरकारबाट समपूरक तथा विशेष अनुदान प्राप्त गर्ने,

२. दैनिक गार्हस्थ कार्य तथा साना तथा घरेलु उद्यममा ऊर्जाको उपयोग बढाउन माग र आपूर्तिको सन्तुलन मिलाउने,

३. अतिरिक्त ऊर्जा शक्ति राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोड्ने,

४. कृषि पशुपालन सिँचाई पर्यटन औद्योगिक प्रयोजनका लागि ऊर्जाको उपयोग बढाउने।

| वैकल्पिक ऊर्जा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| १. | सौर्य तथा बायु ऊर्जा उत्पादन गर्ने सकिने ठाउँ पहिचान तथा सम्भाव्यता अध्ययन | संख्या | | _ | _ | १ | १ | १ | ३ |
| २. | बिद्युत नपुगेका र तत्काल वितरण लाईन पुऱ्याउन सम्भब नरहेका घरहरूमा सौर्य ऊर्जा जडान | संख्या | | १० | १० | १० | १० | १० | ५० |
| ३. | लघु जलविद्युत निर्माण, मर्मतसम्भार तथा स्तरन्नोतिगरीसञ्चालनमा ल्याउने | संख्या | | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | नवीकरणीय ऊर्जामा आधारित रहेर सञ्चालित घरेलु उद्योग र पर्यटन व्यवसायलाई आवश्यकताका आधारमा सौर्य ऊर्जा प्रयोगको लागि प्रोत्साहन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | लिफ्ट सिंचाई आवश्यकता रहेका ठाउँमा सौर्य ऊर्जा प्रयोगको लागि प्रोत्साहन | संख्या | | _ | _ | १ | १ | १ | ३ |
| ६. | लिफ्ट खानेपानी आयोजना आवश्यकताका रहेका ठाउँमा सौर्य ऊर्जा प्रयोगको लागि प्रोत्साहन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | विद्युतीय चुलो प्रयोग प्रवर्द्धन (परिवार) | संख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० |
| ८. | सुधारिएको चुलो प्रवर्द्धन सहयोग कार्यक्रम | संख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० |

### ६.३.६ प्रमुख कार्यक्रम

१. विद्युतीकरण विस्तार गर्न ....... वर्षका लागि बैकल्पिक ऊर्जा केन्द्रको शाखा कार्यालय......सँग .. समझदारी गर्ने
२. .....किलोवाट बैकल्पिक ऊर्जा उत्पादन गर्न स्वीकृति दिने
३. ....बस्ती .....वडामा बैकल्पिक ऊर्जा जडान
४. .....घरधुरी लाभान्वित हुने गरी रू. ...... अनुदान उपलब्ध हुने
५. संघीय सरकार तथा प्रदेश सरकारसँग सबै घरधुरीमा विद्युतीकरण गर्न साझेदारी सहकार्य र सहलगानी
६. दिगो विकासको लक्ष्य भेटाउन गैरसरकारी संस्थासँग समेत साझेदारी
७. सामुदायिक विद्यालयमा बैकल्पिक ऊर्जा जडान एवं विस्तारमा सहजीकरण

### ६.३.७ अपेक्षित उपलब्धि

......प्रतिशत घरधुरी बैकल्पिक ऊर्जाबाट लाभान्वित भएका ...... हुनेछन्। बैकल्पिक ऊर्जा जडानका लागि बैकल्पिक ऊर्जा केन्द्रसँग... वर्षको समझपत्रमा हस्ताक्षर भएको हुनेछ। संघीय सरकार तथा प्रदेश सरकारले विद्युतीकरण कार्यक्रममा प्राथमिकता दिएको हुँदा सहलगानी तथा साझेदारी कार्य भएको हुनेछ। बैकल्पिक ऊर्जा जडान तथा विस्तारबाट ........सामुदायिक विद्यालय लाभान्वित भएका हुनेछन्।

## ६.४ सडक पूर्वाधार

### ६.४.१ पृष्ठभूमि

विकासको इञ्जिनकोरूपमा सडक पूर्वाधार रहेको छ। आर्थिक–सामाजिक विकासलाई गतिशील वनाउन, सर्वसाधारणलाई पुर्‍याइने सेवालाई सहज तथा सरल बनाउन र आर्थिक सामाजिक एकीकरण एवं भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक पूर्वाधारको महत्वपूर्ण योगदान रहन्छ। बाह्रै महिना सुरक्षित तवरबाट सवारी साधन सञ्चालन गर्न सकिने सडक पूर्वाधार आजको आवश्यकता हो। हिउँदे धुले सडकले एकातिर असुरक्षा थपेका छन् भने अर्कोतर्फ सवारीधनी र उपभोक्ताको लागत एवं समय महङ्गो बनाएका छन्। हालसम्म यस स्थानीय तहमा पक्की सडक (मुख्य सडक बाहेकका क्षेत्र)नभए तापनि ग्राभेल तथा कच्ची सडक भने सबै वडा केन्द्रमा पुगिसकेको छ। करिब ९० प्रतिशत जनसंख्या सडक सञ्जालभित्र रहेका छन्। आगामी दिनमा ग्राभेल सडकलाई पक्की सडकमा र कच्ची सडकलाई ग्राभेल सडकमा स्तरोन्नति गरी सुरक्षित, लागत प्रभावी र समय बचत हुने गरी सडक पूर्वाधारको विकास तथा विस्तार गर्नु गाउँपालिकाको महत्त्वपूर्ण तथा पहिलो जिम्मेवारी रहेको छ।

### ६.४.२ प्रमुख समस्या तथा चुनौती

विषम भौगोलिक बनौटका कारण खर्चिलो हुने सडक पूर्वाधार निर्माण कार्यको व्यवस्थापन गर्नु, सन्तुलित रूपमा सबै क्षेत्रको पूर्वाधार निर्माण गर्नु, निर्मित संरचनाको मर्मतसम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोत–साधनको पर्याप्त व्यवस्था गर्नु, तीव्र जनआकांक्षा अनुरूप स्रोत साधनको प्राथमिकीकरण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, वर्षैभरी सुरक्षित र भरपर्दो तवरबाट सञ्चालन हुने सडक संरचना निर्माण गर्नु, मानव सिर्जित तथा प्राकृतिजन्य विपद् एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गरी प्रभावकारिता वृद्धि गर्नु र निजी क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु प्रमुख समस्या तथा चुनौतीका रूपमा रहेका छन्। साथै, सबै तहका सरकारको लगानी एवं सडक निर्माण र अनुगमन तथा मूल्याङ्कन कार्यमा समन्वय मिलाउनु समस्या तथा चुनौती थपिएको छ।

### ६.४.३ अवसर

योजना, बजेट तथा कार्यक्रम तर्जुमा तथा स्रोत परिचालनको अधिकार संवैधानिकरूपमा प्राप्त हुनु, विकासको इञ्जिनकारूपमा सडक सञ्जाललाई लिइनु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, सडक उपक्षेत्रलाई गाउँपालिकाको विकासको उच्च प्राथमिकतामा राखिनु र विकास साझेदारको उल्लेख्य सहयोग रहनु, सडक पूर्वाधार निर्माणका लागि निजी क्षेत्र सक्षम हुँदै जानु, प्राविधिक जनशक्तिको उपलब्धता बढ्नु, अस्फाल्ड पिचको सट्टा ढलान पिच दीर्घकालीनरूपमा सस्तो हुनु, सडक पूर्वाधार निर्माण कृषि विकास, शिक्षा स्वास्थ्य क्षेत्रमा जोडिदा अन्य पक्ष समेतको लगानी बढ्नु, सडक पूर्वाधार निर्माण एवं स्तरोन्नतिका उल्लेख्य अवसर हुन्।

### ६.४.४ सोंच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

सुरक्षित र भरपर्दो सडक पूर्वाधारः आर्थिक सामाजिक क्षेत्रका सूचकमा गुणात्मक सुधार।

**लक्ष्य**

सडक सञ्जालको विस्तार गरी आर्थिक–सामाजिक विकास, कृषिमा उद्यमशीलतासँगै नागरिकको दैनिक जीवनयापन एवं व्यापार व्यवसायमा लागत र समयको बचत गर्ने।

**उद्देश्य**

१. दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु।
२. सहर तथा ग्रामीण क्षेत्रलाई शिक्षा, स्वास्थ्य, सरसफाइ र उद्यमशीलताका लागि निकट तुल्याउने।

### ६.४.५ रणनीति तथा कार्यनीति

१. सर्वसाधारण नागरिकको दैनिक आवागमन सुरक्षित एवं भरपर्दो सडक पूर्वाधार निर्माण गर्ने।
२. आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित सडक पूर्वाधारको पहुँच र सुविधा विस्तार गर्ने।
३. कृषि, उद्योग, व्यापार, जलविद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी
४. यातायात विस्तार तथा गुणस्तरीय बनाउने।
५. अन्य स्थानीय तह तथा प्रदेशका रणनीतिक सडक सञ्जालसँग आवद्धता बढाउने।
६. वडाकेन्द्रदेखि गाउँपालिका केन्द्रसम्मका सडक पक्की तथा ग्राभेल गरी वर्षैभरी सञ्चालनमा आउने बनाउने।

७. सरकार-समुदाय-निजीक्षेत्र साझेदारी, लगानी तथा सहकार्यलाई निरन्तरता एवं प्राथमिकता दिने।

८. सडक पुल निर्माणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग साझेदारी तथा सहकार्य गर्ने।

९. झोलुङ्गे पुलको निर्माण तथा विस्तारका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।

१०. वातावरणमैत्री एवं सुरक्षित पारस्थितिक प्रणालीका लागि सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गर्ने।

११. सार्वजनिक निर्माणमा सार्वजनिक–निजी साझेदारी निर्माण(पीपीपी); सञ्चालन तथा हस्तान्तरण (अपरेट एण्ड ट्रान्सफर); डिजाइन, फाइनान्स, निर्माण,सञ्चालन तथा हस्तान्तरण (डी एफ सी ओ टी) जस्ता उपयुक्त मोडल अवलम्बन गर्ने।

| सडक तथा यातायात पूर्वाधार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | यातायात पूर्वाधार विकास सम्बन्धी नीति कानुन एवं गुरुयोजना तर्जुमा तथा कार्यान्वयन | | | १ | २ | २ | - | - | ५ |
| २. | वडाकेन्द्र र गाउँपालिका केन्द्र जोड्ने मूल सडक स्तरउन्नोति तथा कालोपत्रे | संख्या | | १ | १ | १ | १ | २ | ६ |
| ३. | सडक पहुँच पुगेका तर पुल अभावको कारण वर्षायाममा यातायात सञ्चालन हुन नसकेका सडक खण्डमा मोटरेपुल निर्माणमा प्रदेश सरकारसँग सहकार्य | संख्या | | - | - | १ | १ | १ | ३ |
| ४. | गाउँपालिकाभित्रका विभिन्न सडकलाई फराकिलो, ग्राभेलिङ, घुम्ती सुधार र स्तरोन्नति गर्ने | संख्या | | २ | २ | २ | २ | २ | १० |
| ५. | गाउँपालिका क्षेत्रमा पूर्वाधार निर्माणलाई एकीकृत रुपमा सञ्चालन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | सवारी नियमको जानकारी गराउने, नियमन गर्ने र नियन्त्रण गर्नको लागि आवश्यक नीतिगत सुधार सहित कार्यक्रम कार्यान्वयन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | सडक यातायातको पहुँच नपुगेका क्षेत्रमा झोलुङ्गे पुल निर्माण | संख्या | | | १ | १ | १ | १ | ४ |
| ८. | पर्यटकीय क्षेत्रमा पदमार्ग निर्माण | संख्या | | | १ | १ | १ | १ | ४ |

### ६.४.६ प्रमुख कार्यक्रम

१. अर्जुनचौपारी –नुवार भञ्ज्याङ
२. अर्जुनचौपारी – वडा नं .२ लामडाडा, सिमल भञ्याङ
३. अर्जुनचौपारी – वडा नं .३,४,५ आरुचौर समर्मको
४. अर्जुनचौपारी – वडा नं .६ दरौँ अर्जुनचौपारी – सल्यान आग्रीखर्क
५. अर्जुनचौपारी – राम्चे, तालपोखरी घण्टे सडक खण्ड कालोपत्रे
६. अर्जुनचौपारी – सबै सडकहरु स्तरोन्नती गर्नुपर्ने
७. माझपाटा, ढिकुवा, खिलुङ सडढक खण्ड
८. लामडाँडा , टाउ घडेरी सडक खण्ड
९. मझुवा कोबरे सडक खण्ड
१०. थाउलुङ सल्यान सडक खण्ड
११. कटुसको रुख मुनि, एकानन्द गसफा सडक खण्ड
१२. ओख्ले ,काउरे, मसुरबारी, गोख्ले खेत, सिर्खु, निबुवा बोट कृषि सडक
१३. चिसापानी, रापाकोट खेवाङ सडक खण्ड
१४. गोप्ले अलैचीबारी तालपोखरी सडक खण्ड
१५. खोलाखर्क भिरकुना कृषि सडक
१६. तालपोखरी डहरे सडक खण्ड
१७. सिर्खु केटीचौर मुसुल्लबारी साहुथर कृषि सडक
१८. रापाकोट कालापानी सडक
१९. केटीचौर चिप्लेटी बयाले सडक खण्ड
२०. डहरे,बयाले घण्टे,भल्कावाङ पर्यटकिय पैदल मार्ग निर्माण
२१. शिवालय,बोस्याङ,ढुङ्गाखानी सडक
२२. बायाँखोला चैनपुर चिलाउनेखर्क भेडाबारी सडक खण्ड

२३. पुतलीबजार सतौ, दरौ आरुचौर सडक खण्ड

२४. दरौ थाप्ले सडिक
२५. अर्जुनचौपारी सिमलचौर रातामाटा मुसुरबारी बैराके सडक खण्ड
२६. सहरे तमाखुबारी सडक खण्ड
२७. अर्जुनचौपारी खाल्टे लामडाँडा सडक खण्ड
२८. लामडाडा तामुलेख शिद्धबाबा घाम पर्यटक पदमार्ग
२९. अर्जनचौपारी रापाकोट तालपोखरी सडक खण्ड कालोपत्रे गर्ने
३०. अर्जुनचौपारी तल्लोबजार ग्रामिण सडक खण्ड कालोपत्रे

### ६.४.७ अपेक्षित उपलब्धि

सुरक्षित तथा भरपर्दो सडक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि गुणस्तर प्रयोगशाला र सडक सुरक्षा लेखापरीक्षण, सडक किनारमा सुरक्षा संकेत पर्खाल वृक्षारोपण भएको हुनेछ। सार्वजनिक, निजी, साझेदारी तथा इञ्जिनीयरिङ्ग, प्रोक्युरमेण्ट, निर्माण, फाइनान्स जस्ता उपयुक्त विधिको अभ्यास; सडक पुल निर्माणमा संघीय सरकार र प्रदेश सरकारसँग साझेदारी तथा सहलगानी-सहकार्य भएको हुनेछ। ......... कि.मि .नयाँ सडक निर्माण भएको, ........ कि.मि .सडक इन्टरमिडियट/डबल लेनमा निर्माण भएको, ....... कि.मि .सडकको स्तरोन्नति भएको, ........ कि.मि .सडकको आवधिक मर्मत भएको र ..... कि.मि .सडकको नियमित मर्मत भएको हुनेछ।

ढल

१. अर्जुनचौपारी बजार ढल व्यवस्थापन
२. सार्वजनिक शौचालय
३. दरौखोला नियन्त्रण र सहायक खोलामा केवरे खोला, दर्जे खोला कौडि खोला,सुन्दर खोला तटबन्धन तथा सफाइ गर्नुपने

## ६.५ सिंचाई

### ६.५.१ पृष्ठभूमि

कृषियोग्य भूमिमा सिँचाइको उपलब्धताले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने अवसरको रूपमा विकास गर्न सम्भव रहेको छ। आकाशे पानीमा भर पर्ने हाम्रो कृषि प्रणालीका कारण खेतीयोग्य भूमिको पूर्ण एवं सार्थक उपयोग गर्न सकिएको छैन। जमिनको उचाइ, माटोको उर्वराशक्ति र सिँचाइको पूर्णसिजन उपलब्धता गराउन सकेमा कृषिमा रहेको परनिर्भरता घट्ने मात्र होइन निर्यात पनि सम्भव रहेको छ। बाह्रै महिना सिँचाइको सुविधा उपलब्ध हुन सकेमा कृषकले मौसमी तथा बेमौसमी खेतीपाती गरी आर्थिक उपार्जन गर्दै बाहिरबाट खरिद गरिने कृषि उपजलाई बिस्थापन गर्न सक्छन्। यसका लागि निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी गर्दै आयोजनाको कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ।

### ६.५.२ प्रमुख समस्या तथा चुनौती

साना सिंचाइ र लिफ्ट सिंचाइको विस्तार तथा बैकल्पिक ऊर्जाबाट बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउनुपर्ने जस्ता समस्या तथा चुनौती रहेका छन्। कृषि कर्ममा रहेका कर्मजीविका लागि उपयुक्त तथा बाह्रै

महिना सिंचाइ सुविधा उपलब्ध गराउन पुँजी प्रविधि लगानीको अपर्याप्तता हुनु, निर्माण गरिएका सिँचाइ आयोजना कुलोको नियमतिरुपमा मर्मत संभार हुने गरी मर्मत संभार कोषको व्यवस्था मिलाउन, सिँचाइ उपलब्ध हुने र उत्पादनशील जमीनमा आवास कार्यलाई निरूत्साहित गरी कृषि क्षेत्रमा उपयोग गर्न  यस क्षेत्रका चुनौती रहेका छन्।

## ६.५.३ अवसर

बैदेशिक रोजगारबाट फर्केका युवामा रहेको जोश जाँगर; कामप्रतिको लगनशीलता, श्रमको सम्मान गर्ने अवस्थाको सृजना हुँदै गएको छ। यसैगरी, यस्ता जनशक्तिले व्यवसाय सञ्चालनमा उत्साह भरेका छन्। यसका लागि सिंचाइको सुविधा विस्तार गर्न सकिने अवस्था रहेको छ। तीनै तहका सरकारले आर्थिक समृद्धिका लागि सिंचाईका क्षेत्रमा लगानीका लागि प्राथमिकता निर्धारण गरेका छन्। सार्वजनिक तथा निजी क्षेत्रका क्षेत्रका बीचमा सहकार्य र सहलगानी गर्न सक्ने वातावरण अनुकूल बन्दै गएको छ। राजनीतिक स्थिरता तथा गतिशील सरकारको उपस्थितिले नीतिगत स्थिरता र दीर्घकालीन योजना तर्जुमा कार्यलाई सबै क्षेत्रबाट सहयोग हुँदै आएको परिस्थिति छ।

## ६.५.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

बाह्रै महिना सिंचाइ सुविधा, कृषि क्षेत्रमा उत्पादनशीलता

**लक्ष्य**

कृषि कर्ममा लागेका कर्मजीविलाई भरपर्दो तथा सुलभ सिंचाइ उपलब्ध गराउँदै गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान बृद्धि गर्ने

**उद्देश्य**

१. साना सिंचाईलाई विस्तार गर्नु,

२. सिंचाईमा लगानीलाई एकीकृत गर्नु,

३. सिंचाई र ऊर्जाको उत्पादन एवं खपतका बीचमा सामञ्जस्यता कायम गर्नु ।

## ६.५.५ रणनीति तथा कार्यनीति

१. आकाशे पानीलाई भण्डारण; पुनर्भरणको क्षेत्र निर्माण गर्ने,

२. साना साना पानीका स्रोतलाई संकलन गर्ने,

३. परम्परागत पोखरी तथा पानीका मुहानलाई दिगो बनाउन वृक्षारोपण गर्ने,

४. लिफ्ट सिंचाइलाई प्रबर्द्धन गर्ने।

| सिंचाई | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| १. | सिंचाइ गुरुयोजना तर्जुमा तथा कार्यान्वयन | | | २ | - | - | - | - | २ |
| २. | मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा सिंचाई विकास कार्यक्रम सञ्चालन | संख्या | | २ | २ | २ | २ | २ | १० |
| ३. | करेसाबारी सिंचाई आयोजना धाराबाट ) बगेर खेर गइरहेको र आकाशको पानी पोखरीमा संकलन गरी घरधुरी स्केलका (करेसाबारी सिंचाई गर्ने कार्यक्रम | संख्या | | १० | १० | १० | १० | १० | ५० |
| ४. | सिंचाई प्रणालीको मर्मत सम्भार, नवीकरण र सुदृढीकरण | संख्या | | २ | २ | २ | २ | २ | १० |
| ५. | नयाँ प्रविधिमा आधारित सिँचाई विकास कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० |
| ६. | १२ महिना सिंचाई पुगेका तर वर्षको एक खेती मात्र भइरहेका ठाउँ पहिचान गरी १२ महिना सिंचाई पुगेका तर वर्षको एक खेती मात्र भैरहेका ठाउँमा उच्च मूल्य पर्ने कम्तिमा दुई खेती गर्न प्रोत्साहन विकास र कार्यान्यवन | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ७. | जोखिममा रहेका सिंचाई आयोजनाका मुहान संरक्षण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ८. | प्लाष्टिक पोखरी निर्माण तथा सिंचाई प्रोत्साहन | संख्या | | १ | १ | १ | १ | २ | ६ |

### ६.५.६ प्रमुख कार्यक्रम

१. नब्बेको फाँट सिंचाई योजना

२. केवरे फाट

३. सहेले फाट

४. आग्रीखर्कफाट

५. आरुचौफाट

६. बासकोट सि.आ.

७. सिर्खु सि.आ.

८. ठुलो खोला किटयानी सि.आ.

९. गोप्ले आइरुम्टा गिठे सि.आ.

१०. श्रीखोला गोगने बागेपानी सि.आ.

११. मौरी तमाखुबारी सि.आ.

१२. दिर्जे खोलाम मजुवा लामपाटा सि.आ.

१३. बलेकाहुल सि.आ.

१४. माझपाटा ढिकुवा सि.आ.

१५. साना सिँचाई कार्यक्रक

१६. प्लास्टिक पोखरी निर्माण

१७. हुतहुते ढिहि सि.आ.

१८. कमेरे सि.आ

१९. गौलतु भिरमुनी मझुवा सि.आ.

२०. जलजले टारीखेत काउछे सि.आ.

२१. ढुम्रे खोला,पिडालुबारी,खोलाखर्क सि.आ.

२२. प्लाष्टिक पोखरी निर्माण

२३. आकाशे पानीको संकलन तथा पुनर्भरण

२४. सहकारी तथा निजी क्षेत्रलाई सिँचाईमा अनुदान

२५. दरौखोला र यसमा मिसिन आउने सहायक खोला केवरे खोला, दर्जे खोला, कौडि खोला लगायत अन्य खोलाहरुमा व्यवस्थित तटबन्द गरी खेतीयोग्य जमिनको संरक्षण

### ६.५.७ अपेक्षित उपलब्धि

कृषियोग्य भूमिमा बाह्रैमहिना सिंचाई प्रबन्ध रहेको हुनेछ। सिंचाईका आधुनिक प्रविधि, प्लाष्टिक पोखरी, थोपा सिंचाई, आकाशे पानी संकलनको विकास एवं विस्तार भएको हुनेछ। साना सिंचाई योजना निर्माण र विस्तारमा कृषक सहकारी निजी क्षेत्रसँग साझेदारी भएको; संघीय सरकार र प्रदेश सरकारसँग मझौला तथा ठूला सिंचाई

आयोजना कार्यान्वयनका लागि समपूरक लगानी भएको, बैकल्पिक ऊर्जाको माध्यमबाट लिफ्ट सिंचाई आयोजना सञ्चालन भएको हुनेछ। यसैगरी नब्बे, केवरे फाँट, सँहले, आग्रीखर्क र आरुचौर फाँटमा सिंचाई योजना निर्माण सम्पन्न भएको हुनेछ।

## ६.६ खानेपानी तथा सरसफाई

### ६.६.१ पृष्ठभूमि

विश्वमा रहेका झण्डै २०० भन्दा बढी देशहरुमध्ये नेपाल क्षेत्रफलका हिसाबले ९३ औं स्थानमा रहेको छ । तर जलस्रोतको उपलब्धताका हिसाबमा भने नेपाल ब्राजिल पछिको दोस्रो ठूलो पानीको स्रोत भएको मुलुककोरूपमा रहेको छ। पानी उपलब्धताका आधारमा उपयुक्त नीति योजना र सन्तुलित बजेट व्यवस्थापन गर्न सकेमा हरेक घरधुरी आधारभूत खानेपानीको सुविधा प्राप्त गर्न सक्छन्। आधारभूत खानेपानीको सुविधा पुगिसकेपछि स्वस्थ खानेपानी उपलब्ध गराउने सरकारको उद्देश्य रहेको छ। यसैलाई परिपूर्ति गर्न संघीय सरकार तथा प्रदेश सरकारबाट एक घर एक धारा कार्यक्रमलाई कार्यान्वयनमा लगिएको छ। यसैगरी जलवायु अनुकूलन खानेपानी आयोजना पनि सञ्चालन गरिएका छन्। हरेक घरधुरीमा स्वस्थ खानेपानीको उपलब्धता गराउन सकेमा मात्र स्वस्थ नागरिकको विकास सम्भव छ। खानेपानीको सुविधा सँगसँगै सरसफाइ कार्यक्रमको पनि विकास गरिएको छ। हरेक घर विद्यालय सार्वजनिक स्थलमा शौचालयको व्यवस्था गर्ने सरकारको नीतिको निरन्तरतालाई सहयोग पुर्‍याउनु यस सरकारको जिम्मेवारी तथा कर्तव्य रहेको छ।

### ६.६.२ प्रमुख समस्या तथा चुनौती

पानीको स्रोत पर्याप्त भए पनि सबै घरधुरीमा आधारभूत खानेपानीको सुविधा समेत उपलब्ध गराउन सकिएको छैन। खानेपानीका स्रोत र भौगोलिक विकटता हाम्रा प्राकृतिक चुनौतीका रूपमा रहेका छन्। ग्रामीण क्षेत्रको बस्ती पातलो र छरिएर रहेका कारण पनि यस्तो सुविधा उपलब्ध गराउन समस्या देखिएको छ। उपलब्ध स्रोतको सन्तुलित तथा माग एवं आवश्यकता अनुसार वितरण र पुनर्वितरण हुन नसकेको कारणले पनि समस्या तथा चुनौती देखिएको छ। संघीय शासन प्रणालीको अभ्यास गर्दै गरेको अवस्थामा पनि आयोजना तथा कार्यक्रम आवश्यकता, माग भन्दा पनि राजनीतिक प्रशासनिक पहुँचका आधारमा बजेटमा समावेश गर्ने र अझै पनि साना तिना झिना मसिना कार्यक्रम सशर्त अनुदानका रुपमा संघीय सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई हस्तान्तरण गर्नु समस्या रहेको छ । यसैगरी आन्तरिक राजस्वको सम्भावना न्यून रहनु र खर्चको आवश्यकता अत्यधिक रहनु समस्या तथा चुनौतीका रुपमा रहेका छन् ।

### ६.६.३ अवसर

दिगो विकासका लक्ष्यले आधारभूत तथा स्वस्थ खानेपानी र सरसफाइलाई प्रमुख लक्ष्यका रूपमा समावेश गरी सन् २०३० सम्ममा लक्ष्य प्राप्त गरिसक्ने समयसीमा निर्धारण गरिसकेको छ। तीनै तहका सरकारको लगानीलाई एकीकृत गरी खानेपानी तथा सरसफाइमा केन्द्रित गर्ने अवसर प्राप्त भएको छ। गण्डकी प्रदेश सरकारले आधारभूत खानेपानी, एक घरधुरी एक धारा र परम्परागत स्रोत कुवा, खोला, पँधेरा जस्ता स्रोतलाई विस्थापित गर्ने गरी खानेपानीमा संघीय सरकारसँग विशेष अनुदानबाट अधिकतम कार्यक्रम प्राप्त गर्नु आफ्नै स्रोतलाई पनि केन्द्रित गर्नु उल्लेख्य अवसरका रुपमा रहेका छन् ।

### ६.६.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

सबै नागरिकको पहुँचमा स्वस्थ खानेपानी तथा सरसफाइको सुविधा

**लक्ष्य**

आधारभूत खानेपानी तथा सरसफाईको सुविधाबाट सामाजिक परिसूचकमा सुधार गर्ने।

**उद्देश्य**

१. आधारभूत खानेपानी तथा सरसफाई नपुगेको क्षेत्रमा सुविधा पुऱ्याउने
२. आधारभूत खानेपानी पुगेको स्थानमा स्वस्थ खानेपानीको सुविधा पुऱ्याउने
३. खानेपानी तथा सरसफाईबाट हुने रोगको रोकथाम तथा न्यूनीकरणमा सहयोग पुऱ्याउने
४. महिलाको जीवनस्तर तथा आर्थिक क्षेत्रमा सहभागिता बढाउने

### ६.६.५ रणनीति तथा कार्यनीति

१. परम्परागत खानेपानीका मुहान कुवा पँधेराको संरक्षण गर्ने।
२. खानेपानीका स्रोतलाई संरक्षणका लागि वृक्षारोपण गर्ने
३. सडक भवन जस्ता पूर्वाधार निर्माणमा वातावरण संरक्षणलाई ध्यान दिने
४. संघ तथा प्रदेश सरकारको बजेट तथा लगानीलाई सहजीकरण तथा माग विस्तार गर्ने
५. संघीय सरकार तथा प्रदेश सरकारको लगानीमा स्थानीय सरकारको सहलगानी गर्ने
६. घर घरमा खानेपानी तथा सरसफाईको सुविधाबाट महिलाका लागि प्राप्त हुने खाली समय आर्थिक उत्पादनतर्फ उत्प्रेरित गर्ने
७. विशेष अनुदानमा आधारित खानेपानीका आयोजनालाई प्राथमिकता दिने ।

| खानेपानी तथा सरसफाई | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | फोहोर पानीको उचित व्यवस्थापनको लागि मापदण्ड निर्धारण | संख्या | | १ | - | - | - | - | १ |
| २. | फोहोर व्यवस्थापन गुरुयोजना निर्माण | संख्या | | १ | - | - | - | - | १ |
| ३. | खानेपानी सुविधाको तथ्याङ्क अद्यावधिकगरीखानेपानी गुरुयोजना निर्माण गर्ने | संख्या | | १ | - | - | - | - | १ |
| ४. | आधारभूत खानेपानी नपुगेका सबै घरधुरीमा खानेपानी पुऱ्याउने | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | १०० |
| ५. | खानेपानी आयोजना मर्मतसम्भार र व्यवस्थापनको लागि उपभोक्ता समिति र प्राबिधिक जनशक्तिको क्षमता र दक्षता अभिवृद्धि | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | जलाधार क्षेत्रको संरक्षण सम्वन्धी जनाचेतामुलक कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | जलवायु परिवर्तन र मानवीय हस्तक्षेपको कारणवाट खानेपानीको स्रोतमा पर्न गएको असरको अध्ययन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८. | सबै सामुदायिक भवन, सार्वजनिकस्थल, विद्यालय तथा निजी घरहरूमा शौचालय निर्माण कार्य सञ्चालन | संख्या | | ५ | ५ | ५ | ५ | ५ | ३० |
| ९. | फोहोरमैला व्यवस्थापनको लागि स्थानीय समुदायसँग सघन सहकार्य गर्दै जनचेतनामुलक कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | अपाङ्गमैत्री, महिलामैत्री तथा बालमैत्री शौचालय निर्माण | संख्या | | ३ | ३ | ३ | ३ | ३ | ३० |
| ११. | सार्वजनिकनिजी क्षेत्र सहकार्यमा - फोहोर मैलाबाट बायो ग्यास, प्राङ्गारिक मल उत्पादन गर्न सम्भाव्यता अध्ययन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२. | विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम तथा तालिम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ६.६.६ प्रमुख कार्यक्रम

१. सबै घरधुरीमा आधारभूत खानेपानी सुविधा
२. आधारभूत खानेपानी पुगेका घरधुरीमा स्वस्थ खानेपानी सुविधा स्तरोन्नति
३. वडा नं. २ भक्तिकोट लिफ्टीङ खानेपानी योजना सम्पन्न गर्ने
४. वडा नं. ६ नयाँ गाउँ र सिउडवारीमा लिफ्टीङ खानेपानी योजना सम्पन्न गर्ने
५. सरसफाईका लागि विद्यालय तथा अनौपचारिक शिक्षा तथा जनचेतना कार्यक्रम
६. खुला दिशामुक्त क्षेत्रको प्रभावकारिता विस्तार
७. खानेपानीका मुहान तथा स्रोतमा सरसफाई तथा सुरक्षा
८. संघीय सरकार तथा प्रदेश सरकारसँग विशेष अनुदान मार्फत आधारभूत एवं स्वस्थ खानेपानी विस्तार
९. सरसफाई तथा स्वास्थ्य शिक्षा र ज्ञानका लागि गैरसरकारी क्षेत्रसँग साझेदारी सहकार्य तथा सहजीकरण
१०. सबै वडामा खानेपानीको व्यवस्था गर्नुपर्ने
११. आग्रीखर्क खानेपानी आयोजना लिफ्टीङ
१२. सिरीन डाडा खानेपानी आयोजना

१३. ठुलधारा खानेपानी आयोजना लिफ्टीङ
१४.रातामाटा विसेमुल खा.पा
१५. अधेरीखोला खा.पा
१६. बायाँ ढुङ्गा बाटुले खापा
१७. सिमलचौर खा.पा
१८.थाउलुङ असारे भंगेरी खा.पा.
१९. सुरिङडाडा रिमाल फेदी सिमलचौल खा.पा
२०.नैरी खोला काउले खा.पा.
२१. घण्टेबजार खा.पा.
२२. थाप्लेखेत देवकोटा थर लिफ्टीङ
२३. तल्लो केवरे मल्यान्दी खा.पा
२४. तल्लो छहरे खा.पा.

### ६.६.७ अपेक्षित उपलब्धि

स्थानीय तहका सबै घरधुरीमा आधारभूत तहको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध भएको हुनेछ। परम्परागत पानीका स्रोत र मुहान कुवा, पँधेरा, इनारको संरक्षण र सुधार भएको पानीका स्रोतको दिगोपनाका लागि वृक्षरोपण भएको र सरसफाईप्रति विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, गैरसरकारी क्षेत्रसँगको समन्वयमा कार्यान्वयन भएको हुनेछ। आधारभूत खानेपानीमा उल्लेख्य लगानीका लागि संघीय सरकार तथा प्रदेश सरकारको विशेष अनुदान कार्यक्रम मार्फत भएको हुनेछ।

## ६.७ ग्रामीण तथा आर्थिक केन्द्र विकास र पूर्वाधार निर्माण

### ६.७.१ पृष्ठभूमि

शिक्षा, स्वास्थ्य, सञ्चार, प्रविधि, बजारको अवसर प्राप्तिका लागि साना साना आर्थिक केन्द्रको विकास तीव्र तथा सघन हुँदै जानु, विकासको स्वभाविक चरणको रूपमा रहेको छ। ग्रामीण क्षेत्रतर्फ पनि सुरक्षित र स्वस्थ भवन सडक विद्युतीकरणको विकास तथा विस्तार भइरहेको छ। प्राकृतिक तथा मानव सृजित विपद् जोखिम न्यूनीकरण रोकथाम, पुनर्स्थापन, राहत, पुनर्निर्माण कार्यलाई समयानुकूल प्रविधिमैत्री बनाउनु जरूरी रहेको छ। ग्रामीण तथा शहरी पूर्वाधार निर्माण तथा विस्तार गर्दा जनसंख्या, भूगोल, रणनीतिक अवस्था जस्ता पक्षमा ध्यान पुर्‍याउँदै लामो समय अनुकूल हुने गरी बनाउनु पर्दछ। ग्रामीण तथा शहरी विकासका लागि वातावरण र विकासका बीचमा समन्वयत्मक सम्बन्धमा विशेष ध्यान दिइनु पर्दछ।

### ६.७.२ प्रमुख समस्या तथा चुनौती

तीव्र तथा सघन हिसाबले भइरहेको आन्तरिक तथा वाह्य बसाइसराइलाई व्यवस्थित तथा सन्तुलित बनाउनु आजको प्रमुख समस्या हो। बैदेशिक रोजगारीका कारण सामाजिक संरचनामा उतारचढाव देखिएका छन्। ग्रामीण क्षेत्रमा रोजगारी, शिक्षा, स्वास्थ्य, सञ्चार, प्रविधि, बजारको अवसरको न्यून गुणस्तर र उपलब्धताका कारण ग्रामीण विकास तथा शहरीकरण आर्थिक केन्द्र निर्माणमा भरपर्दो तथा विश्वासयोग्य पूर्वाधार निर्माणमा चुनौती थपिदै गएको छ।

### ६.७.३ अवसर

गाउँ गाउँसम्म अप्टिकल फाइबरको बिस्तार भइरहेको छ। सूचना प्रविधिको पहुँच गाउँको कुना कुनामा फैलिइरहेको छ। साना साना बजार तथा आर्थिक केन्द्र विकास हुँदै गएका छन्। जनतामा प्रकृति तथा अर्गानिक उत्पादनप्रतिको प्रेम बढ्दो छ। वातावरणको संरक्षण गर्दै विकास गर्ने अभ्यासको थालनी हुँदै गएको छ।यसैगरी ग्रामीण र छरिएको बस्ती कोरोना महामारी जस्ता रोगबाट बँच्ने उपयुक्त रहन सहन देखिएको हुँदा आगामी दिनमा बसाई सराइको दर घट्न सक्ने र यसप्रतिको सजगता विस्तार हुने अवसर प्राप्त भएको छ।

### ६.७.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

दिगो तथा सुरक्षित ग्रामीण तथा शहरी विकासबाट समुन्नत समाजको निर्माण

**लक्ष्य**

आधुनिक, पूर्वाधारयुक्त, व्यवस्थित ग्रामीण तथा शहरी क्षेत्रको विकास गर्ने

**उद्देश्य**

१. आधारभूत सुविधाको प्रबन्ध गरी स्वस्थ बसाइको व्यवस्था गर्नु,
२. आर्थिक सामाजिक अवसर सृजना गर्दै रोजगारी तथा उद्यमशीलता प्रबर्द्धन गर्नु

### ६.७.५ रणनीति तथा कार्यनीति

१. शिक्षा, स्वास्थ्य, खानेपानी, सूचना तथा सञ्चार जस्ता पूर्वाधारको दिगो तथा भरपर्दोरूपमा विकास र सञ्चालन गर्ने

२. भूउपयोग नीतिमा आधारित रही जग्गाको प्रकृति तथा उत्पादनशीलता अनुरूप शहरीकरण तथा पूर्वाधार निर्माण गर्ने।

| ग्रामीण पूर्वाधार विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | बस्ती क्षेत्रमा बाटो, पैदल मार्ग, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, आदिको एकीकृत रुपमा अध्ययन र निर्माण गर्न "एकीकृत पूर्वाधार विकास नीति" वनाउने | संख्या | | १ | १ | _ | _ | _ | ३ |
| २. | वडा केन्द्रमा एकीकृत भौतिक पूर्वाधार विकास गर्न सबै वडाको एकीकृत रुपमा अध्ययन गरी नमूना मोडल विकास गर्ने | संख्या | | १ | - | _ | _ | १ | २ |
| ३. | धार्मिक, तथा संस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण नीति निर्माण | संख्या | | १ | _ | _ | _ | _ | १ |
| ४. | स्थानीय निर्माण सामग्री प्रयोग नीति बनाउने | संख्या | | १ | _ | _ | _ | _ | १ |
| ५. | एकीकृत प्रशासनिक केन्द्र निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ६. | १ वडा १ खुला पार्क तथा मनोरञ्जन स्थल पहिचान र निर्माण | संख्या | | _ | _ | १ | १ | १ | ३ |
| ७. | बाँझो रहेका जग्गामा तरकारी तथा फलफूल बिरुवा रोप्न प्रोत्साहन कार्यक्रम | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| ८. | स्वरोजगार कार्यक्रम रोजगारको लागि सामुदायिक होमस्टे कार्यक्रम | संख्या | | १ | १ | २ | २ | २ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | ग्रामीण पर्यटन पदमार्ग गुणस्तर वृद्धि कार्यक्रम | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १०. | प्राङ्गारिक खेती प्रोत्साहन कार्यक्रम | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| ११. | नमूना एकीकृत बस्ती विकास कार्यक्रम | संख्या | | _ | _ | १ | १ | १ | ३ |

### ६.७.६ प्रमुख कार्यक्रम

१. कृषि उपजको बजारीकरणका लागि व्यवस्थित सहकारी बजारको व्यवस्था

२. सूचना तथा प्रविधिको उपयोग गर्दै कृषिजन्य तथा दैनिक उपभोगजन्य खाद्यान्नको सासहिक मूल्यसूची सार्वजनिक

३. वैदेशिक रोजगारीबाट ज्ञान, सीप र पुँजीसहित घर फर्केका उद्यमशील युवालाई सिर्जनशील कार्यमा प्रोत्साहन

४. ग्रामीण तथा शहरी आर्थिक केन्द्र निर्माणका लागि निजी क्षेत्रलाई सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउन सहजीकरण

### ६.७.७ अपेक्षित उपलब्धि

सहकारीको विकास र प्रवर्द्धन गर्दै सुरक्षित एवं भरपर्दो सडकसञ्जाल भएको अधिकतम जनसंख्या लाभान्वित हुने धेरै भन्दा धेरै जनसंख्यालाई पायक पर्ने स्थानमा ग्रामीण तथा आर्थिक केन्द्र निर्माण भएको हुनेछ। अव्यवस्थित बसाइसराईलाई दिगो एवम् सुरक्षित बनाउन उपयुक्त स्थान र नागरिकको उत्साह अनुसार उद्यमशीलता, व्यापार व्यवसाय, शैक्षिक संस्था, स्वास्थ संस्था, सूचना प्रविधि संस्था एकीकृतरूपमा रहने गरी आर्थिक केन्द्रको विकास भएको; आफ्नो स्थानीय उत्पादनको बिक्री तथा बजारीकरण भएको; दैनिक उपभोग्य तथा सामान्य शैक्षिक, स्वास्थ्य, प्राविधिक सेवा सुविधा उपलब्ध भएको बजारकेन्द्रको उपलब्धता भएको हुनेछ।

## ६.८ बस्ती विकास

### ६.८.१ पृष्ठभूमि

गुणस्तरीय जीवनयापनको तिर्खा मानव सभ्यतादेखि नै निरन्तर भएको कारणले नै मानवले वहुआयामिक क्षेत्रमा उन्नति गरिरहेको छ । विकासका उत्प्रेरणा र आकांक्षा पुरा गर्न सामाजिक र आर्थिक अवसरको खोजीका कारणले बस्तीको परम्परागत संरचनामा परिवर्तन देखिएको छ। विगतमा एकै परिवार भित्रका व्यक्ति एउटै संस्कार धर्म रहन सहन भएका घर परिवारको बसोबास निश्चित क्षेत्रमा रहेको छ। दैनिक जीवन यापनलाई सहज बनाउन; आफ्ना बालबालिकालाई असल शिक्षा प्रदान गर्न; उद्यमशीलता वा रोजगारीका अवसर प्राप्तिका

लागि आफ्नो परम्परागत बस्तीबाट बसाइसराई गर्ने प्रवृत्तिले गाउँघरको बस्ती पातलो र छरिएर रहेको छ। पातलो तथा छरिएर रहेको बस्तीलाई एकीकृत बस्तीकोरूपमा विकास गर्न पनि कठीनाई रहेको छ।

### ६.८.२ प्रमुख समस्या तथा चुनौती

ग्रामीण क्षेत्रमा रहेको सघन बसाइसराईले बस्ती पातलो हुँदै गएकोले सामाजिक सहकार्यमा अझ दूरी बढ्दै जाने समस्या रहेको छ। आफ्नै ठाउँमा बसिरहेका घर परिवारले सुविधासम्मपन्न ठाउँमा बसाइसराई गर्न नपाएकोमा सामाजिकरूपमा आफूलाई कमजोर महशुस गरेको देखिदा मानवीय संवेदनामा चोट थपिदै जाने समस्या तथा चुनौती रहेको छ। पातलो बस्तीलाई एकाकार बनाउन न्यूनतम सामाजिक आर्थिक प्रविधिगत सुविधा उपलब्ध गराउन सबै तहका सरकारलाई विकासको लागत खर्चको बढोत्तरीले चुनौतीपूर्ण बनाएको छ। यसैगरी सन्तुलित एवं समन्यायिकरुपमा सबै क्षेत्रको विकासका लागि स्रोत र साधनको प्रबन्ध मिलाउनु थप समस्या तथा चुनौती विद्यमान रहेका छन् ।

### ६.८.३ अवसर

प्रविधिको तीव्र तथा सघन विकासले गर्दा मानवको दैनिक जीवनमा सहज र सरल भएको छ। गाउँ शहर जहाँसुकै भएपनि सूचना प्रविधिले सबैलाई एकाकार बनाएको छ। सुरक्षित बस्ती निर्माणका लागि बस्ती विकासका योजना बनेका छन्। प्राविधिक जनशक्तिको उपलब्धता बढेको छ। स्थानीय सरकारले समन्यायिक सन्तुलित समावेशी विकासको अभ्यासलाई सशक्त बनाएको हुँदा सबै क्षेत्रको विकासमा सन्तुलन हुने अवसर प्राप्त भएको छ।

### ६.८.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

सभ्यतापूर्ण, सुरक्षित स्वस्थ र व्यवस्थित बस्ती विकास

**लक्ष्य**

सरकारको लगानी र लागतसँग जनताको सेवा र सुविधा प्राप्तिलाई मितव्ययी सरल सहज तथा समन्यायिक तुल्याउने।

**उद्देश्य**

१. सभ्यतापूर्ण सुरक्षित बस्ती विकासका लागि आधारभूत पूर्वाधारको निर्माण गर्नु
२. स्थानीय स्रोत तथा साधनको समुचित उपयोग गर्दै दिगो बस्ती विकास गर्नु

### ६.८.५ रणनीति तथा कार्यनीति

१. जोखिमपूर्ण बस्तीको स्थानान्तरण गर्ने

२. विपन्न तथा लक्षित समुदायका लागि एकीकृत बस्ती विकास गर्ने

३. स्थानीय स्रोतका रूपमा रहेका काठ, ढुँङ्गा, बालुवा, गिटीको संरक्षण र उपयोग गर्ने।

| आवास तथा बस्ती विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति कार्य सहज बनाउन नीतिगत व्यवस्था | संख्या | | १ | _ | _ | _ | _ | १ |
| 2 | शहरी क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न नीतिगत व्यवस्था | संख्या | | १ | _ | _ | _ | _ | १ |
| 3 | कृषियोग्य जमिनको संरक्षण गर्न नीतिगत व्यवस्था | संख्या | | १ | _ | _ | _ | _ | १ |
| 4 | भौगोलिक हिसाबले बिकट र जोखिममा रहेका बस्ती पहिचान | संख्या | | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्दै सुरक्षित बस्ती विकास कार्यक्रम | | | | | | | | |
| 5 | सिमान्तकृत, लोपोन्मुख, र बिपन्नका लागि जनता आवास कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| 6 | सामाजिक सामुदायिक आवास निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |

### ६.८.६ प्रमुख कार्यक्रम

१. सरकारी आवाससम्बन्धी नीति तथा निर्देशिका तर्जुमा।

२. सरकारी एवम् सार्वजनिक भवन, मठमन्दिर एवम् अन्य धार्मिक सम्पदाहरूको नियमित मर्मतसम्भार गर्ने निर्देशिका तर्जुमा तथा कार्यान्वयन।

३. व्यवस्थित बस्ती विकास तथा आवास व्यवस्थापन

४. छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहित नमूना एकीकृत बस्ती विकास।

५. क्षमता विकास अन्तरगत प्रशासनमा संलग्न प्रशासनिक तथा प्राविधिक कर्मचारी, निर्माण व्यवसायी, कालिगढलाई भवन संहिता तथा भूकम्पप्रतिरोधी भवन निर्माण सम्बन्धी सीपमूलक तालिम र प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन।

६. दलित, सीमान्तकृत, गरिब, ग्रामीण क्षेत्रमा लक्षित जातजाति तथा वर्ग समुदायका लागि आवास संरचना लगायत जनता आवास निर्माणमा सहजीकरण तथा समन्वय।

७. सार्वजनिक भवन तथा आवास व्यवस्थापन

८. प्रशासनिक भवन, एकीकृत तथा अन्य सरकारी भवन, क्षेत्रीयस्तरका सभा हलको निर्माण।

९. प्राचीन तथा ऐतिहासिक भवनको पूनर्निर्माण र अन्य भवन प्रबलीकरण।

### ६.८.७ अपेक्षित उपलब्धि

जनता आवास कार्यक्रम अन्तरगत कुल आवास...... निर्माण भएको र .... विशेष आवास, जेष्ठ नागरिक आवास र सामुदायिक आवास निर्माण भएको हुनेछ। प्रधानमन्त्री आवास योजनाअन्तर्गत .......... आवास एकाइ निर्माण सुरु भएको र पूर्वाधारसहितको ............ नमूना एकीकृत बस्ती विकास भएको हुनेछ। गाउँकार्यपालिकाको लागि एकीकृत प्रशासनिक प्लाजा निर्माण कार्य सम्पन्न भएको, ...वडा एकीकृत सरकारी

कार्यालय भवन, .....वहुउद्देश्यीय सभाहल र ........ ऐतिहासिक एवं पूरातात्विक महत्त्वका भवन सम्पदा निर्माण तथा मर्मत संभार भएको हुनेछ।

## ६.९ भवन निर्माण

### ६.९.१ पृष्ठभूमि

विपदबाट जोगिन तथा स्वस्थ जीवनका निमित्त सुरक्षित एवं भौगोलिक अवस्थिति अनुकूलको भवन निर्माण तथा उपयोग सबै नागरिकको संवैधानिक अधिकारकोरूपमा रहेको छ। भवन निर्माणलाई सुरक्षित बनाउन भवन संहिताको पालनालाई प्रभावकारी बनाउँदै लैजान नीतिगत, कार्यक्रमगत तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्न आबश्यक रहेको छ।

### ६.९.२ प्रमुख समस्या तथा चुनौती

कानुनको पूर्ण तथा मर्म अनुकूल भवनको डिजाइन इञ्जिनियरिङ्ग निर्माण हुन नसक्नु यसका समस्याकारूपमा रहेका छन्। गरिबी, कानुनको न्यून जानकारी, सार्वजनिक निकायको उदासिनता कारणले सार्वजनिक तथा निजी भवन मापदण्ड अनुसार बन्न नसक्नु यस क्षेत्रका समस्या तथा चुनौतीहरू हुन्।

### ६.९.३ अवसर

बिक्रम सम्बत् २०७२ सालको विनासकारी भूकम्पले हामीलाई सुरक्षित तथा भरपर्दो भवन निर्माण आवश्यक पर्ने गतिलो पाठ सिकाइसकेको छ। समय समयमा हुने बाढी पहिरो भूक्षयका कारणले भौगोलिक संरचना माटोको अवस्थाको विश्लेषण गर्दै भवन निर्माणमा ध्यान पुर्‍याउनुपर्ने विषयमा शिक्षा लिने अवसर प्राप्त भएको छ। त्यसैगरी विश्वव्यापी विपद्को जानकारीबाट हामीलाई थप सजग बनाएको छ। आर्थिक सामाजिक

विकासबाट सुरक्षित भवन निर्माणमा अभिप्रेरित हुने अवसर प्राप्त भएको छ। संघीय शासन प्रणालीको अभ्यास प्रारम्भ भएपछि सार्वजनिक निकायका लागि आवश्यक पर्ने भवन निर्माणका कार्य निरन्तर भइरहेका छन्।

### ६.९.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

सुरक्षित तथा व्यवस्थित सार्वजनिक तथा निजी भवन निर्माण

**लक्ष्य**

सुरक्षित, किफायती, वातावरणमैत्री सार्वजनिक तथा निजी भवनको डिजाइन र इञ्जिनियरिङ्ग

**उद्देश्य**

१. जोखिमपूर्ण अवस्थामा रहेका, विपन्न तथा लक्षित समुदायका लागि सुरक्षित तथा वातावरणमैत्री भवन उपलब्ध गराउनु
२. सार्वजनिक तथा निजी भवन निर्माणबाट विपद्को सामना गर्ने तथा वातावरणअनुकूल बनाउनु
३. स्थानीय सीप कौशल क्षमता अनुभव र स्रोत तथा साधनको परिचालन र उपयोग बढाउनु

### ६.९.५ रणनीति तथा कार्यनीति

१. आवास नभएका विपन्न तथा लक्षित समूहका लागि सुरक्षित तथा किफायती आवासको व्यवस्था गर्न सहजीकरण गर्ने
२. सार्वजनिक निकायका लागि आवश्यक पर्ने भवन वहुउपयोगी र वुहउद्देश्यीय हुने गरी सुरक्षित तथा वातावरणमैत्री हुने गरी डिजाइनिङ्ग इञ्जिनियरिङ्ग तथा निर्माण गर्ने।
३. आगलागी, बाढी, पैरो, भूकम्प लगायतका जोखिमबाट न्यून नोक्सानी हुने गरी भवन निर्माण गर्ने।

| भवन निर्माण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | भवन संहिता सम्बन्धी नीति तथा कानुन निर्माण र कार्यान्वयन | | | | | | | | |
| 2 | निजी क्षेत्रसँग समन्वय गरी स्थानीय तह स्तरिय नमूना भवन मोडल विकास गर्ने | | | | | | | | |
| 3 | सुरक्षित र किफायती निजी भवन निर्माण गर्न घर निर्माणको बेला प्राविधिक Supervision सहयोग | | | | | | | | |
| 4 | सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माणको लागि चेतनामूलक कार्यक्रम | | | | | | | | |
| 5 | भवन निर्माणमा काम गर्ने जनशक्तिको क्षमता विकास कार्यक्रम | | | | | | | | |
| 6 | भवन निर्माणमा स्थानीय सामग्रीको प्रयोग वृद्धि गर्न प्रोत्साहन कार्यक्रम | | | | | | | | |
| 7 | सरकारी भवन मर्मत संभार तथा निर्माण संरचनागत सुधार | | | | | | | | |

### ६.९.६ प्रमुख कार्यक्रम

१. गाउँपालिका कार्यपालिकाको एकीकृत प्रशासनिक भवन निर्माण

२. भवन संहिता पालनाको लागि कार्यबिधि निर्माण तथा जनचेतनामूलक कार्यक्रम संचालन

३. शिक्षा स्वास्थ्य कृषि पशुपन्छी पूर्वाधार क्षेत्रका विषयगत शाखा फरक फरक भवनमा सञ्चालन

४. सबै वडाका वडा कार्यालय भवन निर्माण

५. सभाहल निर्माण

६. व्यापारिक कम्प्लेक्स निर्माण

७. आर्थिक केन्द्रमा कृषि उपज संकलन तथा बजारीकरण लगायका वहुउद्देश्यीय भवन निर्माण

८. विशिष्ट व्यक्तिको लागि पाहुनाघर निर्माण

### ६.९.७ अपेक्षित उपलब्धि

सार्वजनिक सेवा प्रवाहका लागि एकीकृत, सुरक्षित, सुविधासम्पन्न गाउँ कार्यपालिका प्रशासनिक भवन निर्माण भएको हुनेछ। वडा कार्यालय व्यवस्थित तथा सुविधाजनक रूपमा सञ्चालन गर्न वडाकेन्द्रमा वडा प्रशासनिक भवन निर्माण भएको हुनेछ। भवन निर्माणका लागि निश्चित मापदण्ड कार्यान्वयन भएको हुनेछ। कृषि उत्पादनलाई व्यवस्थितरुपमा संकलन, भण्डारण र बिक्री वितरणका लागि कृषि उत्पादन संकलन एवं बिक्री केन्द्र स्थापना भएका हुनेछन् ।

## ६.१० यातायात व्यवस्थापन

### ६.१०.१ पृष्ठभूमि

दैनिक आवागमनका लागि यातायात सुविधा अनिवार्य तथा अत्यावश्यक सेवाकारूपमा रहेको छ। आर्थिक विकासको महत्त्वपूर्ण खम्बाकोरूपमा समेत यातायात क्षेत्र रहेको छ। यातायात सेवा उद्योगकोरूपमा पनि विकास हुँदै गएको छ। सेवा प्रदायक तथा सेवाग्राही दुबै पक्षको हित प्रवर्द्धन गर्नु सरकारको जिम्मेवारी एवं दायित्व रहेको छ। सुरक्षित भरपर्दो विश्वासिलो र सस्तो यातायात सेवा सबैको आवश्यकताभित्र पर्दछ। यस्तो सेवा प्रतिस्पर्धी र सस्तो तथा गुणस्तरीय समेत हुनु उत्तिकै जरूरी रहेको छ। सरकार आफैले यातायात उद्योग सञ्चालनका लागि पुँजी जनशक्ति लागत व्यवस्थापनका हिसाबले पनि प्रभावकारी हुँदैन। अहिलेको खुला तथा प्रतिस्पर्धात्मक बजारको अवधारणा अनुसार सरकारको मुख्य भूमिका प्रवर्द्धक, नियामक र उत्प्रेरककोरूपमा नै उपयुक्त हुन्छ। यातायात सेवालाई भरपर्दो सुरक्षित सस्तो सरल सहज बनाउन स्तरीय सडक निर्माण तथा नियमित मर्मत संभार गर्नुपर्दछ। यसैगरी यातायात सेवा प्रदायकलाई सवारी साधनको सुरक्षा, बिमा, पार्किङ्ग स्थलको उपलब्धता तथा खरिद, दर्ता, नवीकरण, रूट परमिट जस्ता क्षेत्रमा सुविधा तथा सहुलियतका लागि आवश्यक सहयोग पुर्‍याउनु पर्दछ।

### ६.१०.२ प्रमुख समस्या तथा चुनौती

सडकको अवस्था दयनीय रहनु, बाह्रै महिना यातायात सञ्चालन हुन सक्ने सडक पूर्वाधार न्यून हुनु, उपभोक्ता सचेत नहुनु जस्ता समस्या विद्यमान रहेका छन्। विकट भौगोलिक अवस्था हुनु, प्रचलित नेपाल कानुनको पूर्ण परिपालना नहुनु, यस स्थानीय तहमा ट्राफिक प्रहरी रहनु, कच्ची सडकमा ट्राफिक संकेतको प्रबन्ध नगरिनु, सिन्डीकेट तथा कार्टेलिङ्गको नियन्त्रण हुन नसक्नु जस्ता समस्या तथा चुनौती रहेका छन्।

### ६.१०.३ अवसर

यातायात व्यवस्थापन संघीय तथा प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्र पनि हो। आर्थिक सामाजिक विकासका लागि यातायात क्षेत्रमा लगानीका अवसरमा व्यापकता आएको छ। निजी क्षेत्र पनि यसप्रति आकर्षित हुँदै गएको छ। प्रविधिको विकासले सवारी तथा मालसामान ओसारपसारका लागि सवारी साधनको सञ्चालनमा छनौटको पर्याप्त सुविधा पनि उपलब्ध रहेको छ।विशेषतः सुरक्षित सडक र ट्राफिक चेतनाको विस्तार एवं यातायातका साधन र यसमा संलग्न जनशक्तिको अनिवार्य बीमा व्यवस्थाबाट यातायात क्षेत्रमा निजी क्षेत्रले लगानी बढाउने; प्रतिस्पर्धात्मक बजारको विकास हुँदै जाने अवसर सिर्जना भएका छन् ।

## ६.१०.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

प्रविधिमैत्री, वातावरणमैत्री एवम् सुरक्षित यातायात प्रणाली

**लक्ष्य**

यातायात क्षेत्रलाई सुरक्षित भरपर्दो प्रतिस्पर्धी र विश्वासिलो बनाउने।

**उद्देश्य**

यात्रु आवागमन तथा मालसामान ओसारपसार कार्यलाई भरोसायोग्य सुरक्षित तथा मितव्ययी बनाउँदै आर्थिक तथा सामाजिक विकासमा योगदान बढाउनु।

## ६.१०.५ रणनीति तथा कार्यनीति

१. सुरक्षित यातायातका लागि ट्राफिक पूर्वाधार तथा सवारी साधनमा जीपीएस प्रणाली जडान गर्ने।

२. विद्युतीय सवारी साधनको सञ्चालनमा उत्प्रेरित एवं सहजीकरण गर्ने

३. रूट परमिटमा प्रतिस्पर्धी बनाउन कानुनी तथा व्यवहारिक योजना बनाइ प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

४. नियमित र निरन्तर रूपमा यातायातका वहुआयामिक पक्षमा औपचारिक तथा अनौपचारिक अनुशिक्षण कार्य गर्ने।

५. यातायातका साधन र यसमा आवद्ध जनशक्तिको नियमित र पर्याप्त बीमा गराई निजी क्षेत्रको लगानीलाई सुरक्षित र भरपर्दो बनाउने ।

## ६.१०.६ प्रमुख कार्यक्रम

१. सुरक्षित एवं भरपर्दो यातायात सेवा सञ्चालनका लागि मापदण्ड निर्माण

२. शहरी तथा ग्रामीण यातायात प्रणालीमा नियमितता र सुरक्षा व्यवस्था

३. सुरक्षित आवागमनका लागि ट्राफिक लाइट, ट्राफिक संकेत र सडक सुरक्षा सम्बन्धी शैक्षिक सचेतना तथा पूर्वाधार निर्माणमा सहयोग

४. वातावरण संरक्षण तथा प्रवर्द्धन र उपभोक्ता हितका लागि पुराना सवारीको विस्थापन र विद्युतीय सवारी सञ्चालनमा सहयोग सहजीकरण

५. सूचना प्रविधिमा आधारित यातायातका सवारीको अभिलेखांकन, नियमन र उत्प्रेरणा

### ६.१०.७ अपेक्षित उपलब्धि

सार्वजनिक यातायात सेवा सुरक्षित भरपर्दो र उपयोगी बनाउन यातायात सेवा सञ्चालन सम्बन्धी मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। यातायात व्यवसायी नाफामुखी भन्दा सेवामुखी व्यवसायकोरूपमा सञ्चालनका लागि उत्प्रेरित भएका हुने, ट्राफिक संकेत लाइट नियमका बारेमा सचेतना कार्यक्रम विस्तार भएको हुने, प्रदेश सरकारबाट सवारी साधन करको दर तथा दर्ता नवीकरणका दर तोक्दा विद्युतीय सवारी साधन र सुरक्षित सवारी साधन सञ्चालनमा सहुलियत र उत्प्रेरणा दिने गरी विशेष सुविधाका कार्यक्रम घोषणाका लागि स्थानीय तहबाट विशेष पहल भएको हुनेछ।

## ६.११ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार

### ६.११.१ पृष्ठभूमि

एक्काइसौ शताब्दीको विकासको आधारस्तम्भको रूपमा सूचना तथा प्रविधि क्षेत्र रहेको छ। आर्टिफिसियल इन्टेलीजेन्सको विकास र विस्तारले एकातिर मानव जीवनमा अमूल्य सहयोग पुर्‍याएको छ भने अर्कोतर्फ मानवको रोजीरोटीमाथि धावा बोलिरहेको छ। सूचना तथा सञ्चारको निरन्तर अनुसन्धान विकास विस्तारले विश्वलाई एकाकार मात्र बनाएको छैन यसबाट हुने लाभ र हानी संसारमा तुरून्तै फैलिरहेका छन्। संक्रमण रोगको विस्तार यसको सानो उदाहरण हो। औषधि उपचारको विकास र प्रयोग क्षणभरमा संसारमा प्रयोगसिद्ध भएको छ। प्रविधिको विकासले मानव जीवन जति सहज बन्दै गएको छ त्यतिनै झनै जोखिमपूर्ण पनि बन्दै गएको छ। सूचना तथा प्रविधिमा हुने सानोतिनो रोकावट तथा अवरोधबाट दैनिक जीवन ठप्प हुने अवस्था सिर्जना हुँदै गएको छ। यस्तो अनुसन्धान तथा विकासका साथै नियन्त्रण र नियमन सरकारी तवरबाटै हुन सकेमा मात्र नागरिक बढी सुरक्षित हुन सक्छन्। यसर्थ गाउँपालिकाले यस क्षेत्रलाई अति संवेदनशील र अत्यावश्यक सेवाको रूपमा लिई सावधानी तथा सतर्कतापूर्वक उपयोग बढाउनु पर्दछ।

### ६.११.२ प्रमुख समस्या तथा चुनौती

कृषि तथा पशुपालन उद्योग व्यवसाय, अध्ययन अध्यापन, स्वास्थ्य उपचार जस्ता दैनिक जीवन लगायतका हरेक पक्षमा सूचना तथा सञ्चारको सही सदुपयोग तथा सस्तो तथा भरपर्दो बनाउनु, सार्वजनिक क्षेत्रमा भएको न्यून सेवा सुविधाका कारण उम्दा जनशक्तिलाई सेवामा प्रवेश गराउनु, उत्प्रेरित गराई सेवामा टिकाइराख्नु,

सरकार तथा व्यक्तिका संवेदनशील सूचना सरकारसँग संकलन र भण्डारण हुने भएकोले यसको गोपनियता एवं सुरक्षा कायम राख्नु, निजी क्षेत्रसँग हातेमालो गर्न तथा अन्य सरकारसँग सहकार्य एवं प्रतिस्पर्धात्मक वातावरणको अवसर बनाई राख्नु आदि यस क्षेत्रका समस्या तथा चुनौती रहेक छन्।

### ६.११.३ अवसर

युवा जनशक्ति सूचना तथा प्रविधिको अध्ययन, अनुसन्धान, विकास, विस्तार तथा उपयोगमा उत्प्रेरित एवं सक्षम रहनु, विश्वव्यापीकरणबाट लाभ प्राप्त हुनु, कृषि उद्यम, रोजगारी, शिक्षा, स्वास्थ्य सेवामा सहजता र सुगम हुनु, दैनिक जीवनमा सहजता हुनु, डिजीटल साक्षरताको विस्तार हुनु, डिजिटल फासला न्यून हुँदै जानु, सामाजिक असमानता कुरीति छुवाछुत न्यूनीकरणमा योगदान पुर्‍याउनु, कुल गार्हस्थ उत्पादनमा योगदान बढाउनु, कृत्रिम बौद्धिकताको बृद्धि हुनु, सफ्टवेयरको निर्यातबाट बैदेशिक मुद्रा प्राप्तिमा उल्लेख्य सहयोग पुर्‍याउनु लगायतका अवसर प्राप्त भएका छन्।

### ६.११.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

डिजिटल स्थानीय तह र बौद्धिक विकास

**लक्ष्य**

सर्वसाधारण नागरिकको दैनिक जीवनमा सहजीकरण; उद्यमशीलता प्रवर्द्धन; युवा मानव स्रोतको आकर्षण बढाई आर्थिक, सामाजिक एवं सास्कृतिक विकास गर्ने

**उद्देश्य**

सार्वजनिक सेवा र कार्य तथा उद्यमशीलतामा सूचना प्रविधिको अधिकतम उपयोग बढाउँदै आर्थिक सामाजिक समृद्धि र सामाजिक न्यायको विकास गर्ने

### ६.११.५ रणनीति तथा कार्यनीति

१. सूचना प्रविधिको अनुसन्धान विकास र उपयोगमा गाउँपालिका तथा निजी क्षेत्रको सहभागिता बढाउँदै आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गर्ने।
२. सुरक्षित एवं भरपर्दो सरकारी तथ्याङ्कको विकास गर्ने।

३. सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा अधिकतमरूपमा सूचना प्रविधिको उपयोग बढाई लागत, समय, गुणस्तर, विश्वासनीयता र पारदर्शिताको प्रवर्द्धन गर्ने।

४. सामाजिक न्याय तथा सांस्कृतिक कुरीति न्यूनीकरणमा सूचना तथा प्रविधिको विकास र उपयोगमा समाजका सबै वर्ग तथा क्षेत्रलाई सहभागी गराउने।

| सूचना तथा सञ्चार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | सूचना तथा सञ्चार नीति तथा कानुन तर्जुमा र कार्यान्वयन | | | १ | १ | - | - | - | २ |
| २. | सूचना प्रविधिमा क्रियाशिल प्राविधिकको तथ्याङ्क संकलन | | | १ | १ | १ | १ | १ | ५ |
| ३. | सूचना प्रविधि जनशक्ति सशक्तीकरण कार्यकम | | | ६ | ६ | ६ | ६ | ६ | ३६ |
| ४. | सूचना प्रविधि क्षेत्रको विकास र व्यवस्थापन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | डिजिटल साक्षरता )Digital Literacy) अभियान सञ्चालनको लागि आधारभूत मापदण्ड र पाठ्यक्रम निर्माण | | | १ | १ | - | - | - | २ |
| ६. | स्थानीय तहस्तरीय डिजिटल साक्षरता )Digital Literacy) कार्यक्रम सञ्चालन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | विद्यालयमा सूचना प्रविधि अध्ययन कक्ष स्थापनाका लागि छनौट मापदण्ड विकास | | | १ | १ | - | - | - | २ |
| ८. | नेपाल सरकार र प्रदेश सरकारसँगको साझेदारीमा माध्यमिक विद्यालयमा आधुनिक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना प्रविधि अध्ययन कक्षा स्थापना | | | | | | | | |
| ९. | सबै वडाका केन्द्रमा इन्टरनेट विस्तार | | | १ | १ | २ | २ | २ | ८ |

### ६.११.६ प्रमुख कार्यक्रम

१. सूचनाको हकको कार्यान्वयनमा अग्रसरता

२. सूचनाको हकको कार्यान्वयन र अभ्यासको परीक्षण।

३. लोककल्याणकारी विज्ञापनमा सूचनाको हकसम्बन्धी सन्देशमूलक सामग्रीको प्रकाशन र प्रसारण।

४. सूचनाको हक सम्बन्धी ऐन बमोजिम सार्वजनिक सूचनाको वर्गीकरण।

५. सबै क्षेत्रमा ब्रोडब्यान्ड इन्टरनेटको पहुँच सञ्जाल निर्माणमा पहल।

६. छापा तथा विद्युतीय सञ्चार माध्यमको विकास, विस्तार र सुदृढीकरण

७. आमसञ्चार सम्बन्धी मापदण्ड निर्माण।

८. सूचना तथा प्रविधिको विकासमा गैरसरकारी क्षेत्रसँग साझेदारी तथा सहकार्य।

९. सामान्य प्रशासन तथा विकास प्रशासनमा सूचना प्रविधिको व्यवस्थित उपयोग।

१०. युवा तथा विज्ञान प्रविधि संकाय लक्षित सूचना प्रविधि तालिम, सूचना प्रविधि मेला र प्रदर्शनी सञ्चालन।

११. स्थानीय राजपत्र पोर्टल वा मोबाइल एप्सको उपयोग।

१२. आमसञ्चार सामाजिक सञ्जाल र प्रविधिको उपयोगबाट सामाजिक आर्थिक भौतिक एकीकरण र सदभावना विस्तार।

### ६.११.७ अपेक्षित उपलब्धि

सार्वजनिक निकायमा नियमितरूपमा सूचना वर्गीकरण गरी उपयुक्त सूचना सार्वजनिक गर्दै पारदर्शिता अवलम्बन भएको हुनेछ। योजना अवधिमा प्रत्येक घरधुरीमा मोबाइल फोनको सुविधा प्रयोग गर्न सक्ने गरी भरपर्दो मोबाइल नेटवर्क सेवा र इन्टरनेट सेवा पुगेको हुनेछ। संघीय तथा प्रदेश सरकारको सहयोगमा सबै वडा केन्द्रमा अप्टिकल फाइबर सञ्जाल पुगेको, सूचना प्रविधिको विकास तथा विस्तारको लागि गैरसरकारी क्षेत्रको सहकार्यमा विभिन्न प्रकारका प्रविधि मेला सञ्चालन भएको, सार्वजनिक तथा निजी सञ्चार माध्यमबाट सांस्कृतिक मूल्य–मान्यता संरक्षण तथा सामाजिक सदभाव अभिवृद्धि भएको र सूचना तथा प्रविधिको माध्यमबाट सार्वजनिक सेवा तथा कार्य व्यवस्थितरूपमा सञ्चालन भएको हुनेछ।

# परिच्छेद ७
# सुशासन र लोकतन्त्र

## ७.१ सुशासन र लोकतन्त्र

### ७.१.१ पृष्ठभूमि

संघीय शासन प्रणालीको अवलम्बन र अभ्यास आफैमा सुशासन र लोकतन्त्रको महत्त्वपूर्ण कदम हो। जनसहभागिता, कानुनको शासन, पारदर्शिता, जवाफदेहिता, सहमतीय पद्धति, समावेशिता, सामाजिक न्याय जस्ता बिषय सुशासन तथा लोकतन्त्रका आधारस्तम्भका रूपमा रहेका छन्। जहाँ लोकतन्त्रको अभ्यास हुन्छ त्यहाँ सुशासन पनि हुन्छ। यसैगरी सुशासन भएकै मुलुकमा मात्र लोकतन्त्रको मूल्य मान्यता स्थापित भएका हुन्छन्। लोकतन्त्रमा पूर्ण प्रेस स्वतन्त्रता, स्वच्छ एवं स्वतन्त्र न्यायपालिका/न्यायप्रणाली, शासकीय शक्तिको सन्तुलित पृथकीकरण, नागरिक समाजको निगरानी, संवैधानिक निकायको स्वायत्तता, र प्रभावकारिता जस्ता क्षेत्र रहेका हुन्छन्। लोकतन्त्रको विकल्प अझ सुधारिएको लोकतन्त्र नै हो। सुशासनले समाजमा न्याय, नैतिकता, समानता, समावेशिता, सहभागिता, सक्षमता, समृद्धि, सामाजिक न्याय र सन्तुलन जस्ता विविध पक्षको वकालत र प्रवर्द्धन गर्दछ।

### ७.१.२ प्रमुख समस्या तथा चुनौती

शासकीय स्वरुप परिवर्तनसँगै कार्यसंस्कार र कार्यशैलीमा सबै पक्षलाई परिवर्तन गराउनु, सबै पक्षको सार्थक सहभागिताको अवसर प्रदान गर्नु, निष्पक्ष र तटस्थ सेवा प्रवाह गर्नु, सार्वजनिक क्रियाकलापको पूर्ण पारदर्शिता अवलम्बन गर्नु, उपलब्ध स्रोत तथा साधनको दक्षतापूर्ण एवं कुशल परिचालन गर्नु, सामाजिक न्याय स्थापित गर्नु, सन्तुलित र समन्यायिक विकासको अभ्यास गर्नु, व्यवसायिकता र सार्वजनिक सामाजिक उत्तरदायित्वका बीचमा सामञ्जस्यता स्थापित गर्नु, नैतिक चरित्र इमान्दारिता सदाचारिताको उच्चरूपमा पालन र अभ्यास गर्नु लगायतका विषय समस्या तथा चुनौतीका रूपमा रहेका छन्।

### ७.१.३ अवसर

संघीयताको अभ्यास गर्न पाउनु नै सबैभन्दा ठूलो तथा ऐतिहासिक अवसर रहेको छ। संविधानबाट नीति तथा कानुनको तर्जुमा तथा कार्यान्वयन योजना तर्जुमा तथा कार्यान्वयन स्रोतको अनुमान तथा परिचालन बजेट तर्जुमा तथा कार्यान्वयन न्याय निरूपण लगायतका महत्त्वपूर्ण कार्य सम्पादन गर्ने अवसर प्राप्त भएको छ। मुलुकमा शान्ति छाएको छ। राजनीतिक स्थिरता कानुनी स्थिरता र तीनै तहका सरकारको अग्रसरता एवं गतिशीलताले गर्दा आर्थिक सामाजिक भौतिक प्रविधिगत सांस्कृतिक समुन्नतिको पथमा सघन र साहशिकरूपमा फड्को मार्ने अवसर प्राप्त भएको छ।

## ७.१.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

समुन्नत, समन्यायिक, सुसंस्कृतिक शासकीय प्रबन्धमा समाज रुपान्तरण

**लक्ष्य**

लोकतान्त्रिक मूल्य र मान्यता तथा सुशासनको महत्तम अभ्यासबाट शान्ति र आर्थिक सामाजिक भौतिक प्रविधिगत विकास गर्ने

**उद्देश्य**

लोकतान्त्रिक प्रणाली र सुशासनको अभ्यासबाट आर्थिक समृद्धि प्राप्ति गर्नु

## ७.१.५ रणनीति तथा कार्यनीति

१. सार्वजनिक निकायलाई पारदर्शी बनाउने
२. सार्वजनिक कानुन तर्जुमा कार्यान्वयन लोकतान्त्रिक र पारदर्शी बनाउने
३. सार्वजनिक सुनुवाई सार्वजनिक लेखापरीक्षण नागरिक निगरानी आम्दानी र खर्चको नियमित सार्वजनिकीकरण जस्ता पारदर्शिताका औजारको अधिकतमा उपयोग गर्ने
४. नीति कानुन योजना बजेट तर्जुमा तथा कार्यान्वयनमा सर्वपक्षीय सहभागिताको सुनिश्चित गर्ने
५. खुला बजेट प्रणालीको अभ्यासको थालनी गर्ने
६. प्रचलित कानुन तथा नीतिको प्रभावकारिता र प्रभावको परीक्षण गर्ने
७. अन्तरसरकारका बीचमा सहकार्य सहलगानी र सहव्यवस्थापनमा जोड दिने
८. निजी क्षेत्र सहकारी क्षेत्रको विकास एवं सहभागिताका लागि स्वस्थ वातावरणको निर्माण गर्ने।

## ७.१.६ प्रमुख कार्यक्रम

१. सुशासन र विकासका लागि मापदण्ड मार्गदर्शन तथा आचारसंहिता निर्माण
२. सूचना प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह तथा विकास प्रशासन सञ्चालन
३. नागरिक बडापत्रको कार्यान्वयन
४. सार्थक जनसहभागितामा आधारित नीति, कानुन, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रदेश तथा स्थानीय शासकीय सुधार कार्यक्रम (पीएलजीएसपी)को कार्यान्वयन
५. खुला बजेट प्रणालीको अभ्यास तथा प्रवर्द्धन।
६. सार्वजनिक खर्चको विद्युतीय माध्यमबाट नियमित सार्वजनिकीकरण
७. गैरसरकारी क्षेत्रलाई लोकतन्त्रका आधारभूत मूल्य मान्यता अनुरूप सञ्चालनका लागि प्रोत्साहन

८. सार्वजनिक निकाय र सार्वजनिक कोषको उपयोगको सन्दर्भमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइजस्ता विधिहरूको प्रयोग गरी सार्वजनिक उत्तरदायित्व अभिवृद्धि।
९. आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वका लागि संघीय सरकार तथा प्रदेश सरकारलाई नियमित वित्तीय प्रतिवेदन प्रस्तुत
१०. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन
११. अनुगमन तथा मूल्याङ्कनका लागि आमसञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत प्राप्त हुने पृष्ठपोषणको उपयोग।
१२. योग्यता क्षमता विशिष्टता कार्यकुशलता दक्षताका आधारमा सार्वजनिक निकायमा स्थायी अस्थायी एवं सेवा करारमा जनशक्ति व्यवस्थापन।
१३. सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सुधार।
१४. ज्येष्ठ नागरिक, एकल महिला, दलित, लोपोन्मुख, आदिवासी र जनजाति एवम् अशक्त, अपाङ्गता भएका नागरिकहरूलाई प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीमार्फत वितरण।
१५. सामुदायिक मेलमिलापको माध्यमबाट ससाना मेलमिलापयोग्य झैझगडाको स्थानीयस्तरमा नै समाधानसम्बन्धी कार्य विस्तार।
१६. नागरिकका लागि सरकार सरकारका लागि नागरिक हुने गरी नागरिकको शिक्षा स्वास्थ्य रोजगारी सामाजिक सुरक्षा सामाजिक सम्मान सदभाव बढाउन कानुनको पालना निष्पक्षता र जवाफदेहिताको अवलम्बन।

### ७.१.७ अपेक्षित उपलब्धि

जनआकांक्षालाई सर्वोपरी रुपमा ग्रहण गरिएको, सुशासन र विकास एक अर्कामा आश्रित भएको, सुशासन सम्बन्धी नीतिगत व्यवस्था भएको हुनेछ। सार्बजनिक काम कार्वाहीलाई परिणाममुखी बनाउन योग्यता क्षमता निष्पक्षतामा ध्यान दिई नीति, योजना बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सार्थक जनसहभागिता स्थापति भएको हुनेछ। सार्वजनिक निकायका क्रियाकलाप र कोषको आयव्ययलाई पारदर्शी तुल्याइएको, संघीय सरकार तथा प्रदेश सरकारलाई वित्तीय विवरण र आर्थिक विवरण नियमितरूपमा प्रतिवेदन प्रेषित गरिएको, कानुनमा आधारित रहेर जनशक्तिको व्यवस्थापन गरिएको, सूचना प्रविधिको उपयुक्त विकास र उपयोग गर्दै सार्वजनिक प्रशासन निष्पक्ष तटस्थ लागतप्रभावी र कुशल बनाइएको हुनेछ। स्रोत परिचालन एवं वितरणमा समानता सन्तुलन न्याय विवेक समावेशिताको अवलम्बनबाट सुशासन तथा लोकतन्त्रको लाभ प्राप्तिमा जनविश्वास अटल भएको हुनेछ।

## ७.२ न्याय प्रणाली

### ७.२.१ पृष्ठभूमि

न्यायमा सहज पहुँच, शीघ्र न्याय प्राप्ति, सस्तो र सुलभ सुविधा भएमा मात्र नागरिकले न्यायप्रति भरोसा तथा विश्वास गर्छन्। ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो भन्ने कानुनी मान्यता रही आएको छ। सबै पक्षको न्यायमा सहज तथा सुगम पहुँच उपलब्ध गराई न्यायिक प्रणालीमा विश्वास र भरोसा निर्माण गर्नु आवश्यक रहेको छ।

### ७.२.२ प्रमुख समस्या तथा चुनौती

स्थानीय तहमा न्याय सम्पादनका लागि स्थापित न्यायिक समितिमा न्याय तथा कानुनको पर्याप्त ज्ञान नहुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा भएका नवीनतम विधि र पद्धतिको यथेष्ट जानकारी नहुनु, समय समयमा तालिम तथा अभिमुखीकरणमा निरन्तरता नहुनु समस्या एवं चुनौती रहेका छन्। यसैगरी पीडित पक्षलाई संविधान अनुकूल कानुनी सहायता उपलब्ध गराउनु अर्को चुनौती रहेको छ। न्याय सम्पादनका लागि स्थानीय तहमा कार्यरत कर्मचारीमा पर्याप्त ज्ञान सीप अनुभव र शैक्षिक योग्यता नहुनु पनि समस्या तथा चुनौती रहेका छन्।

### ७.२.३ अवसर

स्थानीय तहमा नै न्यायिक प्रणालीलाई संविधानबाट नै व्यवस्था गरिनु महत्त्वपूर्ण पक्ष रहेको छ। त्यसैगरी यसमा रहने पदाधिकारीको पूर्व जानकारीले निर्वाचनमा उपप्रमुख वा उपाध्यक्षको उम्मेदवार कानुनी योग्यता रहेको व्यक्ति बनाउन सहज गराएको छ। स्थानीय जनताका स्थानीय समस्या जनप्रतिनिधि वा न्यायिक समितिमा रहेका पदाधिकारीलाई हुने भएकोले न्याय सम्पादनमा निष्पक्षता, शीघ्रता एवं किफायती हुने अवसर सरकार तथा नागरिक दुबैलाई प्राप्त भएको छ।

### ७.२.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

नागरिकको न्यायमा सहज र सरल पहुँचबाट स्वस्थ समाजको निर्माण

**लक्ष्य**

छरितो तथा सहज न्याय प्रणालीबाट कानुनी शासनको सुदृढीकरण गर्ने

**उद्देश्य**

स्थानीय स्तरका बिबाद तथा मुद्दाहरूलाई समयमै न्याय निरूपण गर्दै न्यायपूर्ण समाज निर्माण गर्नु

## ७.२.५ रणनीति तथा कार्यनीति

१. नीतिगत तथा कानुनी आधार निर्माण तथा दिगो बनाउने

२. संस्थागत क्षमता र उपकरणको पर्याप्त र समयानुकूल व्यवस्थापन गर्ने

३. न्यायमा संलग्न हुने पदाधिकारी तथा कर्मचारीलाई नियमित र निरन्तर स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा न्याय प्रणालीका बारेमा तालिम अध्ययन अभिमुखीकरणमा सहभागी गराउने

४. अन्तर सरकार तथा न्याय र कानुनका क्षेत्रमा संलग्न निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य समन्वय र सम्मिलनका कार्यलाई प्रवर्द्धन गर्ने

**न्याय प्रणाली**

| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| 1 | आवश्यक नीति तथा कानुन तर्जुमा गर्ने। | | | १ | १ | १ | १ | १ | ५ |
| 2 | न्यायिक समितिका सदस्य र सम्बन्धित कर्मचारीको क्षमता विकास | | | २ | २ | २ | २ | २ | १० |
| 3 | न्यायिक इजलासको लागि आवश्यक पूर्वाधार र प्रविधिको व्यवस्था | | | १ | १ | १ | १ | १ | ५ |
| 4 | वडा तहमा स्थानीय मेलमिलाप समितिको गठन | | | २ | २ | २ | २ | २ | १० |
| 5 | स्थानीय मेलमिलापकर्ताको क्षमता विकास | | | २ | २ | २ | २ | २ | १० |

### ७.२.६ प्रमुख कार्यक्रम

१. आवश्यक नीति तथा कानुनी संरचना निर्माण

२. न्यायिक समिति तथा उक्त कार्यमा कार्यरत कर्मचारीको क्षमता विकास कार्यक्रम

३. इजलास कक्ष तथा अन्य आबश्यकीय पूर्वाधारको निर्माण

## ७.३ संघीय शासन प्रणालीको सुदृढीकरण

### ७.३.१ पृष्ठभूमि

स्थानीय तह संघीय शासनको जग र जमीनको रूपमा रहेको छ। यसको जग र जमिन जति बलियो र विश्वासिलो हुन्छ हालको शासकीय प्रणाली उत्तिकै मजबुद हुँदै जान्छ । सरकारको शासकीय शैली, कुशलता, दक्षता, क्षमता, संस्कार, सदाचारिताबाट संघीयताप्रति साधारण नागरिकको अवधारणा स्थापित हुन्छ। स्थानीय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबाट सम्पादन हुने सेवा प्रवाह, विकास निर्माण, न्याय सम्पादन, सरकारको निगरानी, निष्पक्षता, सन्तुलित विकास, सामाजिक न्याय, कानुनी शासन जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यतालाई संस्थागतरूपमा स्थापित गर्न सकिएमा संघीयताको परिकल्पना साच्चिकै सार्थक र लाभकारी हुनेछ। सार्वजनिक वित्तको सम्भावनालाई अधिकतम परिचालन गर्दै साधन तथा स्रोतको कुशल तथा दक्षतापूर्ण तवरले प्रगतिशील आधारबाट वितरण तथा पुनर्वितरण गरिएमा आर्थिक सामाजिक प्रविधिगत भौतिक र सांस्कृतिक विकासको आधार बलियो र दिगो हुनेछ।

### ७.३.२ प्रमुख समस्या तथा चुनौती

संघीयताको अभ्यासको प्रारम्भिक चरणमा रहेकोले यसको सैद्धान्तिक तथा व्यवहारिक बुझाइमा सरलता र स्पष्टता हुन सकेको छैन। तीनै तहका सरकारको सोंच, लक्ष्य गन्तव्यको एकरूपता पहिल्याउन कठिन महशुसस गरिएको छ। नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयनका सन्दर्भमा सबै तहका सरकारको समान धारणा रहेको देखिदैन। सार्वजनिक वित्त स्रोतको परनिर्भरताका कारण गाउँपालिकाले दीर्घकालीन सोंचमा स्पष्टता ल्याउन सकेको छैन्। गाउँपालिकाको नीति, कानुन, योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा लैजान आवश्यक पर्ने जनशक्तिको न्यूनता रहेको छ। न्यून जनशक्ति पनि आफ्नो क्षेत्र अनुसार अनुभवी दक्ष र काविल देखिन सकेको छैन। स्रोत र योजनाका बीचमा तीन तहका सरकारका बीचमा अझै अन्यौल अस्पष्टता अलमल रहेको छ। संविधानले परिकल्पना गरे अनुरूप अन्तर सरकारका बीचमा नीति, कानुन, योजना, बजेट तथा कार्यक्रम राजस्व बाँडफाँट, प्रतिवेदन, वित्तीय अनुशासनमा हुनुपर्ने सहकारीता तथा सामिप्यता र सहकार्यको संस्कार प्रभाबकारी हुन सकेको छैन।

### ७.३.३ अवसर

राजनीतिकरूपमा संलग्न जनप्रतिनिधि सरकार सञ्चालनका आधारभूत तथा विशिष्ट पक्षमा तल्लो तहबाट नै प्रशिक्षित एवं अनुभवी हुँदै जाने अवसर प्राप्त भएको छ। निजामती प्रशासनमा कार्यरत कर्मचारीले तीनै तहका सरकारमा बसेर काम गर्ने अवसर प्राप्त गरेको हुँदा प्रशासनिक तथा कानुनी पक्षमा आमूल सुधार गर्न पाउने अवस्था सिर्जना भएको छ। आफ्नो नीति कानुन योजना बजेट तथा कार्यक्रम आफै छनौट तथा कार्यान्वयन गर्न पाउने अधिकारले नागरिकमा अपनत्व गौरव र स्वाभिमानी भएको महशुस गरेका छन्। आफ्नो विशिष्ट परिस्थिति भूगोल जनसंख्या स्रोत आवश्यकता र माग एवं सम्भावनाका आधारमा सार्वजनिक वित्त परिचालन र बजेटको वितरण तथा पुनर्वितरणमा सहजता प्राप्त भएको छ। वस्तुनिष्ठ आधारमा निर्णय गर्न पाउने राजनीतिक तथा प्रशासनिक कार्यक्षेत्र तथा कार्यसंस्कारका कारण सुशासन विकास समृद्धिमा सरकारका बीचमा क्षितिजीय तथा ठाडोरूपमा स्वस्थ प्रतिस्पर्धात्मक वातावरणको विकासको स्वर्णिम अवसर प्राप्त भएको छ।

### ७.३.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

संघीय शासन प्रणाली मार्फत स्थानीय सुशासन

**लक्ष्य**

स्थानीय तहलाई नै संघीय शासनका आधारस्तम्भका रूपमा विकास गर्ने

**उद्देश्य**

अन्तर सरकारका बीचमा स्वस्थ सन्तुलित र पारदर्शी सहकार्य र समन्वयबाट आर्थिक सामाजिक भौगोलिक भौतिक प्रविधिगत सांस्कृतिक समुन्नति हासिल गर्ने

### ७.३.५ रणनीति तथा कार्यनीति

१. नीति तथा कानुन नेपालको संविधान संघीय कानुन र प्रदेश कानुन अनुकूल तर्जुमा एवं कार्यान्वयन गर्ने

२. स्थानीय आवश्यकता माग संभावना अनुसार नै सार्वजनिक वित्तको परिचालन योजना बजेट तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्ने

३. वित्तीय अनुशासन र उत्तरदायित्वलाई सर्वोपरी ठानी उपलब्ध स्रोतको कुशलता र दक्षतापूर्ण तवरले उपयोग गर्ने

४. सेवा प्रवाह विकास निर्माण न्याय सम्पादन वातावरण संरक्षण सामाजिक न्याय र सन्तुलित विकास गर्ने।

| संघीय शासन प्रणालीको सुदृढीकरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण र परिमार्जन गर्ने | | | १ | १ | १ | १ | १ | ५ |
| 2 | वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा स्थानीय तहमा पिछ्राडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने र मूल्याङ्कन गर्ने। | | | २ | २ | २ | २ | २ | १० |
| 3 | संघीयता कार्यान्वयन गर्न आवश्यक नीति तथा कानुनको निर्माण गर्ने। | | | १ | १ | - | - | - | २ |
| 4 | स्थानीय तह मातहतका निकायको संरचना निर्माण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 5 | संघीयता कार्यान्वयनका लागि आवश्यक संगठन संरचनाको निर्माण गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 6 | साझेदारी कार्यक्रमको मोडल बिकास गर्ने। | | | - | १ | - | - | - | १ |
| 7 | समाज नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 8 | कर्मचारीको क्षमता बिकास कार्यक्रम सञ्चालन गर्ने | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ७.३.६ प्रमुख कार्यक्रम

१. संबिधानतः प्राप्त अधिकार र जिम्मेबारीको प्रयोग गर्न आबश्यक नीति तथा कानुन निर्माण
२. स्थानीय सुशासनको लागि जनसहभागितामूलक कार्यक्रम संचालन
३. तीन तहका सरकारबीच समन्वय र सहकार्य

## ७.४ स्थानीय तहको सन्तुलित विकास

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानमा संवैधानिक निकायको रुपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था वित्तीय स्रोत वितरणमा सन्तुलन, पारदर्शिता, तथ्याङ्कमा आधारित र सर्वस्वीकार्य बनाउनका लागि गरिएको छ। संघीय शासन प्रणालीले सन्तुलित विकासको आधार निर्माण गरिसकेको छ। संघ तथा प्रदेश सरकारबाट गरिने वित्तीय हस्तान्तरणले सन्तुलित तथा समन्यायिक विकासलाई महत्त्वपूर्ण योगदान पुर्याउँछ। संविधान बमोजिम नागरिकका आधारभूत आवश्यकता उपलब्ध गराउने र स्थानीय सरकारको कार्य जिम्मेवारी वित्तीय स्रोतको उपलब्धता अनुसार योजना तथा कार्यक्रम र स्रोत साधनको वितरण गरी सन्तुलित विकासमा जोड दिनु पर्ने देखिन्छ।

### ७.४.२ प्रमुख समस्या तथा चुनौती

स्थानीय जनताको आर्थिक, सामाजिक, भौगोलिक विकासको आकांक्षा बढ्दोरुपमा रहनु; आन्तरिक स्रोतको सम्भाव्यता र परिचालनको अवस्था साँघुरो हुनु; सन्तुलित विकासका लागि भौगोलिक विषमता हुनु; योजना, नीति, कानुन र बजेट तर्जुमा तथ्यगत र प्रमाणमा आधारित नहुँदा विश्वासिलो र भरपर्दो स्रोत विनियोजनको अभ्यास न्यून हुनु; नीति, कानुन, योजना, बजेट तर्जुमा आवश्यकता, परिस्थिति, माग, सम्भावना भन्दा प्रभाव र पहुँचले भूमिका निर्वाह गर्ने प्रणाली र पद्धतिको निरन्तरता हुनु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ७.४.३ अवसर

स्थानीय तहलाई नीति तथा कानुन तर्जुमा र कार्यान्वयन गर्ने योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने स्थानीय स्रोतको दिगो उपयोग गर्ने सार्थक जनसहभागिता बढाउने स्रोत तथा साधनको सन्तुलित र समन्यायिक वितरण पुनर्वितरण गर्ने संघ प्रदेश सरकारबाट प्राप्त तथा स्थानीयको स्रोतको अल्पकालीन मध्यमकालीन र दीर्घकालीन आँकलन र परिचालन गर्ने सामाजिक न्यायको अनुभूती गराउने अवसर प्राप्त भएको छ। साथै शासकीय आयाममा विश्वव्यापीकरण तथा स्थानीयकरणलाई ध्यान पुर्याई आर्थिक सामाजिक भौतिक प्रविधिगत रूपान्तरण गर्ने महत्त्वपूर्ण अवसर प्राप्त भएको छ।

## ७.४.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

सक्षम सरकार सन्तुलित र समन्यायिक विकास

**लक्ष्य**

समग्र शासकीय क्षेत्रको प्रयासबाट स्थानीय तहको सन्तुलित समन्यायिक आर्थिक विकास हासिल गर्ने

**उद्देश्य**

सन्तुलित विकासका लागि नीतिगत र कार्यक्रमगत ब्यवस्था गरी सबै क्षेत्रमा समान विकास गर्नु।

## ७.४.५ रणनीति तथा कार्यनीति

१. नीति कानुनमा परिस्थिति परिवेश प्रतिवद्धता अनुरूपको व्यवस्था गर्ने

२. योजना बजेट कार्यक्रमलाई पूर्ण र सार्थक जनसहभागितामूलक बनाउँदै कार्यान्वयनयोग्य बनाउने।

३. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको अधिकतम उपयोग गर्दै कार्यसम्पादनमा प्राप्त हुने थप वित्तीय हस्तान्तरणको स्रोत प्राप्तिमा जोड दिने।

४. सरकारको न्यून उपस्थिति रहेका स्थानमा सहकारी निजी सहकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य समन्वय र हातेमालो गर्दै सेवाप्रवाह तथा विकास निर्माणका कार्यमा उत्प्रेरित गर्ने।

५. आफ्नो क्षेत्रभित्र सम्भावना रहेका आर्थिक स्रोतको दिगो तथा भरपुर परिचालन गर्ने।

६. सार्वजनिक क्षेत्रका अवसरलाई विकासको अवस्था र औषत अवस्था भन्दा पछाडि रहेका क्षेत्रलाई प्राथमिकीकरण गरी बराबरी मैदान (इक्वायल फुटिङ्ग, लेभलिङ्ग द प्लेइङ्ग फिल्ड) बनाउन अग्रसर रहने।

७. मानव संसाधनलाई उच्चतम रूपमा उपयोग गर्ने।

८. कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलीजेन्स) को अनुसन्धान विकास तथा उपयोग विस्तार गर्दै नागरिकमा यसप्रति विश्वास बढाउने।

## ७.४.६ प्रमुख कार्यक्रम

१. वार्षिक बजेट तर्जुमा गर्दा आर्थिक सामाजिक भौतिक विकासले पछि परेका वडामा लगानी विस्तार

२. प्राकृतिक स्रोतको परिचालनबाट राजस्व संकलन हुने स्थानमा अतिरिक्त योगदान तथा लगानी

३. सामाजिक सांस्कृतिक परम्पराबाट पछि परेका क्षेत्रमा शैक्षिक कार्यक्रमको विस्तार र नियमित

४. गरिबी बढी देखिएका (वास्तविक तथ्याङ्क उपलब्ध नभएको) वडामा रोजगारी सिर्जना परम्परागत सीपमा सशक्तीकरण कृषि तथा पशुव्यवसायमा अनुदान।

५. अपेक्षित उपलब्धि

६. सडक पूर्वाधार नपुगेका गाउपालिका बस्ती तथा वडामा कच्ची सडक सञ्जाल विस्तार भएको विद्यालय भवन नभएकोमा विद्यालय भवन निर्माण भएको प्राकृतिक स्रोतको परिचालनबाट सरकारले आम्दानी गरेका मा थप लगानी तथा योगदान विस्तार भएको हुनेछ। सन्तुलित समन्यायिक समावेशी भौतिक पूर्वाधार र सामाजिक पूर्वाधार विकासमा संघीय सरकार तथा प्रदेश सरकारबाट समपूरक लगानी तथा विशेष लगानी भएको हुनेछ।

## ७.५ शासकीय सुधार

### ७.५.१ पृष्ठभूमि

परिवर्तित राजनीतिक तथा संवैधानिक व्यवस्थालाई मध्यनजर गरी समग्र शासकीय व्यवस्थामा सुधार हुनु पर्दछ। संविधान राजनीतिक व्यवस्था र कानुनमा परिवर्तनलाई शासनका पात्रले आत्मसात गरिनुपर्दछ। सार्वजनिक प्रशासन, सहकारी क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, सामुदायिक क्षेत्रले पनि विगतमा गरिएका नीतिगत तथा व्यवहारगत पक्षमा सुधार गरिनु पर्दछ। संविधानले प्रदत्त गरेका मौलिक हक र अधिकार, राज्यका निर्देशक सिद्धान्त नीति, व्यवस्थापिका कार्यापालिका र न्यायपालिकाको कार्यक्षेत्र स्वायतता, सन्तुलन नियन्त्रणका पक्षमा विगत भन्दा उत्कृष्ट तवरबाट कार्यान्वयन तथा अभ्यास गरिनु पर्दछ।

### ७.५.२ प्रमुख समस्या तथा चुनौती

एकात्मक र केन्द्रीकृत शासन प्रणालीमा लामो समय अभ्यस्त भएकोले सोही अनुसारका कार्यसंस्कार कार्यशैलीको अवलम्बन गरिनु, सामाजिकरूपमा धनसम्पत्तिलाई मात्र प्रतिष्ठा तथा इज्जजतकोरूपमा हेरिनु, निजी क्षेत्र सहकारी क्षेत्र समुदाय र गैरसरकारी क्षेत्रमा पनि व्यवसायिक स्वच्छता एवं स्वस्थताको प्रवर्द्धनमा ध्यान नदिनु, न्यायका क्षेत्रमा समेत विसँगति विद्यमान रहनु, भौतिकवादी तथा स्वार्थवादी चिन्तन र व्यवहार हावी हुँदै जानु, भ्रष्टाचार न्यूनीकरणका लागि गरिएका प्रयास प्रभावकारी नहुनु, सामाजिक सांस्कृतिक संरचनामा सूचना तथा प्रविधिका कारणले विचलन बढ्दै जानु, मुद्रा निर्मलीकरणका क्षेत्र व्यापक हुँदै जानु शासकीय सुधारका लागि जटिल समस्या तथा चुनौतीका रूपमा रहेका छन्।

### ७.५.३ अवसर

नागरिक राजनीतिक सामाजिक र व्यवसायिक रूपमा सचेत र सजग हुँदै जानु सदाचार इमान्दारिता नैतिकताप्रति समाजका सबै पक्ष जागरूक रहनु सरकारको हरेक गतिविधिको निगरानीका लागि संसदीय समिति संवैधानिक निकाय गैरसरकारी निकाय नागरिक समाजको नियमित र निरन्तर निगरानी रहनु पारदर्शिता सुशासनका लागि सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्ति र दैनिकीप्रतिको सामाजिक सञ्जाल र सञ्चारका माध्यमबाट

सार्वजनिकीकरण तथा सावधानीका लागि भइरहेका नियमित प्रतिक्रिया हरेक क्रियाकलापको सामाजिक परीक्षण सार्वजनिकीकरण सार्वजनिक सुनुवाई जस्ता कार्यले समग्र शासकीय पक्ष र पात्रमा निरन्तर सुधारका अवसर प्राप्त भएका छन्।

### ७.५.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

शासकीय पात्र र पक्षप्रति नागरिक भरोसा।

**लक्ष्य**

नागरिक परीक्षणबाट समग्र शासकीय क्षेत्रको स्वस्थता र शुद्धताको उचाइ प्राप्ति गर्ने।

**उद्देश्य**

सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र,नागरिक समाज र सामुदायिक क्षेत्रमा कार्यशैली, कार्यसंस्कार र स्रोत परिचालनप्रति स्वीकार्य मानक स्थापना गर्नु।

### ७.५.५ रणनीति तथा कार्यनीति

१. सार्वजनिक क्षेत्रमा हुने अस्वाभाविक क्रियाकलाप, आम्दानी खर्च व्यवहार र प्रवृत्तिलाई रोकथाम तथा न्यूनीकरण गर्ने।
२. राजनीति प्रशासन र निजी क्षेत्रका बीचमा रहेको बिचौलिया साँठगाँठ (मिडियटर नेक्सस) लाई प्रविधिको उपयोग गर्दै न्यूनीकरण गर्ने।
३. प्रतिस्पर्धात्मक बजार योग्यता प्रणालीको अवलम्बन गर्दै लोकतान्त्रिक अभ्यासलाई सार्थकता प्रदान गर्ने।
४. नागरिक समाज गैरसरकारी संस्थाबाट हुने स्वस्थ शासकीय अभ्यासका लागि निगरानी नियमन निर्देशन पालना गर्ने कार्यमा अग्रसरता लिने।
५. सार्वजनिक स्रोतको संकलन र खर्च कानुन बाहेक गर्न नहुने कानुनी व्यवस्थालाई सधै हृदयङ्गम गर्ने।
६. आर्थिक पारदर्शिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक र सार्वजनिक परीक्षण, विद्युतीय सार्वजनिकीकरणका अभ्यासलाई नियमित र सार्थक बनाउँदै लैजाने।

| शासकीय सुधार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | स्थानीय सेवासम्बन्धी कानुन निर्माण गर्ने | | | १ | १ | - | - | - | २ |
| २. | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (पुरस्कार) | | | १ | १ | १ | १ | १ | ५ |
| ३. | सबै कार्यालयहरुलाई प्रबिधिमैत्री बनाउने | | | २ | २ | २ | २ | २ | १० |
| ४. | नियमित वेबसाइट अद्यावधिक गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | सबै वडा कार्यालयमा सुझाव पेटीका र नागरिक वडापत्र राख्ने | | | २ | २ | २ | २ | २ | १० |
| ६. | सदाचारबारे प्रशिक्षण दिने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | कार्यक्रममा दोहोरोपना घटाउन कम्प्युटर सफ्टेवयर बनाई कार्यान्वन गर्ने। | | | १ | - | -- | - | - | १ |
| ८. | निर्माण सम्पन्न आयोजनाको सामाजिक परीक्षण गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९. | स्थानीय तहको शासकीय सुधारका लागि प्राविधिक सहयोग प्रदान अभिमुखिय कार्यक्रम गर्ने | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ७.५.६ प्रमुख कार्यक्रम

(१) सामाखर्क सजरक्षाका कायुिम अनजदान र्वतरण राहत र्वतरणका िालग लनदेख का तर्जुमा ।

(२) आयोर्ना कायुिमको सामाखर्क परीक्षण वातावरणीय परीक्षण र र्वतीय परीक्षण मागुद ुन तर्जुमा ।

(३) सदाचार उच्च नैलतक चररर र्वनय ीिता प्रविुनमा लनयलमत रुपमा रार्नीलतक नेतृत्मक शव सामाखर्क अलभयन्ता प्र ासलनक नेतृत्मक शविाई तालिम र उत्मक शप्रेरणा ।

### ७.५.७ अपेक्षित उपलब्धि

क्षतिपूर्ति सहितको बडापत्र, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई समितिको गठन, मासिक सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमको नियमित र सशक्तरुपमा कार्यान्वयन हुन गई योजनाको अन्त्यमा सार्वजनिक सेवा प्रवाह र विकास निर्माणको कार्यमा गुणस्तरीयता अभिबृद्धि हुन गई सुशासनको क्षेत्रमा प्रवर्द्धन हुनेछ ।

## ७.६ प्रशासनिक सुशासन

### ७.६.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नु सबै तहका सरकारको महत्त्वपूर्ण जिम्मेवारी तथा दायित्व रहेको छ। सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन्। सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही कार्यालयहरूमा नागरिक बडापत्र लागु गरिएको छ। सरकारी कार्यालय सूचना प्रविधिमैत्री बनाई छरितो र पार्दर्शी सेवा प्रवाहमा जोड दिइएको छ। निश्चित अवधिभित्र सबैको लागि तालिमको व्यवस्था मिलाउनका अतिरिक्त विभिन्न तालिम प्रदायक संस्थाहरूबाट प्रदान गरिने तालिमलाई समसामयिक र व्यावहारिक बनाउने प्रयास गरिएको छ।

### ७.६.२ प्रमुख समस्या तथा चुनौती

जनताका घरदैलोमा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, अन्तर निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनुजस्ता समस्या तथा चुनौती रहेका छन्।

### ७.६.३ अवसर

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधान तथा संघीय र प्रदेश कानुनको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग नागरिक तथा वाह्य पक्षको निरन्तर निगरानी र सावधानी गराउने पद्धतिको विकास विश्वव्यापी रूपमा प्रशासनका क्रियाकलापको बेञ्चमार्किङ्ग तथा मूल्याङ्कन गर्ने परिपाटीले प्रतिस्पर्धी तथा खरो उत्रन पर्ने परिस्थिति अवसरका रूपमा रहेका छन्।

### ७.६.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

जनमुखी, स्वच्छ, जवाफदेही स्थानीय शासन व्यवस्था।

**लक्ष्य**

सार्वजनिक प्रशासनलाई जनउत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाउने।

**उद्देश्य**

(१) सार्वजनिक प्रशासनलाई स्वच्छ, नतीजामुखी र जवाफदेही बनाउनु,

(२) सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई कुशल एवं प्रभावकारी बनाउनु।

### ७.६.५ रणनीति तथा कार्यनीति

१. सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन सङ्घीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको विकास गर्ने।
२. सार्वजनिक निकायका समग्र क्रियाकलापका चरणमा सूचनामा नागरिक सहभागिता बढाउने।
३. राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने।
४. सार्वजनिक निकायका निर्णय र प्रगतिका सूचना विद्युतीय तथा आमसञ्चारका माध्यमबाट नियमितरूपमा सार्वजनिकीकरण गर्ने
५. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन
६. प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ।
७. सेवाप्रवाहलाई जनउत्तरदायी बनाउन क्षतिपूर्तिसहितको बडापत्र कार्यान्वयनमा जोड दिइनेछ।

८. जनगुनासोलाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ।

९. आयोजना स्थलमा आयोजनाको विस्तृत विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ। भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिअनुरूपा सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ।

| प्रशासकीय सुशासन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने। | | | १ | - | - | - | - | १ |
| २. | बिद्युतीय शासन पद्धति लागू गर्ने। | | | १ | १ | १ | १ | १ | ५ |
| ३. | अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था गर्ने। | | | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ४. | गाउँपालिकाभित्र सञ्चालित आयोजनाको प्रगति समीक्षाबाट प्राप्त पृष्ठपोषणहरूको कार्यान्वयन भए नभएको चौमासिक समिक्षा गर्ने। | | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५. | वडा कार्यालयबाट आधारभूत सेवा प्रवाह गर्न सहजीकरण गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | सेवा प्रदायकलाई तालिम क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गर्ने। | | | १ | - | - | - | - | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | मोबाइल एप्सको निर्माण गरी सेवा प्रवाहको प्रचारप्रसार गर्ने। | | | ४ | ४ | ४ | ४ | ४ | २० |
| ८. | स्थानीय सेवाका कर्मचारीको लागि सेवाकालीन तालिम सञ्चालन गर्ने | | | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ९. | स्थानीय सुशासनको लागि कर्मचारीहरुलाई प्रशिक्षित गर्ने। | | | २ | २ | २ | २ | २ | १० |

### ७.६.६ प्रमुख कार्यक्रमहरू

१. स्थानीय निजामती सेवा सम्बन्धी नीति तर्जुमा, निजामती सेवा ऐन र नियमावलीको तर्जुमा गरिनेछ।

२. गाउँपालिकाको कार्य जिम्मेवारीको विश्लेषणका आधारमा सङ्गठन संरचना गरी जनशक्ति व्यवस्थापन गरिनेछ।

३. निजामती कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धिका लागि कर्मचारीहरूको सामाजिक सुरक्षा कार्यक्रम जस्तैः स्वास्थ्य तथा दुर्घटना बिमा, शिशुस्याहार केन्द्र, निजामती कर्मचारी सन्तति छात्रवृत्ति, सञ्चालन तथा सुदृढीकरण गरिनेछ।

४. निजामती सेवामा कार्यरत कर्मचारीहरूका 'सबैका लागि तालिम' कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

५. निजामती कर्मचारीलाई गाउँपालिकालाई आवश्यक भएको विषयमा स्वदेश र विदेशमा अध्ययन तथा तालिमका लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ।

६. सूचना प्रविधिको विकास र विस्तारद्वारा विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी स्वचालित कार्यप्रणालीको विस्तार।

७. कार्यसम्पादन तथा स्वस्थ कार्यमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई निजको कार्यालयको कार्य प्रगतिसँग आबद्ध।

### ७.६.७ अपेक्षित उपलब्धि

निजामती सेवाका लागि अत्यावश्यक नीति र ऐन कानुनहरू तर्जुमा भई कार्यान्वयन भएका हुनेछन्। स्थानीय आवश्यकता र परिस्थिति अनुकूलका सूचना प्रविधिको विकास र विस्तारद्वारा सार्वजनिक प्रशासनलाई विद्युतीय सुशासन प्रणालीको रूपमा अघि बढाई सबै सरकारी कार्यालयमा स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ। सेवा प्रवाहमा न्यून लागत, उच्च गुणस्तर र सरल पहुँचको सुनिश्चतता भएको हुनेछ। राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि भई सेवा प्रवाह कुशल तथा प्रभावकारी भएको हुनेछ।

## ७.७ भ्रष्टाचार नियन्त्रण

### ७.७.१ पृष्ठभूमि

सार्वजनिक सम्पत्ति स्रोत तथा अधिकारको सर्वोत्तम सार्वजनिक हितमा उपयोग गर्नुपर्दछ। सार्वजनिक वस्तु र सेवाको वितरण एवं विकास प्रशासनका क्रियाकलाप पारदर्शी, उत्तरदायी, जनमुखी र कानुनसम्मत रूपमा कार्यान्वयन गर्नुपर्दछ। प्रशासनिक संयन्त्रमा धमिराको रूपमा विस्तार र विकृत देखिएको भ्रष्टाचार अनुचित कार्य एवम् अनियमिततालाई रोकथाम न्यूनीकरण र नियन्त्रण गरी सदाचारयुक्त, नैतिकवान् एवम् सुसंस्कृत र सभ्य समाजको निर्माण गर्न आवश्यक रहेको छ। वहुआयामिक क्षेत्रबाट भ्रष्टाचार विरुद्ध उपयुक्त विधि तथा प्रक्रिया अवलम्बन गर्ने र सो विधिअन्तर्गत भ्रष्टाचार निरोध, कानुन कार्यान्वयन, प्राविधिक सहयोग र सूचना आदानप्रदान तथा कार्यान्वयनसम्बन्धी संयन्त्रलाई प्रभावकारी परिचालन गर्नुपर्दछ। सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता, ढिलासुस्ती तथा अनिर्णयजस्ता विकृतिहरूको निराकरण गर्न उजूरी पेटिका अनलाइन उजूरी सूचना प्रविधिको व्यापक प्रयोग तेस्रो पक्षको निगरानी राजनीतिक निगरानी नियमन र निर्देशनको परिपाटीलाई पद्धतिमूलक बनाउनु पर्दछ।

### ७.७.२ प्रमुख समस्या तथा चुनौती

संघीय शासनको अभ्यास सँगसँगै भ्रष्टाचारको विकेन्द्रीकरण हुनु, अनैतिक सम्पत्ति आर्जनलाई समेत सामाजिक अपराधको रूपमा नलिई प्रतिष्ठाको रूपमा स्थापित गर्नु, भ्रष्टाचारजन्य अपराधले नयाँ–नयाँ स्वरूप ग्रहण गर्दै जानु र यसका आयाम फराकिलो र विस्तारित हुँदै गएकोमा सोअनुरूपको अनुसन्धान र तहकिकातसम्बन्धी क्षमता विकास गर्नु, भ्रष्टाचारको उजुरी दिने, साक्षी बस्ने व्यक्ति तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षण गर्नु, दक्ष जनशक्तिको कमी रहनु जस्ता समस्या तथा चुनौतीका रूपमा रहेका छन्।

### ७.७.३ अवसर

स्रोत परिचालन र उपयोग तथा कानुन तर्जुमा एवं कार्यान्वयनमा सार्थक जनसहभागितालाई प्राथमिकतामा राखिएको, भ्रष्टाचार अनुचित कार्य तथा अनियमित क्रियाकलाप विरुद्धका कानुन संरचना संस्था तुलनात्मक रूपमा सक्षम भएको, भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज तथा आमसञ्चारमाध्यम सामाजिक सञ्जालको बलियो उपस्थिति रहेको, भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशीलताको नीति अवलम्बन गरिएको, सूचना प्रविधिको बृहत उपयोग, भ्रष्टाचार अनुचित कार्यप्रति सामाजिक अवधारणामा परिवर्तन हुँदै गएको, वित्तीय संस्थामार्फत आर्थिक कारोवारलाई आवद्ध गरिएको नगद कारोवारलाई निरूत्साहित गरिएको, सार्वजनिक कोषबाट हुने भुक्तानी बैंकिङ्ग प्रणालीमार्फत हुने अनिवार्य व्यवस्थाले भ्रष्टाचार अनुचित तथा अनियमित कार्य रोकथाम न्यूनीकरण र नियन्त्रणका लागि उल्लेख्य अवसर प्राप्त गरिएको छ।

### ७.७.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

सुशासनबाट स्वस्थ समाज निर्माण

**लक्ष्य**

भ्रष्टाचारजन्य कार्यमा शून्य सहनशीलता नीतिमार्फत सुशासन प्रवर्द्धन गर्ने।

**उद्देश्य**

शासकीय क्षेत्र तथा पात्रमा सदाचारिता र स्वच्छताको विकास गरी भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गर्नु।

### ७.७.५ रणनीति तथा कार्यनीति

१. राजनीतिक तथा प्रशासनिक कार्यजिम्मेवारीको स्पष्ट सीमा निर्धारण गर्ने।

२. सुशासन तथा व्यवस्थापनलाई परिपूरक तथा परिपोषकरूपमा योगदान पुऱ्याउने नीतिगत तथा कानुनी आधार बनाउने।

३. अनुचित तथा अनियमित कार्यलाई निरूत्साहित तुल्याउन सामाजिक संस्कार सोंचाइ व्यवहार र कार्यशैलीमा रूपान्तरण गर्ने

४. सूचना प्रविधिमा आधारित सेवा प्रवाह विकास निर्माण अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास तथा विस्तार गर्ने

५. आर्थिक कारोवारलाई पारदर्शी उत्तरदायी परिणाममुखी विश्वासनीय बनाउने

६. नगद कारोवारको न्यूनीकरण गरी सार्वजनिक आर्थिक कारोवार वित्तीय संस्थामार्फत हुने अनिवार्यता गर्ने

७. भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा निकायगत कार्ययोजनालाई समय सान्दर्भिक रूपमा उपयोग तथा अनुकूरण गर्ने

८. भ्रष्टाचार अनुचित कार्य तथा अनियमित कार्यलाई न्यूनीकरणका लागि स्रोतको उपलब्धताका आधारमा सार्वजनिक निकायमा कार्यरत निर्वाचित र नियुक्त व्यक्तिलाई सेवा सुविधा उपलब्ध गराउने।

९. भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र आमसञ्चार क्षेत्र सामाजिक सञ्जालको सहयोग र निगरानीलाई प्रवर्द्धन गर्ने

१०. सम्पत्ति शुद्धीकरण कार्यलाई दुरूत्साहन गर्न संघीय सरकारलाई सहयोग पुऱ्याउने।

११. सार्वजनिक सेवा तथा विकास निर्माण कार्यमा संलग्न निकायलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाउने।

१२. राष्ट्रसेवक कर्मचारीको छनौट नियुक्ति पदस्थापन सरूवा बढुवा तथा मौद्रीक गैरमौद्रीक प्रोत्साहन उपलब्ध गराउने बेञ्चमार्किङ्ग बनाउँदा निजको कार्यकुशलता दक्षता सदाचारिता कार्यसम्पादनको नतीजा व्यवसायिकतालाई प्रमुख आधारका रूपमा विकास गर्ने।

१३. आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण कार्यलाई बढी पालनयोग्य बनाई आर्थिक अनुशासन वित्तीय कुशलता प्रवर्द्धन गर्ने।

| भ्रष्टाचार नियन्त्रण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | भ्रष्टाचार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने। | | | १ | १ | १ | १ | १ | ५ |
| २. | सेवाकालीन तालिमको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गर्ने। | | | १ | १ | १ | १ | १ | ५ |
| ३. | भ्रष्टाचार नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | विकास आयोजनाको खर्च निर्माणस्थलमै सार्वजनिकीकरण गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | भ्रष्टाचार विरुद्ध भएका कानुन बारे प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | भ्रष्टाचार विरुद्धका कार्यक्रम सञ्चालन गर्न नागरिक समाजसँग सहकार्य कार्यक्रम सञ्चालन गर्ने। | | | २ | २ | २ | २ | २ | १० |
| ७. | भ्रष्टाचार विरुद्ध अन्तर निकाय समन्वय सुदृढ गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | भ्रष्टाचार निवारण सम्बन्धी आवश्यक कानुनको तर्जुमा र कार्यान्वयन | | | १ | १ | - | - | - | २ |
| ९. | आधुनिक सूचना प्रविधिको प्रयोगबाट संस्थागत क्षमता अभिवृद्धि गर्ने। | | | २ | २ | २ | २ | २ | १० |

### ७.७.६ प्रमुख कार्यक्रमहरू

१. भ्रष्टाचार विरुद्धको संघीय तथा प्रदेश कानुनमा आधारित रहेर स्थानीय नीति र कानुन तर्जुमा र कार्यान्वयन।

२. भ्रष्टाचार विरुद्धको राष्ट्रिय तथा रणनीति तथा निकायगत कार्ययोजनाको आवधिक कार्यप्रगतिको अनुगमनका आधारमा समसामयिक परिमार्जनसहितको कार्ययोजना कार्यान्वयन।

३. भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनहरूको परिपालना र कार्यान्वयनको लागि अन्तर सरकार तथा अन्तर निकाय साझेदारी, समन्वय र सङ्गठित प्रयासलाई अभिवृद्धि गर्न आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्था।

४. भ्रष्टाचार विरुद्धको नागरिक सचेतना अभिवृद्धिका लागि केन्द्रदेखि स्थानीय तहसम्म भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्यक्रमसम्बन्धी।

५. भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रको पहिचानको लागि आधारभूत सूचकको निर्धारण गरी आवश्यक अध्ययन र अनुसन्धान।

६. भ्रष्टाचार नियन्त्रणसँग सम्बद्ध निकायको संस्थागत क्षमता विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग।

७. अनुसन्धान कार्यलाई वैज्ञानिक, वस्तुपरक र नतिजामूलक बनाउन क्षमता अभिवृद्धि।

८. सार्वजनिक निर्माण र सेवा प्रदान गर्ने निकायलाई कामको गुणस्तरप्रति उत्तरदायी बनाउन प्राविधिक परीक्षण र विस्तार।

### ७.७.७ अपेक्षित उपलब्धि

भ्रष्टाचार अनुचित कार्य तथा अनियमित कार्य नियन्त्रण र रोकथाममा अन्तर सरकार तथा अन्तरनिकाय सहयोग र सहकार्यको वातावरण निर्माण भएको, भ्रष्टाचार र आर्थिक अपराधबाट आर्जित आयप्रति सामाजिक दृष्टिकोण नकारात्मक भएको समाजका सबै पक्ष तथा क्षेत्रबाट निगरानी तथा खबरदारीका कारण भ्रष्ट्राचारमा नियन्त्रण भएको हुनेछ। यसका साथै, भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बल मिलेको, आर्थिक अनुशासन तथा वित्तीय सुशासनमा अभिवृद्धि भएको, सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा सूचना प्रविधिको प्रयोगबाट प्रशासनिक कार्यमा पारदर्शिता तथा तथ्याङ्क संकलन एवं भण्डारमा स्वस्थता र सुरक्षणता बृद्धि हुने, र सामाजिक आर्थिक शान्ति सुरक्षा लगायतका अन्तर्राष्ट्रिय मूल्याङ्कनका सूचकमा उल्लेख्य प्रभावकारिता आएको हुनेछ।

## ७.८ शान्ति सुव्यवस्था

### ७.८.१ पृष्ठभूमि

नागरिकको जीउ धनको सुरक्षा तथा समाजमा शान्ति सुव्यवस्था पहिलो महत्त्वपूर्ण कार्य हो। प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्वसर्त हो। स्थानीय तहमा उच्च, फराकिलो र समावेशी आर्थिक विकासका लागि समेत प्रभावकारी शान्ति सुव्यवस्था हुनु आवश्यक छ। सामाजिक संरचना अन्तरनिर्भरता सार्वजनिक निकायको विश्वासनीयता सरकारका बीचमा रहेको समझदारीले शान्ति सुव्यवस्थामा प्रभाव पार्दछ। यसैबाट नै व्यापार व्यवसाय उद्यमशीलता लगानी विकास निर्माण पर्यटन सूचना प्रविधिको विकास हुने अन्यत्र बसाइ सराई हुने प्रवृत्तिमा न्यूनीकरण हुन गई आर्थिक तथा सामाजिक र प्रविधिको विकासमा महत्त्वपूर्ण योगदान पुग्न जान्छ।

### ७.८.२ प्रमुख समस्या तथा चुनौती

सूचना प्रविधिको असुरित उपयोग बढ्नु, साना हतियारको प्रयोग बढ्नु, सामाजिक सञ्जालको बढ्दो रूपमा गलत उपयोग गरिनु, विशेष गरी ऊर्जाशील युवा जनशक्ति वैदेशिक रोजगारीमा रहनु, सामान्य विकास निर्माणका लागि समेत प्राविधिक जनशक्ति देशबाहिरबाट आएर काम गर्नु, हरेक क्षेत्रमा विचौलियाको जगजगी बढ्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु; यथेष्ट स्रोतसाधनको व्यवस्था गर्नु, अन्तर सरकार तथा अन्तर निकायका बीचको समन्वय कायम गर्नु तथा मानव अङ्ग तथा मानव तस्करी तथा बेचबिखनजस्ता समस्याहरू रोक्नु समस्या तथा चुनौतीका रूपमा रहेका छन्।

### ७.८.३ अवसर

सुरक्षा निकायका बीचमा उपयुक्त समन्वयका लागि प्रविधिगत संयन्त्र निर्माण हुनु आमसञ्चार तथा सामाजिक सञ्जालबाट सामाजिक परिवर्तन तथा विकृत विषयमा निरन्तर खबरदारी तथा निगरानी भइरहनु राजनीतिक स्थिरता हुनु नीतिगत तथा कानुनी व्यवस्थामा स्पष्टता एवं पूर्वानुमानयोग्यता हुनु अन्तर सरकार सहकार्यका लागि उपयुक्त र प्रभावकारी संयन्त्रको निर्माण हुनु, जनचेतनामा आएको सुधार, अनुसन्धान सूचना प्रविधिमा भएको तीव्र विस्तार यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

### ७.८.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

कानुनी शासन र लोकतान्त्रिक अभ्यासबाट सभ्य र सुव्यवस्थित समाज निर्माण।

**लक्ष्य**

विश्वासयोग्य शान्ति सुव्यवस्थाबाट सामाजिक आर्थिक रूपान्तरण गर्ने।

**उद्देश्य**

१. शान्ति, सुव्यवस्था र अमनचयनलाई प्राथमिकतामा राखी कानुनी शासनको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्ने
२. सुरक्षा र अपराध न्यूनीकरणका लागि अन्तर सरकार तथा अन्तर निकायका बीचमा असल अभ्यासलाई प्रर्वद्धन गर्नु।

### ७.८.५ रणनीति

१. नागरिकको जिउ, धन, स्वतन्त्रता तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नको निम्ति सुरक्षा निकायसँगको सम्बन्ध सुमधुर बनाउने।
२. शान्ति सुव्यवस्था प्रवर्द्धनका लागि प्रशासनमा विधिको शासनलाई प्राथमिकता दिने।
३. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने।
४. अन्तर सरकार तथा अन्तर निकायकाबीचमा समन्वय तथा सहकार्य स्थापित गर्ने
५. गाउँ प्रहरी तथा सामुदायिक प्रहरीमा विशेष जोड दिइने तथा प्रहरीलाई जनमैत्री बनाउने।
६. सूचना सम्प्रेषण तथा सुरक्षा प्रणालीका आधुनिक प्रविधिको जडान तथा उपयोगलाई व्यवस्थित र विस्तार गर्ने
७. अपराध नियन्त्रणमा सहयोग पुग्ने नयाँ प्रविधिलाई प्रयोगमा ल्याइनेछ।

८. मानव अंग तथा मानव तस्करी एवं बेचविखनजस्तो अमानवीय कार्यलाई नियन्त्रणका उपायको अवलम्बन गर्ने

९. विपद्को अवस्थामा तत्काल खोज, उद्धार र राहत वितरण गर्न तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्नुका साथै आपतकालीन उद्धारका लागि न्यूनतम उद्दार तथा राहत सामग्रीको भण्डारण गर्ने।

| शान्ति सुव्यवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्दै वडा तहमा आवश्यकता अनुसार प्रहरी चौकी निर्माण एवं स्तरोन्नति गर्ने। | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| २. | विभिन्न सुरक्षा संवेदनशील स्थानमा सिसिटिभी जडान गर्ने | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| ३. | समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| ४. | लागूपदार्थ दुर्व्यसनी सुधार केन्द्र स्थापना गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ५. | लागू औषध सम्बन्धी सचेतना तथा अनुगमन कार्यक्रम सञ्चालन गर्ने | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | विपद् व्यवस्थापन योजना तयार गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ७. | विपद् व्यवस्थापन बारे प्रशिक्षण दिने | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ७.८.६ प्रमुख कार्यक्रमहरू

१. विद्युतीय शासनको अवधारणालाई प्रभावकारी कार्यान्वयन।

२. संवेदनशील विभिन्न स्थानमा क्लोज सर्किट टेलिभिजन जडान।

३. लागु औषधको माग घटाउन, आपूर्ति नियन्त्रण गर्न तथा क्षति न्यूनीकरण गर्न संस्थागत सुदृढीकरण तथा सचेतना, रोकथाम र पुनर्स्थापना।

४. अवैध गाँजा र अफिम खेती निरुत्साहित गर्न कानुनी कारबाही सँगसँगै कृषि, पशुपालन तथा अन्य रोजगारमूलक व्यवसायको प्रवर्द्धन।

५. लागु औषध नियन्त्रण र अनुगमनमा प्रभावकारिता र पुर्नएकिकरण तथा समाजमा पुनर्स्थापना गर्ने कार्यमा प्रभावकारिता।

६. गरिबी निवारण, शान्ति तथा सुशासन

७. भूकम्प बाढी, पहिरो, आगलागी र अन्य प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरण गर्न छिटो र छोटो जानकारी तथा पूर्वसूचना प्रणाली विस्तार।

### ७.८.७ अपेक्षित उपलब्धि

समाजमा कानुनी शासनको अभ्यासबाट शान्ति सुव्यवस्था कायम भएको हुने, अन्तर सरकार तथा अन्तर निकायका बीचमा असल समन्वय सहकार्य साझेदारी विकास भएको हुने, अत्याधुनिक सूचना प्रविधिको उपयोग भएको सामाजिक सदाचार स्वच्छता बढेको हुने, विपद् व्यवस्थापनका सबै विषयगत क्षेत्रमा मूलप्रवाहीकरण भएको हुने, क्षतिलाई न्यूनीकरण गर्न पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि भएको हुने, समाजका अन्य क्षेत्रबाट शान्ति सुव्यवस्थाका लागि अधिकतम योगदान भएको तथा सामाजिक शान्ति कायम भएको हुनेछ।

## ७.९ वित्तीय सुशासन

### ७.९.१ पृष्ठभूमि

सार्वजनिक स्रोतको दिगोरूपमा संकलन र संकलन गरिएको स्रोतको सन्तुलित न्यायोचित दक्षतापूर्ण वितरण र पुनर्वितरणको कार्य सार्वजनिक निकायले निरन्तर र नियमितरूपमा गरिरहेको हुन्छ। उपलब्ध स्रोत तथा विनियोजित खर्चको कुशल एवम् सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनगर्दै जनसाधारणलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु गाउँपालिकाको दायित्व हो। सार्वजनिक वित्तीय व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउन, राज्यको सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानका लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिनु आबश्यक छ। सार्वजनिक खरिद

कार्यलाई वस्तुनिष्ठ तथा प्रभावकारी बनाउन विद्युतीय खरिद प्रक्रियालाई अनिवार्य गर्ने, सार्वजनिक स्रोतको परिचालन तथा खर्चको मासिक चौमासिक अर्धवार्षिक र वार्षिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन सार्वजनिक गर्ने कार्यलाई ध्यान दिनु पर्ने देखिन्छ।

### ७.९.२ प्रमुख समस्या तथा चुनौती

वित्तीय स्रोतको तथ्यपरक अनुमान तथा परिचालनका लागि विशिष्ट सेवा समूहको डेडिकेटेड संरचना तथा जनशक्ति नहुनु कर तथा गैरकर परिचालनमा समस्या रहेको छ। आवधिक योजना मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा नगरिनु विनियोजनको समस्या रहेको छ। आयोजना बैंक बनाई आयोजना व्यवस्थापन नगरिनु, पुँजीगत बजेटको विनियोजन र कार्यान्वयनको क्षेत्रमा समस्या रहेको छ। बजेट बाहिरबाट आर्थिक वर्षको जुनसुकै समयमा नयाँ नयाँ कार्यक्रम कार्यान्वयन गर्नु वित्तीय अनुशासनमा समस्या देखिएको छ। कार्यक्रम कार्यान्वयनको संभावना माग र आवश्यकता अनुसार बनाउनु, कार्यक्रम प्रस्ताव गर्दा वार्षिक खरिद योजना तथा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, चालु खर्चको कम गरी पुँजीगत खर्च वृद्धि गर्नु, आन्तरिक नियन्त्रण एवं लेखापरीक्षण प्रणाली सुदृढीकरण गर्नु, अन्तिम लेखापरीक्षणलाई वस्तुगत बनाउनु, बेरुजुको मात्रा घटाई बेरुजु नै नहुने गरी खर्च व्यवस्थापन गर्नु जस्ता समस्या तथा चुनौतीहरू रहेका छन्।

### ७.९.३ अवसर

गाउपालिकाले राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र गाउँसभामा पेस गर्नुपर्ने, सूचना प्रविधिमा आधारित बजेट लेखाङ्कन प्रतिवेदन राजस्व प्रणाली, तीनै तहका सरकारको राजस्व र खर्चका शीर्षक एउटै प्रकृतिका सार्वजनिक वित्तीय प्रणाली) गर्भमेण्ट फाइनान्सियल सिष्टम GFS 2014 (को व्यवस्था हुनु, अन्तर्राष्ट्रिय लेखामानको अभ्यास गरी सो अनुसारको प्रतिवेदन प्रणाली, सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न भुक्तानी हुने बिलहरूको सार्वजनिकीकरण साथै महालेखा परीक्षक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय जस्ता नियामक निकायको सक्रियता बढ्नु आमसञ्चार तथा सामाजिक सञ्जाल र नागरिक समाजको निगरानी एवं खबरदारीमा गुणात्मक र परिमाणात्मक सुधार देखिनु वित्तीय सुशासन प्रवर्द्धनका लागि अवसरका रूपमा रहेका छन्।

## ७.९.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

सार्वजनिक वित्तमा दक्षतापूर्ण एवं कुशल प्रशासन, वित्तीय सुशासन

**लक्ष्य**

सार्वजनिक आयको दिगो र प्रगतिशील परिचालन र खर्चलाई पारदर्शी र उत्पादनशील क्षेत्रमा परिचालन गरी वित्तीय दक्षता र प्रभावकारिता अभिबृद्धि गर्ने।

**उद्देश्य**

सार्वजनिक वित्तको प्रगतिशील परिचालन र उपलब्ध स्रोत तथा साधनको सन्तुलित तथा पारदर्शी उपयोग बढाउनु।

## ७.९.५ रणनीति तथा कार्यनीति

१. सार्वजनिक वित्त परिचालन तथ्यमा आधारित न्यायपूर्ण र प्रगतिशील बनाउने।

२. सार्वजनिक आय–व्ययको स्वीकृती कार्यान्वयन लेखाङ्कन अनुगमन तथा मूल्याकङ्कन लेखापरीक्षण र प्रतिवेदनको आधारभूत तथा विशिष्ट खाकाको अनुशरण र परिपालना बनाउने।

३. सूचना प्रविधिको अधिकतम उपयोग गर्ने।

४. योजना मध्यमकालीन खर्च संरचनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने।

५. वार्षिक खरिद योजना गुरू योजना विस्तृत आयोजना प्रतिवेदनका आधारमा मात्र आयोजनाको छनौट तथा कार्यान्वयन गर्ने।

६. लाभ लागत विश्लेषणका आधारमा सँगठन विस्तार र आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने।

७. वित्तीय अनुगमन निकाय तथा लेखापरीक्षण संस्थाको सुदृढीकरण गर्ने

८. वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।

९. बेरुजु तथा अनियमित कार्यलाई नियन्त्रण तथा न्यूनीकरणका लागि आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुका साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार तुल्याउने।

| वित्तीय सुशासन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | लाभलागतका आधारमा योजना तथा -का लागि वार्षिक बजेट कार्यक्रम विनियोजन गर्ने पद्धतिको विकास गर्ने। | | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| २. | कर्मचारीलाई राजस्व परिचालन क्षमता वृद्धि तालिम आयोजना गर्ने। | | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ३. | लेखा प्रणाली सुदृढीकरण तालिम संञ्चालन गर्ने। | | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ४. | संघीय सरकार तथा प्रदेश सरकारसँग अन्तर आवद्धता हुने गरी बजेट सूचना प्रणालीको विकास गर्ने। | | | 1 | - | - | - | - | 1 |
| ५. | विद्युतीय आर्थिक कार्यप्रणालीको सुदृढीकरण गर्ने। | | | 1 | - | - | - | - | 1 |
| ६. | सार्बजानिक खर्च कार्यविधि बनाई लागू गर्ने। | | | 1 | - | - | - | - | 1 |
| ७. | समयमा काम सम्पन्न गर्ने सेवाप्रदायकलाई प्रोत्साहन गर्ने। | | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ८. | संघीय सरकार तथा प्रदेश सरकारलाई स्टाण्यान्डर्ड बमोजिम आर्थिक तथा वित्तीय विवरणको प्रतिवेदन गर्ने अनुदान), राजस्व र हस्तान्तरित कार्यक्रम( | | | 5 | 5 | 5 | 5 | 5 | 5 |

### ७.९.६ प्रमुख कार्यक्रमहरू

१. बजेट तर्जुमा कार्यान्वयन लेखांकन र प्रतिवेदनमा सबनेशनल ट्रेजरी एप्लीकेशन सिष्टममको पूर्णरूपमा कार्यान्वयन।
२. लागत र लाभको विश्लेषणसहित योजना तथा कार्यक्रम अवधि यकिन गरी वार्षिक बजेट विनियोजन।
३. बहुवर्षीय ठेक्का व्यवस्थापन निर्देशिका तयार गरिनेछ।
४. आवधिक योजना मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमका बीचमा समन्वय स्थापित गर्ने।
५. आर्थिक कार्यविधि तथा वित्तीय जवाफदेहितासम्बन्धी कानुनी व्यवस्था तथा कार्यान्वयन।
६. आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण संघीय सरकार तथा प्रदेश सरकारलाई स्टाण्यान्डर्ड बमोजिम आर्थिक तथा वित्तीय विवरणको प्रतिवेदन गर्ने (अनुदान, राजस्व र हस्तान्तरित कार्यक्रम)

### ७.९.७ अपेक्षित उपलब्धि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन लगायतका कानुन तर्जुमा भएको, वार्षिक खरिद योजना, गुरू योजना, विस्तृत आयोजना प्रतिवेदन निर्धारित समयमै तयार भई खरिद तथा ठेक्का बन्दोबस्त भएको, राजस्व परिचालन प्रभावकारी रूपमा भएको, सार्वजनिक खर्चको कुशल तथा दक्षतापूर्ण परिचालनबाट बेरुजु कम भएको वित्तीय हस्तान्तरणको सार्थक उपयोग भएको र लेखापरीक्षण प्रभावकारी भएको हुनेछ।

## ७.१० मानव अधिकार

### ७.१०.१ पृष्ठभूमि

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना मानव अधिकारको सचेतना विस्तार, सम्मान, संरक्षण र प्रवद्धनमा सहयोग पुर्‍याउने उद्देश्यले भएको हो। मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो, जसमा पहिलो पटक मानवका जन्मसिद्ध एवम् नैसर्गिक अधिकारहरूलाई मानव अधिकारका रूपमा परिभाषित गरिएको थियो। मानव अधिकारको प्रचलन र प्रत्याभूतिका लागि विगत वर्षदेखि नै नेपाल सरकारले योजना नीति कानुन संरचना बनाई कार्यन्वयन गरिरहेको छ। संघीय शासन प्रणालीले सबै क्षेत्र तह तप्काका व्यक्तिको राजनीतिक आर्थिक सामाजिक विकास अधिकारलाई प्रचलन गराउन अझ महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। स्थानीय सरकारले आफ्ना कार्यजिम्मेवारी तथा अधिकार क्षेत्रभित्रका विषयमा मानव अधिकारप्रति विशेष चनाखो तथा प्रतिवद्ध हुनु पर्दछ। साथै संघीय सरकार तथा प्रदेश सरकारलाई मानव अधिकार संरक्षण सम्बर्द्धन र प्रवर्द्धनमा सहयोग तथा समन्वय गर्नु पर्दछ।

### ७.१०.२ प्रमुख समस्या तथा चुनौती

आम नागरिकलाई सर्वव्यापीरूपमा स्वीकार गरिएका मानव अधिकारको पूर्ण प्रत्याभूति दिलाउनु चुनौतीपूर्ण कार्य रहिआएको छ। सरकारका हरेक कार्यक्रममा मानव अधिकारलाई प्राथमिकतामा राख्नु, मानव अधिकारसम्बन्धी जनचेतना बढाउनु, मानव अधिकारका विषयमा जानकार राख्न सक्ने जनशक्तिको उपलब्धता नहुनु, विशेष गरी राष्ट्रिय मूलधार भन्दा तल रहेका समुदायको मानव अधिकारको सुरक्षा र सुनिश्चितता गर्नु समस्या तथा चुनौतीका रूपमा रहेका छन्।

### ७.१०.३ अवसर

संघीन शासन प्रणाली समावेशीता कानुनको शासन स्वतन्त्र न्यायपालिका लगायतका लोकतन्त्रका विश्वव्यापी मान्यता समावेश गरिएको संविधान जारी हुनु, मानव अधिकारको संरक्षण संबर्द्धन प्रर्वद्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग बिक्रम सम्बत २०५८ देखि कार्यरत रहनु, मानव अधिकारको पैरवीका लागि विविध प्रकारका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था सक्रिय रहनु, समग्र शासकीय व्यवस्थामा संलग्न जनप्रतिनिधि कर्मचारी मानव अधिकारका विषयमा सजग तथा समन्वकारी हुनु, आमसञ्चार सामाजिक सञ्जालबाट निरन्तर रूपमा प्रशंसा तथा प्रतिरोध भइरहनु महत्त्वूर्ण अवसर रहेका छन्।

### ७.१०.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

मानव अधिकारको सर्वव्यापी पालना समावेशी, मर्यादित र समतामूलक समाज निर्माण।

**लक्ष्य**

मानव अधिकारको मूल्य मान्यतालाई अन्तर सरकार तथा अन्तर निकायका बीचमा साझेदारी बढाई मानव अधिकार संस्कृतिको विकास गर्ने।

**उद्देश्य**

मानव अधिकारप्रतिको प्रतिबद्धतालाई व्यवहारिक रूपमा सुनिश्चित गर्नु।

### ७.१०.५ रणनीति

१. मानव अधिकारको प्रवर्द्धनात्मक कार्य गर्ने।

२. मानव अधिकार र विकासलाई परिपूरकरूपमा कार्यान्वयन गर्ने।

३. मानव अधिकारसम्बन्धी दायित्व पूरा गर्न समन्वयात्मक तथा सहयोगी भूमिका निर्वाह गर्ने।

| मानव अधिकार र सामाजिक न्याय | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | मौलिक हक कार्यान्वयन गर्न स्थानीय कानुनको तर्जुमा गर्ने। | संख्या | | 1 | 1 | - | - | - | 2 |
| 2 | बिपन्नलाई न्यायमा पहुँच बढाउन निःशुल्क कानुनी सहायता केन्द्र खोल्ने | संख्या | | 1 | 1 | 1 | - | - | 3 |
| 3 | मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धानमा सहजीकरण गर्ने | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 4 | मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई क्षतिपूर्तिको व्यवस्थाका लागि पहल गर्ने | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 5 | समाजमा बिद्यमान छुवाछुत बिरुद्ध सचेतना तथा नियमन | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ७.१०.६ कार्यनीति

१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइन सहयोग पुर्याउने।
२. विपन्न, सीमान्तकृत एवम् पिछडिएका वर्गका अधिकारलाई विशेष संरक्षण तथा सहजीकरण गर्ने।
३. मानव अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा स्थानीय संस्थासँग समन्वय तथा सहकार्य गर्ने।
४. मानव अधिकारको सम्मान, संरक्षण र प्रोत्साहनका लागि नीतिगत कानुनी संरचनागत संस्थागत क्षेत्रमा अनुकूलन मिलाउने।

### ७.१०.७ प्रमुख कार्यक्रमहरू

१. संविधानले प्रत्याभूत गरेको मानव अधिकारको सुनिश्चितताका लागि सम्बन्धित निकायहरूको संस्थागत सुदृढीकरण।
२. नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा अधिकारमा आधारित पद्धति अवलम्बन गर्ने र सोका लागि जनशक्तिको क्षमता विकास।
३. मानव अधिकार र मानवीय कानुनका सम्बन्धमा यसमा संलग्न सबै सरोकारवाला पक्षसँग समेतको समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन।
४. मानव अधिकारको संरक्षण, संवद्र्धन र प्रवद्धनमा जवाफदेहिता अभिवृद्धि।
५. मानव अधिकारको संरक्षणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य तथा आपसी विश्वासको प्रवर्द्धन।

### ७.१०.८ अपेक्षित उपलब्धि

मानव अधिकारको प्रचलन र प्रवर्द्धनमन लागि नीति कानुनको तर्जुमा भएको र मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा स्थानीय संस्थाहरू सुदृढ भएका हुनेछन्। त्यसैगरी मानव अधिकार र विकासका मुद्दाका बीचमा सामञ्जस्य स्थापित भएको, यससँग सरोकार राख्ने सार्वजनिक तथा गैरसार्वजनिक निकायका बीचमा असल एवं सुमधुर सहकार्य सम्बन्ध स्थापित भएको राष्ट्रिय नीति अनुकूल स्थानीय संरचनात्मक र कार्यात्मक रूपमा समाहित भएको र मानव अधिकार संस्कृतिको श्रीबृद्धि भएको हुनेछ।

# परिच्छेद ८

# अन्तर सम्बन्धित विषय

## ८.१ योजना तर्जुमा तथा कार्यान्वयन

### ८.१.१ पृष्ठभूमि

गाउपालिकाले लिएको आर्थिक, सामाजिक, भौतिक, प्रविधिगत र सांस्कृतिक विकासको लक्ष्य प्राप्तिका लागि निश्चित बाटो तय गर्नु पर्दछ। लक्ष्य हासिल गर्न अवलम्बन गरिने रणनीति, कार्यनीति र कार्यक्रमको भूमिका महत्वपूर्ण हुने पर्दछ। यसले गर्दा साल बसाली रूपमा सरकारले सार्वजनिक गर्ने बजेट तथा कार्यक्रमले सही बाटो तय गर्दछ र यसै अनुरूप दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य प्राप्ति गर्न सकिन्छ। स्थानीय सरकारले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा संघीय तथा प्रदेश सरकारका आवधिक योजनाका आधारपत्र र योजना एवं विषयलाई प्रमुख आधारको रूपमा ग्रहण गर्नु पर्ने हुन्छ।

### ८.१.२ प्रमुख समस्या तथा चुनौती

संविधानमा उल्लिखित अधिकार तथा कार्य जिम्मेवारीको प्रभावकारीरूपमा प्रचलन गराउनु, संघ प्रदेशसँग एकाकार भई सामञ्जस्यता स्थापित गर्नु, विकासको दीर्घकालीन सोंच तर्जुमा गरी सोअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, जनताका असीमित आकाँक्षालाई सन्तुलित र न्यायोचित तवरले सम्बोधन गरी सन्तुष्ट बनाउनु, स्रोतसाधनको सुनिश्चितता गरी आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्नु, सङ्घीयताअनुरूप योजना तर्जुमासम्बन्धी सङ्गठनात्मक संरचना, प्रक्रिया तथा विधिमा सुधार गर्नु र योजना तर्जुमासम्बन्धी जनशक्तिको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु योजना तर्जुमा प्रक्रियामा देखिएका समस्या तथा चुनौती रहेका छन्।

### ८.१.३ अवसर

संघ तथा प्रदेश सरकारले योजनाको तर्जुमा भएको दिगो विकासको लक्ष्य प्राप्तिका लागि योजना र बजेटमा प्राथमिकीकरण गरिएको संविधानको कार्यान्वयन तथा सङ्घीय ढाँचाअनुरूप योजना प्रक्रियालाई थप सन्तुलित, समन्यायिक र समावेशी बनाउने, विकास साझेदार लगायतको सहयोगको बढ्दो प्रतिबद्धता, गैरआवासीय नेपाली योगदान गर्न उत्प्रेरित रहेका, स्थानीय समुदायले सामाजिक विकासमा योगदान पुर्‍याउन अग्रसर देखिएका, निजी क्षेत्रका उद्यमीले सामाजिक संस्थागत उत्तरदायित्व (सोसियल कर्पोरेट रेसपोन्सिबिलिटी) को क्षेत्र विस्तार गर्दै लगेका, स्थानीय तहका आफ्नै जनशक्तिको व्यवस्था हुनु महत्त्वपूर्ण अवसरका रूपमा रहेका छन्।

## ८.१.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

तथ्यमा आधारित एवं वस्तुगत योजना तर्जुमा तथा कार्यान्वयन प्रणाली।

**लक्ष्य**

योजना बजेट तथा कार्यक्रम निर्धारित नतीजासूचक अनुरूप कार्यान्वयनमा लैजाने

**उद्देश्य**

आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमका बीचमा सामञ्जस्य मिलाई योजनाको वस्तुनिष्ठ तथा तथ्यपरक तर्जुमा तथा कार्यान्वयन गर्नु।

## ८.१.५ रणनीति तथा कार्यनीति

१. संविधान तथा प्रचलित कानुन अनुरूप योजना तर्जुमा प्रणाली तथा कार्यान्वयन पद्धतिको विकास गर्ने।
२. स्थानीय आवश्यकता माग सम्भावनाका आधारमा योजना तर्जुमा तथा कार्यान्वयन गर्ने।
३. सार्वजनिक निकाय एवम् निजी, सहकारी तथा सामुदायिक क्षेत्रका विशिष्टता स्रोत साधनका आधारमा योजनाका क्षेत्रको कार्यान्वयन गर्ने।
४. संघ तथा प्रदेश सरकारसँग सहकार्य तथा समन्वय स्थापित गर्दै योजनाको सार्थक नतीजा प्राप्त गर्ने।
५. प्रमाणमा आधारित नतिजामुखी योजना र मध्यकालीन खर्च संरचनालाई संस्थागत गरी योजनाका विभिन्न तह र अवयवबीच कार्यमूलक सम्बन्ध कायम गरिनेछ।
६. सार्वजनिक खरिद नियमावली, प्राकृतिक साधनस्रोतको दिगो उपयोग तथा जनशक्ति परिचालनसम्बन्धी कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गर्ने।
७. योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागी हुने जनशक्तिको सोंचाइ मानसिकता कार्यशैली संस्थागत क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि गर्ने।
८. योजना अनुगमन तथा मूल्याङ्कनका लागि विद्युतीय प्रणालीको विकास तथा अभ्यासलाई अवलम्बन गर्ने।

| योजना तर्जुमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | तथ्याङ्कको सूची तयार गरी वडा तहमा वितरण | संख्या | | 8 | 8 | 8 | 8 | 8 | 40 |
| 2 | विद्यालय र प्राज्ञिक संस्थासँग छलफल र कार्यशाला | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| 3 | संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न निकायसँग बैठक र छलफल | संख्या | | 3 | 3 | 3 | 3 | 3 | 15 |
| 4 | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 5 | उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 6 | योजनाको वर्गिकरण गर्न मापदण्ड बनाउने अभिमुखीकरण तालिम सबै ) (वडा अध्यक्ष तथा कर्मचारीलाई | संख्या | | 8 | 8 | 8 | 8 | 8 | 40 |
| 7 | संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय र अन्तर सम्बन्ध कायम गर्ने योजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र गठन गर्ने | संख्या | | 1 | 1 | - | - | - | 2 |
| 8 | अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाउने। | संख्या | | 1 | - | - | - | - | 1 |
| 9 | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गर्ने | संख्या | | - | - | - | - | 1 | 1 |
| 10 | प्रत्येक आयोजनाको नतिजा तयार गर्ने। | संख्या | | 4 | 4 | 4 | 4 | 4 | 20 |

### ८.१.६ प्रमुख कार्यक्रमहरू

१. दीर्घकालीन सेवा प्रवाह र विकासको सोंच बनाउने
२. संवैधानिक तथा प्रचलित कानुनमा उल्लेखित अधिकार तथा जिम्मेवारी पूरा गर्ने आधारमा योजना तथा नीतिगत व्यवस्था गर्ने।
३. योजना चक्रका सम्पूर्ण चरणमा विश्वाशिलो तथ्याङ्क तथा सूचनाको उपयोग, पृष्ठपोषण गर्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षण।
४. अनुगमन तथा मूल्याङ्कन नतिजालाई योजना तर्जुमाको प्रत्येक चरण र प्रक्रियामा प्रयोग।
५. मध्यमकालीन खर्च संरचना योजना र वार्षिक बजेट तथा कार्यक्रम जोड्ने सेतुकोरूपमा सुदृढीकरण।
६. जग्गा प्राप्तिका लागि योजनाबद्धरूपमा संघीय सरकारसँग समन्वय तथा सामञ्जस्य स्थापित।
७. आयोजना तथा कार्यक्रममा संलग्न हुने निर्माण कम्पनीको संस्थागत तथा संरचनागत सुदृढीकरण।
८. विकास निर्माणमा संलग्न सहकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको प्रोत्साहन तथा क्षमता विकास।
९. कार्यान्वयनमा संलग्न हुने मानव स्रोतको कार्यसम्पादनमा आधारित बृत्ति विकास तथा प्रोत्साहन प्रणाली।
१०. प्राकृतिक स्रोतसाधन तथा नदीजन्य सामग्रीको दिगो तथा सन्तुलित उपयोग।

### ८.१.८ अपेक्षित उपलब्धि

सङ्घीय शासनप्रणालीले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार एवं कार्य जिम्मेवारी अनुरूप तादाम्यता हुने गरी योजना प्रणाली विकास तथा कार्यान्वयन व्यवस्था भएको हुनेछ। साथै, संघ तथा प्रदेश सरकारका आवधिक वार्षिक योजनासँग परिपूरकता भएको, मध्यमकालीन खर्च संरचना संस्थागत भएको, वार्षिक विकास कार्यक्रम र आवधिक योजनाबीच तालमेल कायम भएको हुनेछ। त्यसैगरी योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागी सार्वजनिक तथा गैरसार्वजनिक निकायको संस्थागत क्षमता सुदृढीकरण भएको, विकास निर्माण कार्यमा संलग्न सरोकारवालाको क्षमता अभिवृद्धि भएको, योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी तालिम व्यवस्था भएको, कार्यसम्पादन करार तथा प्रोत्साहन प्रणाली लागू भएको, जग्गा तथा अन्य प्राकृतिक साधनस्रोत परिचालन वातावरणमैत्री भएको सूचना प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास तथा अभ्यास भएको र आयोजना निर्धारित नतीजासूचक अनुसार नै कार्यान्वयन भएको हुनेछ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन

### ८.२.१ पृष्ठभूमि

नीति, कानुन, योजना, आयोजना, बजेट तथा कार्यक्रमको चक्रका सम्पूर्ण चरणलाई कुशल दक्षतापूर्ण प्रभावकारी, नतिजामुखी र जवाफदेहीपूर्ण बनाउन स्वस्थ निष्पक्ष विश्वाशिलो अनुगमन तथा मूल्याङ्कन पद्धतिको महत्त्वपूर्ण भूमिका रहको हुन्छ। यसैगरी विकास आयोजनाको रियलटाइम स्टाटसको जानकारी लिन सूचना प्रविधिको प्रयोग र नतिजामूलक बनाउन आयोजना व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर विकास गर्नु आबश्यक छ। आगामी दिनमा नीति कानुन योजना आयोजना बजेट तथा कार्यक्रमको निर्धारित लक्ष्य हासिल गर्न रियलटाइम तथ्यपरक एवं विश्वासिलो अवस्थाका आधारमा सूचना तथा प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको अभ्यास तथा अवलम्बन गरिनुपर्दछ।

### ८.२.२ प्रमुख समस्या तथा चुनौती

आयोजनाको साइट अस्पष्ट रहनु, आयोजना सम्बन्धी संक्षिप्त सूचना रहेको होर्डिङ्ग वोर्ड नराखिनु, स्थानीय नागरिकमा आयोजनाका विषयमा तटस्थ देखिनु, तीनवटै सरकारका कर्मचारीका बीचमा सहकार्य तथा सहयोगको भावना न्यून रहनु, सङ्घीय, र विभिन्न तह तथा निकायका बीचमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिलाई यस कार्यमा आकर्षित गरीराख्नु, सूचना प्रविधिको विकास तथा उपयोगप्रति कर्मचारी निरपेक्ष देखिनु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ८.२.३ अवसर

गाउँपालिकाको कार्यक्षेत्र तथा कार्य जिम्मेवारीको निकटता रहनु, संविधान अनुरूप प्रशासकीय पुनर्संरचनाका क्रममा स्थानीय सरकारको आफ्नै कर्मचारी संरचना रहनु ,भौगोलिक विशिष्टता अनुरूप नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनमा सहजता हुनु, प्रदेश तथा स्थानीय तहमा योजना प्रक्रिया तथा अन्तरसम्बन्धित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु, तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कनलाई प्रश्रय दिनु, विविध प्रकारका आमसञ्चार तथा सामाजिक सञ्जालका कारण सकारात्मक तथा नकारात्मक टिप्पणी निगरानी सुझाव पृष्ठपोषण आइरहनु, साङ्गठनिक पुनर्गठन तथा क्षमता विकास गर्दा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थालाई थप सुदृढ गर्न सकिने अवसर छ।

## ८.२.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

प्रविधि तथा पद्धतिमा आधारित परिणाममुखी अनुगमन तथा मूल्याङ्कन।

**लक्ष्य**

निर्धारित सूचक अनुसार विकास आयोजना तथा कार्यक्रमले लिएका समग्र उपलब्धि हासिल गर्न सहयोग गर्ने।

**उद्देश्य**

योजना, नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयन तहमा रहेका समस्या समाधान गरी निर्धारित समय गुणस्तर लागत परिमाणमा सम्पन्न गरी भविष्यका लागि पृष्ठपोषण गर्नु।

## ८.२.५ रणनीति

१. नीतिगत, कानुनी, संस्थागत, संरचनागत व्यवस्था एवम् सुधार गरी योजना, नीति, आयोजना, बजेट तथा कार्यक्रमको समयबद्ध अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने।
२. मूल्याङ्कन स्वतन्त्र विश्वासिलो र गुणस्तरीय बनाउँदै निर्णय प्रक्रियामा मूल्याङ्कनका नतिजाको प्रयोगलाई उपयोग गर्ने।
३. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निकाय र जनशक्तिको क्षमता विकासलाई विशेष जोड दिने।
४. दिगो विकासका लक्ष्यसमेतको अनुगमन तथा मूल्याङ्कन गर्न सकिने गरी नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप विकास गर्ने।
५. अनुगमन तथा मूल्याङ्कनमा अन्तर सरकार तथा अन्तर निकाय सहभागितामूलक विधि र अभ्यास अवलम्बन गर्दै जाने।
६. तेस्रो पक्ष तथा सहभागितामूलक मूल्याङ्कन प्रणाली विस्तार गर्नुका साथै थप गुणस्तरीय बनाउने।
७. आमसञ्चार, सामाजिक सञ्जाल, सूचना प्रविधिको प्रयोग बढाई अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने।

| अनुगमन तथा मूल्याङ्कन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी कार्यान्वयन गर्ने। | संख्या | | 1 | - | - | - | - | 1 |
| 2 | विकास समस्या समधान समिति गठन गर्ने | संख्या | | 1 | - | - | - | - | 1 |
| 3 | अनुगमन तथा मूल्याङ्कन तालिम | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 4 | क्षेत्रगत वार्षिक समीक्षा वैठक स्वास्थ्य,शिक्षा भौतिक पूर्वाधार, कृषि, र सूचना प्रविधि | संख्या | | 5 | 5 | 5 | 5 | 5 | 25 |
| 5 | अनुगमन तथा मूल्याङ्कनको विद्युतीय प्रणाली निर्माण | संख्या | | 1 | - | - | - | - | 1 |
| 6 | प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन | संख्या | | - | - | 1 | - | 1 | 2 |
| 7 | प्राथमिकता प्राप्त आयोजनाको सूचक अनुसार वार्षिक अनुगमन र मूल्याङ्कन गर्ने | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| 8 | पञ्चवर्षीय योजनाको तेश्रो पक्षबाट मूल्याङ्कन | संख्या | | - | - | 1 | - | 1 | 2 |
| 9 | छनौट भएका आयोजनाको प्रभाव मूल्याङ्कन | संख्या | | | 2 | 2 | 2 | 2 | 8 |
| 10 | प्रथम पञ्चवर्षीय योजनाको सिकाई अभिलेख तयार गरी दोस्रो आवधिक योजनालाई पृष्ठपोषण गर्ने | संख्या | | - | - | - | - | 1 | 1 |

### ८.२.६ प्रमुख कार्यक्रम

१. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नीति नियमको तर्जुमा।
२. प्रथम पञ्चवर्षीय योजनाको नतिजाखाकाको तयारी तथा प्रयोग।
३. सूचना प्रविधिमा आधारित आयोजना अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन र समीक्षा।
४. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको विद्युतीय प्रणालीमार्फत सार्वजनिकीकरण गर्ने।
५. नतिजामूलक अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिम तथा ल्यावको सञ्चालन।
६. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यमा संलग्न अनुभवी जनशक्तिका बीचमा ज्ञानको आदानप्रदान कार्यको अभ्यास गर्ने।
७. महत्त्वपूर्ण तथा विशिष्ट प्रकृतिका कार्यक्रम तथा आयोजनाहरूको आन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन।
८. अनुगमन तथा मूल्याङ्कनमा आन्तरिक नियन्त्रण प्रणाली एवं लेखापरीक्षण प्रतिवेदन समेत आधार लिने व्यवस्था।

### ८.२.७ अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नीति नियमको जारी गरी कार्यान्वयन भएको, अन्तर सरकार तथा अन्तर निकायकाबीचमा समन्वयकारी तथा प्रमाणमा आधारित सहयोग आदानप्रदान भएको हुनेछ। यसका लागि सामाजिक सञ्जाल, आमसञ्चार तथा प्रविधिको प्रयोग बढेको, विभिन्न क्षेत्रका कर्मचारी जनप्रतिनिधिले नतिजामूलक अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिम प्राप्त गरेको, विशिष्ट प्रकृतिका आयोजना वा कार्यक्रमको मूल्याङ्कन गरिएको, योजना प्रक्रिया, तथ्याङ्क प्रणाली एवं अनुसन्धान नीति तथा निर्णय प्रक्रिया सूचना र प्रविधिमा आधारित भएको हुनेछ।

## ८.३ तथ्याङ्क प्रणाली

### ८.३.१ पृष्ठभूमि

वास्तविक तथ्याङ्कले मात्र नीति कानुन तथा योजना र बजेट तर्जुमा एवं कार्यान्वयन प्रभावकारी कुशल दक्षतापूर्ण बनाउँछ। आजको यथार्थ अवस्था थाहा हुन सकेमा मात्र भोलिको लक्ष्य निर्धारण तथ्यपरक हुन्छ। हाम्रो तथ्याङ्क प्रणालीमा अद्यावधिकता विश्वासनियता एकरूपता नदेखिने हुँदा तथ्याङ्कको जमीन स्थानीय तह भएकोले यथार्थपरक भरपर्दो तथ्याङ्क भण्डारण र प्रकाशन गर्नु पर्दछ। यसैमा आधारित रहेर प्रदेश तथा संघ सरकारले नीति कानुन योजना बजेट तर्जुमा तथा कार्यान्वयन गर्दछ। संघीय इकाईका बीचमा हरेक सार्वजनिक सेवा र कार्यमा असल सुमधुर साझेदारी सहकार्य समन्वय र सम्बन्ध स्थापित गर्न सकेमा संविधानले परिकल्पना गरेको समृद्धि सामाजिक न्याय समानता प्राप्ति गर्न सकिन्छ। विश्वासिलो तथ्याङ्कको नियमित आपूर्ति र उच्चतम

प्रयोगले नै तथ्यमा आधारित विकास अवधारणालाई साकार पार्न सकिने हुँदा चालु योजनामा तथ्याङ्कलाई विषयगत क्षेत्रका योजना तथा नीति तर्जुमामा उपयोग गरिनेछ।

### ८.३.२ प्रमुख समस्या तथा चुनौती

संघीय प्रणाली अनुरूप संघ तथा प्रदेश सरकारबाट खण्डीकृत तथ्याङ्क बनाउनु, संघीय इकाईका बीचमा भएका तथ्याङ्क विश्वासिला र भरपर्दा एवं एकरूपता नहुनु, स्थानीय तहमा तथ्याङ्क संकलन प्रशोधन भण्डार र प्रकाशनका लागि सक्षम जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कमा आधारित रहेर नीति कानुन योजना बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन नगरिनु, तथ्याङ्कलाई मिथ्याङ्ककोरूपमा उपयोग गर्नु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ८.३.३ अवसर

गाउँपालिकाको अधिकार तथा कार्य जिम्मेवारी अनुसार प्राथमिक तथ्याङ्क प्राप्त गर्नु, विषय क्षेत्रगतरूपमा तथ्याङ्कको वर्गीकरण गर्नु, संघीय सरकार तथा प्रदेशबाट खण्डीकृत तथ्याङ्क प्राप्त गर्नु, स्थानीय आवश्यकता अनुरूपको नीति कानुन योजना बजेट बनाई तथ्याङ्कको वहुउपयोग गर्नु, स्थानीय साधन स्रोतको उपयोग हुने गरी तथ्याङ्कको विकास गर्नु, गैर सरकारी निकायका तथायाङ्कको विश्वासनियताको मापन गर्नु, सूचना प्रविधिको विकासबाट सहजै एवं विश्वासिला तथायाङ्क प्राप्त गर्नु, विकास साझेदारहरूबाट तथ्याङ्कीय विकासमा चासो र सहयोग हुनु मुख्य अवसर हुन्।

### ८.३.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

वहुउपयोगी, विश्वासिलो र संघीय र प्रादेशिक इकाईकाबीचमा परिपूरकता राख्ने तथ्याङ्क प्रणालीको स्थापना।

**लक्ष्य**

नीति कानुन योजना बजेट तथा कार्यक्रममा वास्तविक तथ्याङ्कको प्रयोग तथा प्रचलन बढाउने।

**उद्देश्य**

१. प्रमाणमा आधारित सार्वजनिक सेवा र कार्य प्रवाह तथा विकास प्रशासन सञ्चालन गर्नु।
२. किफायती विश्वासिलो र समयसापेक्ष (रियलटाइम) तथ्याङ्कीय पद्धतिको विकास गर्नु।

### ८.३.५ रणनीति तथा कार्यनीति

१. विश्वव्यापी मानक अनुरूपका तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने।

२. संघीय इकाईकाबीचमा समपूरक तथा परिपूरक तथ्याङ्कको व्यवस्थापन गर्ने

३. तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न नीतिगत कानुनी संरचनागत संस्थागत प्रविधिगत क्षमता अभिवृद्धि गर्ने।

४. आर्थिक योजना तथा तथ्याङ्क सेवाको मानक योग्यतामा समयानुकूल बनाउने।

५. तथ्याङ्क सूचना प्रविधिमा आधारित बनाउँदै ल्यावमा परीक्षण गर्ने।

| तथ्याङ्क प्रणाली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 2 | तथ्याङ्क शाखाको स्थापना | संख्या | | 1 | - | - | - | - | 1 |
| 3 | वार्षिक बजेट तथा कार्यक्रमसँगै गाउँपालिकाको स्थितिपत्र सार्वजनिकीकरण | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 4 | तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि तालिम | वडा | | 8 | 8 | 8 | 8 | 8 | 40 |
| 5 | मध्यमकालीन खर्च संरचनाको लागि आवश्यक तथ्याङ्क संकलन | संख्या | | १ | १ | १ | १ | १ | 5 |
| 6 | प्रमाणमा आधारित एवं वस्तुगत तथ्याङ्कलाई आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन | संख्या | | १ | १ | १ | १ | १ | 5 |

### ८.३.६ प्रमुख कार्यक्रमहरू

१. नीतिगत, कानुनी र संरचनागत संस्थागत व्यवस्था

२. राष्ट्रिय, प्रदेश मानक तथा मापदण्डमा आधारित रही स्थानीय तथ्याङ्कको संकलन प्रशोधन भण्डारण आपुर्ति र उपयोग।

३. सरकारका विभिन्न निकायमा रहेको तथ्याङ्क एकाइको बीचमा तथ्याङ्कीय सम्बन्ध।

४. सरकारका तथ्याङ्क उत्पादन गर्ने विभिन्न निकायहरूबीच कम्प्युटर सञ्जालको माध्यमबाट एकीकृत सूचना आदानप्रदान संयन्त्र स्थापना।
५. बाह्रौं राष्ट्रिय जनगणना, २०७८ लाई सहजीकरण र सहयोग।
६. राष्ट्रिय कृषि गणना, २०७८ मा संघीय सरकारलाई सहयोग।
७. विधागत रूपमा दिगो विकासका लक्ष्य सूचकहरूको निर्धारण, उत्पादन तथा प्रकाशन।
८. प्रशासनिक अभिलेखहरूलाई प्रयोग गरी एकीकृत तथ्याङ्क व्यवस्थापन।
९. जनगणना, कृषि गणना आर्थिक गणना, औद्योगिक गणना र जलवायु परिवर्तन सर्वेक्षण, वार्षिक घरपरिवार सर्वेक्षणलगायत अन्य राष्ट्रिय स्तरका सर्वेक्षणहरूलाई दृष्टिगत गरी गणना क्षेत्र नक्साङ्कन।

### ८.३.७ अपेक्षित उपलब्धि

वास्तविक तथ्याङ्क विकासका लागि नीति कानुन संस्थागत संरचना विकास भएको, संघीय इकाईका बीचमा खण्डीकृत तथ्याङ्कको उपलब्धता रहेको, सूचना प्रविधिमा आधारित तथ्याङ्कको खोज प्रशोधन विकास भण्डारण भएको, स्थानीय स्रोत तथा साधनमा आधारित तथ्याङ्क प्रणाली विकास भएको, नीति कानुन योजना बजेट तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा भरपर्दो तथ्याङ्कको उपयोग भएको हुनेछ।

## ८.४ अनुसन्धान तथा विकास

### ८.४.१ पृष्ठभूमि

गाउँपालिकाको प्रगति समृद्धि र ख्यातिका लागि अनुसन्धान तथा विकास कार्य अनिवार्य र महत्त्वपूर्ण कार्य हो। सार्वजनिक प्रशासनमा समसामयिक सुधार र प्रतिष्ठा प्रवर्द्धनका खातिर अनुसन्धान तथा विकासमा विशेष लगानी गरिनु पर्दछ। नेपालको परिवेशमा विश्वविद्यालय र सार्वजनिक निकायकाबीचमा विकास तथा अनुसन्धानलाई व्यवहारिकरूपमा जोड्नु पर्ने देखिन्छ। उपलब्ध स्रोतको दिगो समुचित र महत्तम विकास र उपयोगका लागि यसको ठूलो महत्त्व रहेको छ। अध्ययनशील अनुसन्धानमूखी कर्मचारी तथा शासकीय प्रणालीको विकास गर्न सकिएमा भविष्यमा समग्र राष्ट्रको हितमा यस स्थानीय तहले अतुलनीय योगदान पुऱ्याउन सक्ने देखिन्छ।

### ८.४.२ प्रमुख समस्या तथा चुनौती

सबै शासकीय आयाममा अनुसन्धानका लागि नीतिगत एवं स्रोतगत प्रबन्ध मिलाउनु यथार्थपरक र सामयिक सूचना तथा तथ्याङ्कहरू माग अनुरूप उपलब्ध गराउनु, सार्वजनिक प्रशासनको क्षेत्र अध्ययन अनुसन्धानमुखी बनाउनु, विश्वविद्यालय र सार्वजनिक सेवाका बीचमा समझदारी गरी दैनिक जीवनका पक्षका विषयमा व्यवहारिक अनुसन्धान तथा विकासलाई डोहोऱ्याउनु प्रत्येक विषय क्षेत्रमा अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्नु, वैदेशिक

छात्रवृत्तिमा अध्ययन अनुसन्धानमा संलग्न जनशक्तिको उपयोग र टिकाइराख्नु , अनुसन्धानको क्षेत्रलाई प्राथमिकतामा राख्नु, अध्ययन अनुसन्धानदाताको सम्मान र प्रतिष्ठा बढाउँदै सम्मानजनक सुविधा उपलब्ध गराउनु प्रमुख चुनौती हुन्।

### ८.४.३ अवसर

समग्र शासकीय आयाममा अनुसन्धान र विकासको आवश्यकता महशुस गरिनु, नीति योजना बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अध्ययन अनुसन्धानका सुझावको अवलम्बन गर्ने पद्धतितर्फ केन्द्रीत रहनु, अनुसन्धानको लागि बजेट विनियोजन गर्न सुरु हुनु, अध्ययन अनुसन्धानको लागि विश्वविद्यालयका विभिन्न अनुसन्धान केन्द्रसँग समझदारी बढाउनु, विदेशमा अध्ययन अनुसन्धानमा प्रतिष्ठित संस्था तथा व्यक्तिले सहकार्य तथा साझेदारीप्रति झुकाव बढाउनु जस्ता अवसरहरू रहेका छन्। यसैगरी सार्वजनिक प्रशासनमा कार्यरत जनशक्तिले अन्तरार्ष्ट्रिय जगतमा अध्ययन अनुसन्धानका लागि विश्वव्यापी प्रतिस्पर्धा एवं देशव्यापी प्रतिस्पर्धाका आधारमा सहभागी हुन पाउनु, निजी एवं गैरसरकारी क्षेत्रले सार्वजनिक तथा गैरसार्वजनिक क्षेत्रको अध्ययन अनुसन्धान गरी सरकारलाई तटस्थ सुझाव उपलब्ध गराउनु प्रमुख अवसर हुन्।

### ८.४.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

समग्र शासकीय क्षेत्रको अनुसन्धान र विकास मार्फत सिर्जनात्मकता र नवीनता।

**लक्ष्य**

अनुसन्धानमूलक पद्धतिमा आधारित नीति, योजना बजेट र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीको विकास गर्ने।

**उद्देश्य**

व्यवहारमूलक अनुसन्धान तथा विकासबाटै प्रतिस्पर्धी, सक्षम र गुणात्मक समग्र शासकीय क्षेत्रको विकास तथा अभ्यास गर्नु।

### ८.४.५ रणनीति तथा कार्यनीति

१. तुलनात्मक रूपमा उच्च लाभ र स्वस्थ समाज निर्माणका क्षेत्रमा केन्द्रित रही अनुसन्धान र विकासलाई संस्थागत गर्ने।

२. सरकारी तथा गैरसरकारी क्षेत्रसँग समग्र शासकीय क्षेत्रको सुधारका लागि व्यवहारिक पक्षको अनुसन्धान कार्यम साझेदारी एवं सहकार्य गर्ने।

३. प्राज्ञिक क्षेत्र तथा सार्वजनिक क्षेत्रका बीचमा नियमित र निरन्तर अनुसन्धानका लागि समझदारी तथा नियमित बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने।

४. आफ्नो क्षेत्रमा रहेका उच्च ओहोदा र विशिष्ट सेवाबाट सेवानिवृत्त राष्ट्रसेवक एवम् विज्ञलाई अध्ययन अनुसन्धानको कार्यमा सहकार्य गर्ने।

५. अनुसन्धान र विकासकामा युवा जनशक्तिलाई प्रोत्साहन गर्न अनुसन्धान तथा विकास कोषको परिचालन गर्ने।

६. अन्तराष्ट्रिय क्षेत्रमा भएका आविष्कार, अनुसन्धान र विकासका क्षेत्रमा गरिएका नवीन प्रविधिको स्थानीयकरणमा प्रोत्साहित गर्ने।

| अनुसन्धान तथा विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | अनुसन्धान नीति तथा कानुन तयार गर्ने | संख्या | | 1 | 1 | - | - | - | 2 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 2 | अनुसन्धानको लागि हरेक आर्थिक वर्ष कुल बजेटको निश्चित अंश विनियोजन गर्ने | अनुपात | | 1 | 1 | 1 | 1 | 1 | 1 |
| 3 | उच्च उत्पादन र उत्पादकत्वका लागि मुख्य वाली र उद्योग छनौट गर्ने | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| 4 | उच्च मूल्य भएका जडिवुटीको घरेलुकरण र बजारीकरण गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 5 | अनुसन्धानमा संलग्न युवा वैज्ञानिकहरूको क्षमता विकास | संख्या | | 5 | 5 | 5 | 5 | 5 | 25 |

### ८.४.६ प्रमुख कार्यक्रमहरू

१. अनुसन्धान तथा विकासका लागि प्रतिवद्ध कोषको व्यवस्था।

२. सरकारी तथा गैरसरकारी र शैक्षिक तथा प्राज्ञिक क्षेत्रबीच समझदारी तथा सहकार्य।

३. आविष्कार तथा अनुसन्धानमुखी शैक्षिक कार्यक्रमको प्रवर्द्धन।

४. संघीय इकाईका बीचमा प्रतिस्पर्धात्मक तथा समन्वयात्मक आविष्कार एवं अनुसन्धानमूलक कार्यमा नीतिगत स्पष्टता र सहकार्य।

५. गैरआवासीय नेपाली नागरिकको विशिष्ट क्षमता उपयोगका लागि अनुसन्धान तथा विकास एकाइको स्थापना।

### ८.४.७ अपेक्षित उपलब्धि

समग्र शासकीय क्षेत्रमा व्यवहारिक तथा प्रयोगमुखी आविष्कार अनुसन्धान तथा विकासको खोजी भएको हुनेछ। शैक्षिक प्रतिष्ठान, प्राज्ञिक संस्थासँग समुच्च तथा प्रतिवद्धरूपमा अनुसन्धान तथा विकासका कार्य नियमित तथा निरन्तर हुनेछ। सार्वजनिक प्रशासन अनुसन्धानप्रति अग्रसर रही सेवा र विकासका गतिविधिमा उत्कृष्टता हासिल गर्नेछ। युवा जनशक्ति नवीनतम सिर्जनशील कार्यमा सधैं उत्प्रेरित एवं अग्रसर रहनेछ। तीनै तहका सरकार र गैरसरकारी क्षेत्रले अनुसन्धानलाई महत्त्वपूर्ण पक्षकोरूपमा लिई समझदारी सहकार्य साझेदारी गरी विश्व प्रतिस्पर्धी दौडमा अब्बल एवं सुन्दर छवि निर्माण हुनेछ।

## ८.५ गरिवी निवारण

### ८.५.१ पृष्ठभूमि

शान्ति, सुशासन, समानता र समृद्धि जेसुकै भनिए पनि सबै पक्षको उद्देश्य कुनै न कुनै रूपमा गरिबीसँग जोडिएको हुन्छ। सन्तुलित तथा समन्यायिकरूपमा सम्बोधन गर्न योजनाबद्ध विकासका प्रयास विगत छ दशकदेखि प्रारम्भ भएको छ। गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो।

गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्ष्यित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रमबीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु एवम् नीति, योजना र बजेट कार्यक्रमबीच सामञ्जस्यता नहुनुजस्ता समस्याहरू विद्यमान रहेका छन्। न्यून आन्तरिक स्रोत प्रशासनिक खर्चमा उपयोग हुने पुँजीगत स्रोतको अपर्याप्ताले गर्दा सरकारले गरिबी निवारणमा कार्यमा पूर्ण सन्तुलित र समन्यायिक तवरबाट हस्तक्षेप गर्न कठिनाई रहेको छ। तर संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य राष्ट्रिय प्रदेश सरकारको गरिबी निवारणप्रतिको प्रतिवद्धतासँगै तादाम्यता मिलाउँदै स्थानीय सरकारले गरिबी निवारणका उपयुक्त र प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्ने स्रोतको न्यायिकरूपले वितरण पुनर्वितरण गर्ने सहकारी क्षेत्र गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रसँग सहकार्य एवं हातेमालो गर्दै अगाडि बढ्दै गएमा स्थानीय गरिबी निवारणका माध्यमबाट समग्र देशभरिकै गरिबी निवारण गर्न सकिनेछ।

### ८.५.२ प्रमुख समस्या तथा चुनौती

वास्तविक तथ्यपरक सूचना एवं तथ्याङ्कको कारणले गरिबी न्यूनीकरणको प्रयासलाई नीतिगत कानुनी योजना बजेट तथा कार्यक्रमबाट केन्द्रीत गर्नु, भौगोलिक, लैङ्गिक, जातीय र आय वर्गबीच रहेको गरिबीको मार र असमानताको अन्तरलाई कम गर्नु, असमान आर्थिक वृद्धि, सीप, पुँजी र प्रविधिमा लक्षित वर्ग तथा समुदायको प्रभावकारी पहुँच नभएको अवस्थामा स्वरोजगार प्रवर्धन गर्नु, न्यून पुँजीगत बजेट कार्यान्वयनमा देखिएको कमजोर गुणस्तरहीन असमान उपयोगलाई दक्षतापूर्ण, कुशल, किफायती, न्यायपूर्ण र पूर्णरूपमा कार्यान्वयनमा लैजानु, ऊर्जाशील युवा जनशक्ति पलायन रोकी उत्पादनशील कार्यमा लगाउनु, तीनै तहका सरकार तथा गैरसरकारी क्षेत्रसँग असल समन्वय तथा साझेदारीको अभ्यासलाई मलजल गर्नु समस्या तथा चुनौती रहेका छन्।

### ८.५.३ अवसर

दिगो विकास लक्ष्य संघ प्रदेश सरकारको गरिबी निवारणका योजनासँगै साझेदारी सहकार्य समन्वय गर्नु, विकास साझेदारको यसप्रतिको सकारात्मक धारणा हुनु, विप्रेषण आयको बचत लगानीतर्फ आकर्षित हुनु, पुँजीबजार सूचना प्रविधिमैत्री हुनु, निजी क्षेत्रको लगानी विस्तार हुनु, योजना बजेट तथा कार्यक्रममा गरिबी प्राथमिकीकरण मापन गरिनु, वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट प्राप्त हुँदा माग सम्भावना र आवश्यकता स्थानीय विशिष्टताका आधारमा योजना तथा कार्यक्रम छनौट तथा कार्यान्वयन गरिनु, सेवा क्षेत्रको योगदान विस्तार हुनु, निरन्तर उच्च आर्थिक बृद्धिदर हुनु स्थायी सरकार नीति र योजना बन्नु बचत लगानीको बृद्धिले रोजगारी सिर्जना भई गरिबी घटाउने बलियो अवसर प्राप्त छ।

### ८.५.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

निरपेक्ष गरिबीको अन्त्य गर्दै वहुआयामिक गरिबी न्यूनीकरण ।

**लक्ष्य**

आर्थिक, सामाजिक र प्रविधिको विकासबाट निरपेक्ष गरिबी अन्त्य गर्दै वहुआयामिक गरिबीलाई घटाउने ।

**उद्देश्य**

(१) गरिबीको रेखामुनि रहेको जनसङ्ख्या एकल अंकको प्रतिशतमा ल्याउनु।

पाल्मा अनुपातलाई साँघुरो बनाउनु । (२)

### ८.५.५ रणनीति तथा कार्यनीति

१. पुँजीगत बजेटको उपयोग उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गर्नमा केन्द्रित गर्ने।

२. उच्च समावेशी आर्थिक वृद्धि गरी रोजगारी उद्यमशीलता सामाजिक अवसरको न्यायोचित र समतामूलक वितरण तथा पुनर्वितरण गर्ने।

३. दिगो विकास लक्ष्य राष्ट्रिय तथा प्रदेश गरिबी निवारण लक्ष्यसँगै स्थानीय नीति कानुन योजना बजेट तथा कार्यक्रमलाई एकीकृत गर्ने

४. गरिबी निवारणका लक्ष्यित कार्यक्रम तथ्याङ्क सूचनामा आधारित रहँदै तर्जुमा गरी उत्पादन रोजगारी उत्पादकत्व बचत लगानी बढाउने क्षेत्रमा केन्द्रीत गर्ने।

५. विकास आयोजना तर्जुमा र कार्यान्वयन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने।

६. उपलब्ध प्राकृतिक स्रोतसाधन तथा मानव संशाधनको दिगो सन्तुलित समन्यायिक व्यवस्थापन तथा उपयोगमा जोड दिने।

७. पहिचान भएका गरिबहरूलाई सामाजिक सुरक्षणको माध्यमबाट क्षमता विकास गर्ने।

८. कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार विकास र लघु तथा साना उद्यमहरूलाई गरिबी निवारण उन्मुख तुल्याउने।

९. गरिबी निवारणका कार्यक्रम एकद्वार प्रणालीबाट कार्यान्वयन गर्ने।

१०. सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिने गरिबी निवारणका कार्यक्रममा सरकारी नीति र प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी समझदारी सहकार्य तथा समन्वय गर्ने।

११. गरिबी मानसिकताको अन्त्य गरी सामाजिक सम्मान र समन्यायिकताका लागि परम्परागत पेशालाई उत्पादनशील सरल प्रविधिमैत्री बनाउने।

| गरिबी निवारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| 1 | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने नीति निर्माण र कार्यन्वयन | संख्या | | 1 | 1 | - | - | - | 2 |
| 2 | विकास कार्यक्रममा गरिबको पहुँच वृद्धि गर्ने | संख्या | | 3 | 3 | 3 | 3 | 3 | 15 |
| 3 | गरिब परिचयपत्रको वितरण | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 4 | गरिब परिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने स्थानीय सीपको (वडा) प्रोफाइल तयारगरीनिरन्तरताको लागि सहयोग | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |
| 5 | स्थानीय उत्पादन शहरी क्षेत्रमा बिक्री वितरणको व्यवस्था गर्ने | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |
| 6 | स्थानीय तहमा वित्तीय संस्थाको पहुँच वृद्धि गर्ने उद्यम खोल्ने र गरिवलाई सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउने | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 7 | गरिवलाई सामाजिक सेवा इकाई मार्फत सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| 8 | छात्रवृत्ति वितरण गर्दा लक्षित वर्गलाई प्राथमिकता दिने | संख्या | | 10 | 10 | 10 | 10 | 10 | 50 |

### ८.५.६ प्रमुख कार्यक्रमहरू

१. गरिबी निवारणका लागि तथ्य र तथ्याङ्कमा आधारित म्यापिङ्ग तथा बेञ्चमार्किङ्ग निर्माण।

२. स्थानीय स्रोत साधन सीप तथा प्रविधिको अधिकतम विकास एवं उपयोग गरी गरिबी निवारण।

३. गरिबी निवारण नीति तथा कार्ययोजना तयार गरी गरिबी न्यूनीकरणको लागि लक्षित समुदायउन्मुख उत्पादनमूलक र रोजगारीमूलक कार्यक्रम।

४. अन्तर सरकार अन्तर निकाय तथा गैरसरकारी निकायबाट सञ्चालित गरिबी निवारणका कार्यक्रम एकद्वार प्रणालीद्वारा कार्यान्वयनमा लैजाने गरी समन्वय मिलाउने।

५. सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृतरूपमा कार्यान्वयन।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम, जनता आवास कार्यक्रम लगायतका कार्यक्रमलाई गरिब लक्षितरूपमा एकीकृत तबरबाट कार्यान्वयन।

७. गरिबी न्यूनीकरण केन्द्रित कृषि तथा पशु कार्यक्रम, लघु उद्यम, घरेलु उद्यम क्षमता विकास सशक्तीकरण कार्यक्रम।

८. गरिबी निवारणका लागि स्थापित विविध कोष जस्तै, ग्रामीण स्वावलम्बन कोष, युवा तथा साना उद्यमी स्वरोजगार कोषको उपयोग।

९. गरिबी निवारणसँग सम्बन्धित दिगो विकासका लक्ष्य तथा सूचकलाई योजना बजेट तथा कार्यक्रमसँग मूलप्रवाहीकरण।

१०. विपद् तथा जलवायु परिवर्तनका कारणले गरिबीको जोखिममा परेका र अतिविपन्न परिवार र समुदायको पहिचान गरी जोखिम न्यूनीकरण तथा राहत।

### ८.५.७ अपेक्षित उपलब्धि

अन्तर सरकार, अन्तर निकाय तथा गैर सरकारी निकायका बीचमा गरिबी न्यूनीकरण सम्बन्धी नीति कानुन, योजना, बजेट तथा कार्यक्रम एकीकृत समन्वयात्मक र दीर्घकालीन गरिबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न नीतिगत आधार तयार भएको हुनेछ। दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरिएको स्रोतको संकलन एवं वितरण र पुनर्वितरणमा आर्थिक बृद्धि सामाजिक विकासका माध्यमबाट गरिबी निवारणमा केन्द्रित

गरिएको तथ्य र तथ्याङ्कमा आधारित गरिबी म्यापिङ्ग भएको, गरिब घरपरिवार पहिचान भएको, सामाजिक सुरक्षाका कार्यक्रम समन्वयात्मक एवं एकद्वार प्रणालीबाट सञ्चालन भएको र गरिबीको अनुपात एकल अंकमा झरी गरिवी निवारणको आधार तयार भएको हुनेछ।

## ८.६ श्रम तथा रोजगारी

### ८.६.१ पृष्ठभूमि

नेपालको संविधानमा नेपाली नागरिकलाई रोजगारीको हकको व्यवस्था गरिएको छ। विकास निर्माणमा उपभोक्ता समितिमार्फत गरिने कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, वैदेशिक रोजगारीका लागि गरिएका श्रम सम्झौता क्षमता विकासका कार्यक्रम अनुदानका कार्यक्रम लगायतका यावत कार्यक्रम रोजगारी सिर्जना एवं श्रम व्यवस्थापनसँग सम्बन्धित रहेका छन्। देशको कुल जनसङ्ख्यामा ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेको छ। देशभित्र पर्याप्त श्रम तथा रोजगारीको अवसर सिर्जना हुन नसक्नाले ऊर्जाशील उत्पादनशील ठूलो जनशक्ति देशबाहिर जान विवश रहेको छ। वैदेशिक रोजगारीबाट युवा जनशक्तिले प्राप्त गरेको क्षमता अनुभव सीप पुँजी प्रविधिको समुचित उपयोग गर्न सकेमा रोजगारी सिर्जना गर्दै आर्थिक सामाजिक भौतिक प्रविधिगत विकास गर्न सकिन्छ।

### ८.६.२ प्रमुख समस्या तथा चुनौती

बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्नु, श्रम बजारमा प्रवेश गर्ने युवाको क्षमता र ज्ञान अनुरूपको पर्याप्त रोजगारी सिर्जना गर्नु, श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास गर्नु उपलब्ध स्रोत चालु खर्चमा विस्तारित हुँदा पुँजी निर्माणमा न्यून स्रोतको उपलब्धता हुनु, वैदेशिक रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, बैदेशिक रोजगारीबाट प्राप्त सीप स्रोत अनुभव क्षमता पुँजी प्रविधिको समुचित उपयोग गर्नु विप्रेषण आयबाट हुने बचत उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, , सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, छरिएर रहेका कार्यक्रमलाई एकीकृत तथा परिणाममुखी बनाउनु, तुलनात्मक लाभका क्षेत्रमा लगानी विस्तार गर्दै आकर्षक एवं दिगो रोजगारीका अवसरको सिर्जना गर्नु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ८.६.३ अवसर

व्यवसायिक तथा प्राविधिक शिक्षा प्राप्त जनशक्ति उत्पादन हुनु, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने अब्बल शैक्षिक क्षेत्रको उपस्थितिले प्रतिस्पर्धी जनशक्ति बजारमा आउनु, राजनीति नीति कानुनमा स्थायित्व रहनु, तीनै तहका सरकारको प्राथमिकता श्रम तथा रोजगारी सिर्जना गर्दै आर्थिक विकास गरिबी निवारणतर्फ केन्द्रीत रहनु, दिगो विकासका लक्ष्यमा मर्यादित श्रम तथा रोजगारीको व्यवस्था सूचना र प्रविधिमा भएको

विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु र श्रम बजारमा दक्ष जनशक्तिको माग बढ्दै जानु श्रमप्रतिको सामाजिक संस्कारमा सकारात्मक परिवर्तन देखिनु वाह्य मुलुकमा रोजगारीमा जानुपूर्व क्षमता विकास गरेर जाने प्रवृत्तिको विकास हुँदै जानु श्रम तथा रोजगारका लागि अवसर हुन्।

## ८.६.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

अर्धबेरोजगारी तथा पूर्ण बेरोजगारीको अन्त्य

**लक्ष्य**

बजारको माग अनुकूलको सक्षम र प्रतिस्पर्धी जनशक्तिको उत्पादन र श्रम तथा रोजगारीमा मर्यादा र सहजता स्थापित गर्ने

**उद्देश्य**

१. बजारको माग अनुकूलको जनशक्ति विकासका माध्यमबाट श्रम तथा रोजगारीमा सहजता ल्याउनु
२. आन्तरिक श्रम तथा रोजगारीका लागि उत्पादनशील पुँजी निर्माणका क्षेत्रमा लगानी विस्तार गर्नु।
३. वैदेशिक रोजगारीबाट प्राप्त सीप प्रविधि पुँजी अनुभव र क्षमतालाई स्थानीयकरण गर्नु।

## ८.६.५ रणनीति

१. सूचना प्रविधिमैत्री जनशक्तिको उत्पादन एवं विकास गर्ने
२. श्रममूलक उद्यमशीलता र कृषि क्षेत्रमा लगानी बढाउँदै श्रम तथा रोजगारीका अवसर बढाउने।
३. बजारमुखी क्षमता विकासका कार्यक्रमलाई प्राथमिकता दिदै प्रतिस्पर्धी श्रम शक्तिको उत्पादन गर्ने।
४. वैदैशिक रोजगारीबाट फर्केका जनशक्तिलाई रोजगारीमूलक बनाउन आवश्यकता अनुकूलनका सेवा सुविधा किटको व्यवस्था गर्ने।
५. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने।
६. अन्तर सरकार तथा निकाय एवं गैरसरकारी निकायकाबीचमा श्रम तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ।
७. एकीकृत तथा वहुआयामिक सीप विकास तालिम तथा रोजगारमूलक तालिम कार्यक्रम कार्यान्वयन गर्ने।

८. वैदेशिक रोजगारीबाट सामाजिक संरचनामा देखिएका विकृत अभ्यासलाई न्यूनीकरणका लागि सामाजिक आचरणको पूर्ण परिपालनमा सहयोग पुऱ्याउने।

| श्रम तथा रोजगार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| 1 | श्रम तथा रोजगार सम्बन्धी ऐन, कानुन कार्यविधि र मापदण्डको निर्माण तथा संशोधन | संख्या | | १ | १ | १ | १ | १ | 5 |
| 2 | श्रमिक र रोजगारदातावीच अन्तरक्रिया कार्यक्रम | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 3 | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरण सहितको प्रोफाइल तयार गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 1 |
| 4 | लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 5 | कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 6 | तालिम आवश्यकता पहिचान सर्वेक्षण | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन | संख्या | | 2 | 2 | 2 | 2 | 3 | 11 |
| 7 | उद्यमशीलता विकास तालिमको सञ्चालन | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |
| 8 | सीप परीक्षणको व्यवस्था | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 9 | समुहमा विपन्नहरूका लागि सीपमा आधारिता उद्यम प्रवर्द्धनमा लागि सहयोग | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |
| 10 | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन अनुदान | संख्या | | 1 | 1 | 2 | 2 | 2 | 8 |
| 11 | वैदेशिक रोजगारीमा जानेको लागि कानुनी सचेतना प्रदान गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 12 | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| 13 | बैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम | संख्या | | 2 | 2 | 2 | 2 | 2 | 10 |
| 14 | व्यावसायिकता तथा उद्यम प्रवर्द्धनका लागि ऋणको व्याजमा अनुदान | संख्या | | 3 | 3 | 3 | 3 | 3 | 15 |

### ८.६.६ प्रमुख कार्यक्रमहरू

१. स्थानीय क्षेत्रमा श्रम तथा रोजगारीको प्रबन्ध र उपस्थिति

२. बजारको माग अनुकूलको जनशक्ति उत्पादन तथा विकासका लागि शैक्षिक पाठ्यक्रम तालिम पाठ्यक्रमको विकास एवं प्रयोग

३. सार्वजनिक तथा गैरसरकारी लगानी उत्पादनमूलक उद्यमशीलता प्रवर्द्धन गर्ने क्षेत्रमा प्राथमिकीकरण।

४. युवा स्वरोजगारका लागि स्टार्टअप फण्ड परिचालन।

५. वित्तीय संस्थाबाट अनिवार्यरूपमा प्रवाह हुने प्राथमिकता प्राप्त क्षेत्र एवं विपन्न वर्ग कर्जाको अधिकतम उपयोग।

६. सबै तहका सरकार र निकायका बीचमा रोजगारी एवं श्रम सिर्जनामा परिणाममुखी समन्वय

७. सूचना प्रविधिमा आधारित रोजगार सूचना प्रणालीको विकास।

८. सामाजिक सुरक्षाका कार्यक्रममा परिपूरकता तथा प्रभावकारी कार्यान्वयन।

९. सामाजिक बिमा तथा लघुवित्त कार्यक्रमको अनौपचारिक क्षेत्रमासमेत विस्तार।

१०. विप्रेषण आयको बचतलाई उद्यमशील कार्यमा लगानीका लागि सरकारी निजी सहकार्य र सहलगानी।

### ८.६.७ अपेक्षित उपलब्धि

स्थानीय तहमा नियमितरूपमा बजारमा प्रवेश गर्ने श्रमशक्ति रोजगारीका अवसर प्राप्त गरी न्यून अर्धबेरोजगारी तथा पूर्ण बेरोजगारीको अवस्था सिर्जना भएको र बजारको मागअनुकूल सक्षम एवं प्रतिस्पर्धी श्रमशक्ति तयार भई श्रमिक आपूर्ति भएको हुनेछ। सुमधुर र स्वच्छ श्रम सम्बन्धको विकास भएको हुनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम युवा स्वरोजगार कार्यक्रमको अत्यधिक लाभ युवाशक्तिले प्राप्त गर्नेछ। वित्तीय संस्थाको प्राथमिकता प्राप्त कर्जा तथा विपन्न क्षेत्रको कर्जा उपयोगबाट स्वरोजगारी अवसर वृद्धि भएको हुनेछ।

## ८.७ विपद् व्यवस्थापन

### ८.७.१ पृष्ठभूमि

हामी भूकम्प, जलवायु परिवर्तन, बाढी, पहिरो लगायतका प्रकृतिजन्य र मानवजन्य विपद्को उच्च जोखिममा रहेका छौं। यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लु, कोभिड 19-जस्ता महामारी रोग पनि विपद्को कारकका रूपमा देखिएका छन्। विपद्लाई रोकथाम न्यूनीकरणका लागि पूर्वतयारी र पूर्वसावधानीमा विशेष ध्यान पुर्‍याउनुपर्ने हुन्छ। पूर्व सचेतनाले ठूलो मात्रामा धनजनको क्षति हुनबाट जोगाउन सकिन्छ। विकास निर्माणका कार्य वातावरणको परीक्षणबिना जथाभावी गर्नाले पहिरो बाढी सडक दुर्घटनाको जोखिम रहेको छ। विपद् जोखिमलाई न्यूनीकरणका लागि विपद् म्यापिङ्ग सुरक्षा सतर्कता सुरक्षा सामग्रीको भण्डारण, विपद् उद्दार जनशक्तिको उपलब्धता हुनु जरूरी रहेको हुन्छ। यसै विषयलाई मध्यनजर राख्दै सबै सरकारले विपद् व्यवस्थापन कोषको व्यवस्था गरी वित्तीय सतर्कता अपनाएको देखिन्छ। प्रशासनिक सुरक्षा निकाय तथा गैरसरकारी क्षेत्रका बीचमा समन्वयात्मक तथा एकीकृतरूपमा विपद् सामनाका लागि नीति कानुन संरचना संस्था जनशक्ति उपकरण तयारी तालिमको अद्यावधिक एवं माग अनुरूप पूर्ण तयारी अवस्थामा राख्न सकिएमा प्रकृति तथा मानवसिर्जित विपद् न्यूनीकरण गर्दै व्यक्ति समाज समुदाय र संस्थालाई सचेत सजग बनाउन सकिन्छ। स्थानीय तहमा सक्षम शाखाको रूपमा विपद् व्यवस्थापन शाखा बनाई प्रभावकारीरूपमा यसलाई सक्रिय बनाई राख्नु जरूरी रहेको छ।

### ८.७.२ प्रमुख समस्या तथा चुनौती

सबै प्रकारका विपद्को सामना गर्न प्रशासनिक संवेदनशीलता स्थापित गर्ने, विपद्को क्षेत्र प्रकृति स्वरूप सम्भावना प्रवृत्तिको समग्र विश्लेषण गरी म्यापिङ्ग गर्ने विकास र वातावरणका बीचमा सन्तुलन राख्दै विपद् न्यूनीकरणमा सबै पक्ष सचेत हुने, सुरक्षित बस्ती विकासको अवधारणाभित्र बस्ती विकासको योजना तर्जुमा र

कार्यान्वयन गर्ने समस्या तथा चुनौती रूपमा रहेका छन्। यसैगरी विपद्का लागि पूर्वतयारी विपद्पछिको प्रतिकार्यमा जुध्ने संयन्त्र सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिकबीचको सघन अन्तरसम्बन्ध स्थापित गर्ने समस्या तथा चुनौती देखिएको छ। विपद्का लागि सक्षम र प्रतिवद्ध जनशक्तिको विकास गर्नु विपद्का लागि विशिष्ट संरचना एवं कानुन आधारको व्यवस्था गरिनु चुनौती रहेका छन्।

### ८.७.३ अवसर

सबै तहका सरकारले विपद् व्यवस्थापन कोषको प्रबन्ध गर्नु, प्रकृतिजन्य एवं मानवजन्य विपद्को एकीकृत नीति कानुन संरचना जनशक्तिको विकासका लागि प्राथमिकतामा राखिनु, सूचना प्रविधिको उपयोगको विस्तारले यसको न्यूनीकरण तथा उद्धारमा सरलता सहजता देखिनु, विपद् म्यापिङ्गतर्फ अग्रसर हुनु सरकारी मात्र नभएर गैर सरकारी क्षेत्र समेत यसप्रति गम्भिर देखिनु, विकास तथा वातावरणका बीचमा सन्तुलन स्थापित गर्दै आर्थिक सामाजिक भौतिक पूर्वाधार निर्माणमा ध्यान दिइनु जलवायु परिवर्तन अनुकूलन कोषको अंश प्राप्त हुनसक्ने सम्भावना बढ्नु, सामजिक सञ्जाल आमसञ्चारका माध्यमले सकारात्मक भूमिका निर्वाह गर्नु, सबै तहका सरकार र गैरसरकारी क्षेत्रका बीचमा विपद् पूर्वतयारी र प्रतिकार्यका सबै चरणमा सहकार्य समन्वयप्रति सहज वातावरण हुनु अवसरको रूपमा लिन सकिन्छ।

### ८.७.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

वहुआयामिक विपद्को निःसन्देहपूर्ण तवरमा न्यून क्षतिमा व्यवस्थापन गर्ने।

**लक्ष्य**

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा न्यूनीकरणका लागि पूर्ण संवेदनशील रहने।

**उद्देश्य**

मानवसिर्जित एवं प्रकृतिजन्य विपद्को प्रभाव न्यूनीकरणका लागि नीतिगत कानुनी वित्तीय मानवीय संरचनागत प्रविधिगत र प्रणालीगत व्यवस्थापन गर्नु।

### ८.७.५ रणनीति तथा कार्यनीति

१. विपद् व्यवस्थापनका नीति गति र मतिका वहुद्वार र वहुपद्धति हटाउँदै एकद्वार र एकीकृत पद्धतिबाट सञ्चालन गर्ने।

२. आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

३. विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने।

४. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन डिजाष्टर टुलकिटलाई अद्यावधिक एवं प्रतिवद्ध (इनट्याक एण्ड डेडिकेटेड) राख्ने।

५. सरकारी तथा गैरसरकारी निकायका बीचमा सघन समन्वय साझेदारीलाई अकन्टक बनाइराख्ने।

६. योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने।

७. विपद्को जोखिम भएका स्थानमा नयाँ बस्ती विकास नगर्ने।

८. विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ।

९. विपद् व्यवस्थापनमा संलग्न जनशक्ति तथा कर्मचारीलाई वहुआयामिक तालिम प्रदान गर्ने।

१०. जलवायु परिवर्तनबाट भएको असर अनुरूप अनुकूलनको कार्यक्रम सञ्चालन गर्ने।

| विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| 1 | विपद् व्यवस्थापन समिति गठन | संख्या | | १ | - | - | - | - | १ |
| 2 | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| 3 | आपतकालीन आश्रयस्थलको निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| 4 | आपतकालीन सहायताका लागि खाद्यान्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारण | पटक | | आवश्यक तानसार | आवश्यक तानुसार | आवश्यक तानसार | आवश्यक तानसार | आवश्यक तानसार | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 5 | विकास योजनाहरू सञ्चालन गर्दा विपद् जोखिमलाई ख्याल गरी सञ्चालन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 6 | विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 7 | विपद् पश्चात आवश्यक पर्ने उद्दार उपकरण तथा राहत सामग्री भण्डारण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ८.७.६ प्रमुख कार्यक्रमहरू

१. स्थानीय स्रोत साधन जनशक्ति क्षमता उपकरणको सम्भावना र उपलब्धताका आधारमा विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार।

२. मानवसिर्जित तथा प्राकृतिक प्रकोपजन्य विपद्को जोखिमका क्षेत्र पहिचान गरी म्यापिङ्ग।

३. आमसंचार तथा वार्षिक कार्यक्रमबाट विपद्को सम्भावना जोखिम सुरक्षा लगायतका विषयमा नियमित जनचेतना जगाउने आपत्कालीन खोज तथा उद्धारको लागि आवश्यक पर्ने जनशक्तिको विकास र औजार उपकरणको भण्डारण र अद्यावधिक।

४. भूकम्पीय जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना, सार्वजनिक जानकारी र आवास व्यवस्थापनसम्बन्धी कार्यक्रम।

५. सम्भावित विपद्बाट पर्न सक्ने असर र क्षतिको न्यूनीकरण तथा जोखिम हस्तान्तरणसम्बन्धी बिमाको लागि सहजीकरण व्यवस्था।

६. विपद् व्यवस्थापनको अन्तर सरकार तथा गैरसरकारी निकायसँग दिगो तथा दरिलो समन्वय एवं सहकार्य।

### ८.७.७ अपेक्षित उपलब्धि

विपद् व्यवस्थापन सम्बन्धी नीति कानुन, संरचना संस्थागत व्यवस्था भएको हुनेछ। अन्तर सरकार तथा गैरसरकारी निकायका बीचमा प्रभावकारी समन्वय र साझेदारी विकास भएको, जलवायु परिवर्तनबाट सिर्जना हुने विपद्को जोखिम न्यूनीकरण भएको विपद् जोखिमका क्षेत्र) डिजास्टर प्रोन जोन (म्यापिङ्ग भएको हुनेछ। सबै सरकारको विपद् व्यवस्थापन सम्बन्धी कानुन तथा कोषको व्यवस्था भएको हुनेछ। सूचना तथा प्रविधिका आधुनिक एवं विकसित रूपको उपयोग तथा प्रभाव विकास तथा विस्तार भएको हुने स्थानीय तहमा प्रतिवद्ध एवं अद्यावधिक विपद् व्यवस्थापन संयन्त्र रहेको नियमितरूपमा सर्वसाधारण नागरिकलाई यसप्रति जानकारी गराइएको विकास तथा वातावरणका बीचमा सन्तुलन स्थापित हुने गरी विकास निर्माणका कार्य भएको हुनेछ।

## ८.८ वातावरण तथा जलवायु परिवर्तन

### ८.८.१ पृष्ठभूमि

वातावरणमा गरिएको अनियियन्त्रित प्रदुषण दोहन प्राकृतिक स्रोतको स्थान परिवर्तन जनसंख्या बृद्धिको उपभोगका लागि गरिएका अस्वभाविक एवं बैमौमसी उत्पादनका कारण पृथ्वीमा अनेक प्रकारका असामान्य अवस्था सिर्जना भएको छ। पृथ्वीको तापमान प्रत्येक वर्ष बृद्धि भइरहेको छ। यसबाट अतिबृष्टि, अनाबृष्टि, सुख्खा, बाढी, पहिरो, हिमनदीको स्रोतमा न्यूनता, शीतलहर जस्ता जलवायु परिवर्तनका असर बढिरहेका छन्। वातावरणलाई महत्त्व दिंदै स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नेपालको संविधानमा मौलिक हककोरूपमा समावेश गरिएको छ। विकास तथा वातावरणका बीचमा सन्तुलन कायम गर्ने व्यवस्था संविधान एवं प्रचलित सबै नेपाल कानुनमा समावेश गरी स्वीकार गरिएको छ। जलबायु परिबर्तका असरलाई कम गर्न अनुकूलन कार्यक्रम तथा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गर्नु पर्ने आबश्यक्ता रहेको छ।

### ८.८.२ प्रमुख समस्या तथा चुनौती

कृषिजन्य उत्पादनमा उत्पादनशीलता बढउन वा बेमौसमी उत्पादनमा अत्यधिकरूपमा विषादी रासयनिक मलको उपयोग गर्ने बानीमा सुधार गर्नु, पानीका स्रोतको संरक्षण गर्नु, वर्षाको पानी जमिनमा प्रशोचन गराउनु, गरिबी र अन्य कारणबाट हुने वन विनासलाई रोक्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु समस्या तथा चुनौती रहेका छन्। यसैगरी गाउँगाउँसम्म पुगेका प्लाष्टिकजन्य सामग्रीको व्यवस्थापन पेट्रोलियम पदार्थको बढ्दो उपयोग विविध प्रकारका ब्याट्रीको सुरक्षित व्यवस्थापन जथाभावी डोजरको प्रयोगबाट गरिने विकासका काममा न्यूनीकरण गर्नु जस्ता समस्या तथा चुनौती थपिएका छन्।

### ८.८.३ अवसर

शिक्षित युवा जनशक्ति वातावरण तथा जलवायु परिवर्तन एवं अनुकूलनप्रति सचेत र संवेदनशील हुनु, वातावरणका संरक्षणका लागि भएका विश्वव्यापी प्रयासका बारेमा तत्कालै जानकारी प्राप्त भई यसप्रति ऐक्यबद्धता वा सहभागिता जनाउन सकिनु, विकास आयोजना कार्यान्वयनपूर्व प्रारम्भिक वातावरणीय परीक्षण

एवं वातावरण प्रभाव मूल्याङ्कनमा अनिवार्यता बढ्दै जानु, दिगो विकासका लक्ष्यमा अन्तर्राष्ट्रिय सरकार तथा समुदायबाट प्रतिबद्धता जाहेर गर्नु जस्ता विविध प्रकारका अवसर सिर्जना भएका छन्।

### ८.८.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

दिगो विकास तथा समृद्धिका लागि वातावरणीय सन्तुलन एवं अनुकूलन।

**लक्ष्य**

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रम सञ्चालन गर्ने।

**उद्देश्य**

१. दिगो विकासको लक्ष्य हासिल गर्न विकास र वातावरणका बीचमा सन्तुलन स्थापित गर्नु।
२. जल वायु माटो पानी बोट विरूवा पशुपन्छी जस्ता प्राकृतिक स्रोतको संरक्षण उपयोग र सम्बर्द्धन गर्नु।
३. हरित विकासको अभ्यास तथा जलवायु परिवर्तन अनुकूलित गराउनु।

### ८.८.५ रणनीति तथा कार्यनीति

१. दिगो बस्ती विकास तथा भौतिक पूर्वाधार निर्माणका लागि नीतिगत कानुनी संरचनागत संस्थागत प्रविधिगत आधार निर्माण गर्ने
२. प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी जनचेतना शैक्षिक जागरण र नीतिगत प्रबन्ध एवं कार्यान्वयनमा व्यापकता ल्याउने।
३. जलवायु परिवर्तनको असर घटाउन वा बढ्न नदिन प्राकृतिक स्रोतको परिमाण स्थानमा सन्तुलन नबिगारी उपयोग गर्ने।
४. वातावरणीय मूल्याङ्कनका प्रणाली तथा पद्धतिको सरलीकरण गर्दै यसको कार्यान्वयनमा व्यापकता ल्याउने।
५. वातावरणको संरक्षण विपद् न्यूनीकरण र दिगो विकासका लागि प्राकृतिक स्रोतमाथिको निर्भरता र अत्यधिक दोहनता घटाउने।
६. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गर्ने।
७. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा सार्वजनिक निकाय गैरसरकारी संस्थाका बीचमा समन्वय र साझेदारी र सहलगानी गर्ने।

८. वातावरणमैत्री योजना अनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गर्ने।

९. हरित अर्थतन्त्रको विकाससम्बन्धी कार्यक्रमलाई आर्थिक क्रियाकलापका सबै क्षेत्रमा आन्तरिकीकरण गर्ने।

१०. वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइने।

११. किसानलाई प्राङ्गारिक उत्पादन प्राङ्गारिक जैविक विषादी उत्पादन एवं प्रयोग र उपभोक्तालाई प्राङ्गारिक खाद्यान्न उत्पादनमा उत्प्रेरित गर्ने।

| वातावरण संरक्षण तथा जलवायु परिवर्तन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| १. | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार गर्ने। | संख्या | | १ | - | - | - | - | 1 |
| २. | प्रदूषणको मापदण्ड तयार गरी प्रदूषकले व्यहोर्ने संयन्त्र सम्बन्धी नीतिगत व्यवस्था गर्ने | संख्या | | १ | - | - | - | - | 1 |
| ३. | प्लाष्टिकजन्य वस्तुको प्रयोग सम्बन्धी मापदण्ड निर्माण गर्ने | संख्या | | १ | - | - | - | - | 1 |
| ४. | जलवायु परिवर्तनका जोखिम न्यूनीकरण मापदण्ड निर्माण | संख्या | | १ | - | - | - | - | 1 |
| ५. | वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | वातावरणमा प्रभाव पार्नसक्ने आयोजना सञ्चालन पूर्व सरोकारवाला निकायसँग छलफल | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | माध्यामिक तहका विद्यालयमा वातावरण शिक्षा तथा प्रचारप्रसारका लागि सहजीकरण | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८. | प्रदूषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान | संख्या | | १ | १ | २ | २ | २ | 8 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुधारिएको चुलो तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम | | | | | | | | |
| ९. | वन तथा झाडी बुट्यान क्षेत्रको संरक्षण एंव व्यवस्थापन गर्ने | संख्या | | १ | १ | २ | २ | २ | 8 |
| १०. | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण गर्ने। | संख्या | | १ | १ | २ | २ | २ | 8 |
| ११. | घरायसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण गर्न निजी क्षेत्रलाई प्रोत्साहन | संख्या | | - | - | १ | १ | - | 2 |
| १२. | जलबायु परिवर्तनमा मानवीय हस्तक्षेपको प्रभाव मूल्याङ्कन गर्ने। | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३. | सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४. | जलवायुमैत्री खेती प्रणालीको विकास तथा जलबायु परिवर्तन अनुकुलन सम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १५. | जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकास उत्प्रेरणा कार्यक्रम सञ्चालन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ८.८.६ प्रमुख कार्यक्रम

**क .नीति, कानुन, संरचना एवं संस्थागत व्यवस्था**

१. हरित विकास एवं अर्थतन्त्रको खाका तर्जुमा।

२. दिगो विकासले परिलक्षित गरेका बस्ती विकास तथा जलचर एवं थलचर जीवजन्तुको संरक्षण एवं उपभोग।

३. जनसमुदायमा वातावरण संरक्षण जलवायु परिवर्तन एवं अनुकूलन सम्बन्धमा सचेतना शैक्षिक जागरण र अभ्यासको वानी बसाउने।

**ख .वातावरण संरक्षण, प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम**

१. वातावरणमैत्री उद्यमशीलता विकासका लागि आधार निर्माण एवं प्रोत्साहन।

२. वातावरणीय प्रदूषण नियन्त्रण र अनुगमन
३. वातावरण तथा जलवायु परिवर्तन एवं अनुकूलन बजेट कोडिङ्ग।
४. प्लास्टिकजन्य प्याकिङ्ग झोला किचनका सामग्री प्रयोग एवं प्रचलनमा नियन्त्रण एवम् नियमन।
५. जलवायु परिवर्तन प्रकोप समुत्थान निर्माण कार्यक्रम
६. विपद् तथा जलवायु परिवर्तन असरको प्रभावबाट सिर्जित जोखिमका बीचमा सामञ्जस्यता स्थापना।

### ८.८.७ अपेक्षित उपलब्धि

वातावरण संरक्षण तथा विकासका बीचमा सन्तुलन स्थापित गर्ने व्यवहारको विस्तार भएको हुने प्राङ्गारिक खाद्यान्न तथा विषादीको उत्पादनतर्फ कृषक अग्रसर रहने दिगो विकासका लक्ष्य अनुरूपका क्रियाकलापको अपेक्षित उपलब्धिको प्राप्ति भएको हुने जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको हुनेछ। जनस्तरमा वातावरण संरक्षण जलवायु परिवर्तन एवं अनुकूलनका विषयमा व्यापक जनचेतना शैक्षिक जागरण व्यवहारमा परिवर्तनका विषय प्रभावकारी भएको प्लाष्टिकजन्य झोला प्याकिङ्ग किचन सामग्री उपभोगमा उल्लेख्य दुरूत्साहन भएको हुनेछ। माटो जल जमिन जंगल वायु जलचर थलचर लगायतका प्राकृतिक स्रोत साधनको दिगो संरक्षण तथा उपभोग भएको हुनेछ।

## ८.९ मानव संशाधन विकास

### ८.९.१ पृष्ठभूमि

विकासको अवधारणा मानव विकास र विकासमा मानव एकअर्कामा अन्योन्याश्रित रहेका छन्। मानवको दैनिकी जीवनमा सहजीकरण खुशी सुखी मनोरञ्जनात्मक जीवन तथा दीर्घ जीवनका लागि स्वस्थ जीवन नै मानवको सदावहार आकांक्षा रहेको छ। यसै विषयलाई केन्द्र विन्दुमा राखेर शिक्षा स्वास्थ्य आचरणमा परिस्कृत गर्दै मानव संशाधनको विकास भइरहेको छ। स्वस्थ एवं सक्षम कुशल उत्पादनशील मानव संशाधनबाट आर्थिक सामाजिक सांस्कृतिक भौतिक प्रविधिगत विकासको गति तीव्र एवं गुणस्तरीय विकास हुन्छ। मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुयाउन सघाउ पुग्छ। हाम्रो कुल जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत रहेको छ। ऊर्जाशील जनशक्तिलाई देशभित्रै उत्पादनशील क्षेत्रमा लगाउन सकिएमा आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ। वैदेशिक रोजगारीमा जाने जनशक्तिलाई पनि दक्ष तथा व्यवसायिक एवं प्रतिस्पर्धी र उत्पादनशील बनाउन सकिएमा उच्चस्तरको रोजगारीका साथै सम्मानजनक सुविधा र सहुलियत प्राप्त हुने अवसर प्राप्त हुन्छ।

### ८.९.२ प्रमुख समस्या तथा चुनौती

परम्परागत तथा औपचारिक शैक्षिक प्रणाली रहनु प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाको उपलब्धता न्यून रहनु वा शैक्षिक शुल्क महँङ्गो हुनु; व्यवहारिक शैक्षिक अभ्यास नहुनु, अनुसन्धानमूलक सिर्जनशीलमूलक शैक्षिक पद्धतिको विकास हुन नसक्नु, सक्षम जनशक्ति विदेश पलायन हुँदा उक्त जनशक्तिले आफ्नो ठाउँमा योगदान नगर्नु, बजारको माग र विकासको सम्भावना अनुरूप सार्वजनिक नीति र लगानीको वातावरण नहुनु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन्।

### ८.९.३ अवसर

सूचना प्रविधिको विकास तथा विस्तारले दुर्गम स्थानमा पनि व्यक्ति समुदाय र सरकारले मानव विकासका अत्याधुनिक प्रविधि र प्रवृत्तिको उपयोग गर्न पाउने प्राविधिक तथा व्यवसायिक शिक्षामा युवा जनशक्ति आकर्षित हुनु निजी क्षेत्रले प्राविधिक तथा व्यवसायिक क्षेत्रमा लगानी विस्तार गर्नु जनसङ्ख्याको उमेरगत संरचनाअनुसार आश्रित जनसङ्ख्याको अनुपात निकै कम भएको र काम गर्ने उमेर समूहको जनसङ्ख्या बढेको; तीव्र रूपमा आर्थिक विकास गर्दै गएका दुई विशाल छिमेकी मुलुक लगायत अन्तर्राष्ट्रिय बजारमा दक्ष जनशक्तिको माग बढ्दै गएको; विश्वव्यापीकरणले मानव पुँजी सूचना वस्तु तथा सेवा शिक्षा र संस्कारको खुला आवागमन भइरहँदा समयानुकूल सबै पक्षमा सुधार गर्ने दवाव र प्रभाव बढ्नु जस्ता विविध अवसर प्राप्त हुँदै गएका छन्।

### ८.९.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

उच्च आर्थिक बृद्धिका लागि स्वस्थ र सक्षम मानव संसाधन।

**लक्ष्य**

ज्ञान र विज्ञानमा आधारित वहुआयामिक समृद्धि हासिल हुनेगरी मानव संसाधनको उन्नयन र विकास गर्ने।

**उद्देश्य**

स्थानीय क्षेत्रको उन्नति र प्रगतिका लागि प्रतिस्पर्धी सक्षम तथा गुणस्तरीय योग्य नैतिकवान मानव संसाधनको विकास गर्नु।

### ८.९.५ रणनीति तथा कार्यनीति

१. आफ्नो क्षेत्रका विकासका निमित्त आवश्यक पर्ने दक्ष प्रतिस्पर्धी कुशल विकाउ मानव संसाधन विकास र उपयोगको लागि मानव संसाधन योजना तयार गर्ने।

२. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीपमूलक शैक्षिक संस्थाको स्थापना गरी शैक्षिक कार्यक्रम तथा तालिमको व्यवस्था गर्ने।

३. सूचना तथा प्रविधिको माध्यमबाट अन्तर्राष्ट्रिय ज्ञान विज्ञान अनुसन्धानको खोजि गरी उपयोग र अवलम्बन गर्ने।

४. मानव संसाधनको विकास र उपयोगमा अन्तर सरकार तथा गैर सरकारी क्षेत्रका बीचमा निरन्तर प्रविधि जनशक्ति कार्यशैली कार्यसंस्कारको आदानप्रदान तालिम कार्य लगायतका पक्षमा सहकार्य एवं साझेदारी गर्ने।

५. उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरू उपलब्ध गराएर श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय जनशक्ति तयार गर्ने।

६. आन्तरिक तथा वाह्य श्रमबजारको माग अनुसारका विभिन्न किसिमका व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने।

७. लक्षित समूहको क्षमता विकासका लागि छात्रवृत्ति लगायतका सुविधा उपलब्ध गराइनेछ।

८. निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रका प्राविधिक एवम् व्यवसायिक शैक्षिक तथा तालिम प्रदायक संस्थालाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकासका लागि प्रोत्साहित गरिनेछ।

९. मानव संसाधनको उपयोगका लागि रोजगारीका अवसरहरू धेरै भएको निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

| मानव संसाधन विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | आगामी पन्ध्र वर्षलाई दृष्टिगत गर्दै जनशक्ति प्रक्षेपण गरी सोही अनुसार जनशक्ति उत्पादनका लागि नीतिगत व्यवस्था तथा कार्यान्वयन | संख्या | | २ | - | - | - | - | 2 |
| २. | आवश्यक आधारभूत, मध्यम र उच्चस्तरको जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थासँग सहकार्य | संख्या | | १ | १ | १ | - | - | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | "मध्यमस्तरीय जनशक्ति उत्पादन कार्यक्रम" (प्राविधिक विद्यालय, निजी क्षेत्र र अन्य संस्थासँगको सहकार्यमा पर्यटन, कृषि, उद्योग, पूर्वाधार निर्माण आदि क्षेत्र लाई आवश्यक जनशक्ति उत्पादन ( | संख्या | | 40 | 40 | 40 | 40 | 40 | 200 |
| ४. | प्राविधिक तालिम केन्द्र र विद्यालय स्थापना | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ५. | युवाहरूलाई अल्प, मध्यम र लामो अवधिको प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन | पटक | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ६. | विदेशमा आर्जित ज्ञान तथा सीपको उपयोग गर्न युवालाई प्रोत्साहन स्वरुप बिऊ पूँजीको व्यवस्था | संख्या | | २ | २ | २ | २ | २ | 10 |
| ७. | सार्वजनिक निजी क्षेत्रका बीचमा सहकार्य गर्दै व्यवस्थापकीय कुशलताको विकास | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ८.९.६ प्रमुख कार्यक्रम

१. मानव संसाधन व्यवस्थापन नीति योजना तथा कार्यक्रम तयार।

२. मानव संसाधनको उत्पादन र विकाससम्बन्धी कार्यमा अन्तर सरकार तथा गैर सरकारी क्षेत्रसँग प्रविधि सूचना पाठ्यक्रम पाठ्यसामग्री तालिम प्रतिष्ठान प्रशिक्षक लगायतका विषयमा आदानप्रदानको संस्कार थालनी।

३. तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन।

४. अन्तर्राष्ट्रिय अनुभवको आदानप्रदान र असल अभ्यास एवं व्यवहारको प्रयोग।

### ८.९.७ अपेक्षित उपलब्धि

बजारको माग अनुसारको जनशक्ति उत्पादन र उपयोगका लागि नीति योजना कार्यक्रम अनुसार जनशक्ति तयार एवं उपयोग भएको अन्तर सरकार तथा गैर सरकारी क्षेत्र एवं निजी क्षेत्रका बीचमा प्रविधि पाठ्यक्रम पाठ्यसामग्री प्रशिक्षकको आदानप्रदान भएको प्राविधिक तथा व्यवसायिक शैक्षिक तथा तालिम प्रतिष्ठान स्थापना भएको ज्ञान विज्ञानमा आधारित मानव संसाधनको विकास तथा उपयोगका निम्ति एकीकृत योजना तयार भएको,

ज्ञान र सीपयुक्त जनशक्ति उत्पादन भएको, मानव विकास र उपयोगमा सरकारी र निजी क्षेत्रबीच सहकार्य भएको हुनेछ।

## ८.१० सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र एवं सामुदायिक क्षेत्रका बीचमा साझेदारी

### ८.१०.१ पृष्ठभूमि

विश्वव्यापीकरण, निजीकरण र उदारीकरणको अबलम्बनसँगै सररकारको कार्यक्षेत्र कार्यशैली कार्यप्रक्रियामा परिवर्तन आएको छ। समाजवादी शासन व्यवस्थामा सरकारले नै सबै काम आफू एक्लैले गर्नुपर्छ भन्ने आमधारण एवं अभ्यासको रूपमा रहेको थियो। विकासको प्रारम्भिक चरणमा निजी क्षेत्र सक्षम पनि थिएन। गैरसरकारी संस्थाको पनि संस्थागत विकास भएको थिएन। नेपालमा प्रजातन्त्रको पुनर्दोय पश्चात निजी क्षेत्रलाई संवेदनशील क्षेत्र बाहेक अन्य क्षेत्रमा लगानी गर्न खुला गरियो। हजारौं राष्ट्रिय गैरसरकारी तथा सयौं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्थापना भए। दुर्गम तथा विकट क्षेत्रमा गैरसरकारी संस्थाले आफ्ना सेवा विस्तार गरे। विकासको पछिल्लो अवधारणा अनुसार सरकार नियमनकर्ता सहजकर्ता, उत्प्रेरक र प्रवर्द्धककोरूपमा रहन थाल्यो। सरकारका हात निजी क्षेत्र सहकारी गैरसरकारी संस्था सामुदायिक संस्था मार्फत विस्तारित हुँदै गएका छन्। सरकारको स्रोत जनशक्ति व्यवस्थापन संरचनाको सिमितता तथा सामाजिक संरक्षणका कार्य एवं प्रशासनिक कार्यमा हुने बृहत लगानीका कारण सबै क्षेत्रमा सरकारले प्रत्यक्ष उपस्थिति जनाउन सक्ने अवस्था देखिदैन। यसै विषयलाई मध्यनजर राख्दै नीति कानुन योजना बजेट कार्यक्रम सबै कार्यमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र र समुदायको साझेदारी सहकारी सहलगानी समन्वय सहभागिताको प्रबन्ध गरेको छ। स्थानीय तहमा फोहर व्यवस्थापन स्वास्थ्य तथा सरसफाइ अभियान शैक्षिक तथा अन्य सुरक्षा सम्बन्धी विषयको चेतना विस्तार नागरिकको अधिकार तथा जिम्मेवारी लगायतका विषयमा गैरसरकारी क्षेत्र तथा समुदायले उल्लेख्य भूमिका निर्वाह गरिरहेको छ। यसैगरी निजी क्षेत्रले पूर्वाधार निर्माण उद्यमशीलता सामाजिक विकास आर्थिक विकासमा महत्त्वपूर्ण खम्बाकोरूपमा काम गरेको छ।

### ८.१०.२ प्रमुख समस्या तथा चुनौती

निजीक्षेत्र नाफामूलक क्षेत्रमा लगानी उत्प्रेरित हुँदा सामाजिक संस्थागत उत्तरदायित्व पालना गराउनु, व्यवसायिक मूल्यमान्यताको पालना गराउनु, सहकारी क्षेत्रले सञ्चालक समितिको हितका भन्दा सदस्यको हित र भलाइका लागि काम गर्नु, ठेक्काका कार्य बिचौलियाका कार्यमा निरूत्साहित गराई सेवाभाव एवं सहभागिताप्रति

प्रतिवद्ध बनाउनु, सरकारी क्षेत्रप्रति नागरिक समाज, समुदाय, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्रको आशा, भरोसा, विश्वास र आस्था जगाउनु अर्को महत्त्वपूर्ण समस्या तथा चुनौती रहेको छ।

### ८.१०.३ अवसर

लामो समयसम्म जनप्रतिनिधिबिहिन रहेको स्थानीय निकाय स्थानीय सरकारको रूपमा शासकीय अधिकार एवं जननिर्वाचित प्रतिनिधिसहित क्रियशील हुनु, स्थानीय तहका आफ्नै नीति कानुन योजना संरचना संस्था वित्तीय स्रोत जनशक्तिको व्यवस्था हुनु, निजी क्षेत्रले सरकारसँग भरोसा राख्नु, गैरसरकारी क्षेत्रलाई प्रचलित कानुन मूल्यमान्यता अनुरूप काम गर्न ती तहकै सरकारबाट उत्प्रेरित गराउनु, सामुदायिक संस्थाबाट गरिने सेवाभावका कार्य विरूद्धका कार्यलाई कानुनी कार्वाहीको दायरामा ल्याइनु महत्त्वपूर्ण अवसर उपलब्ध भएका छन्।

### ८.१०.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

साझेदारी र सहकार्यको माध्यमबाट जीवनस्तरमा सुधार

**लक्ष्य**

सामुहिक योगदानबाट आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक विकासमा योगदान गर्ने।

**उद्देश्य**

सरकार निजी क्षेत्र सहकारी क्षेत्र गैरसरकारी क्षेत्र एवं सामुदायिक क्षेत्रका बीचमा सहकार्य तथा साझेदारी समृद्धिमा सबैको जिम्मेवारी बलियो बनाउनु।

### ८.१०.५ रणनीति तथा कार्यनीति

१. सार्वजनिक क्षेत्रले निजी क्षेत्रलाई सहजीकरण तथा पूर्वाधार निर्माण गर्दै स्वस्थ व्यवसायिक एवं उद्यमशील वातावरण बनाउने।
२. कृषि वन पशुजन्य सहकारी संस्थाको प्रवर्द्धन गर्दै सामुहिक हितमा योगदान बढाउने।
३. क्षमता विकास सशक्तीकरण मूल प्रवाहीकरण कानुनी व्यवस्था लगायतका विषयमा क्षमता विकास र सचेतना कार्यक्रममा गैरसरकारी क्षेत्रसँग स्वस्थ र सघनरूपमा सहकार्य तथा समन्वय गर्ने।

४. सामाजिक विकासमा समुदायको सहभागितालाई प्राथमिकता दिँदै समुदायको स्तरोन्नति सक्रियता सक्षमता बृद्धि गर्दै सामाजिक न्याय र संरक्षणका कार्यमा सहकार्य र साझेदारी गर्ने।
५. स्वरोजगारी सिर्जना उद्यमशीलताको खोजी तथा अवलम्बन आर्थिक उपार्जन सामाजिक क्षेत्रका कार्यलाई बल पुग्ने गरी नीति कानुन योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने।
६. विकास निर्माणका काम सहभागितामूलक एवं योगदानमूलक बनाउन सार्वजनिक प्रशासनको प्रतिष्ठा र गरिमा बढाउने।

**सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र एवं सामुदायिक क्षेत्रका बीचमा साझेदारी**

| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | साझेदारी सम्बन्धी नीति तथा कानुन संरचनागत प्रबन्ध | संख्या | | २ | - | - | - | - | २ |
| २. | संघीय इकाईका बीचमा योजनागत साझेदारी | संख्या | | २ | २ | २ | २ | २ | १० |
| ३. | सहकारी क्षेत्रसँग वित्तीय लगानीमा सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ४. | निजी क्षेत्रसँग प्रविधि विकास तथा हस्तान्तरण कार्यमा सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५. | गैरसरकारी क्षेत्रसँग विपद् जलवायु परिवर्तन तथा वातावरण संरक्षणका कार्यमा सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | ५ |

### ८.१०.६ प्रमुख कार्य

१. सार्वजनिक क्षेत्र तथा गैर सार्वजनिक क्षेत्रको सहकार्य र साझेदारीका लागि नीति कानुन र संरचनागत व्यवस्था
२. साना तथा घरेलु उद्यम तथा व्यवसाय स्थापना र सञ्चालन
३. सहकारी संस्थाबाट तरकारी खेती पशुपालन दुग्ध व्यवसाय जडिबुटी खेती प्रशोधन र बजारको व्यवस्था।

४. गैरसरकारी संस्थाको सक्रियता एवं व्यवहारिक सिकाइमार्फत गाउँ बस्तीमा रहेको सामाजिक कुरीति कुसंस्कार विभेद छुवाछुतको अन्त्य।
५. नागरिक अधिकार जिम्मेवारीप्रति सम्मान, उपभोक्ता हित आर्थिक सामाजिकरूपले पछाडि परेका समुदाय वर्ग क्षेत्रको मूल प्रवाहीकरण।

### ८.१०.७ अपेक्षित उपलब्धि

आर्थिक सामाजिक भौतिक प्रविधिको विकासमा सार्वजनिक तथा गैरसार्वजनिक क्षेत्रका बीचमा नीतिगत कानुनी योजना एवं संरचनागतरूपमा साझेदारी सहभागिता बढेको जनविश्वास बढेको, स्थानीय नागरिकमा भावनात्मक सम्बन्ध बढेको, आर्थिक सामाजिकरूपमा पछाडि परेका समुदाय वर्ग र क्षेत्र मूलप्रवाहीकरण भएको, सामाजिक कुसंस्कार कुरीति कुप्रथा कुप्रचलन अन्त्य भएको, व्यवसायिक क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व )सिएसआर (बढेको नागरिकको खुशी र स्वस्थता बढेको हुनेछ।

## ८.११ सामाजिक सांस्कृतिक विविधता

### ८.११.१ पृष्ठभूमि

हाम्रो गाउँपालिकाको भूगोलमा विविधता छ। सामाजिक संरचना फरकपना छ। सांस्कृतिक प्रचलन समुदाय र धर्मपिच्छे फरक छन्। रहन सहन फरक छ। आर्थिक सामाजिक अवस्थामा भिन्नता छ। व्यवसायिक संस्कारमा विविधता छ। रोजगारी पनि समुदाय अनुसार फरक फरक रहेको छ। जन्मदेखि मृत्यूसम्मका संस्कार जातजाति धर्म भूगोल अनुसार कुनै न कुनै रूपमा बेमेल छ। खानपान बसाइ रीतिरिवाज धर्म संस्कार भाषा व्यवहार फरक फरक भएपनि सामाजिक एकता विश्वास भरोसा सहकार्य सन्निकता प्रगाढ रहेको छ। एक समुदायले अर्को समुदायलाई उसका सामाजिक आर्थिक संस्कारमा सहयोग गरेकै हुन्छन्। यसले गर्दा समाजमा शान्ति, सदाचार, सम्मिलन र सहकार्यका संस्कार जीवन्त र निरन्तर चलेका छन्। सबैको सबैप्रति आस्था र सम्मान भएकोले सामाजिक सद्भाव दिगो दरिलो एवं प्रगाढ भएर बसेको छ।

### ८.११.२ प्रमुख समस्या तथा चुनौती

आन्तरिक तथा वाह्य बसाइसराइका कारणले सामाजिक संरचनामा भएको परिवर्तनले बढेको अविश्वास घटाउनु, गैरसरकारी संस्थाबाट फैलाइएका असामाजिक व्यवहारलाई निमिट्यान्न पार्नु, समाजमा उपेक्षित उत्पीडित

समुदाय वर्ग क्षेत्रको मूलप्रवाहीकरण गर्नु, परम्परादेखि एकताबद्ध सहिष्णुतापूर्वक रहेको सामाजिक संस्कारलाई अझ प्रगाढ बनाउनु समस्या तथा चुनौती रहेका छन्।

## ८.११.३ अवसर

नेपालको संविधान प्रचलित नेपाल कानुनमा सामाजिक सदभाव, सहिष्णुता, शान्ति, सदाचार, समानता, समावेशिता जस्ता पक्षको व्यवस्था एवं सोही अनुसारको कार्यव्यवहार प्रदर्शन हुनु, शैक्षिक तथा चेतनास्तरको बढ्दो प्रभावबाट समाजमा रहेका परम्परागत कुरीति कुसंस्कार कुप्रथा कुप्रचलनको अन्त्य हुँदै जानु, सामाजिक संरचनामा परिवर्तन हुँदै जानाले एकल जात समुदाय भन्दा मिश्रित समुदाय एवं जातको सम्मिश्रण हुनु, आर्थिक सामाजिक सूचकमा आएको परिवर्तनले समाजलाई बढी न्यायोचित तुल्याउनु, विश्वव्यापीकरण र सूचना प्रविधिको विकासबाट देखिएका नवीनतम अध्ययन अनुसन्धान आविष्कारको अनुशरण विस्तार हुँदै गएकोले समाजमा फराकिलो एवं उदार सोंचको अभ्यासले प्रश्रय पाउनु महत्त्वपूर्ण अवसर रहेका छन्।

## ८.११.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

विविधता व्यवस्थापनमा स्वीकार्यता, सामाजिक सांस्कृतिक विविधता

**लक्ष्य**

स्थानीय समुदाय समाजका बीचमा पारस्पारिक एकता सद्भाव मेल र सहअस्तित्वप्रति विश्वासको आधार बनाउने।

**उद्देश्य**

सामाजिक सांस्कृतिक विविधतालाई सम्पन्नता र समृद्धिमा रूपान्तरणका लागि विवेकपूर्णरूपमा विविधता व्यवस्थापन गर्नु।

## ८.११.५ रणनीति तथा कार्यनीति

१. सामाजिक सांस्कृतिक एकता सद्भाव बलियो बनाउन नीति कानुन संरचना संस्था प्रशासनिक कार्यव्यवहार सुदृढ तुल्याउने।

२. आर्थिक सामाजिक भौगोलिक सांस्कृतिकरूपमा औषत अवस्था भन्दा कमजोर सूचकांकमा रहेका जातजाति समुदायलाई विशेष सुविधाका माध्यमबाट मूलप्रवाहीकरण (लेभल प्लेइङ् फिल्ड) गर्ने

३. निजी क्षेत्र गैर सरकारी क्षेत्र तथा सामुदायिक क्षेत्रसँग सार्वजनिक क्षेत्रले साझेदारी र सहकार्य गर्दै जागरण चेतना रोजगारी उद्यमशीलताका माध्यमबाट सामाजिक सांस्कृतिक असमझदारी न्यूनीकरण गर्ने

४. सामाजिक संरक्षणका कार्यक्रमलाई लक्षित समुदायउन्मुख र प्रभावकारी तुल्याउने।

| सामाजिक सांस्कृतिक विविधता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | नीति तथा कानुन, आचारसंहिता एवं संरचनागत प्रबन्ध | संख्या | | 2 | - | - | - | - | 2 |
| २. | विशेष जातजातिलाई स्रोतमा प्राथमिकीकरण | संख्या | | १ | १ | १ | १ | १ | 5 |
| ३. | योजना तथा बजेटबाट राष्ट्रिय एकता तथा मेलमिलापका लागि सन्तुलित आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक सन्तुलन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | आधारभूत तहका विद्यालयमा सामाजिक शिक्षामा सामाजिक सांस्कृतिक विविधता पाठ्यक्रममा समावेश | संख्या | | 1 | - | - | - | - | 1 |
| ५. | गैरसरकारी क्षेत्रसँग सामाजिक रुपान्तरणका कार्यमा सहकार्य | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ८.११.६ प्रमुख कार्यक्रम

१. सामाजिक सांस्कृतिक सद्भावमुखी नीति कानुन संरचना प्रशासनिक कार्यसंस्कारको विकास
२. विपन्न गरिब असहाय बेरोजगारका लागि गैर सार्वजनिक क्षेत्रसँग रोजगारी उद्यमशीलता नवीनतम सिर्जनामा सहकार्य र साझेदारी
३. आमसञ्चार सूचना प्रविधिको विवेकपूर्ण विश्लेषण गर्दै असल अभ्यासको अनुशरण।
४. विविधता व्यवस्थापन (डाइभर्सिटी म्यानेजमेण्ट) को मूल्यमान्यता अनुरूप सार्वजनिक क्षेत्र तथा गैर सार्वजनिक क्षेत्रमा यसको समुचित अभ्यास।

### ८.११.७ अपेक्षित उपलब्धि

निहित स्वार्थप्रेरित संस्थाबाट समाजमा देखिएको असहिष्णुता असमझदारीमा न्यूनीकरण भएको, आर्थिक सामाजिक सांस्कृतिक विभेद खाडल पुरिएको, सार्वजनिक निकायबाट हुने सेवा र कार्यमा सन्तुलन समानता समता सामाजिक न्याय प्रकट भएको, गैर सार्वजनिक क्षेत्रसँग सार्वजनिक क्षेत्रले सहकारी तथा साझेदारीका माध्यमबाट रोजगारी उद्यमशीलता नवप्रवर्तनमा योगदान पुगेको, विविधतालाई विवेकपूर्ण र असल मनसायले सम्बोधन गरी सामाजिक सांस्कृतिक सहिष्णुता र सम्मानको धरहरामा श्रीबृद्धि भएको हुनेछ।

## ८.१२ योजना तर्जुमा

### ८.१२.१ पृष्ठभूमि

गाउँपालिका भित्रका नागरिकहरूको हक अधिकारको संरक्षण तथा समृद्धि हासिल गर्न दीर्घकालीन योजना तर्जुमा गर्नुपर्ने हुन्छ। लक्षित विकास प्रतिफल हासिल गर्न वस्तुगत व्यवहारिक र तथ्याङ्कमा आधारित योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयनको अग्रणी भूमिका रहन्छ। योजना प्रक्रियालाई सूचना तथा तथ्य र प्रमाणमा आधारित, नतिजामुखी र यथार्थपरक बनाउन आवधिक योजनाको नतिजा खाका तयार गरी कार्यान्वयनमा लैजाने र मध्यमकालीन खर्च संरचनालाई थप थथार्थपरक बनाउँदै लैजादा स्रोतको अधिकतम उपयोग र निर्धारित समय लागत परिमाण र गुणस्तरको नतीजा प्राप्त गर्न सकिन्छ।

### ८.१२.२ प्रमुख समस्या तथा चुनौती

नेपालको संविधानले परिकल्पना गरे अनुरूपको व्यवहार प्रदर्शन गर्नु बढ्दो जनआकांक्षालाई सन्तुलित समन्यायिक रूपमा सम्बोधन गर्नु संघीय तथा प्रदेश सरकारको विकास योजनासँगसँगै तालमा ताल मिलाउनु, विकासको दीर्घकालीन सोंच तर्जुमा गरी सोअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, स्रोतसाधनको सुनिश्चितता गरी आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्नु, सङ्घीयताको लाभ जनतामा पुग्ने गरी योजना तर्जुमासम्बन्धी सङ्गठनात्मक संरचना, प्रक्रिया तथा विधिमा सुधार गर्नु र योजना तर्जुमासम्बन्धी जनशक्तिको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु योजना तर्जुमा प्रक्रियामा देखिएका समस्या तथा चुनौती हुन्। यसैगरी योजना कार्यान्वयन गर्ने निकायका क्षमता अभिवृद्धि गर्नु, कार्यान्वयनमा संलग्न जनशक्तिको उत्प्रेरणा र कार्यसम्पादनस्तर अभिवृद्धि गर्नु, योजना कार्यान्वयनलाई प्राथमिकतामा राख्नु विकास र वातावरणका बीचमा सन्तुलन स्थापित गर्नु अन्तर सरकार तथा गैर सार्वजनिक क्षेत्रका बीचमा विवेकपुर्ण र असल सम्बन्ध सहकार्य साझेदारी सहलगानीको कार्यसंस्कारको प्रचलन गराउनु योजना कार्यान्वयनसम्बन्धी अन्य समस्या तथा चुनौती हुन्।

### ८.१२.३ अवसर

संघीयताले प्रदान गरेको स्रोत परिचालन तथा विनियोजनमा दक्षता हासिल गर्ने भौगोलिक विशिष्टता अनुरूप विवेकपूर्ण तवरबाट योजना तर्जुमा र कार्यान्वयन सहजता रहेको विगतका कमी कमजोरीको समीक्षा गर्दै दोहोरिन अवस्था सिर्जना हुन नदिने परिस्थिति निर्माण भएको, संविधानको कार्यान्वयन तथा सङ्घीय ढाँचाअनुरूप योजना प्रक्रियालाई थप सन्तुलित, समन्यायिक र समावेशी बनाउने, योजना तर्जुमा र कार्यान्वयनका लागि आफ्नै जनशक्ति रहेको योजना तर्जुमादेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका चरणमा सरोकारवाला सबै पक्षलाई सहभागिता गराउन सकिने परिस्थितिले प्रतिस्पर्धात्मक विकास गर्ने अवसर रहेका छन्।

### ८.१२.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोंच**

सूचना तथा तथ्यपरक एवं नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन प्रणाली।

**लक्ष्य**

विकास योजना, आयोजना तथा कार्यक्रम निर्धारित परिमाण, लागत, गुणस्तर र समयमा सम्पन्न गर्ने।

**उद्देश्य**

आर्थिक प्राविधिक संस्थागत संरचनागत र प्रशासनिक क्षमता र कार्यसंस्कारको परिधि अनुरूप हुने गरी योजनाको क्षेत्र तथा संख्याको निर्धारण तथ्यपरक बनाउँदै योजना तर्जुमा तथा कार्यान्वयन गर्नु।

### ८.१२.५ रणनीति तथा कार्यनीति

१. नीतिगत संरचनागत संस्थागत जनशक्ति र योजनाको क्षेत्र तथा संख्या निश्चित गर्ने।

२. सूचना तथा तथ्य एवं प्रमाणमा आधारित यथार्थपरक योजना तर्जुमा र कार्यान्वयन गर्ने।

३. योजना तर्जुमा तथा कार्यान्वयन लगायतका सबै चरणमा सरोकारपक्षको सार्थक सहभागिता सुनिश्चित गर्ने।

४. योजना तर्जुमा तथा कार्यान्वयन लगायतका समग्र पक्षमा सूचना तथा प्रविधिको अधिकतम उपयोग गर्ने।

५. प्रमाणमा आधारित नतिजामुखी योजना र मध्यमकालीन खर्च संरचनालाई संस्थागत गरी योजनाका विभिन्न तह र अवयवबीच कार्यमूलक सम्बन्ध स्थापित गर्ने।

६. योजना तर्जुमा तथा कार्यान्वयनमा संलग्न हुने जनशक्तिको क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि गर्ने।

| योजना तर्जुमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | विषयगत तथ्याङ्कको सूची तयार गरी वडा तहमा वितरण तथा सुदृढीकरण | संख्या | | १ | १ | २ | २ | २ | ८ |
| २. | विद्यालय र प्राज्ञिक संस्थासँग छलफल र कार्यशाला | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३. | संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न निकायसँग बैठक र छलफल | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | संख्या | | - | - | - | - | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ६. | योजनाको वर्गिकरण गर्न मापदण्ड बनाउने अभिमुखीकरण तालिम सबै वडा अध्यक्ष तथा ) (कर्मचारीलाई | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | योजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र गठन गर्ने | संख्या | | १ | - | - | - | - | १ |
| ८. | सबै तहका सरकारका तथ्याङ्कका बीचमा एकरुपता स्थापित गर्ने | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९. | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गर्ने | संख्या | | - | - | १ | - | १ | 2 |
| १०. | प्रत्येक आयोजनाको नतिजासूचक तयार गर्ने। | संख्या | | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |

## ८.१२.६ प्रमुख कार्यक्रम

**क. कार्यान्वयन योग्य ऐतिहासिक योजना**

<u>दीर्घकालीन विकासको आधारशीला</u>

१. भौगोलिक सामाजिक आर्थिक अवस्था र विशिष्टता अनुकूलको योजना

२. योजना तर्जुमा प्रक्रियामा आवश्यक तथ्याङ्क तथा सूचनाको पृष्ठपोषण गर्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षण।

३. अनुगमन तथा मूल्याङ्कन नतिजालाई योजना तर्जुमाको प्रत्येक चरण र प्रक्रियामा प्रयोग।

४. मध्यमकालीन खर्च संरचना सुदृढीकरण।

५. योजना तर्जुमा तथा कार्यान्वयन गर्ने सार्वजनिक निकायका बीचमा सार्थक समन्वय र सुदृढीकरण।

६. विकासका साझेदार सहकारी, गैरसरकारी तथा सामुदायिक संस्थाको प्रोत्साहन तथा क्षमता विकास।

७. योजना तर्जुमा तथा कार्यान्वयन लगायतका चरणमा सूचना प्रविधिको उपयोग

८. आयोजना बैंकको स्थापनाबाट योजना मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटका बीचमा सामञ्जस्यता।

### ८.१२.७ अपेक्षित उपलब्धि

आर्थिक सामाजिक सांस्कृतिक भौगोलिक अवस्था एवं विशिष्टता अनुरूपको योजना तर्जुमा गरी उच्चतम लक्ष्य प्राप्ति भएको हुनेछ। संघ प्रदेशका योजनासँग सामिप्यता र सामञ्जस्यता स्थापित भएको हुनेछ। साथै मध्यमकालीन खर्च संरचना संस्थागत भएको, वार्षिक विकास कार्यक्रम र आवधिक योजनाबीच तालमेल कायम भएको हुनेछ। त्यसैगरी योजना तर्जुमा तथा कार्यान्वयन निकायको संस्थागत सुदृढीकरण भएको, योजना तर्जुमा तथा कार्यान्वयन लगायतका सबै चरणमा सरोवारपक्षको सार्थक सहभागिता रहेको, र कार्यक्रम तथा आयोजना निर्धारित गुणस्तर, लागत एवम् समयभित्रै सम्पन्न भएको सूचना प्रविधिको अधिकतम उपयोग गर्दै योजना तर्जुमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ।

# परिच्छेद ९

# अनुगमन तथा मूल्याङ्कन

## ९.१ पृष्ठभूमि

निर्धारित उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति अनुसार समयबद्ध तथा प्रभावकारीरूपमा कार्यान्वयन भयो कि भएन भनेर आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरिन्छ। कार्यान्वयनका क्रममा देखिएका समस्यालाई समयमै सम्बोधन गरी निर्धारित समयभित्रै आयोजना सम्पन्न गर्नु पर्ने हुन्छ। अनुगमन तथा मूल्याङ्कन कार्यले योजना, नीति, कानुन आयोजना तथा कार्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी र जवाफदेहीपूर्ण बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाउन योजनाको नतिजा खाका तयार गरी कार्यान्वयनमा लैजान सकेमा खाका अनुरूप अनुगमन तथा मूल्याङ्कन गर्न सकिन्छ। यसैगरी विकास आयोजनाको प्रगति प्रतिवेदन गर्ने प्रणालीलाई सूचना प्रविधिको प्रयोग र नतिजामूलक बनाउन आयोजना व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर विकास कार्यलाई प्राथमिकता दिइनु पर्दछ। आमसञ्चार माध्यम, सामाजिक सञ्जाल, उजूरी तथा गुनासो नागरिक समाजबाट गरिएका सिफारिस समेतलाई अनुगमन तथा मूल्याङ्कनका महत्त्वपूर्ण अवयव मानी प्राप्त सूचनाको विश्लेषण गर्दै समयमै त्रुटी सच्याउने र सुधार गर्नुपर्दछ।

## ९.२ समस्या तथा चुनौती

विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि तर्जुमा गरिएको नतीजा खाकालाई पूर्णरूपेण कार्यान्वयन गराउनु, यस कार्यमा संलग्न रहने जनशक्तिलाई क्षमतावान सीपयुक्त एवं उत्प्रेरित बनाउनु, अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको समयमै सम्बोधन गर्नु, आमसञ्चार तथा सामाजिक सञ्जालबाट उठाइएका विषयवस्तुलाई गम्भिरतापूर्वक मनन गरिनु समस्या तथा चुनौती रहेका छन्। यसैगरी सूचना तथा प्रविधिको विकास र उपयोग गरिनु, अनुगमन तथा मूल्याङ्कनमा लाभग्राहीलाई सार्थकरूपमा सहभागी गराउनु, पृष्ठपोषणको आधारमा आयोजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन तथा अनुगमनन मूल्याङ्कन पद्धतिमा सुधार ल्याउनु जस्ता यावत समस्या तथा चुनौती विद्यमान रहेका छन्।

## ९.३ अवसर

अनुगमन तथा मूल्यांकनका लागि राजनीतिक समिति गठन गर्न सकिने, सूचना प्रविधिको उपयोग गर्न सकिने अवसर प्राप्त भएको छ। आयोजनाको नतीजा खाका अनुरूप प्रगति गर्ने निर्माण कम्पनी तथा कर्मचारीलाई पुरस्कृत तथा दण्डित गर्न सकिने आमसञ्चार माध्यम एवं सामाजिक सञ्जाल नागरिक समाजको सूचना जानकारीको भरपूर उपयोग गर्न सकिने अवसर विस्तार भएको छ।

## ९.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

नतिजामूलक अनुगमन तथा मूल्याङ्कनः विकास प्रशासनमा सुशासन।

**लक्ष्य**

निर्धारित परिमाण, गुणस्तर, लागत र समयमा विकास आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने।

**उद्देश्य**

नतिजामूलक अनुगमन तथा मूल्याङ्कनबाट विकास प्रशासनका समग्र पक्षलाई प्रभावकारी एवं दक्षतापूर्ण बनाउनु।

## ९.५ रणनीति तथा कार्यनीति

१. नीति र कानुनको तर्जुमा संरचना र संस्थाको स्थापना जनशक्ति र प्रविधिको विकास गर्ने।
२. अनुगमन तथा मूल्याङ्कन विश्वासनीय एवं तथ्य र प्रमाणमा आधारित बनाउने।
३. अनुगमन तथा मूल्याङ्कनमा अन्तर सरकारका बीचमा बलियो कार्यबन्धन निर्माण गर्ने।
४. सूचना प्रविधिको विकास र उपयोगमा सरलता र उत्प्रेरणाका कार्य सञ्चालन गर्ने।
५. कार्यपालिकामा रहेका सदस्यको अनुगमन तथा मूल्याङ्कन संयन्त्र बनाई निरन्तर सुधार गर्ने।
६. अनुगमन तथा मूल्याङ्कनमा सहभागितामूलक विधिहरू अवलम्बन गर्दै लैजाने।
७. तेस्रो पक्षबाट गरिने मूल्याङ्कनलाई विस्तार गर्नुका साथै थप गुणस्तरीय बनाउने।
८. विकास आयोजनाको वस्तुगत अवस्थाको मूल्याङ्कन गर्न नागरिक निगरानी र आयोजनाको संक्षिप्त व्यहोराको होर्डिङ्ग वोर्डको प्रभावकारितामा जोड दिने।

| अनुगमन तथा मूल्याङ्कन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी कार्यान्वयन गर्ने। | संख्या | | १ | - | - | - | - | 1 |
| २. | विकास समस्या समधान समिति गठन गर्ने | संख्या | | 1 | - | - | - | - | 1 |
| ३. | अनुगमन तथा मूल्याङ्कन तालिम | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ४. | क्षेत्रगत मासिक समीक्षा वैठक | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ५. | अनुगमन तथा मूल्याङ्कनको विद्युतीय प्रणाली निर्माण | संख्या | | - | 1 | - | - | - | 1 |
| ६. | अनुगमन तथा मूल्याङ्कनको विद्युतीय प्रणालीको तालिम | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ७. | प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन | संख्या | | - | - | 1 | - | 1 | 2 |
| ८. | प्राथमिकता प्राप्त आयोजनाको सूचक अनुसार वार्षिक अनुगमन र मूल्याङ्कन गर्ने | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ९. | दिगो विकास लक्ष्यको मध्यावधि तथा अन्तिम मूल्याङ्कन | संख्या | | - | - | 1 | - | 1 | 2 |
| १०. | पञ्चवर्षीय योजनाको तेश्रो पक्षबाट मूल्याङ्कन | संख्या | | - | - | 1 | - | 1 | 2 |
| ११. | छनौट भएका आयोजनाको प्रभाव मूल्याङ्कन | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| १२. | प्रथम पञ्चवर्षीय योजनाको सिकाई अभिलेख तयार गरी दोश्रो आवधिक योजनालाई पृष्ठपोषण गर्ने | संख्या | | - | - | - | - | 1 | 1 |

## ९.६ प्रमुख कार्यक्रम

१. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निर्देशिका, कार्यविधि, मार्गदर्शनको तर्जुमा।

२. योजनाको नतिजाखाकाको तयारी तथा प्रयोग।

३. सूचना प्रविधिमा आधारित आयोजना कार्यसम्पादन सूचना प्रणालीमार्फत सबै आयोजनाको प्रगति प्रतिवेदन र समीक्षा।

४. आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन अनिवार्य रूपमा विद्युतीकरणका माध्यमबाट सार्वजनिकीकरण।

५. नतिजामूलक अनुगमन तथा मूल्याङ्कनका लागि प्रतिबद्ध कर्मचारीको व्यवस्था गर्दै उत्प्रेरणा र मनोबल बढाउने तालिमको सञ्चालन।

६. विशेष प्रकृतिका आयोजना तथा कार्यक्रमको तेस्रो पक्षबाट मूल्याङ्कन।

७. अन्तर सरकार अनुगमन तथा मूल्याङ्कन संयन्त्र तथा फोकल पर्सन।

८. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन विधिको प्रयोगमा वृद्धि।

९. अनुगमन तथा मूल्याङ्कनमा लेखापरीक्षण प्रतिवेदनको समेत आधार लिने व्यवस्था।

## ९.७ अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यविधि निर्देशिका मार्गदर्शन जारी भएको हुनेछ। यसमा काम गर्ने जनशक्ति प्रतिबद्ध उत्प्रेरित उच्च मनोबलयुक्त र दक्ष-सीपयुक्त हुनेछन्। सूचना प्रविधिको विकास र विस्तार गर्दै सार्थक परिमाणका लागि प्रभावकारी उपयोग भएको हुनेछ। विकास प्रशासनमा देखिएका विकृति विसँगतिमा निर्ममतापूर्वक प्रहार गरी प्रसंशायोग्य र प्रभावकारी संस्कृतिको अभ्यास प्रारम्भ हुनेछ। राजनीतिक संयन्त्रको क्रियाशीलताबाट प्रशासनिक कार्यमा सरलता सहजता अनुशासनमा सुधार हुनगई आयोजना तथा कार्यक्रम किफायती र गुणस्तरीयरूपमा समयभित्रै सम्पन्न हुनेछन्।

# परिच्छेद १०

# तथ्याङ्क प्रणाली

## १०.१ पृष्ठभूमि

विश्वासिलो र भरपर्दो तथ्याङ्कको उपलब्धताले मात्र वास्तविक नीति योजना बजेट तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन हुनसक्छ। फरक तथ्याङ्कबाट सही प्रतिफल प्राप्त गर्न सकिदैन। वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय, समानता र सन्तुलन स्थापित गर्न सबै क्षेत्रको तथ्याङ्क सूचना जानकारी सत्यतामा आधारित भएमा संविधान, प्रचलित कानुन र गाउँपालिकाले लिएको विशेष नीतिले सार्थकता पाउँछ। राज्य संरचनामा भएको पुनर्सरचा अनुरूपको खण्डीकृत तथ्याङ्क तयार गरी यसै अनुरूप संघ, प्रदेश तथा स्थानीय सरकारले आगामी नीति योजना बजेट तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्न सकेमा लक्ष्य र गन्तब्यमा सहजतापूर्वक पुग्न सकिनेछ।

## १०.२ प्रमुख समस्या तथा चुनौती

समयसापेक्ष तथ्याङ्क सम्बन्धी कानुनको तर्जुमा गर्नु, केन्द्रीय र स्थानीय स्तरका तथ्याङ्कीय क्रियाकलापहरूमा समन्वय गर्नु, उत्पादित तथ्याङ्कमा दोहोरोपना हटाउनु, तथ्याङ्कको उपयोग वृद्धि गर्नु, जनशक्तिको दक्षता वृद्धि गर्नु र अनाधिकृत तथ्याङ्कको प्रयोग हटाउनु प्रमुख चुनौती हुन्।

## १०.३ अवसर

तथ्याङ्क प्रणालीमा मूलतः माग र प्रयोगमा विस्तार हुनु, नयाँ–नयाँ तथ्याङ्कीय प्रविधिहरूको विकास हुनु, विकास साझेदारहरूबाट तथ्याङ्कीय विकासमा चासो र सहयोग हुनु, नयाँ तथ्याङ्क कानुनको अपरिहार्यता महसुस हुनु, सम्बन्धित निकायहरूमा तथ्याङ्कीय जनशक्तिले आर्जन गरेको पेशागत विज्ञता विद्यमान हुनु मुख्य अवसर हुन्।

## १०.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

सुरक्षित विश्वासिलो र भरपर्दो तथ्याङ्क प्रणालीको स्थापना।

**लक्ष्य**

नीति, कानुन, योजना लागि उपयुक्त र खण्डीकृत तथ्याङ्क तथा तथ्याङ्कीय सेवा उपलब्ध गराउने।

**उद्देश्य**

१. तथ्यमा आधारित नीति निर्माणाका लागि भरपर्दो खण्डीकृत तथ्याङ्क विकास गर्ने।

२. किफायती तथ्याङ्कीय विकास र गतिविधिका लागि सान्दर्भिक नीति, अभ्यास र क्षमता विकास गर्नु।
३. उच्च गुणस्तरीय तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने।
४. तथ्याङ्कका उत्पादनका सबै सम्भाव्य विधि र स्रोतहरूको उपयोग गर्ने।
५. क्षेत्रगत सूचना र समग्र सूचनाका बीचमा सामञ्जस्यता र एकरूपता बनाउने।
६. राष्ट्रिय मानकको अवलम्बन गरी तथ्याङ्क व्यवस्थापन कार्य गर्ने।

| तथ्याङ्क प्रणाली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण | संख्या | | 1 | - | - | - | - | 1 |
| २. | तथ्याङ्क शाखाको स्थापना | संख्या | | 1 | - | - | - | - | 1 |
| ३. | गाउँपालिकाको स्थिति पत्र वार्षिकरुपमा अद्यावधिक | संख्या | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ४. | तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि वडा तहको क्षमता र दक्षता वृद्धि तालिम | संख्या | | 6 | 6 | 6 | 6 | 6 | 30 |
| ५. | मध्यमकालीन खर्च संरचनाको लागि आवश्यक तथ्याङ्क संकलन | संख्या | | - | १ | - | - | - | 1 |

* तथ्याङ्क इकाई बनाई भौतिक तथा मानवीय संसाधनको व्यवस्था गर्ने।

## १०.५ प्रमुख कार्यक्रम

१. तथ्याङ्क सम्बन्धी निर्देशिका कार्यविधि मार्गदर्शन निर्माण।
२. तथ्याङ्कका लागि एकीकृत प्रतिबद्ध तथ्याङ्क इकाईको स्थापना।
३. तथ्याङ्क इकाईमा उपयुक्त भौतिक तथा दक्ष मानवस्रोतको व्यवस्थापन।
४. क्षेत्रगत तथा समग्र तथ्याङ्कका बीचमा एकरूपता
५. बाह्रौं राष्ट्रिय जनगणना, २०७८ को तयारीमा सहयोगी भूमिका।
६. राष्ट्रिय कृषि गणना, २०७८ को तयारीमा सहयोगी भूमिका।

७. प्रशासनिक अभिलेखलाई प्रयोग गरी एकीकृत तथ्याङ्क व्यवस्थापन।

## १०.६ अपेक्षित उपलब्धि

विश्वासिलो र भरपर्दो तथ्याङ्क विकासका लागि निर्देशिका, कार्यविधि र मार्गदर्शन तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। यसैगरी राष्ट्रिय मानक मापदण्ड अनुसार समयानुकूल खण्डीकृत तथ्याङ्क नेपाल सरकारबाट प्राप्त भएको, प्रतिवद्ध सक्षम भौतिक पूर्वाधारयुक्त तथ्याङ्क इकाई स्थापना भएको, सूचना प्रविधिको उपयोगबाट सरलरूपमा क्षेत्रगत तथ्याङ्क विकास गरिएको हुनेछ। साथै, नीति योजना बजेट तर्जुमा कार्यमा प्रशासनिक तथ्याङ्कको विकास तथा प्रयोगमा विस्तार भएको हुनेछ।

# परिच्छेद ११

# आयोजना बैंक

## ११.१ पृष्ठभूमि

कार्यान्वयनमा लैजान तयारी अवस्थामा रहेका आयोजनालाई मौज्दातकारूपमा राख्नु आयोजना बैंक हो। यसमा कार्यान्वयनमा जानुपूर्व प्रारम्भिक एवं प्रभाव परीक्षण, स्रोतको सुनिश्चितता, विस्तृत आयोजना प्रतिवेदन, जग्गा प्राप्ति, आयोजनाबाट प्रभावितबाट कार्यान्वयनका लागि सहमति प्राप्त गरी निश्चित शर्तमा भण्डारण गरिएको हुन्छ। यसले गर्दा स्रोतको दिगो उपयोग हुनजान्छ। जथाभावी एवं पहुँच र प्रभावका आधारमा भन्दा माग आवश्यकता सम्भावना र स्वीकार्यताका आधारमा आयोजना छनौट र कार्यान्वयन हुन्छ। उपलब्ध स्रोत, साधन तथा प्रविधिको अधिकतम उपयोग गर्दै गाउँपालिकाको सोंचलाई यथार्थ परिणाममा बदल्न आयोजना तर्जुमा तथा कार्यान्वयनमा देखिएका असुविधालाई निराकरण गर्दै दीर्घकालीन योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेटलाई एक अर्कामा अन्तर आवद्धता गर्दै समयमै आयोजना सम्पन्न गरी आर्थिक, सामाजिक, भौतिक विकास गर्न प्रभावकारी गराउन आयोजना बैंकको विकास तथा उपयोग गर्न जरूरी रहेको छ।

## ११.२ प्रमुख समस्या तथा चुनौती

आयोजना बैंकको कार्यविधि तर्जुमा तथादमापदण्ड निर्माण गर्नु, संघीय तथा प्रदेश सरकारको पदचाप पछ्याउनु, मानव सिर्जित तथा प्रकृतिजन्य विपद्बाट हुने तात्कालिक आवश्यकताको सम्बोधन गर्नु, संघ तथा प्रदेश सरकारका निर्वाचन क्षेत्र विकास कार्यक्रम वार्षिक बजेटपछि छनौट गरिनु, संघ तथा प्रदेश सरकारको योजना छनौटको एकांकीपनालाई सहभागीमूलक एवं मागमा आधारित बनाउनु, संघीयताको मर्म र भावना अनुरूप सन्तुलित विकासलाई सम्बोधन गर्नु जस्ता समस्या तथा चुनौती रहेका छन्। साथै आयोजना बैंकको प्राविधिक पक्षमा विशेष ध्यान पुर्‍याइ यसको सुरक्षा पहुँच अद्यावधिकता सरलता जस्ता पक्षमा दक्ष कुशल र प्रतिवद्ध जनशक्तिको व्यवस्थापन गर्नु प्राविधिक समस्या तथा चुनौती रहेको छ।

## ११.३ अवसर

संघ तथा प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐनले आयोजना बैंक अनिवार्य गरिदा यसबाट स्थानीय तहलाई सहजता हुनु, प्राविधिक तथा व्यवसायिक शिक्षाको बढ्दो प्रभावले सक्षम जनशक्ति उपलब्ध हुनु, सन्तुलित विकासका लागि आवश्यकता माग र सम्भावनाका आधारमा आयोजना छनौट गर्न सकिनु, वार्षिक बजेट मध्यमकालीन खर्च संरचना र आवधिक योजनाका बीचमा सामञ्जस्यता स्थापित हुन जानु, स्रोतको समुचित उपयोग हुनु, आर्थिक वर्षको प्रारम्भमै आयोजना कार्यान्वयनमा जानु अवसर रहेका छन्।

## ११.४ दीर्घकालीन सोंच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति

**दीर्घकालीन सोंच**

माग आवश्यकता सम्भावना र स्रोतको उपलब्धताका आधारमा सन्तुलित विकासका लागि आयोजना बैंक।

**लक्ष्य**

आवधिक योजना मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमका बीचमा सामञ्जस्यता स्थापित गरी कार्यान्वयनयोग्य र आर्थिक तथा प्राविधिकरूपमा सम्भाव्य आयोजना बैंकमा भण्डारण गर्ने।

**उद्देश्य**

आयोजनाको संख्यात्मक बृद्धिलाई न्यूनीकरण गरी गुणात्मक नतीजालाई प्रधानता दिनु।

## ११.५ रणनीति तथा कार्यनीति

१. आयोजना बैंक सम्बन्धी नीतिगत, कानुनी, संरचनागत एवं जनशक्तिको प्रबन्ध मिलाउने।

२. संघ तथा प्रदेश सरकारसँग साझेदारी तथा सहकार्य गर्ने

३. दिगो एवं सन्तुलित आर्थिक सामाजिक भौतिक विकास गर्ने।

४. आयोजना बैंकका आधारमा मात्र संघ तथा प्रदेश सरकारमा समपूरक तथा विशेष अनुदानमा आधारित आयोजना माग गर्ने।

५. आयोजना कार्यान्वयनपूर्वका पूर्वाधारमा पूर्णता दिने।

६. सूचना प्रविधिमा आधारित आयोजना तर्जुमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन पद्धतिको अनुशरण गर्ने।

| आयोजना बैंक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १. | योजना शाखामा आयोजना वैङ्क स्थापना गर्ने | | | 1 | - | - | - | - | 1 |
| २. | आयोजना वैङ्क निर्देशिका प्रकाशन गर्ने | | | 1 | - | - | - | - | 1 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | आयोजना वैङ्क सम्वन्धी विद्युतीय सफ्टवयर निर्माण गर्ने | | | 1 | - | - | - | - | 1 |
| ४. | आयोजना वैङ्कमा छनौट भएका योजनालाई online entry गर्ने | | | 9 | 9 | 9 | 9 | 9 | 45 |
| ५. | समपूरक र विशेष अनुदानका आयोजना प्रस्ताव तयार गर्न क्षमता वृद्धि गर्ने | | | 1 | 1 | 1 | 1 | 1 | 5 |
| ६. | आयोजना प्रस्ताव वनाउन वडासम्म क्षमता वृद्धि गर्ने | | | 6 | 6 | 6 | 6 | 6 | 36 |
| ७. | प्राथमिकता प्राप्त आयोजनामा बजेट विनियोजन गर्ने | | | 6 | 6 | 6 | 6 | 6 | 36 |
| ८. | आयोजना वैङ्कमा भएका आयोजनालाई स्रोत व्वस्थापन गर्ने | | | 6 | 6 | 6 | 6 | 6 | 36 |
| ९. | प्राथमिकता प्राप्त आयोजना मध्यकालीन खर्च संरचनामा समावेश गर्ने | | | 6 | 6 | 6 | 6 | 6 | 36 |

## ११.६ प्रमुख कार्य

१. आयोजना बैंक स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि वा निर्देशिका वा मार्गदर्शन तर्जुमा।

२. आयोजना बैंकको सफ्टवेयरको विकास र सञ्चालन।

३. प्रतिवद्ध प्राविधिक जनशक्तिको क्षमता विकास।

४. मध्यमकालीन खर्च संरचनामा सालबसालीरूपमा आयोजनाको थपघट एवं परिमार्जन।

५. वार्षिक बजेट तथा कार्यक्रममा बैकमा रहेका मौज्दातबाट समाबेश।

६. संघीय सरकार तथा प्रदेश सरकारसँग समपूरक अनुदान तथा विशेष अनुदानमा आधारित आयोजना प्रस्ताव गर्दा बैंकबाट प्रस्ताव।

## ११.७ अपेक्षित उपलब्धि

आयोजना बैंकको स्थापना र कार्यान्वयन सम्बन्धमा नीतिगत, कानुनी, संरचनागत, प्रविधिगत र जनशक्तिको प्रबन्ध भएको हुनेछ। दीर्घकालीन योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमकाबीचमा सामञ्जस्यता स्थापित भएको, समयमै आयोजना सुरू गरी समयमै सम्पन्न भई विकास प्रशासनमा सुशासन प्रवर्द्धन भएको, आर्थिक अनुशासन प्रवर्द्धन भएको, सन्तुलित एवं दिगो आर्थिक सामाजिक र भौतिक विकास भएको, आयोजना माग आवश्यकता र सम्भावना र स्रोत सुनिश्चिततामा आधारित भएको हुनेछ।

# परिच्छेद १२

# प्रथम योजनाको नतिजा खाका

## १२.१ पृष्ठभूमि

योजना प्रक्रियालाई नतिजामुखी बनाउन विषयगत क्षेत्रको नीतिगत खाकाको तयारी, नतिजा सूचकहरूको निर्धारण र आयोजनाहरूले समेत लगफ्रेम बनाउनुपर्ने व्यवस्था दशौं योजनादेखि प्रारम्भ गरिएको हो। तेह्रौं योजनामा योजना, कार्यक्रम वा आयोजनाबीच सूचकका माध्यमबाट अन्तरसम्बन्ध स्थापना गर्ने र नतिजा सूचकका आधारमा योजनाको समीक्षा गर्न सघाउ पुर्‍याउने गरी नतिजा खाका कार्यान्वयनमा ल्याइएको थियो। विगतका अनुभवबाट सिक्दै केही नयाँ विशेषतासहित यस चौधौं योजनाको नतिजा खाका तयार गरिएको छ। यो नतिजा खाका तयार गर्दा कुल १५ ओटा प्रमुख नतिजा क्षेत्र (Key result areas) निर्धारण गरी सोसँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तरसम्बन्धित गराउने प्रयास गरिएको छ। धेरै विषयगत उपक्षेत्र तथा निकायहरूले साझा असर तथा प्रभाव हासिल गर्न योगदान पुर्‍याउने भएकाले पनि यसरी प्रमुख नतिजा क्षेत्रमा समूहीकृत गरी नतिजाखाका बनाउन जरुरी देखिएको हो। यसले योजनालाई निकाय (Agency) अवधारणाबाट विषय क्षेत्रगत (Sectoral) अवधारणामा लैजान मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसमा रहेका नतिजा सूचकहरूमार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवम् नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १२.२ नतीजा खाकामा समावेश गरिएका विषय

विकास योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन गर्ने जिम्मेवारी रहेका सम्बद्ध मन्त्रालय तथा केन्द्रीय निकायहरूको सक्रिय सहभागिता तथा सहयोगमा राष्ट्रिय योजना आयोगबाट तयार गरिएको यस नतिजा खाकाले देहायका विषयहरू समेटेको छः

(क) प्रस्तुत नतिजा खाकामा १५ ओटा प्रमुख विषयगत नतिजा क्षेत्र निर्धारण गरी सोका आधारमा तीन तहका नतिजा)प्रतिफल, असर र प्रभाव तह (परिभाषित गरी तिनीहरूको अन्तरसम्बन्ध यकिन गरिएको छ।

(ख) उल्लिखित प्रतिफल, असर र प्रभावको मापनका लागि विषय क्षेत्रगत नतिजा सूचकहरूलाई परिमार्जन गरी व्यावहारिक बनाइएको छ।

(ग) यी सूचकहरूको आवधिक अनुगमन तथा मूल्याङ्कनलाई सजिलो बनाउन सम्भव भएसम्म हरेक सूचकहरूको आधार तथ्याङ्क र चौधौं योजना अवधिभरका लागि वार्षिक लक्ष्य र तथ्याङ्क उपलब्ध गराउने पुष्टयाइँको स्रोतसहित जिम्मेवार निकाय प्रष्ट गरिएको छ।

(घ) विषय क्षेत्रगत रूपमा राखिएका प्रतिफल, असर र प्रभाव सूचकहरू हासिल गर्नका लागि आवश्यक पर्ने न्यूनतम बाह्य वातावरणीय पक्ष तथा सम्भावित जोखिम अनुमान गरिएको छ।

## १२.३ नतीजा खाकाको प्रयोग

नतिजा खाकाको तर्जुमाका साथसाथै अवस्थामा पनि यसको प्रयोग बढाउनु महत्वपूर्ण हुन्छ। मन्त्रालयहरू तथा अन्य केन्द्रीय निकायमा कार्यरत जनशक्तिलाई यसको प्रयोग र महत्व बारेमा अभिमुखीकरण एवम् प्रशिक्षण दिन जरुरी भएकाले राष्ट्रिय योजना आयोगबाट यस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। योजना तथा अनुगमनमा संलग्न जनशक्तिको क्षमता विकास भएपछि यसको प्रयोग नयाँ आयोजना तर्जुमा, बजेट प्रक्रिया र अनुगमन तथा मूल्याङ्कनमा समेत बढाउन सकिन्छ। यस नतिजा खाकाको प्रयोग योजना प्रक्रियाका विभिन्न चरणहरूमा देहाय बमोजिम हुन सक्दछः

(क) वार्षिक विकास कार्यक्रम तथा बजेटलाई नतिजामूलक बनाउन यसको प्रयोग गर्नुपर्दछ। वार्षिक विकास कार्यक्रम तयार गर्दा सम्बद्ध विषय क्षेत्रगत खण्डमा यस नतिजा खाकाका सूचकहरू मूलतः प्रतिफल, असर र प्रभाव तहका सूचकहरू समावेश गर्नुपर्दछ। यसले कुनै खास आर्थिक वर्षमा सम्बद्ध विषयगत क्षेत्रमा हासिल गर्ने नतिजालाई प्रष्ट पार्दछ।

(ख) मध्यमकालीन खर्च संरचनालाई नतिजामुखी बनाउन पनि यस खाकामा रहेका सूचकहरूको प्रयोग गर्नुपर्दछ। साथै मध्यमकालीन कार्यसम्पादन खाका )Medium-term performance framework ( कोरूपमा समेत यसले काम गर्दछ।

(ग) वैदेशिक सहयोग लिनुपर्दा आयोजना वा कार्यक्रमले विषय क्षेत्रगत र राष्ट्रिय स्तरका लक्ष्यहरू हासिल गर्न सहयोग गर्छ भनी जान्न उत्सुक हुन्छन्। यस्तो स्थितिमा उनीहरूको सहयोग रहने अमुक आयोजनाले सम्बद्ध विषयगत क्षेत्रको प्रतिफल, असर हुँदै प्रभाव हासिल गर्न पुर्‍याउने योगदान यकिन गर्न यसले मद्दत पुऱ्याउँछ।

(घ) आवधिक योजनाका विषय क्षेत्रगत प्रावधानहरूको समीक्षा गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्न यसको महत्व रहन्छ।

# तालिका नतीजा खाका

**सोंच**

स्वस्थ प्रतिस्पर्धी दिगो अर्थव्यवस्था एवम् सन्तुष्ट नागरिक।

**लक्ष्य**

सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने।

**उद्देश्य**

उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक–सामाजिक रूपान्तरण गर्नु।

# तालिकाहरूको सूची

तालिका १: योजनाको नतिजा खाका

| सोचः | | | | | | |
|---|---|---|---|---|---|---|
| लक्ष्यः | | | | | | |
| उद्देश्यः | | | | | | |
| क्र.सं. | प्रमुख नतिजा क्षेत्र (असरहरु) | रणनीतिहरु | | | | |
| | | १. आर्थिक | २. सामाजिक | ३. भौतिक पूर्वाधार | ४. वातावरण | ५. संस्थागत |
| १. | | | | | | |
| २. | | | | | | |

तालिका २: प्रमुख नतिजा क्षेत्र, तात्कालिन र विषय क्षेत्रगत असर

| क्र.सं. | प्रमुख नतिजा क्षेत्र | तात्कालिक असर | विषय क्षेत्रगत असर |
|---|---|---|---|
| १. | | • मा | • कमाक |

तालिका ३: विषयगत असर, उपक्षेत्र र प्रमुख नतिजा क्षेत्र

| क्र.सं. | प्रमुख नतिजा क्षेत्र | विषयगत क्षेत्र | विषयगत क्षेत्रका प्रमुख नतिजा क्षेत्र |
|---|---|---|---|
| १. | | • मा | • कमाक |

नतिजा सूचक

१. आर्थिकक्षेत्र

| नतिजा सूचकहरु | एकाई | आधार वर्ष २०७६/७७ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७७/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

२.	सामाजिक क्षेत्र

| नतिजा सूचकहरु | एकाई | आधार वर्ष २०७६/७७ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७७/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

३.	पूर्वाधार विकास

| नतिजा सूचकहरु | एकाई | आधार वर्ष २०७६/७७ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७७/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

४.	वातावण क्षेत्र

| नतिजा सूचकहरु | एकाई | आधार वर्ष २०७६/७७ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७७/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

५.	संस्थागत विकास

| नतिजा सूचकहरु | एकाई | आधार वर्ष २०७६/७७ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७७/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## निश्कर्ष

अर्जुनचौपारी गाउँपालिकाले पञ्चबर्षीय योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँपालिकाको आन्तरिक आयमा अभिबृद्धिको लागि राजश्वको दायरालाई फराकिलो बनाउनु पर्ने, आवश्यक्ताका आधारमा लागनीको सुनिस्चितताकालागि सम्भाब्य सवै साझेदारहरूलाई आकर्षण गर्ने तथा अन्तर सरकारी अनुदानको क्षेत्र फराकिलो बनाउन विशेष पहल गर्ने, अनुत्पादक खर्चमा कटौती गर्ने साथै दिगो विकासमा आधारित विकास निर्मण र सेवा प्रवाहका पूर्वाधारहरूको निर्माण र विकासलाई प्रथम प्राथमिकतामा राखेर आवधिक गाउँ विकास योजना कार्यान्वनय गर्न सके अर्जुनचौपारी गाउँपालिकालाई एक समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सम्भव छ। बर्तमानमा रहेका अन्तरतहगत समन्वय, आर्थिक स्रोत साधनको अप्रयाप्तता, जनशक्ति तथा सामाजिक, सांस्कृतिक चुनौतिहरूलाई सम्भावनाको उज्यालो मार्ग तर्फ अग्रसर गराएर अवसर र सम्भावना संग एकीकृत गरी कार्यान्वयन गर्न सके आगामी ५ बर्ष भित्र समृद्धिको मार्ग निर्धारण हुने निश्चित छ। यस प्रकारको सफलता प्राप्तिकालागि गाउँपालिका देहाय बमोजिमका १० संकल्प ब्यवहारमा उतार्ने प्रतिबद्धता ब्यक्त गर्दछ।

## सङ्कल्पहरू

१. वित्तीय अनुशासन र पारदर्शिताको सुनिस्चितता गर्ने साथै ब्यवहारमा उतार्ने,
२. गाउँबासी जनसमुदायलाई विश्वासमा लिने र जनसहभागिताको सुनिश्चितता गर्ने,
३. आयोजना छनौट गर्दा आबश्यक अध्ययन, अनुशन्धान, ड्रइङ डिजाईन र यथार्थपरक लागत अनुमान गर्ने ब्यवस्था गर्ने,
४. बार्षिक बजेट तथा कार्यक्रमलाई आबधिक योजनासँग तादाम्यता हुने गरी गर्ने,
५. गुणस्तरमा सम्झौता नगर्ने,
६. अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गर्ने तथा मितब्ययी हुने
७. सवै प्रकारका विकास निर्माण र सेवा प्रवाहका विषय बस्तुलाई सूचना प्रविधिसँग अवद्ध गर्ने
८. जनप्रतिनिधि र कर्मचारीबीच सुसम्बन्ध स्थापित गर्ने,
९. जनप्रतिनिधि र कर्मचारीको ब्यवहारलाई सदाचारी बनाउने र समाजमा अनुकरणीय बनाउने,
१०. जनप्रतिनिधि र कर्मचारीले आफ्नो दायित्व तथा जिम्मेबारी इमान्दारिता पूर्बक पालना गर्ने र सवैसँग समान ब्यवहार गर्ने।